‘समुन्नत पर्यटकीय पोखरा’

# प्रथम त्रिवर्षीय योजना

(आर्थिक वर्ष २०७८/७९-२०८०/८१)

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### न्युरोड, कास्की

### गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| **प्रकाशक** | **:** | **पोखरा महानगरपालिका** |
| **सम्पर्क** | **:** | **नगर कार्यपालिकाको कार्यालय, न्युरोड, पोखरा, कास्की** |
| **सर्वाधिकार©** | **:** | **पोखरा महानगरपालिका** |
| **प्रकाशन मिति** | **:** | **असार २०७८** |
| **सहयोग** | **:** | **सहरी योजना आयोग र सुदृढ परियोजना** |

# मन्तव्य

आफूले चुनेका जनप्रतिनिधिहरूले आफ्नो संविधान लेख्ने करिब ६५ वर्ष पुरानो चाहन पूर्तिपछि प्राप्त नेपालको संविधान २०७२ ले नेपाललाई संघीय संरचनामा पुन:संरचित गरेर स्थानीय तहहरूलाई एक स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा स्थापित गरेको छ । नयाँ संरचना सँगसँगै स्थानीय स्तरको समग्र विकासको जिम्मेवारी स्थानीय तहमा आएको छ । यो एक ऐतिहासिक अवसर हो । यस अवसरको सदुपयोग गरेर समग्र महानगरपालिकाको सकारात्मक रूपान्तरण हाम्रो दायित्व, जिम्मेवारी र कर्तव्य हो । तीन तहको सरकारमध्ये जनताको दिनानुदिनका अवस्थासँग प्रत्यक्ष रूपमा सरोकार र साझेदार गर्ने सरकारका रूपमा रहेको स्थानीय सरकारका सामु स्थानीय विकास र समृद्धिका लागि महत्त्वपूर्ण जिम्मेवारी रहेका छन् ।

पोखरा महानगरपालिकालाई मुलुककै उत्कृष्ट महानगरपालिकाका रूपमा विकास गर्न यहाँका नागरिकहरूको दक्षता तथा क्षमतामा अभिवृद्धि गरी सामाजिक तथा आर्थिक विकासका नयाँ अवसर सिर्जना गरेर जनसहभागितामा आधारित द्रुत तथा दिगो विकासका माध्यमले नागरिकको गुणस्तरीय जीवनको सुनिश्चितता गर्न **'समुन्नत पर्यटकीय पोखरा'** भन्ने दृढ दूरदृष्टिका साथ नगरपालिकावासीको खुसी र समृद्धिका लागि यस आवधिक योजनामा आधारित रहेर जनसहभागिता अभियान सञ्चालन गरिएको छ ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेका काम, कर्तव्य र अधिकारहरूको सदुपयोग गर्दै, स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको समुचित व्यवस्थापन र सदुपयोग, समुदायमा आधारित संघसंस्थाहरू, गैरसरकारी संघसंस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, निजी तथा पब्लिक संस्थाहरू, विकास साझेदारहरू, छिमेकका स्थानीय सरकार, प्रादेशिक सरकार, संघीय सरकारसँगको सहकार्यमा पोखरा महानगरपालिकाको सुन्दर भाग्य र भविष्यको सुनिश्चितता गर्ने दृढ अठोट गरिएको छ । यसका लागि योजनाबद्ध तवरबाट कार्यक्रमहरू सञ्चालन गर्न यो तीनवर्षे रणनीतिक आवधिक योजना तर्जुमा गरी लागु गरिएको छ ।

सहभागितात्मक प्रक्रियाद्वारा यो योजना तयार गरिएको छ । यस योजना निर्माणका लागि शृंखलाबद्ध छलफलहरूलाई व्यवस्थित गरेर, संकलित तथ्यांक तर्कपूर्ण विश्लेषण गरेर उत्साहमूलक, व्यवस्थित र सूचनामूलक जानकारीहरूसहित यो योजना तयार गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सहरी योजना आयोगका उपाध्यक्ष डा. रामचन्द्र लामिछानेको उच्च प्रशंसा गर्दछु । यस योजना निर्माणको प्रक्रियामा अथक मेहनत गर्नुहुने योजना आयोगका सदस्यहरू आ. बाबुराम भण्डारी, डा. सोनी बराल तथा सरोज कोइराला, योजना निर्माणमा सहयोग गर्नुहुने उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्षलगायतका जनप्रतिनिधि, नगरपालिकाका सम्पूर्ण कर्मचारी, सुदृढ परियोजना, राजनीतिक पार्टीका प्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**मानबहादुर जी.सी.**
**नगर प्रमुख**

## मन्तव्य

देश एकात्मक राज्य व्यवस्थाबाट संघीय प्रणालीमा प्रवेश गरेसँगै संविधानले परिकल्पना गरेको "समृद्ध नेपाल सुखी नेपाली"को सपनालाई साकार बनाउन स्थानीय सरकार लगायत सबैको जिम्मेवारी बढेको छ । सोही जिम्मेवारीलाई आत्मसाथ गर्दै पोखरा महानगरपालिकाले आफनो विकास निर्माणलाई व्यवस्थित एवं योजनाबद्ध रुपमा अगाडी बढाउन समुन्नत पर्यटकीय पोखराको दीर्घकालिन लक्ष्यसहित आवश्यक योजना र रणनीतिहरु तर्जुमा गरेर कार्यान्वयनमा जुटेको छ ।

यस क्रममा महानगरबासीको द्रुत बिकासको चाहनालाई सम्बोधन गर्न सहयोग पुऱ्याउने हेतुले महानगरपालिकाले प्रथम त्रिवर्षीय आवधिक योजना २०७८/७९–२०८०/८१ तर्जुमा गरेको छ । नागरिकले दिएको जिम्मेवारीलाई इमान्दारीतापूर्वक पुरा गर्न महानगर नेतृत्व प्रतिबद्ध छ । यस दस्ताबेजमा समाविष्ट सिद्धान्त, नीति, रणनीति र कार्यनीतिले पोखरा महानगरपालिकाकामा हरित, दिगो, उत्थानशील र समावेशी आर्थिक विकास हासिल गर्नमा महत्वपूर्ण योगदान गर्नेमा म विश्वस्त छु । अतः यसको कार्यान्वयनमा सबैको सकरात्मक सहयोगको अपेक्षा गर्दछु ।

पोखरा महानगरपालिकाको योजनावद्ध विकासको पहिलो मार्गचित्र भएकाले यसमा समयअनुसार सुधार गर्दै यसले निर्दिष्ट गरेको दूरदृष्टिमा आधारित लक्ष्य र उद्देश्य प्राप्त गर्न निरन्तर नेतृत्वदायी भूमिका खेलिनेछ । यस आवधिक योजनाले जनताको सहभागितामा समग्र महानगरपालिकाको आमूल रूपान्तरण गरेर नेपालको संविधानले परिकल्पना गरेअनुसारको समाजवाद उन्मुख समाज निर्माणमा सहयोग गर्ने लक्ष्य लिएको छ । पोखरा महानगरबासीहरूको खुसी र समृद्धि नै यस आवधिक योजनाको पहिलो र अन्तिम लक्ष्य हो ।

पोखरा महानगरपालिकाबासीहरूमा समर्पित यस प्रथम आवधिक योजना तयार गर्न विविध पक्षहरूमा सहयोग गर्नुहुने पालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, अमूल्य सल्लाह सुझावउपलब्ध गराउनुहुने सम्पूर्ण राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरू, विद्यालय शिक्षकहरू, छलफलमा सहभागी हुने सम्पूर्ण पालिकाबासी दिदीबहिनी तथा दाजुभाइका साथै प्राविधिक सहायता उपलब्ध गराउने सुदृढ परियोजनाका विज्ञ समूहका सदस्यहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

**मञ्जुदेवी गुरुङ**
**नगर उपप्रमुख**

# योजनाबद्ध विकास प्रयास

पोखरा महानगरपालिकाले आर्थिक बर्ष २०७८।७९-२०८०।८१ को अवधिको लागि प्रथम त्रिवर्षिय आवधिक योजनाको तर्जुमा गरेको छ । संविधान कार्यान्वयन प्रश्चात तथा महानगरपालिका गठन पछिको यो पहिलो आवधिक योजना हो । स्थानीय सरकार संचालन ऐन, २०७४ ले योजना तर्जुमा तथा प्राथमिकिकरणको विषयमा गरेको मार्गदर्शन तथा निर्वाचित जनप्रतिनिधिहरुले जनता समक्ष गरेको वाचा तथा प्रतिवद्धतालाई समेटेर यो आवधिक योजना तर्जुमा गरिएको हो ।

समुन्नत पर्यटकीय पोखराको दीर्घकालिन सोच लिई यो आवधिक योजनाको तर्जुमा गरिएको छ भने उक्त सोचलाई सार्थक वनाउन आवश्यक रणनीति तथा कार्यनीति तर्जुमा गरिएको छ । योजना अवधिमा महानगरपालिकाको तर्फबाट कुल २७ अर्व ३० करोड लगानी हुने प्रक्षेपण यस योजनाले गरेको छ भने, निजी क्षेत्र, तथा सहकारी क्षेत्र समेतको लगानीबाट यस क्षेत्रको प्रतिव्यक्ति आय तथा जीवनस्तरमा योजना अवधिमा ठूलो सुधार हुने अपेक्षा लिइएको छ ।

यस योजना मार्फत पोखरा महानगरपालिकाले पूर्वाधार विकासको क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । कम लागतमा उच्चस्तरको प्रतिफल प्राप्त हुने समाजिक विकासको क्षेत्रलाई दोस्रो प्राथमिकता तथा स्थानीय आर्थिक विकासलाई तेस्रो प्राथमिकतामा राखिएको छ । समावेशीकरणलाई विकासका हरेक क्षेत्रमा आन्तरिकरण गर्न प्रयास गरिएको यस योजनाले विकास र वातावरणको सन्तुलनलाई पनि केन्द्रमा राखेको छ ।

महानगरपालिका विकास व्यवस्थापन गर्ने निकाय मात्रै नभई सेवा प्रवाह गर्ने तथा कानुन कार्यान्वयन समेत गर्ने निकाय भएको कारणले सुशासन तथा सेवा प्रवाहलाई यस योजनाले उच्च प्राथमिकता दिएको छ । सुरक्षित सहरको अवधारणालाई कार्यान्वयन गर्न जोखिम संवेदनशील भू-उपयोग योजना, तथा महानगरको दीर्घकालिन विकासलाई सघाउन नगर यातायात गुरुयोजना जस्ता अन्य योजना दस्तावेजले यस आवधिक योजनाको कार्यान्वयनमा इटा थप्ने विश्वास लिइएको छ ।

पोखरा महानगरपालिकाले पर्यटन विकास गुरुयोजनाको समेत तर्जुमा गरी रहेको छ भने समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा भै सकेको छ । पर्यटन, कृषि, युवा तथा सूचना प्रविधि एवं उद्योग तथा सेवा क्षेत्रलाई प्राथमिकतामा राखेको समावेशी स्थानीय आर्थिक विकास योजनाले रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्धन गर्ने यस योजनाका रणनीतिहरुलाई पनि कार्यान्वयनमा सघाउने मैले विश्वास लिएको छ । पोखरा महानगरपालिकाको पहिलो तीन वर्षिय आवधिक योजनाको पूर्ण सफलताको कामना गर्दै यो योजना तर्जुमाको क्रममा सहयोग पुऱ्याउने शहरी योजना आयोग र नेपाल शहरी उत्थानशीलता परियोजना (सुदृढ) प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**बलराम रिज्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

# सहरी योजना आयोगका तर्फबाट

पोखरा महानगरपालिकाको प्रथम आवधिक योजना (२०७८/७९–८०/८१) ले महानगरपालिकाको द्रुत तथा दिगो विकासको परिकल्पना गरेको छ । योजनाले एक्काइसौं शताब्दीका विकासका सम्भावना र पोखरा महानगरपालिकावासीका चाहनाहरूलाई समायोजन गरेर पोखरा महानगरपालिकालाई विकसित विश्वसँग जोड्ने लक्ष्य लिएको छ । महानगरबासीमा अन्तर्निहित क्षमता, यहाँ भएका स्रोतसाधनले बोकेका सम्भावनाहरूको अधिकतम उपयोगले सिर्जना गर्न सक्ने सकारात्मक परिवेशलाई आकलन गरेर **'समुन्नत पर्यटकीय पोखरा'** भन्ने दूरदृष्टि तयार गरिएको छ । योजनामा जनसहभागितामा आधारित उच्चतम विधिहरू प्रशंसनीय खोज विधि, सामाजिक कलाकारिता, खुला स्थान प्रविधि जस्ता सबलतामा आधारित विधिको प्रयोग गरिएको छ ।

योजनाले महानगरबासीलाई केन्द्रविन्दुमा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरेको छ । नयाँ राजनीतिक व्यवस्था प्रादुर्भाव भएको सन्दर्भमा दैनिक जन जीवनमा परिवर्तनको महसुस गराएर विकास र सकारात्मक रूपान्तरणप्रति उत्साह र उमंग सिर्जना गराउँदै आफ्ना उत्पादनका स्रोतहरूको उत्पादकत्व वृद्धि गरी अधिकतम लाभ लिने वातावरण निर्माण गर्न यस आवधिक योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ । सदियौंदेखि सदुपयोग हुन नसकेका स्थानीय तहमा उपलब्ध स्रोतसाधनहरूलाई यसले मूलप्रवाहीकरण गरि सबैको पहुँचमा स्रोत एवं अवसरको सुनिश्चितता गर्दै समावेशी विकासद्वारा समाजवाद उन्मुख समाज स्थापनाको लक्ष्य लिएको छ ।

यस ऐतिहासिक दस्तावेज निर्माणको नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर प्रदान गर्नुभएकामा पोखरा महानगरपालिकालाई हार्दिक आभार व्यक्त गर्दछु । योजना निर्माणका क्रममा निरन्तर सहयोग र उत्प्रेरित गर्नुहुने प्रमुख आदरणीय महानगर प्रमुख मानबहादुर जिसीप्रति हार्दिक आभार व्यक्त गर्दछु । योजना निर्माणमा सुरुदेखि निरन्तर मार्गनिर्देशन प्रदान गर्दै उत्साह, उमंग र नयाँ नयाँ विचारहरू प्रदान गर्नुहुने उपप्रमुख मञ्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत महेश बराललगायत नगरपालिका परिवारप्रति विशेष आभार व्यक्त गर्दछु ।

योजना निर्माण प्रक्रियामा अहोरात्र मेहनत गर्नुहुने योजना आयोग सदस्यहरू सरोज कोइराला, आ. बाबुराम भण्डारी तथा कोभिडको त्रासका बाबजुद उत्साहजनक सहभागिता जनाउनुहुने डा. सोनी बराल तथा उपेन्द्र गिरीलाई हार्दिक धन्यवाद । योजना निर्माणका सन्दर्भमा नियमित रुपमा व्यवस्थापन सहयोग उपलब्ध गराउने प्रशासकीय अधिकृत भरतराज पौडेल, अधिकृत सविना गौतम लगायत प्रशासन महाशाखालाई धन्यवाद व्यक्त गर्दछु । गण्डकी प्रदेशसभाका माननीय सदस्यज्यूहरू तथा सहरी योजना आयोगका कर्मचारी साथीहरू अशोक कुमार सुनार, सीता पहारी, उपेन्द्र गिरी, विक्रम तिमिल्सिना, रुद्र लामा र विष्णु पोखेललाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

योजना निर्माणका सन्दर्भमा दिगो विकास लक्ष्यहरूको स्थानीयकरणमा सहभागी हुनुहुने सम्पूर्ण महानुभावहरू, सबै महाशाखा तथा शाखाका प्रमुखहरू, वडास्तरीय परामर्श बैठकका सहभागी ३३ वटै वडाका वडाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरू, विभिन्न विषयका विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस आवधीक योजनालाइ समृद्ध वनाउन प्राविधिक सहयोग उपलब्ध गराउने नेपाल शहरी उत्थानशीलता परियोजना र परियोजनाका पोखरा प्रमुख तथा अर्थशास्त्री श्री होमनाथ गैरे लगायतको टिमलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**डा. रामचन्द्र लामिछाने**
**उपाध्यक्ष, शहरी योजना आयोग**

# आवधिक योजनाको सारांश

| | | |
|---|---|---|
| **दीर्घकालीन सोच** | : | 'समुन्नत पर्यटकीय पोखरा'<br>Prosperous Touristic Pokhara |
| **लक्ष्य** | : | पोखरा महानगरलाई मुलुकको मात्र नभई अन्तर्राष्ट्रिय स्तरकै सुन्दर, सुरक्षित तथा समुन्नत पर्यटकीय सहरका रूपमा स्थापित गर्ने |
| **उद्देश्य** | : | १. नगरको आर्थिक विकासको चरित्रलाई विविधिकृत, हरित, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने ।<br>२. सहरी भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै सहरी सेवा तथा सुविधामा सहरबासीको सहज पहुँच स्थापित गर्ने ।<br>३. सहरको प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी महानगरलाई दिगो पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने ।<br>४. महानगरबासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी महानगरलाई एक आदर्श सहरका रूपमा स्थापित गर्ने ।<br>५. सहरको सर्वतोमुखी विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवम् उत्प्रेरित मानव संसाधनको विकास गरी सहरी सुशासन प्रत्याभूत गर्ने ।<br>६. हाल महानगरपालिकाभित्र घना बस्तीयुक्त सहर बजार र छरिएका पातला बस्ती तथा न्यून पूर्वाधारयुक्त गाउँहरू पनि रहेको सन्दर्भमा दुवै क्षेत्रको सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि तथा रोजगारीका लागि निरन्तर प्रयत्न र पहल गर्दै रहने । |
| **मार्गदर्शक सिद्धान्त** | : | १. योजनाबद्ध तथा सुव्यवस्थित सहरी विकास ।<br>२. समावेशी, समन्यायिक एवम् विविधीकृत आर्थिक विकास ।<br>३. नागरिक सचेतना तथा जिम्मेवारीबोध, सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्व, समभाव ।<br>४. उच्च मानव विकास तथा गुणस्तरीय जीवन ।<br>५. नतिजामा आधारित विकास व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रवाह ।<br>६. समावेशीकरण, सुशासन तथा सदाचार ।<br>७. विपद् उत्थानशीलता तथा जलवायु परिवर्तन अनुकूलन ।<br>८. समन्वय, साझेदारी र सहकार्यको सिद्धान्त आधारित विकास । |
| **प्रमुख रणनीति** | : | १. न्यून कार्बन उत्सर्जन हुने पर्यटन, कृषि, उद्योग तथा व्यापार क्षेत्रको सन्तुलित विकासबाट हरित दिगो र उत्थानशील आर्थिक विकास हासिल गर्ने ।<br>२. पर्यटकीय सेवा सुविधाको विविधीकरण तथा विशिष्टीकरण, मूल्य शृंखला सबलिकरण र सुदृढ बजार तथा वितरण प्रणाली प्रवर्द्धन गर्ने ।<br>३. महानगरलाई आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट सहर (Smart City) तथा पर्यटन केन्द्रका रूपमा विकास गर्ने ।<br>४. सरलीकृत र सुविधायुक्त वातावरणमैत्री सहरको विकास गर्ने ।<br>५. व्यवस्थित र प्रकृतिमैत्री एकीकृत आवास योजना लागु गर्ने ।<br>६. नागरिकमैत्री विपद् उत्थानशील सहरी पूर्वाधार विकास गर्ने ।<br>७. वातावरणप्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण गर्ने ।<br>८. फोहोरमैलाको एकीकृत रूपमा समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा वातावरणमैत्री प्रविधिको प्रयोग बढावा दिने ।<br>९. सामाजिकरुपमा जिम्मेवार र उच्च नैतिक आचरण सहितको नव-प्रवर्तनात्मक, प्रतिस्पर्धात्मक, उत्पादनशील शिक्षा प्रदान गर्ने ।<br>१०. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>११. महानगरभित्रका सबै संरचनाभित्र जनसांख्यिक आधारमा महिला, फरक क्षमतावान् व्यक्ति र सीमान्तकृत समुदायको निर्णायक तहमा (३३% महिला सहित) सहभागिता सुनिश्चित गर्ने ।<br>१२. सार्वजनिक सेवा थप गुणस्तरीय बनाई सबै नागरिकको पहुँचयोग्य बनाउने । |

१३. अन्तर सरकारी, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउने ।

१४. जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने ।

१५. कोभिड १९ महामारीको नियन्त्रण र व्यवस्थापनलाई प्रभावकारी गराउँदै यसबाट जीविकोपार्जनमा परेको प्रतिकुल प्रभाव न्यूनिकरण गर्दै राहत रोजगारी र जिविकोपार्जनका अवसरहरू सिर्जना गर्ने ।

**योजनाको अनुमानित रकम** :

| विषय क्षेत्र | अनुमानित स्रोत (हजारमा) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | ४,४९२,८५० | १६.४५ |
| सामाजिक विकास | २,७३०,२०० | १०.०० |
| पूर्वाधार विकास | १८,९१२,००० | ६९.२६ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | ६०६,३०० | २.२२ |
| संस्थागत विकास तथा सुशासन | ५६२,६०० | २.०६ |
| **जम्मा** | **२७,३०३,९५०** | **१००** |

# विषयसूची


## परिच्छेद एक : परिचय

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाको उद्देश्य ........ १

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ २

## परिच्छेद दुई : महानगरपालिकाको विद्यमान अवस्था र उपलब्धिको समीक्षा

२.१ महानगरपालिकाको परिचय ........ ५

२.२ विकासको विद्यमान स्थिति ........ १०

२.२.७ सुशासन तथा संस्थागत व्यवस्था ........ १९

२.३ महानगर स्थापनापछिका उपलब्धिको समीक्षा ........ २०

२.३.१ ऐन कानुन तथा संस्थागत विकास ........ २०

२.३.२ भौतिक पूर्वाधार तथा सहरी विकास ........ २१

२.३.३ वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन ........ २२

२.३.४ सामाजिक विकास ........ २३

२.३.५ महिला बालबालिका तथा सामाजिक न्याय ........ २४

२.३.६ कृषि सहकारी तथा आर्थिक विकास ........ २५

२.३.७ विविध रणनीतिक कार्यक्रमहरू ........ २५

## परिच्छेद तिन : महानगरपालिकाको दीर्घकालिन सोच र विकासको अवधारणा

३.१ विकासका प्रमुख सम्भावना तथा अवसर ........ २७

३.२ प्रमुख समस्या तथा चुनौतीहरू ........ २८

३.३ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त ........ २८

३.४ निर्देशक सिद्धान्त ........ २९

३.५ समष्टिगत लक्ष्य र उद्देश्य ........ ३२

३.५.१ लक्ष्य ........ ३२

३.५.२ उद्देश्यहरू ........ ३३

३.६ योजनाका प्रमुख प्राथमिकता ........ ३४

३.७ प्रमुख रणनीति ........ ३५

३.८ परिमाणात्मक लक्ष्य निर्धारण ........ ३७

## परिच्छेद चार : आर्थिक विकास योजना


४.१ आर्थिक विकासको ढाँचा ........ ४८

४.१ पर्यटन विकास ........ ४९

४.१.१ पृष्ठभूमि तथा सिकाइ ........ ४९

४.१.२ सम्भावना र अवसर ........ ४९

४.१.३ समस्या तथा चुनौती ........ ५०

४.१.४ लक्ष्य र उद्देश्य ........ ५१

४.१.५ रणनीति र कार्यनीति ........ ५१

४.१.६ अपेक्षित उपलब्धि ........ ५२

४.१.७ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ५३

४.२ उद्योग, व्यवसाय तथा व्यापार ........ ५४

४.२.१ पृष्ठभूमि तथा सिकाइ ........ ५४

४.२.२ सम्भावना र अवसर ........ ५४

४.२.३ समस्या तथा चुनौती ........ ५५

४.२.४ लक्ष्य र उद्देश्य ........ ५५

४.२.५ रणनीति र कार्यनीति ........ ५६

४.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ५७

४.२.७ अपेक्षित उपलब्धि ........ ५७

४.३ बैंक, वित्त तथा सहकारी ........ ५८

४.३.१ पृष्ठभूमि तथा सिकाइ ........ ५८

४.३.२ सम्भावना र अवसर ........ ५८

४.३.३ समस्या तथा चुनौती ........ ५९

४.३.४ लक्ष्य र उद्देश्य ........ ६०

४.३.५ रणनीति र कार्यनीति ........ ६०

४.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ६१

४.३.७ अपेक्षित उपलब्धि ........ ६१

४.४ कृषि र खाद्य सुरक्षा ........ ६२

४.४.१ पृष्ठभूमि तथा सिकाइ ........ ६२

४.४.२ सम्भावना र अवसर ........ ६३

४.४.३ समस्या तथा चुनौती ........ ६३
४.४.४ लक्ष्य र उद्देश्य ........ ६४
४.४.५ रणनीति र कार्यनीति ........ ६४
४.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ६६
४.४.७ अपेक्षित उपलब्धि ........ ६६
४.५ सिँचाइ ........ ६७
४.५.१ पृष्ठभूमि तथा सिकाइ ........ ६७
४.५.२ सम्भावना र अवसर ........ ६७
४.५.३ समस्या तथा चुनौती ........ ६८
४.५.४ लक्ष्य र उद्देश्य ........ ६८
४.५.५ रणनीति र कार्यनीति ........ ६८
४.५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ७०
४.५.७ अपेक्षित उपलब्धि ........ ७०
४.६ पशुपन्छी विकास ........ ७१
४.६.१ पृष्ठभूमि तथा सिकाइ ........ ७१
४.६.२ सम्भावना र अवसर ........ ७२
४.६.३ समस्या तथा चुनौती ........ ७३
४.६.४ लक्ष्य र उद्देश्य ........ ७३
४.६.५ रणनीति र कार्यनीति ........ ७३
४.६.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ७५
४.६.७ अपेक्षित उपलब्धि ........ ७५
४.७ श्रम तथा रोजगारी ........ ७६
४.७.१ पृष्ठभूमि तथा सिकाइ ........ ७६
४.७.२ सम्भावना र अवसर ........ ७६
४.७.३ समस्या तथा चुनौती ........ ७७
४.७.४ लक्ष्य र उद्देश्य ........ ७८
४.७.५ रणनीति र कार्यनीति ........ ७८
४.७.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ७९
४.७.७ अपेक्षित उपलब्धि ........ ७९

## परिच्छेद पाँच : सामाजिक विकास योजना

५.१ सामाजिक विकासको ढाँचा ........ ८०

५.१ शिक्षा, विज्ञान तथा प्रविधि ........ ८१

५.१.१ पृष्ठभूमि तथा सिकाइ ........ ८१

५.१.२ सम्भावना र अवसर ........ ८२

५.१.३ समस्या तथा चुनौती ........ ८२

५.१.४ लक्ष्य र उद्देश्य ........ ८३

५.१.५ रणनीति र कार्यनीति ........ ८३

५.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ८५

५.१.७ अपेक्षित उपलब्धि ........ ८५

५.२ स्वास्थ्य तथा पोषण ........ ८६

५.२.१ पृष्ठभूमि तथा सिकाइ ........ ८६

५.२.२ सम्भावना र अवसर ........ ८६

५.२.३ समस्या तथा चुनौती ........ ८७

५.२.४ लक्ष्य र उद्देश्य ........ ८८

५.२.५ रणनीति र कार्यनीति ........ ८८

५.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ८९

५.२.७ अपेक्षित उपलब्धि ........ ९०

५.३ खानेपानी तथा सरसफाइ ........ ९१

५.३.१ पृष्ठभूमि तथा सिकाइ ........ ९१

५.३.२ सम्भावना र अवसर ........ ९२

५.३.३ समस्या तथा चुनौती ........ ९३

५.३.४ लक्ष्य र उद्देश्य ........ ९४

५.३.५ रणनीति र कार्यनीति ........ ९४

५.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ........ ९५

५.३.७ अपेक्षित उपलब्धि ........ ९५

५.४ सामाजिक समावेशीकरण तथा संरक्षण ........ ९६

५.४.१ पृष्ठभूमि तथा सिकाइ ........ ९६

५.४.२ सम्भावना र अवसर ........ ९६

५.४.३ समस्या तथा चुनौती ........ ९७

५.४.४ लक्ष्य र उद्देश्य ........ ९८

५.३.५ रणनीति र कार्यनीति ........ ९८

*५.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १०१
*५.४.७ अपेक्षित उपलब्धि* ........ १०१
५.५ युवा तथा खेलकुद ........ १०२

*५.५.१ पृष्ठभूमि तथा सिकाइ* ........ १०२
*५.५.२ सम्भावना र अवसर* ........ १०२
*५.५.३ समस्या तथा चुनौती* ........ १०३
*५.५.४ लक्ष्य र उद्देश्य* ........ १०४
*५.५.५ रणनीति र कार्यनीति* ........ १०४
*५.५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १०६
*५.५.७ अपेक्षित उपलब्धि* ........ १०६
५.६ कला, भाषा तथा संस्कृति ........ १०७

*५.६.१ पृष्ठभूमि तथा सिकाइ* ........ १०७
*५.६.२ सम्भावना र अवसर* ........ १०७
*५.६.३ समस्या तथा चुनौती* ........ १०८
*५.६.४ लक्ष्य र उद्देश्य* ........ १०९
*५.६.५ रणनीति र कार्यनीति* ........ १०९
*५.६.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १११
*५.६.७ अपेक्षित उपलब्धि* ........ १११
परिच्छेद छ : पूर्वाधार विकास योजना

६.१ पृष्ठभूमी ........ ११२

६.२ बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण ........ ११२

*६.२.१ पृष्ठभूमि तथा सिकाइ* ........ ११३
*६.२.२ सम्भावना र अवसर* ........ ११४
*६.२.३ समस्या तथा चुनौती* ........ ११५
*६.२.४ लक्ष्य र उद्देश्य* ........ ११५
*६.२.५ रणनीति र कार्यनीति* ........ ११६
*६.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ ११७
*६.२.७ अपेक्षित उपलब्धि* ........ ११८
६.३ सडक, पुल तथा यातायात ........ ११८

*६.३.१ पृष्ठभूमि तथा सिकाइ* ........ ११८
*६.३.२ सम्भावना र अवसर* ........ ११९

*६.३.३ समस्या चुनौती* ........ ११९
*६.३.४ लक्ष्य र उद्देश्य* ........ १२०

*६.३.५ रणनीति र कार्यनीति* ........ १२१
*६.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १२२
*६.३.७ अपेक्षित उपलब्धि* ........ १२३
६.४ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ........ १२४
*६.४.१ पृष्ठभूमि तथा सिकाइ* ........ १२४
*६.४.२ सम्भावना र अवसर* ........ १२४
*६.४.३ समस्या तथा चुनौती* ........ १२५
*६.४.४ लक्ष्य र उद्देश्य* ........ १२५
*६.४.५ रणनीति र कार्यनीति* ........ १२६
*६.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १२७
*६.४.७ अपेक्षित उपलब्धि* ........ १२८
६.५ सूचना तथा सञ्चार प्रविधि ........ १२८
*६.५.१ पृष्ठभूमि तथा सिकाइ* ........ १२८
*६.५.२ सम्भावना र अवसर* ........ १२८
*६.५.३ समस्या तथा चुनौती* ........ १२९
*६.५.४ लक्ष्य र उद्देश्य* ........ १३०
*६.५.५ रणनीति र कार्यनीति* ........ १३०
*६.५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १३१
*६.५.७ अपेक्षित उपलब्धि* ........ १३१
६.६ फोहोरमैला व्यवस्थापन ........ १३२
*६.६.१ पृष्ठभूमि तथा सिकाइ* ........ १३२
*६.६.२ सम्भावना र अवसर* ........ १३२
*६.६.३ समस्या तथा चुनौती* ........ १३३
*६.६.४ लक्ष्य र उद्देश्य* ........ १३३
*६.६.५ रणनीति र कार्यनीति* ........ १३३
*६.६.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १३५
*६.६.७ अपेक्षित उपलब्धि* ........ १३५
परिच्छेद सात : वन, वातावरण, विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन योजना
७.१ वन, हरियाली र जैविक विविधता ........ १३६
*७.१.१ पृष्ठभूमि तथा सिकाइ* ........ १३६
*७.१.२ सम्भावना र अवसर* ........ १३६
*७.१.३ समस्या तथा चुनौती* ........ १३७

*७.१.४ लक्ष्य र उद्देश्य* ........ १३७
*७.१.५ रणनीति र कार्यनीति* ........ १३७
*७.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १३९
*७.१.७ अपेक्षित उपलब्धि* ........ १३९
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १४०
*७.२.१ पृष्ठभूमि तथा सिकाइ* ........ १४०
*७.२.२ सम्भावना र अवसर* ........ १४०
*७.२.३ समस्या तथा चुनौती* ........ १४०
*७.२.४ लक्ष्य र उद्देश्य* ........ १४१
*७.२.५ रणनीति र कार्यनीति* ........ १४१
*७.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १४१
*७.२.७ अपेक्षित उपलब्धि* ........ १४२
७.३ वातावरण तथा जलवायु परिवर्तन अनुकूलन ........ १४२
*७.३.१ पृष्ठभूमि तथा सिकाइ* ........ १४२
*७.३.२ सम्भावना र अवसर* ........ १४२
*७.३.३ समस्या तथा चुनौती* ........ १४३
*७.३.४ लक्ष्य र उद्देश्य* ........ १४३
*७.३.५ रणनीति र कार्यनीति* ........ १४३
*७.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १४४
*७.३.७ अपेक्षित उपलब्धि* ........ १४५
७.४ विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन ........ १४५
*७.४.१ पृष्ठभूमि तथा सिकाइ* ........ १४५
*७.४.२ सम्भावना र अवसर* ........ १४६
*७.४.३ समस्या तथा चुनौती* ........ १४६
*७.४.४ लक्ष्य र उद्देश्य* ........ १४७
*७.४.५ रणनीति र कार्यनीति* ........ १४७
*७.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)* ........ १४८
*७.४.७ अपेक्षित उपलब्धि* ........ १४८
परिच्छेद आठ : सुशासन तथा संस्थागत विकास योजना

८.१ पृष्ठभूमि तथा सिकाइ ........ १४९
८.२ वर्तमान अवस्था, सम्भावना र अवसर ........ १५०
८.३ समस्या तथा चुनौती ........ १५२
८.४ सोच, लक्ष्य तथा उद्देश्य ........ १५३
८.५ विषयगत रणनीति तथा कार्यनीति ........ १५४
८.६ प्रमुख कार्यक्रम तथा आयोजना ........ १५८
८.७ अपेक्षित उपलब्धि ........ 162
परिच्छेद नौ : कार्यान्वयन व्यवस्था
९.१ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ १६३
९.२ विषयक्षेत्रअनुसार अनुमानित बजेट ........ १६३
९.३ स्रोत अनुमान तथा प्रक्षेपण ........ १६५
९.४ स्रोत परिचालन रणनीति ........ १६६
९.५ आवधिक योजना कार्यान्वयन ........ १६७
९.६ अनुगमन तथा मूल्यांकन योजना ........ १६८
*९.६.१ अनुगमन तथा मूल्यांकनको आवश्यकता* ........ **ङ्कचचद्यच! ख्इद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
*९.६.२ अनुगमन तथा मूल्यांकनको जिम्मेवारी* ........ १६८
*९.६.३ अनुगमन तथा मूल्यांकन प्रक्रिया* ........ १६९
अनुसूची
अनुसूची १ : क्षेत्रगत स्थिति विश्लेषण विवरण ........ १७१

# तालिका सूची

तालिका १ : महानगरपालिकाको जनसंख्याको अवस्था ........ ८
तालिका २ : प्रक्षेपित जनसंख्याको उमेर समूहगत संरचना २०७७ ........ ९
*तालिका ३ : महानगरका समष्ठिगत आर्थिक परिसूचकहरू २०७७ (रु. दश लाखमा)* ........ १०
तालिका ४: पोखरा महानगरपालिकामा सञ्चालित उद्योग–व्यवसाय र रोजगारी ........ १२
तालिका ५ : पोखरा महानगरपालिकाका प्रमुख सामाजिक परिसूचक ........ १५
तालिका ६ : *पोखरा महानगरपालिकाको सडक सञ्जालको अवस्था* ........ १७
तालिका ७: आवधिक योजनाको परिमाणात्मक लक्ष्य ........ ३७
तालिका ८ : पर्यटन विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ५१
*तालिका ९: पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना* ........ ५३
तालिका १०: उद्योग व्यवसाय र व्यापार क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ५६
तालिका ११: उद्योग व्यवसाय तथा व्यापार क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ५७
तालिका १२: बैंक वित्त तथा सहकारी क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ६०
तालिका १३: बैंक वित्त तथा सहकारी क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ६१
तालिका १४ : प्रमुख कृषि बालीहरूको उत्पादन र खाद्य सुरक्षाको अवस्था ........ ६२
तालिका १५ : कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ६४
तालिका १६ : कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ६६
तालिका १७ : सिँचाइ क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ६८
तालिका १८ : सिँचाइको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ७०
तालिका १९ : पोखरा माहनगरमा व्यावसायिक पशुपालनको अवस्था ........ ७१
तालिका २० : पोखरा माहनगरमा पशुजन्य उत्पादनको अवस्था ........ ७२
तालिका २१ : पशुपन्छी क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ७३
तालिका २२ : पशुपन्छी विकास क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ७५
तालिका २३ : श्रम तथा रोजगारी क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति ........ ७८
तालिका २४ : श्रम तथा रोजगारी क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ७९
तालिका २५ : शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ८३
तालिका २६: शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ८५
तालिका २५ : स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ८८
तालिका २५ : स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ९०
तालिका २९ : पोखरा महानगरपालिकामा खानेपानी वितरणको विद्यमान अवस्था ........ ९१
तालिका ३० : २०६८ को जनगणना अनुसार पोखरा महानगरपालिकामा खानेपानीको पहुँच ........ ९२
तालिका ३१ : खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ........ ९४
तालिका ३२ : खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ........ ९५
तालिका ३३ : सामाजिक समावेशीकरण तथा संरक्षण क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति ........ ९८
तालिका ३४ : सामाजिक समावेशीकरण तथा संरक्षण क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना ........ १०१

तालिका ३५ : युवा तथा खेलकुद क्षेत्रको विकासमा लागि लिइने रणनीति तथा कार्यनीति ..................................... १०४
तालिका ३५ : युवा तथा खेलकुद क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना .............. १०६
तालिका ३७ : कला भाषा तथा संस्कृति क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति .............................. १०९
तालिका ३७ : कला भाषा र संस्कृति क्षेत्रको समुचित विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना १११
तालिका ३९ : अव्यवस्थित तथा सुकुम्बासी बस्तीहरूको विवरण .................................................................. ११४
तालिका ४० : बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति ............ ११६
तालिका ४० : बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना .............. ११७
तालिका ४२ : सडक, पुल तथा यातायात क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति.................. १२१
तालिका ४२ : सडक, पुल तथा यातायात क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ................ १२२
तालिका ४४ : जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति........................... १२६
तालिका ४४ : जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको विकासमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ... १२७
तालिका ४६ : सूचना तथा सञ्चारका लागि लिइने रणनीति तथा कार्यनीति.................................................. १३०
तालिका ४६ : सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ....१३१
तालिका ४८ : फोहोरमैला व्यवस्थापन क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति........................................... १३३
तालिका ४८ : फोहोरमैला व्यवस्थापन क्षेत्रमा लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना.................... १३५
तालिका ५० : वन, हरियाली र जैविक विविधता संरक्षणका लागि लिइने रणनीति तथा कार्यनीति ............................ १३७
तालिका ५० : वन, हरियाली र जैविक विविधताका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना .............. १३९
तालिका ५२ : भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीति.................................. १४१
तालिका ५२ : भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना.................. १४१
तालिका ५४ : वातावरण तथा जलवायु परिवर्तन अनुकूलनका लागि लिइने रणनीति तथा कार्यनीति........................... १४३
तालिका ५४ : वातावरण र जलवायु परिवर्तन अनुकूलनमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम र आयोजना............... १४४
तालिका ५४ : विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीति .................... १४७
तालिका ५४ : विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना ............... १४८
तालिका ५८ : संस्थागत विकास तथा सुशासन विकास क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति ......................... १५४
तालिका ५८ : संस्थागत विकास तथा सुशासन विकास क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना १५८
तालिका ६० : विषय क्षेत्रगत स्रोत अनुमान........................................................................................ १६३
तालिका ६१ : प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट (रु. हजारमा)..................................................... १६५
तालिका ३७ : अनुमानित बजेट तथा उपलब्ध बजेट प्रक्षेपण ................................................................... १६६
तालिका ६१ : आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन ढाँचा ............................................. १६८
तालिका ६१ : आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया ............................................ १६९

# परिच्छेद :
# एक परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले देशलाई संघिय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रूपान्तरण गर्दै तीनवटै तहका सरकारलाई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित निकायहरूका रूपमा स्थापित गरेको छ । संवैधानिक रूपमै स्थानीय तहलाई आफ्नो विशिष्ट विशेषताअनुसार शान्ति, समृद्धि, स्थायित्व तथा विकासका लागि आवश्यक नीति तथा योजना बनाएर अघि बढ्ने अधिकार प्रत्यायोजित गरिएको छ । सोही संवैधानिक अधिकारको सदुपयोग गर्दै पोखरा महानगरपालिकाले प्रथम त्रिवर्षीय योजना तर्जुमा गरेको छ । यो नै महानगरपालिकाको पहिलो आवधिक विकास योजना हो। यस दस्तावेजमा उपलब्ध भएसम्मका आर्थिक तथा सामाजिक परिसूचक निर्धारण गरिएको छ, ती परिसूचककहरु महानगरको दीर्घकालीन विकास र समृद्धिका लागी आधारशीला हुनेछन्

यो योजना तर्जुमा प्रक्रियामा जनसहभागितामा आधारित सहभागितामूलक योजना तर्जुमा पद्धति तथा प्रशंसनीय खोज लगायतका सबलतामा आधारित विधि प्रयोग गरेर विकासप्रतिको जनताको भावना तथा चाहनाहरू संकलन गरिएको छ । योजनामा महानगरपालिकाभित्रका सूचना, नेपालको संविधान, ऐन, कानुन, नीति, नियमहरू एवम् प्रतिवेदनको संकलन गरी द्वितीय सूचनाहरूको विश्लेषणमार्फत् प्राप्त नतिजालाई पनि उपयोग गरिएको छ । महानगरपालिकाभित्र र नजिकका सरोकारवालाहरूसँग अन्तर्क्रियामार्फत् अभिमत संकलन एवम् आन्तरीक तथा बाह्य स्रोतहरूको विस्तृत लेखाजोखा, व्याख्या एवम् विश्लेषण गरेर यो योजना तयार गरिएको छ ।

यो एक गतिशील दस्तावेज भएकाले यसले पोखरा महानगरको विकासलाई कसरी अघि बढाउने भन्ने विषयमा मार्गनिर्देश गर्नेछ । सो अवसरमा महानगरपालिकामा सिर्जित नयाँ अवसर तथा चुनौती सापेक्ष हुने गरेर अझ सकारात्मक परिणामहरू प्राप्त गर्ने गरी यसलाई अद्यावधिक गर्न सहज हुनेछ । साथै सालबसाली रूपमा तर्जुमा हुने वार्षिक नीति तथा कार्यक्रममार्फत् पनि थप परिमार्जन तथा सुधार गर्दै जाने अवसर यो दस्तावेजले दिनेछ ।

## १.२ योजनाको उद्देश्य

पोखरा महानगरपालिकाको विकासलाई मार्ग निर्देशन गर्न र महानगरबासीको सहभागिता तथा स्वामित्वमा महानगरको समृद्धि र विकासका लागि योजनाबद्ध रूपमा विकास कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण गर्नु यो योजनाको प्रमुख उद्देश्य हो । स्थानीय स्रोतसाधन तथा नागरिकहरूको दक्षता र क्षमता अभिवृद्धि गर्न, महानगरपालिकामा सुशासन र कुशल सेवा प्रवाहको प्रत्याभूति गराउँदै समाजवाद उन्मुख, सहभागितामूलक र समावेशी अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउन पनि यो योजना तयार गरी लागु गरिएको छ । यस योजनाले 'समुन्नत पर्यटकीय पोखरा'को दीर्घकालीन सोचलाई आत्मसात् गर्दै देहायका विशिष्ट उद्देश्य तय गरेको छ ।

१. नेपालको संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख समाज निर्माणका लागि संविधान प्रदत्त मौलिक हकहरूको सुनिश्चितताका लागि कार्यक्रम पहिचान गर्ने ।

२. वातावरणीय सन्तुलनसहितको हरित, समावेशी र उत्थानशील विकासलाई सुनिश्चित गर्ने ।

३. महानगरपालिकावासीका आधारभूत आवश्यकता परिपूर्ति गरी सबैको आत्मसम्मानको सुनिश्चित गर्ने ।

४. महानगरबासीको सहभागिता र स्वामित्वमा आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. महानगरपालिका, सहकारी तथा नागरिकहरूको साझेदारीमा उपलब्ध प्राकृतिक स्रोत, नागरिकको सीप, क्षमता तथा दक्षताको उच्चतम उपयोग गरी उद्यमशीलता विकासमार्फत् आयआर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने ।

६. महानगरपालिकाको प्राकृतिक, सामाजिक तथा सांस्कृति स्रोतहरूको सदुपयोग गरी पर्यटन क्षेत्रको विकासमार्फत् आर्थिक विकास तथा रोजगार सिर्जनाका अवसरहरू वृद्धि गर्ने ।

७. महानगर र महानगरबासीको समुन्नतीका लागि विषयगत क्षेत्रहरूको योजनाबद्ध रूपमा विकास गरी दिगो आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय सन्तुलनसहितका विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

८. सुशासन, पारदर्शिता, जवाफदेहिता, समावेशिता, चुस्त र स्फूर्त सेवा प्रवाहका माध्यमले समग्र महानगरपालिकाको विकासमा जनसहभागिताद्वारा महानगरपालिकाका कार्यक्रमहरूमा नागरिकहरूको स्वामित्व अभिवृद्धि गरी नगरपालिकाप्रति गौरवान्वित हुने वातावरण निर्माण गर्ने ।

## १.३ योजना तर्जुमा प्रक्रिया

सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्दै महानगरको सभामा छलफल गरी आवधिक योजना तर्जुमा गर्न र विकासका नयाँ सम्भावनाहरु पहिचान गर्न र विकास प्रक्रिया लाई संस्थागत र संगठित रूपमा अगाडि बढाउन महानगरपालिका प्रमुखको नेतृत्वमा सहरी योजना आयोगको गठन गरी यस  योजना निर्माणको पहल सुरु भएको हो । यसै सन्दर्भमा सहभागितामूलक योजना तर्जुमा विधिको प्रयोग गरी यो योजना तर्जुमा गरिएको छ । यस योजना तर्जुमा प्रक्रियामा नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, संघ, प्रदेश र स्थानीय तहबीच अन्तर्सम्बन्ध तथा संविधानका अनुसूची ८ र ९ ले गरेका व्यवस्थाहरूलाई ध्यान दिइएको छ । यो योजना तर्जुमा गर्दा देहायका प्रमुख प्रक्रियाहरु अपनाइएको थियो ।

### १.३.१ योजना तयारी तथा अभिमुखीकरण

यस आवधिक योजना तयारीका सिलसिलामा पोखरा महानगरपालिका प्रमुखको संयोजकत्वमा योजना तर्जुमा निर्देशक समिति र विषयगत उपसमितिहरू गठन गरी परिचालन गरियो । विभिन्न वडाध्यक्ष, वडा सदस्यहरू तथा कार्यपालिका सदस्यहरू तथा वडा सचिव र वडा कर्मचारीहरूको सहभागितामा वडास्तरीय योजना तर्जुमा परामर्श कार्यशाला गोष्ठीहरूको आयोजना गरी वडाका सबल पक्षहरू, अवसर र सम्भावनाहरूको विश्लेषण गरी आगामी वर्षमा सञ्चालन हुने कार्यक्रमहरूलाई प्राथमिकीकरण गरेर वडा तथा महानगरस्तरीय योजना तर्जुमा गरियो ।

### १.३.२ अवस्था विश्लेषण तथा आधार सूचना तयारी

यो योजना तयारीका सन्दर्भमा विभिन्न चरणमा महानगरपालिकाका विषयगत महाशाखा तथा शाखा प्रमुखहरूसँग अन्तर्क्रिया गरी विषयगत सूचना र तथ्यांक संकलन तथा हालसम्मका सिकाइ बारेमा छलफल

गरियो । त्यसैगरी, सबै कार्यपालिका सदस्य, सम्मिलित कार्यशाला गोष्ठी आयोजना गरी महानगरपालिकाको वस्तुस्थितिबारे व्यापक छलफल गरियो । सबै वडाबाट तथ्यांक संकलन गर्न वडाअध्यक्षहरूको नेतृत्वमा वडा सदस्यहरू, तथ्यांक संकलन सुपरिवेक्षक तथा गणकहरूको सहभागितामा ३३ वटै वडाबाट तथ्यांक संकलन गर्ने काम भएको थियो। सहरी योजना आयोगले विभिन्न क्षेत्रमा कार्यरत संस्थाहरू, व्यक्तिहरूसँग अन्तर्क्रिया गरी महानगरपालिकाले आगामी योजनाहरूमा समेटन पर्ने विषयहरूबारे धारणाहरू संकलन गरेको थियो ।

त्यसैगरी द्वितीय तथ्यांकको पुनरवलोकन तथा विश्लेषणका क्रममा पोखरा महानगरपालिकाबारे प्रकाशित विभिन्न प्रतिवेदन, तथ्य, तथ्यांकहरूको संकलन गरी विश्लेषण गरिएको थियो । विविध प्रकाशित प्रतिवेदनको अध्ययन तथा विश्लेषण गरी यस योजना निर्माणका सन्दर्भमा विभिन्न देशहरूले अपनाएका विकासका मोडलहरू, नेपाल सरकारका योजनाहरू, अन्य नगरपालिका तथा नगरपालिकाका आवधिक तथा गुरुयोजनाहरूको पनि पुनरावलोकन गरिएको थियो । यसै क्रममा महानगरपालिका स्तरमा कार्यरत सरोकारवालाहरूको सहभागितामा दिगो विकास लक्ष्यहरूलाई पोखराका सन्दर्भमा स्थानीयकरण गरी सूचकाङ्कहरू निर्धारण गरेर कार्यक्रम, कार्यनीति तथा क्रियाकलापहरू तर्जुमा गरिएको थियो ।

### १.३.३ योजना तर्जुमा बृहत् कार्यशाला गोष्ठी

सबै निर्वाचित जनप्रतिनिधिहरू, स्थानीय राजनीतिक पार्टीका प्रतिनिधिहरू, कर्मचारीहरू, तथ्यांक संकलकहरू समेतको सहभागितामा पोखरा महानगरपालिको आयोजनामा बृहत् कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो उक्त गोष्ठीमा महानगरपालिकाको वर्तमान अवस्था, अवसरहरू तथा सम्भावनाहरू, महानगरपालिकाको दूरदृष्टि, लक्ष्य, उद्देश्य रणनीति, विकासका प्राथमिकताका क्षेत्र, विषयगत क्षेत्रका लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम, कार्यनीति एवम् सम्भावित क्रियाकलापहरूबारे छलफल गरी खाका तयार गरिएको थियो । यस क्रममा पोखरा महानगरपालिकामा लामो समयदेखि विभिन्न क्षेत्रहरूमा योगदान दिँदै आउनुभएका व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी महानगरपालिकाको विकासका अवसर तथा सम्भावनाहरूबारे छलफल गरी सल्लाह तथा सुझावहरू संकलन गरियो । यसका अतिरिक्त प्रदेशसभा तथा संघीय संसद्का माननीयज्यूहरूसँग छलफल तथा परामर्श गरी महानगरपालिकाले अपनाउनुपर्ने विकास रणनीतिबारे छलफल गरिएको थियो ।

### १.३.४ योजना दस्तावेज तयारी

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहहरूको आवधिक योजना तर्जुमा दिग्दर्शनले उपलब्ध गराएको ढाँचा र संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन र पथ प्रदर्शनमा आधारित भएर यो आवधिक योजनाको दस्तावेज तयार गरिएको छ । सहरी योजना आयोगका पदाधिकारी र जनप्रतिनिधिहरूको संयुक्त समूहले महानगरपालिकाका सबै वडाहरूको स्थलगत भ्रमणका क्रममा संकलित जनभावना र सूचनाका साथै स्थानीय राजनीतिक दलहरूका घोषणापत्रलाई आधार लिइएको छ । यसका साथै संघ तथा प्रदेश सरकारका आवधिक योजना, दिगो विकास लक्ष्यहरू तथा नगरपालिकाको विगतका विकास योजनाहरूको पुनरवोलकन गरी प्राप्त सिकाइहरूलाई यो दस्तावेज तयारीका क्रममा आत्मसात् गरिएको छ ।

### १.३.५ योजनाको अन्तिम दस्तावेज तयारी

योजनाको पहिलो मस्यौदा तयार भएपछि पोखरा महानगरपालिकाका विगत तीन वर्षका नीति तथा कार्यक्रमहरू, नेपाल सरकारका नीति, कार्यक्रम तथा विकास योजनाहरूको कार्यान्वयन र प्राप्त अनुभवका आधारमा आवधिक योजनाको मस्यौदामा आवश्यक पुनरवलोकन गरिएको थियो । त्यसैगरी महानगरमा सञ्चालित सुदृढ परियोजनाको प्राविधिक सहयोगमा परियोजनाका विषय विज्ञहरूबाट प्राप्त तथ्यांक, सूचना, राय सुझावहरूलाई समेत विश्लेषण गरेर महानगरको कार्यपालिकाले गठन गरेको सहजीकरण समिति, कार्यपालिकाका सदस्यहरू र महाशाखा तथा शाखा प्रमुखहरूको उपस्थितिमा अन्तिम छलफल गरिएको छ ।

छलफलबाट प्राप्त राय, सुझाव तथा सिफारिसहरूलाई समेत संलग्न गरी सुदृढ परियोजनाको विज्ञ टोलीको सहयोगमा यो योजनालाई अन्तिम स्वरूप प्रदान गरिएको छ । त्यसप्रकार, अन्तिम स्वरूप प्राप्त भएको मस्यौदा योजनालाई त्रिवर्षीय योजना सहजीकरण समितिमार्फत् कार्यपालिकामा प्रस्तुत गरी कार्यपालिकाको नियमित प्रक्रियाअनुसार स्वीकृत गरिएको छ ।

# परिच्छेद दुई :
# महानगरपालिकाको विद्यमान अवस्था र उपलब्धिको समीक्षा

## २.१ महानगरपालिकाको परिचय

नेपालको मध्य पहाडी भूभागमा सुन्दर नगरी पोखरा रहेको छ। उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणतर्फ भारतलाई जोड्ने पुरानो र प्रमुख व्यापारिक केन्द्रको रुपमा पोखरा महानगरपालिका रहेको छ। साबिक पश्चिमाञ्चल विकास क्षेत्र र हाल गण्डकी प्रदेशको राजधानी रहेको पोखरा व्यापार व्यवसायका हिसाबले काठमाडौंपछिको दोस्रो ठूलो र व्यस्त व्यापारिक केन्द्र पनि मानिन्छ। नयाँ संवैधानिक व्यवस्थाअनुसार गठित पोखरा महानगरपालिका भूगोलका हिसाबले नेपालकै सबैभन्दा ठूलो महानगर मात्र नभई नेपालकै पर्यटकीय आर्थिक गतिविधिको केन्द्रका रूपमा स्थापित छ। यस परिच्छेदमा पोखरा महानगरका केही आधारभूत पक्षको संक्षिप्त चर्चा गरिएको छ।

### २.२.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

भौगोगिक अवस्थितिका आधारमा कास्की जिल्लामा रहेको पोखरा महानगरपालिका ८३ डिग्री ४७ मिनेट (८३° ४७') देखि ८४ डिग्री ०८ मिनेट (८४° ०८') पूर्वी देशान्तर र २८ डिग्री ०४ मिनेट (२८° ०४') देखि २८ डिग्री २० मिनेट (२८° २०') उत्तरी अक्षांशको बीचमा ४६४.२४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यस महानगरको पूर्वमा कास्की जिल्लाकै मादी र रूपा गाउँपालिका, पश्चिममा कास्कीको अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला, उत्तरमा कास्कीको माछापुच्छ्रे र मादी गाउँपालिका अवस्थित छन् भने दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला पर्छन्।


देशमा गणतन्त्र स्थापनापछि २०७१ मंसिर १६ गते साबिकको पोखरा महानगरपालिकामा वरपरका १० वटा गाउँ विकास समितिहरू लामाचौर, भलाम, काहुँ, आर्वा विजय, निर्मलपोखरी, कृस्तिनाच्ने चौर, पुम्दीभुम्दी, सराङकोट, हेम्जा र अर्मला गाभिएर विस्तारित पोखरा उपमहानगरपालिका गठन भएको हो। नयाँ संवैधानिक व्यवस्थाअनुसार मिति २०७३ फागुन २७ गते थप ७ गाविसहरू भदौरे, चापाकोट, कास्कीकोट, पुरुन्चौर, मौजा, कालिका र माझठाना (केही पूरै र केही आंशिक) का साथै साबिक लेखनाथ नगरपालिका समेत गाभिएर पोखरा लेखनाथ महानगरपालिका नामकरण गरियो। भौगोलिक अवस्थिति र विकासको अवस्थाका दृष्टिले यस महानगरपालिकामा प्रमुख तीन प्रकारका विशेषता रहेका छन्।

१. **विकसित सहर :** साबिकको नगरपालिका वडाहरूमा आधारभूत भौतिक पूर्वाधार संरचनाहरू तयार भइसकेका छन् र तुलनात्मक रूपमा यी वडा मुख्य सहरी केन्द्र नजिक छन्।

२. **सहरोन्मुख केन्द्रहरू :** साबिक पोखरा उपमहानगरपालिकापछि थपिएका र साबिकको लेखनाथ नगरपालिकाका वडाहरू सहरोन्मुख केन्द्रका रूपमा रहेका छन्। यहाँ सहर र ग्रामीण क्षेत्र दुवैको मिश्रित प्रकारको विशेषता छ।

३. **ग्रामीण इलाका:** नयाँ गाउँ बिकास समिति वाट महानगरपालिकामा गाभिएका वडाहरूमा अहिले पनि ग्रामीण विशेषता रहेको छ र मुख्य पेसा कृषि तथा पशुपालन र वैदेशिक रोजगारी रहेको छ।

स्थानीय तहको निर्वाचनपश्चात् जनप्रतिनिधि तथा स्थानीय सरोकारवालाहरूको छलफलबाट सहमति भएअनुसार नेपालकै पर्यटकीय नगरीका रूपमा स्थापित पोखराको नामबाट महानगरपालिकाको नामकरण गर्ने गरी महानगरको २०७५ असार १० गते बसेको नगरसभाबाट सिफारिस भएबमोजिम मिति २०७५ साउन २३ को मन्त्रिपरिषद्को निर्णयअनुसार मिति २०७५ भदौ २५ गते राजपत्रमा प्रकाशित भएपछि पोखरा महानगरपालिका




भएको हो । प्रशासनिक रूपमा पोखरा महानगरपालिकालाई कुल ३३ वडामा विभाजन गरी जनताको घरदैलोमा विकास एंव सार्वजनिक सेवा प्रवाहका कार्यहरु प्रदान हुँदै आएको छ ।

प्राकृतिक रूपमा अत्यन्त सुन्दर यो महानगरपालिका समुद्री सतहबाट ५०९ मिटरदेखि २६२५ मिटर उचाइमा फैलिएको छ । यो शहर राजधानी काठमाडौंबाट २०० किमि पश्चिममा अवस्थित छ । यहाँको जलवायु र हावापानीमा विविधता छ । सन् १९७५ मा पोखरा उपत्यकाको अधिकतम तापक्रम ३७ दशमलव ४ डिग्री र न्यूनतम तापक्रम सन् २०१२ को जनवरीमा शून्य दशमलव ५ डिग्री मापन गरिएको तथ्यांक छ । औसतमा भने अधिकतम ३५ डिग्रीदेखि न्युनतम ३ डिग्री सम्म रहेको अनुमान छ । यद्यपि महानगर भए पछि पञ्चासे पहाड लगायतका केही उच्च भू–भागहरूसमेत समेटिएकोले ती स्थानको तापक्रम फरक (खासगरी न्यूनतम) पर्न सक्छ । पोखरा नेपालमा नै सबैभन्दा धेरै पानी पर्ने स्थानका रूपमा पनि परिचित छ । यहाँ वार्षिक रूपमा औसत ४ हजारदेखि ४५ सय मिलिलिटर वर्षा हुने गरेको तथ्यांक छ । हालसम्म २००१ अगस्टमा एकै दिन (२४ घण्टा)मा अधिकतम ३५७ मिलिलिटर वर्षा भएको थियो ।

## २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

औसत ८२७ मिटरको उचाइमा अवस्थित पोखरा उपत्यका अन्नपूर्ण हिमशृंखलाअन्तर्गतका ८ हजार मिटरभन्दा अग्ला हिमालमध्ये पश्चिममा धवलागिरी र पूर्वमा मनास्लुबाट २४ देखि ५६ किमि दूरीमा छ । संसारकै प्रसिद्ध हिमाली पदमार्ग अन्नपूर्ण संरक्षण क्षेत्र हुँदै उल्लिखित प्रमुख हिमालका आधार शिविर प्रवेश गर्ने मुख्य

प्रस्थान विन्दु पनि पोखरा नै हो । आँखै अगाडिको अनुपम हिमाली शृंखला, नीला तालहरूको संगम र अत्यन्तै अनुकूल हावापानीका कारण पोखरा संसारकै १० सुन्दर सहरमध्येको एक सहरका रूपमा पनि परिचित छ ।

भौगोलिक तथा प्राकृतिक रूपमा मात्र नभएर जैविक विविधतामा पनि पोखरा उत्तिकै धनी छ । प्राकृतिक रूपमा बनेका गुफा, ताल, नदी, खोला र खोल्सीले भरिएको पोखराका नौवटा प्राकृतिक ताल तथा जलाधार क्षेत्र रामसार क्षेत्रमा सूचीकृत छन् । पोखरा उपत्यकाका गुफा, ताल, नदीसँगै रहेका सिमसार एवम् जलाधार क्षेत्रका प्राकृतिक वनजंगल जैविक विविधताले भरिपूर्ण छन् । यी क्षेत्रमा वन, वनस्पति, पुतली, चरा, वन्यजन्तुको अवलोकन एवम् अध्ययन-अनुसन्धान जस्ता पर्यापर्यटनका गतिविधिको प्रचुर सम्भावना छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाको तथ्यांक अनुसार पोखरा उपत्यका र आसपासका क्षेत्रमा रहेका प्राकृतिक ताल, सिमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरीसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका बोटवृक्ष पाइने उल्लेख छ । पोखरा उपत्यकामा उपयुक्त सिँचाइ सुविधासहितको समथर उर्वर कृषि भूमिले पनि यहाँको प्राकृतिक सुन्दरता र जैविक विविधता दिगो र समावेशी आर्थिक विकासका लागि उपयोगी रहेको दर्साउँछ ।

भौगोलिक र प्राकृतिक रूपमा मात्र नभएर पोखरा महानगरपालिका सांस्कृतिक र पुरातात्विक सम्पदाका आधारमा पनि सम्पन्न छ । मंगोल समुदायका प्रमुख आदिवासी संस्कृति र भाषाहरूको संगमस्थलका साथै धार्मिक र सामाजिक सहिष्णुताको उच्चतम नमुना समेत हो पोखरा । जनसंख्याका आधारमा पोखरा देशकै तेस्रो ठूलो महानगरपालिका हो । २०६८ को जनगणनाअनुसार पोखरा महानगरपालिकामा विदेशीसहित ८८ जातजातिको बसोबास रहेको देखिन्छ भने पहिचान नखुलेकाबाहेक ८६ भाषाभाषीको अस्तित्व रहेको छ । सरकारी कामकाजको भाषाका रूपमा नेपाली रहे पनि गुरुङ, नेवार, मगर तामाङ जस्ता भाषाहरू बढी प्रचलनमा रहेको पाइन्छ । अन्य भाषा भने निकै कम परिवार र जनसंख्यामा मात्र सीमित रहेको पाईन्छ ।

पोखरामा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । कुल जनसंख्या मध्ये अधिकांश हिन्दु र बौद्ध धर्म मान्ने मानिस यहाँ बस्दछन् पोखरामा मुस्लिम समुदायको बसोबास समेत पुरानै भएको मानिन्छ । खासगरी महानगरको वडा नं १२ र १३ मा मुस्लिम समुदायको बाक्लो बसोबास देखिन्छ भने नयाँ गाउँ एवम् बैदाम क्षेत्रमा क्रिस्चियन धर्मावलम्बीको संख्या उल्लेख्य छ । यस महानगरका वासिन्दा दसैं, तिहार, तीज, ल्होसार, माघे संक्रान्ति वा माघी, शिवरात्री, फागु पूर्णिमा, रामनवमी, चण्डी पूर्णिमा, जनैपूर्णिमालगाायत चाडपर्व आपसमा मिलेर मनाउँदै आएका छन् । यद्यपि, बौद्ध धर्म मान्नेहरू विशेषगरी बुद्ध जयन्ती र ल्होसार, मुस्लिम समुदायले बकर इद र इसाइ समुदायले क्रिसमसलाई मुख्य चाडका रूपमा मनाउने गर्छन् ।

स्थानीय समुदायको आ-आफ्नो परम्परागत नाचगान वा जात्रा गरी पर्व मनाउने परम्परा छ । विशेषगरी ब्राह्मण, क्षेत्रीमा भजनकीर्तन, नेवारको लाखे नाच, बाह्रभैरव नाच, गाईजात्रा र मगर एवम् गुरुङ जातिमा चुट्का, कौरा र सोरठी नाच विशेष प्रचलनमा रहेको पाइन्छ । पोखराका प्राचीन संस्कृतिक सम्पदाका रूपमा विन्ध्यवासिनी, ताल वाराही, भद्रकाली, नारायणस्थान, भलामस्थित हरिहर आश्रम जस्ता विभिन्न देवदेवीका मन्दिर छन् । पोखराको सहरी विकाससँगै राममन्दिर, केदारेश्वर, गुप्तेश्वर र विभिन्न बौद्ध गुम्बा तथा स्तुपहरूका साथै

मस्जिद र चर्चहरूसमेत निर्माण भईरहेका छन् । त्यसैगरी, ढुंगेसाँघु, रामघाट, वाराहीघाट, बाटुलेचौरलगायतका स्थानमा परम्परागत स्थानीय मेला तथा जात्राहरू समेत लाग्ने गरेको छ ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार पोखरा महानगरपालिकामा एक लाख ५ हजार घरधुरी र चार लाख २ हजार जनसंख्या रहेको देखिन्छ । सोही जनगणनाको तथ्यांकअनुसार साबिक पोखरा उपमहानगरपालिकाको जनसंख्या वार्षिक ४ दशमलव ९१ प्रतिशतले वृद्धि हुँदै आएको छ भने साबिक लेखनाथ नगरपालिकामा वार्षिक ३ दशमलव ५ प्रतिशतले बढेको छ । महानगरमा समावेश भएका साबिकका गाँउ विकास समितिहरूको जनसंख्या वृद्धिदर यकिन नभएको र महानगरका अधिकांश सहरी र अर्धसहरी क्षेत्रमा पछिल्लो दशकमा उल्लेख्य रूपमा आवादी बढीरहेको वस्तुस्थितिलाई दृष्टिगत गरेर समग्र महानगरको जनसंख्या वार्षिक ४ दशमलव ५ प्रतिशतका दरले वृद्धि भएको अनुमान छ ।

उक्त वृद्धिदरका आधारमा २०७७ मा पोखराको जनसंख्या करिब छ लाख पुग्ने प्रक्षेपण गरी २०६८ को वडागत वितरणको अनुपातका आधारमा २०७७ को वडागत जनसंख्या अनुमान गरिएको छ । त्यसैगरी, महानगरले २०७७ मा सञ्चालन गरेको घरधुरी सर्वेक्षण र महानगरकमा वार्षिक रूपमा घर निर्माण (नक्सापास) स्वीकृती लिने सेवाग्राही (वार्षिक औसत ५०००) लाई आधार मानि २०७७ को घरधुरी संख्या प्रक्षेपण गरिएको छ । प्रक्षेपित घरधुरी र जनसंख्याका आधारमा २०७७ को औसत घरधुरी आकार र लैंगिक अनुपात निर्धारण गरी तालिका एकमा प्रस्तुत गरिएको छ । तालिका अनुसार पोखराको औसत घरधुरी आकार २०६८ को ३ दशमलव ८२ जना बाट बढेर करिब ४ जना पुगेको देखिन्छ भने लैंगिक अनुपात शून्य दशमलव ९२ (प्रति १०० महिलामा ९२ पुरुष) रहेको देखिन्छ ।

*तालिका १ : महानगरपालिकाको जनसंख्याको अवस्था*

| वडा नं | राष्ट्रिय जनगणना २०६८ | | | | २०७७ को प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी संख्या | जनसंख्या | | | घरधुरी संख्या | जनसंख्या | | | औ.घरधुरी आकार | लैंगिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला | | |
| १ | ४,५४१ | १५,५१३ | ७,८९६ | ७,६१७ | ६४३८ | २३०५४ | ११७३४ | ११३२० | ३.५८ | १.०४ |
| २ | २,४६४ | ८,७२९ | ४,४६८ | ४,२६१ | ३४९३ | १२९७२ | ६६४० | ६३३२ | ३.७१ | १.०५ |
| ३ | २,७५० | ९,४६२ | ४,९१९ | ४,५४३ | ३८९९ | १४०६१ | ७३१० | ६७५१ | ३.६१ | १.०८ |
| ४ | २,४९१ | ९,११९ | ४,७३१ | ४,३८८ | ३५३२ | १३५५२ | ७०३१ | ६५२१ | ३.८४ | १.०८ |
| ५ | ३,९७३ | १४,८०३ | ७,३७३ | ७,४३० | ५६३३ | २१९९९ | १०९५७ | ११०४२ | ३.९१ | ०.९९ |
| ६ | ३,८६९ | १४,७२९ | ७,७२१ | ७,००८ | ५४८५ | २१८८९ | ११४७४ | १०४१५ | ३.९९ | १.१० |
| ७ | ३,४५१ | १२,८७५ | ६,३३५ | ६,५४० | ४८९३ | १९१३३ | ९४१४ | ९७१९ | ३.९१ | ०.९७ |
| ८ | ७,१३८ | २६,०८० | १३,५३९ | १२,५४१ | १०१२० | ३८७५७ | २०१२० | १८६३७ | ३.८३ | १.०८ |
| ९ | ४,२९५ | १६,६२६ | ८,५७३ | ८,०५३ | ६०८९ | २४७०८ | १२७४० | ११९६८ | ४.०६ | १.०६ |
| १० | ४,९१२ | १८,४७० | ८,९४८ | ९,५२२ | ६९६४ | २७४४८ | १३२९८ | १४१५१ | ३.९४ | ०.९४ |
| ११ | ४,०२३ | १४,७१६ | ७,११९ | ७,५९७ | ५७०४ | २१८६९ | १०५८० | ११२९० | ३.८३ | ०.९४ |
| १२ | ३,०१४ | ११,६१३ | ५,४४१ | ६,१७२ | ४२७३ | १७२५८ | ८०८६ | ९१७२ | ४.०४ | ०.८८ |
| १३ | ४,१४९ | १७,०७७ | ७,८१२ | ९,२६५ | ५८८२ | २५३७८ | ११६०९ | १३७६९ | ४.३१ | ०.८४ |
| १४ | ३,३०५ | १३,२२५ | ६,२६० | ६,९६५ | ४६८६ | १९६५४ | ९३०३ | १०३५१ | ४.१९ | ०.९० |
| १५ | ४,३२८ | १७,०२७ | ७,७८० | ९,२४७ | ६१३६ | २५३०४ | ११५६२ | १३७४२ | ४.१२ | ०.८४ |
| १६ | ५,४६२ | २०,२७८ | ९,८३० | १०,४४८ | ७७४४ | ३०१३५ | १४६०८ | १५५२७ | ३.८९ | ०.९४ |

| वडा नं | राष्ट्रिय जनगणना २०६८ | | | | २०७७ को प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | | | घरधुरी | जनसंख्या | | | औ.घरधुरी | लैंगिक |
| १७ | ६,९४४ | २६,७५२ | १२,७७० | १३,९८२ | ९८४५ | ३९७५६ | १८९७७ | २०७७९ | ४.०४ | ०.९१ |
| १८ | २,०८० | ८,३५४ | ३,८९९ | ४,४५५ | २९४९ | १२४१५ | ५७९४ | ६६२१ | ४.२१ | ०.८८ |
| १९ | २,६१० | १०,६२४ | ४,८२० | ५,८०४ | ३७०० | १५७८८ | ७१६३ | ८६२५ | ४.२७ | ०.८३ |
| २० | १,०२७ | ४,०२२ | १,८१४ | २,२०८ | १४५६ | ५९७७ | २६९६ | ३२८१ | ४.१० | ०.८२ |
| २१ | २,४३२ | ९,०९० | ३,८८६ | ५,२०४ | ३४४८ | १३५०९ | ५७७५ | ७७३४ | ३.९२ | ०.७५ |
| २२ | १,८३७ | ७,३९१ | ३,३५८ | ४,०३३ | २६०५ | १०९८४ | ४९९० | ५९९३ | ४.२२ | ०.८३ |
| २३ | १,३०० | ४,९१७ | २,१९६ | २,७२१ | १८४३ | ७३०७ | ३२६३ | ४०४४ | ३.९६ | ०.८१ |
| २४ | १,५०८ | ५,८९२ | २,५९१ | ३,३०१ | २१३८ | ८७५६ | ३८५० | ४९०६ | ४.१० | ०.७८ |
| २५ | ३,०१९ | १२,२६२ | ५,६३३ | ६,६२९ | ४२८० | १८२२२ | ८३७१ | ९८५१ | ४.२६ | ०.८५ |
| २६ | २,९०३ | ११,३९४ | ५,२४० | ६,१५४ | ४११६ | १६९३३ | ७७८७ | ९१४५ | ४.११ | ०.८५ |
| २७ | २,३५८ | ९,५८३ | ४,४७७ | ५,१०६ | ३३४३ | १४२४१ | ६६५३ | ७५८८ | ४.२६ | ०.८८ |
| २८ | १,३०३ | ४,७२७ | २,०४७ | २,६८० | १८४७ | ७०२५ | ३०४२ | ३९८३ | ३.८० | ०.७६ |
| २९ | २,२६१ | ८,९६१ | ३,९६८ | ४,९९३ | ३२०६ | १३३१७ | ५८९७ | ७४२० | ४.१५ | ०.७९ |
| ३० | २,७८६ | १०,८२३ | ५,०९१ | ५,७३२ | ३९५० | १६०८४ | ७५६६ | ८५१८ | ४.०७ | ०.८९ |
| ३१ | १,९०८ | ७,३७८ | ३,३३४ | ४,०४४ | २७०५ | १०९६४ | ४९५५ | ६०१० | ४.०५ | ०.८२ |
| ३२ | २,७२१ | १०,६७७ | ४,७५५ | ५,९२२ | ३८५८ | १५८६७ | ७०६६ | ८८०१ | ४.११ | ०.८० |
| ३३ | २,४६८ | ९,८०६ | ४,३५३ | ५,४५३ | ३४९९ | १४५७३ | ६४६९ | ८१०४ | ४.१६ | ०.८० |
| कुल | १०५६३० | ४०२९९५ | १९२९७७ | २१००१८ | १४९७६३ | ५९८८८९ | २८६७८२ | ३१२१०७ | ४.०२ | ०.९२ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ को तथ्यांक र विषय विज्ञको प्रक्षेपण*

पोखरा रास्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको पर्यटकीय गन्तब्य तथा गण्डकी प्रदेशको प्रशासनिक केन्द्र ( राजधानी) समेत भएकाले यहाँ अस्थायी रूपमा बसोबास गर्ने जनसंख्या पनि स्थायीकै हाराहारी रहेको अनुमान छ । त्यसरी हेर्दा पोखराको कुल जनसंख्या (अस्थायीसमेत गरी) करिब १२ लाख पुगेको अनुमान छ । सामान्य अवस्थामा वार्षिक रूपमा करिब ६ लाख आन्तरिक र ५ लाख बाह्य गरी ११ लाख पर्यटकले पोखरा आवतजावत गर्ने गरेको तथ्यांक पर्यटन व्यवसायीसँग छ । तसर्थ पोखरा महानगरले वार्षिक २३ लाख मानिसका लागि सार्वजनिक वस्तु तथा सेवा प्रवाहको प्रबन्ध गर्नुपर्ने अवस्था छ ।

उमेर समूहका आधारमा पोखरा महानगरपालिकाको जनसंख्या समावेशी आर्थिक विकास र समुन्नति हासिलका दृष्टिले निकै अनुकूल छ । २०६८ को जनगणनाअनुसार आर्थिक रूपमा सक्रीय मानिने १५ वर्षदेखि ६९ वर्ष समूहको जनसंख्याको अनुपात कुल जनसंख्यामा ६८ प्रतिशत छ । त्यसैगरी, जनसांख्यिक लाभांशका रूपमा चिनिने आय आर्जनका हिसावले उत्पादनशील मानिने १५ देखि ४९ वर्ष समूहका युवा जनसंख्याको अनुपात ५७ प्रतिशत छ । सोही अनुपातका आधारमा २०७७ का लागि प्रक्षेपित जनसंख्याको उमेर समूहगत वितरण तल प्रस्तुत छ ।

*तालिका २ : प्रक्षेपित जनसंख्याको उमेर समूहगत संरचना २०७७*

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० - १४ वर्ष | ८०२९९ | ८७३९० | १६७६८९ | २८% |
| १५ - २९ वर्ष | ९४६३८ | १०२९९५ | १९७६३३ | ३३% |
| ३० - ४९ वर्ष | ६८८२८ | ७४९०६ | १४३७३३ | २४% |
| ५० - ७० वर्ष | ३१५४६ | ३४३३२ | ६५८७८ | ११% |

| | | | | |
|---|---|---|---|---|
| ७० वर्षभन्दा माथि | ११४७१ | १२४८४ | २३९५६ | ४% |
| **जम्मा** | २८६७८२ | ३१२१०७ | ५९८८८९ | **१००%** |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ को तथ्यांक र विषय विज्ञको प्रक्षेपण*

## २.२ विकासको विद्यमान स्थिति

### २.२.१ आर्थिक विकासको अवस्था

पोखरा महानगरपालिका आर्थिक विकासको सम्भावना र विद्यमान अवस्थाका आधारमा विविधतायुक्त र स्रोतसाधनमा सम्पन्न छ । भूगोलका हिसाबले सबैभन्दा ठूलो २३ नम्बर वडा (४७.८० वर्ग किमि) प्राकृतिक स्रोतसाधन र कृषियोग्य भूमिमा धनी छ। क्षेत्रफलका आधारमा सबैभन्दा सानो वडा नम्बर ४ (०.५१ वर्ग किमि), वडा नम्बर ९, लगायतका वडामा व्यापार र सेवा व्यवसायको बाहुल्य छ। वडा नं.१० मा पोखरा औद्योगीक क्षेत्र रहेको छ। त्यसैगरी, पोखराको पर्यटकीय आकर्षण बैदाम (लेकसाइड) क्षेत्र (वडा नम्बर ६), साबिक सराङकोट ( वडा नम्बर १८) र साबिक लेखनाथ नगरपालिकाको बेगनास क्षेत्र (वडा नम्बर ३१) लगायतका क्षेत्र पर्यटकीय केन्द्रका रूपमा परिचित छन् । साबिक पोखरा उपमहानगरपालिकाबाहेक लेखनाथ नगरपालिका र अन्य गाउँ विकास समिति गाभिएर बनेका वडाहरूमा कृषि, पशुपालन, पर्यापर्यटन उद्योग,व्यापार र जडिबुटी तथा वनजन्य उत्पादनहरूको व्यापक सम्भावना छ।

पोखरा महानगरको जनसंख्याको संरचना पनि आर्थिक विकासका दृष्टिले निकै अनुकूल रहेको छ । आर्थिक रूपमा सक्रिय र जनसांख्यिक लाभांशका रूपमा चिनिने ऊर्जावान जनसंख्याको अनुपात उच्च छ। उक्त युवा जनशक्तिलाई सूचना प्रविधि (आईसीटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) जस्ता क्षेत्रसँग जोडेर उद्यमशीलता प्रवर्द्धन गर्न सके द्रुत आर्थिक विकास र सामाजिक रूपान्तरणमा उल्लेख्य प्रगति हासिल गर्न सकिने देखिन्छ। यसले पोखरा महानगरमा घना बस्ती भएका बजार क्षेत्रलाई उचित व्यवस्थापन गर्दै अन्य क्षेत्रमा योजनावद्ध सहरी विकासमा जोड दिन सके पर्यापर्यटन, कृषि-पशुपालन, उद्योग व्यापार सूचना प्रविधि प्रवर्द्धन गर्न सकिने प्रचुर सम्भावना रहेको देखाउँछ।

#### २.२.१.१ महानगरको अर्थतन्त्र र समष्टिगत आर्थिक परिसूचकहरू

महानगरको स्थानीय अर्थतन्त्रले यहाँको कूल आन्तरिक उत्पादन (ग्रस म्युनिसिपल प्रडक्ट-जीएमपी) को अवस्था जनाउँछ। महानगरको कुल आन्तरिक उत्पादन वा आयले महानगर क्षेत्रभित्र वार्षिक रूपमा कति मूल्यको वस्तु तथा सेवा उत्पादन भयो वा स्थानीय माग सम्बोधन गर्ने वस्तु तथा सेवा खरिद गर्नमा कति रकम खर्च भयो भन्ने जनाउँछ। नेपालमा हालसम्म यसरी स्थानीय तहहरूको आन्तरिक अर्थतन्त्रको आधार चित्रित गर्ने गरी तथ्यांक संकलन तथा प्रशोधन गरिएको पाइँदैन । तथापि पोखरा महानगरपालिकाले विभिन्न द्वितीय स्रोतका तथ्यांक र आफ्नै आन्तरिक अध्ययनका आधारमा यहाँको स्थानीय अर्थतन्त्रको आकार र समष्टिगत आर्थिक परिसूचकहरू अनुमान गर्ने प्रयास यस योजनामार्फत् गरेको छ।

*तालिका ३ : महानगरका समष्ठिगत आर्थिक परिसूचकहरू २०७७ (रु. दश लाखमा)*

| समष्टिगत क्षेत्र | कुल उत्पादन | मध्यवर्ती उपभोग | कुल मूल्य अभिवृद्धि | तथ्यांकको स्रोत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| घरपरिवार क्षेत्र (वार्षिक आय) | २५,३६९ | ५,०७४ | २०,२९५ | पो.म.पा घरधुरी सर्वेक्षण २०७७ |
| व्यावसायिक क्षेत्र (वार्षिक आय) | १००,४५० | ३७,०५३ | ६३,३९८ | के.त.बी. राष्ट्रिय आर्थिक गणना २०७५ |
| कृषि तथा पशुपालन क्षेत्र (वार्षिक उत्पादनको मूल्य) | १५,१२७ | ३,६३० | ११,४९६ | पो.म.पा. कृषि महाशाखा २०७७ |
| सरकारी क्षेत्र (३ वटै सरकारको महानगरमा वार्षिक खर्च), २०७७/७८ | १५,३४६ | - | १५,३४६ | पो.म.पा, को.ले.नि.का कास्की र गण्डकी प्रदेश |
| **महानगरीय कुल (प्रचलित मूल्यमा)** | **१५६,२९२** | **४५,७५७** | **११०,५३५** | |
| महानगरको प्रक्षेपित जनसंख्या २०७७ | ५९८८८९ | के.त.वि.को वार्षिक वृद्धिदरका आधारमा प्रक्षेपण | | |
| प्रतिव्यक्ति वार्षिक आय ने.रु. | | | १८४,५६७ | |
| प्रतिव्यक्ति आय अमेरिकी डलर (डलर-ने.रु.बजार विनिमय दर ११५) | | | १,६०५ | नेपाल राष्ट्र बैंक |
| प्रतिव्यक्ति आय क्रयशक्ति समता (पीपीपी) आधारित अमेरिकी डलर (डलर-ने.रु.पीपीपी विनिमय दर ३३.५, २०२०) | | | ५,५०९ | विश्व बैंक |

*स्रोत : विषय विज्ञको गणना*

केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको नेपालकै पहिलो आर्थिक गणना २०७५ को तथ्यांकका आधारमा महानगरमा सञ्चालित उद्योग व्यवसायहरूको उत्पादनको आकार अनुमान गरिएको छ । त्यसैगरी, महानगरको कृषि तथा पशु विकास महाशाखाको अथ्यांकलाई आधार मानेर समग्र कृषि क्षेत्रको उत्पादन आकलन गरिएको छ । भने महानगरले २०७७ गरेको घरधुरी सर्वेक्षणको तथ्यांकका आधारमा यहाँको घरपरिवार क्षेत्रको वार्षिक आय अनुमान गरिएको छ । साथै, महानगर लगायत संघीय र प्रादेशिक सरकार मातहतका कार्यालयहरूले महानगरभित्र गरेको वार्षिक खर्चसमेत आंकलन गरेर महानगरको कुल उत्पादन वा आयको आकार अनुमान गरिएको छ ( तालिका ३) ।


तालिका अनुसार प्राप्त कुल उत्पादन (रु. १ खर्ब ५६ अर्ब)मा सो उत्पादन प्राप्त गर्ने क्रममा खर्च भएको मध्यवर्ती उपभोग र कतिपय अवस्थामा पर्नसक्ने दोहोरो गणनालाई समायोजन गरी कुल मूल्य अभिवृद्धिको गणना गरिएको छ । त्यसका लागि राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसारका क्षेत्रमा केन्द्रीय तथ्यांक विभागले प्रकाशन गर्ने नेपालको राष्ट्रिय लेखा प्रतिवेदनमा उल्लेख भएको मध्यवर्ती उपभोग खर्च अनुपातको विगत ५ वर्षको औसतलाई आधार मानिएको छ । घरपरिवार क्षेत्रको हकमा सम्भावित दोहोरो गणनालाई ध्यानमा राखेर २० प्रतिशत समायोजन गरिएको (घटाइएको) छ भने सरकारी खर्चको हकमा भने कुनै समायोजन गरिएको छैन ।

विश्लेषण गरीएको तथ्यांकअनुसार पोखरा महानगरपालिकाको कुल उत्पादन रु. १ खर्ब ५६ अर्बमा रु.४५ अर्ब ७६ करोड मध्यवर्ती खर्च समायोजन गर्दा यहाँको ग्रस म्युनिसिपल प्रडक्ट (जीएमपी) रु. १ खर्ब १० अर्ब ५४ करोड रहने अनुमान गरिएको छ । त्यसका आधारमा २०७७ को प्रक्षेपित जनसंख्याअनुसार महानगरको प्रतिव्यक्ति आय नेपाली रुपैयाँमा १ लाख ८४ हजार ५ सय ६७ हुन आउँछ भने बजार विनिमय दर बमोजिम १ हजार ६ सय ५ अमेरिकी डलर हुने अनुमान छ । तर, नेपाली रुपैयाँ र अमेरिकी डलर बिचको क्रयशक्ति समता ( पीपीपी)मा आधारित विनिमय दर अनुसार भने प्रति पोखरेलीको वार्षिक आय ५ हजार ५ सय ९ अमेरिकी डलर रहेको अनुमान छ ।

महानगरको कुल आयमा समष्टिगत क्षेत्रहरूको योगदान हेर्दा सबैभन्दा धेरै व्यावसायिक क्षेत्रको ५७ प्रतिशत, त्यसपछि घरपरिवार क्षेत्रको १८ प्रतिशत, सरकारी क्षेत्रको १४ प्रतिशत र कृषि तथा पशुपालन क्षेत्रको ११ प्रतिशत योगदान रहेको देखिन्छ । समग्रमा हेर्दा निजी क्षेत्रको योगदान पोखरा महानगरको अर्थतन्त्रमा ८६ प्रतिशत र सरकारी क्षेत्रको १४ प्रतिशत रहेको देखियो ।

## २.२.१.२ निजी क्षेत्र, उद्योग व्यवसाय र रोजगारी

*चित्र १ : पोखरा महानगरको अर्थतन्त्रमा क्षेत्रगत योगदान*




पोखराको निजी क्षेत्र पनि निकै सक्रीय र कुशल रहेको पाइन्छ भने स्थानीय अर्थतन्त्रमा पनि उल्लेख्य योगदान रहेको तथ्यांकले स्पष्ट देखाएको छ । यहाँका उद्योगी व्यवसायीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफ्नो व्यावसायिक कौशल परिचालन गरी सफलता हासिल गरिरहेका छन् । देशकै निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय नेतृत्वदेखि विभिन्न निर्णायक भूमिकामा पोखराका उद्यमी व्यवसायीहरूको योगदान रहेको छ । पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ, महिला उद्यमी संघ, पश्चिमाञ्चल होटल संघलगायत पर्यटन उद्योगसँग आवद्ध दर्जनौं संघ संस्थाहरू यहाँको निजी क्षेत्रको विकास विस्तारमार्फत् पोखराको मात्र नभएर राष्ट्रिय अर्थतन्त्रमै महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

पोखरा महानगरपालिका गण्डकी प्रदेशको राजधानी र क्षेत्रीय आर्थिक वृद्धिको केन्द्र समेत भएकाले यहाँ पर्यटनजन्य गतिविधिका कारण प्राप्त हुने विदेशी मुद्रा र विप्रेषणको जगमा मध्यमवर्गीय जनसंख्याको हिस्सा बढ्दो छ । फलस्वरूप, दैनिक उपभोग्य सामग्रीका साथै निर्माण सामग्री र सवारीसाधनजस्ता आधुनिक टिकाउ वस्तुहरूको माग हरेक वर्ष बढ्दो छ । बढ्दो मागको आपूर्ति खातिर स्वस्फूर्त रूपमा फस्टाएको उत्पादन तथा प्रशोधन उद्योग र थोक तथा खुद्रा व्यापारले यहाँको आर्थिक विकासलाई दिगो र उत्थानशील बनाउन योगदान गरिरहेका छन् । राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्यांकअनुसार पोखरा महानगरपालिकामा कुल २८ हजार दुई सय १५ विभिन्न स्तरका उद्योग-व्यवसाय (व्यावसायिक एकाइ) हरू रहेको देखिन्छ ।

*तालिका ४: पोखरा महानगरपालिकामा सञ्चालित उद्योग–व्यवसाय र रोजगारी*

| औद्योगिक वर्गीकरण | व्यावसायिक एकाइ | | रोजगारी | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि तथा वन | ३१५ | १.१२% | १,५१५ | १.४५% |
| उत्पादन तथा प्रशोधन | २,६७९ | ९.४९% | ११,१४३ | १०.६७% |
| खनिज, ऊर्जा, पानी तथा निर्माण | १४२ | ०.५०% | १,१३० | १.०८% |
| थोक तथा खुद्रा व्यापार | १५,२७९ | ५४.१५% | ३३,१४६ | ३१.७३% |
| यातायात भण्डारण र सूचना प्रविधि | १४८ | ०.५२% | १,६२० | १.५५% |

| औद्योगिक वर्गीकरण | व्यावसायिक एकाइ | | रोजगारी | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पर्यटन तथा आतिथ्य उद्योग | ५,३०४ | १८.८०% | १९,४८९ | १८.६६% |
| बैंक, वित्त तथा बिमा सेवा | ५४३ | १.९२% | ५,८९८ | ५.६५% |
| शिक्षा क्षेत्र | ८०० | २.८४% | १६,९५८ | १६.२३% |
| मानव स्वास्थ्य | ५१३ | १.८२% | ६,०३१ | ५.७७% |
| अन्य | २,४९२ | ८.८३% | ७,५३९ | ७.२२% |
| जम्मा | २८,२१५ | १००.००% | १०४,४६९ | १००.००% |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५*

आर्थिक गणनामा समावेश भएकाबाहेक पनि अनौपचारिक रूपमा सञ्चालन भइरहेका विभिन्न पेसा-व्यवसाय र साना तथा घरेलु उद्योगले पनि महानगरको अर्थतन्त्रमा उल्लेख्य योगदान गरिरहेको आकलन छ । गणनामा समावेश व्यावसायिक एकाइहरूमा कूल १,०४,४६९ जनाले रोजगारी प्राप्त गरेको तथ्यांक छ । अनौपचारिक क्षेत्रलाई पनि समावेश गर्ने हो भने एक लाख रोजगारी त पर्यटन क्षेत्रमा मात्रै रहेको संवद्ध संस्थाहरूको अनुमान छ । त्यसैगरी, ग्रामीण क्षेत्रमा सञ्चालित कृषि तथा घरेलु व्यवसायका साथै सहरी क्षेत्रका कुटिर र स्वरोजगार मूलक उद्यमहरूमा सम्लग्न जनशक्ति र नदिजन्य उत्पादन तथा ताल तलैयामा आश्रीत रोजगारी पनि हजारौंको संख्या रहेको अनुमान छ ।

## २.२.१.३ वित्तीय पहुँच

पोखरा महानगर क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति पनि बाक्लै रहेको छ । त्यसबाट पनि यहाँको अर्थतन्त्रलाई विस्तारित र दिगो बनाउन सहयोग पुगेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार २०७८ असार मसान्तसम्म पोखरा महानगरपालिका क्षेत्रमा राष्ट्र बैंकको नियामकीय कार्यक्षेत्र भित्रका बैंक वित्तीय संस्थाहरू ( बिमा कम्पनी र स्थानीय सहकारी बाहेक) का ३ सय २१ शाखा कार्यालय, ७ शाखारहित सेवा केन्द्र र २ सय ६४ एटीएम बुथ सञ्चालनमा छन् । पछिल्लो समय बिमा कम्पनीका शाखाहरूको संख्या पनि उल्लेख्य मात्रामा वृद्धि भएको छ, जसबाट पनि महानगरमा व्यावसायिक वातावरणमा सुधार हुँदै गएको संकेत मिल्दछ ।

तथापि साना तथा मझौला र विपन्न वर्गका समुदायका सीपमा आधारित पेसा व्यवसायको आधुनिकीकरण र प्रवर्द्धनमा भने सहज वित्तीय पहुँच अझै पनि प्रमुख चुनौतीका रूपमा छ । स्थानीय स्तरमा सञ्चालित विषयगत, बहुउद्देशीय र बचत तथा ऋण सहकारीहरूले उक्त समस्याको समाधानमा केही सहयोग पुऱ्याए पनि पर्याप्त भने हुन सकेको छैन । तसर्थ, साना तथा मझौला उद्यम व्यवसायको स्तरवृद्धि र नवीनतम सोच तथा सूचना प्रविधिमा आधारित नवउद्यमहरूको प्रवर्द्धनका लागि सहज वित्तीय पहुँच विस्तारमा सहजीकरण गर्न विशेष कार्यक्रम आवश्यक देखिन्छ ।


## २.२.१.४ गरिबी र असमानता

निरपेक्ष गरिबीका आधारमा पोखरा महानगर नेपालमा सबैभन्दा कम गरिबी भएको नगरपालिकामध्ये एक हो । मानव विकास प्रतिवेदन २०१४ को विवरण अनुसार साबिक पोखरा उपमहानगरपालिकाका सहरी वडाहरूमा करिब १ प्रतिशतको हाराहारीमा गरिबी रहेको देखिन्छ । सबैभन्दा धेरै वडा नम्बर २३ मा करिब ९ प्रतिशत, वडा

नम्बर २० मा करिब ८ प्रतिशत, वडा नम्बर १६, १८, २४, २५, २८ र ३३ मा करिब ६ प्रतिशत छ भने अन्यमा केही कम छ । समग्रमा साबिक पोखरा उपमहानगरपालिकामा न्यून, साबिक लेखनाथ नगरपालिकामा मध्यम र साबिकका गाविसहरूमा तुलनात्मक रूपमा उच्च गरिबी रहेको देखिन्छ । वडागत जनसंख्यालाई आधार मानेर गणना गर्दा समग्र महानगरको भारित औसत गरिबी २ दशमलव ८ प्रतिशत हुन आउँछ ।


त्यसैगरी, गरिबबीचको असमानता (सापेक्ष गरिबी) मापन गर्ने परिसूचक गरिबी अन्तर र गरिबी सघनता क्रमशः १.०८ तथा ०.३३ प्रतिशत छ । यसबाट गरिबीको राष्ट्रिय रेखाका आधारमा पोखरा महानगरलाई तुलनात्मक रूपमा न्यून गरिबी र न्यून असमानता रहेको सहरका रूपमा लिन सकिन्छ । यद्यपि विगत २ वर्षदेखि विद्यमान कोभिडको विश्वव्यापी महाव्याधिका कारण हजारौं परिवारको आयआर्जनको स्रोत र जीवनस्तरमा नकारात्मक असर गरेको विभिन्न अध्ययनले देखाएका छन् । त्यसबाट पोखरा महानगर पनि अछुतो रहन सक्दैन । फलस्वरूप यहाँको गरिबी र असमानतामा पनि अवश्य वृद्धि भएको अनुमान गर्न सकिन्छ । तथापि हालै प्रकाशित मानव विकास प्रतिवेदन २०२० मा भने स्थानीय तहस्तरको तथ्यांक उपलब्ध छैन ।

*चित्र २ : पोखरा महानगरको वडागत गरिबीको दर*



त्यसैगरी, महानगरको वडा नं. २ बाहेकका अन्य सबै वडामा विभिन्न आकारका सुकुम्बासी तथा अव्यवस्थित बस्ती छन्। कुल २१२ त्यस्ता बस्तीमा ९७५२ घरधुरी कृषियोग्य जमिनदेखि सडक अधिकार क्षेत्र (मापदण्डभित्रको) जमिन र भीर तथा नदीकिनारको बाँझो जमिनमा विगत तीन दशकभन्दा लामो समयदेखि जोखिमपूर्ण रूपमा बसोबास गरिरहेका छन् । यसले पोखरा महानगर निरपेक्ष गरिबीका आधारमा सम्पन्न देखिए पनि सहरी गरिबीका विविध आयाम र यसका विभिन्न सामाजिक परिणामबाट भने प्रभावित छ भन्ने संकेत गर्छ ।

## २.२.२ सामाजिक विकासको अवस्था





पुरुषको तुलनामा केही बढी महिला रहेको पोखरामा दलित जनजातिलगायत सीमान्तकृत समुदायको सूचीमा परेका जनसंख्याको अनुपातमा करिब २५ प्रतिशत देखिन्छ । महिला जनसंख्या तुलनात्मक रूपमा बढी भए पनि औपचारिक रोजगारी तथा आयआर्जनका क्षेत्रमा उनीहरूको हिस्सा प्रभावकारी ढंगमा प्रतिबिम्बित भएको देखिँदैन । पछिल्लो

श्रमशक्ति सर्वेक्षण २०७५ को नतिजाअनुसार मूलधारका आर्थिक गतिविधिमा २६ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको देखिन्छ, जबकि सोही क्षेत्रमा पुरुषको प्रतिनिधित्व ५४ प्रतिशत छ ।

२०६८ को जनगणनाअनुसार पोखरा महानगरमा अपांगता भएका जनसंख्याको अनुपात साढे १ प्रतिशत रहेको छ, जसमध्ये महिला करिब ४५ प्रतिशत देखिन्छ । अपांगता वा फरक क्षमता भएका व्यक्तिहरूका लागि सहज आयआर्जनको मुख्य अड्चन अपांगमैत्री अवसरको अभाव हो । कतिपय त्यस्ता व्यक्तिसँग विभिन्न कामका लागि सान्दर्भिक ज्ञान, सीप र दक्षता भएर पनि रोजगारदाताको संकुचित सोचका कारण (महिला र सीमान्तकृत समूहका व्यक्तिसमेत) आयआर्जनका अवसर र रोजगारीबाट वञ्चित रहनुपरेका घटना पनि यदाकदा सुनिन्छ ।

देशका अन्य सहरको तुलनामा पोखरा महानगरपालिकाका सामाजिक परिसूचकहरू सन्तोषजनक नै मान्नुपर्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार पाँच वर्षभन्दामाथिका जनसंख्यामध्ये ९८.५० प्रतिशत साक्षर रहेको देखिन्छ । माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण हुने दर ९५.४० प्रतिशत छ । पुरुष साक्षरता दर ९९.७० प्रतिशत र महिला साक्षरता दर ९७.४० प्रतिशत छ । महिलाहरूको साक्षरता दर नेपालका अन्य स्थानीय तहको तुलनामा पोखरामा निकै उच्च रहेको देखिन्छ । हुन त कास्की जिल्ला केही वर्ष पहिला नै पूर्ण साक्षर जिल्ला घोषणा भएको थियो । त्यसका आधारमा अहिले यहाँको साक्षरता शतप्रतिशत पुगिसकेको अनुमान गर्न सकिन्छ ।




सन् २०१४ को मानव विकास प्रतिवेदनअनुसार महानगरपालिकाका जनसंख्याको औसत आयु पनि राष्ट्रिय औसतभन्दा केही बढी ७०.५१ वर्ष रहेको छ । यसरी साक्षरता र औसत आयु तुलनात्मक रूपमा राम्रो रहेकाले यहाँको मानव विकासको अवस्था राम्रो रहेको संकेत गर्छ ।सन् २०१४ को तथ्यांकअनुसार कास्की जिल्लाको मानव विकास परिसूचक राष्ट्रिय औसतभन्दा माथि शून्य दशमलव ५६७ (०.५६७) छ । सन् २०१९ को उक्त प्रतिवेदनमा भने जिल्ला तथा पालिकास्तरीय मानव विकास परिसूचकहरू समावेश गरिएको छैन ।

***तालिका ५ : पोखरा महानगरपालिकाका प्रमुख सामाजिक परिसूचक***

| **परिसूचक** | **प्रतिशत** |
|---|---|
| एसईई (कक्षा ९–१०) उत्तीर्ण हुने दर | ९५.४०% |
| एसईईसम्म अध्ययन गर्ने जनसंख्या | ८५.१०% |
| **पाँच वर्षमाथिको साक्षरता दर** | **९८.५०%** |
| साक्षरता (पुरुष) | ९९.७०% |
| साक्षरता (महिला) | ९७.४०% |
| पाइप-वितरित पानीमा पहुँच भएको परिवार | ९२.६०% |
| विद्युत्मा पहुँच भएको परिवार | ९९.१०% |
| शौचालय भएको घरपरिवार | ९९.४०% |


| | |
|---|---|
| पक्की छानो भएका घरको प्रतिशत | ५९.८०% |
| आफ्नै घर भएको घरपरिवार | ६५.८% |

*स्रोत : गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण, कास्की २०७४ का आधारमा प्रक्षेपण*


त्यसैगरी, गण्डकी प्रदेशको दिगो विकास लक्ष्यसम्बन्धी बेसलाइन प्रतिवेदन २०७६ अनुसार, पोखरामा १५ वर्ष देखी ४९ वर्षका समूहका ८४.४३ प्रतिशत महिलाहरूले मोबाइल प्रयोग गर्दछन भने सोही उमेर समूहका ३८.०७ प्रतिशत महिलाहरूले इन्टरनेट प्रयोग गर्दछन् । साथै १८ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिलाको संख्या ३१.७ प्रतिशत छ भने १५ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिलाको संख्या ७.५ प्रतिशत छ । १५ देखि ४९ वर्ष उमेर समूहका २८ प्रतिशत महिलाहरूमा रक्त अल्पता छ भने ५ वर्षभन्दा मुनिका ४६ प्रतिशत बालबालिकामा रक्त अल्पता छ ।

## २.२.७ पूर्वाधार तथा सहरी विकासको अवस्था

पोखरा नेपालमा तीव्र सहरीकरण भइरहेका १० सहरहरूमध्ये एक हो । सहरीकरणमा वृद्धि हुनु भनेको यहाँ स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने र सहरी सेवा सुविधा उपभोग गर्ने जनसंख्या वृद्धि हुनु हो । यसरी बढ्दो सहरीकरणले महानगरपालिकामा सहरी सेवासुविधाको मागमा थप वृद्धि गराउँछ । नेपालका सहरहरूमा प्रतिवर्ष ५ देखि ७ प्रतिशतका दरले सहरीकरण (जनसंख्या वृद्धि) भइरहेको तथ्यांक छ । त्यो दर संघीय राजधानी काठमाडौंमा वार्षिक ४ प्रतिशत हुँदा पोखरामा वार्षिक ५ प्रतिशतको हाराहारी रहेको अनुमान छ ।




तीव्र सहरी विकासको प्रमुख कारण यहाँको अनुकूल हावापानी र यातायात तथा पारवहनको सहज पहुँचका साथै आधारभूत सहरी सेवा सुविधाको उपलब्धता हो । पोखरा महानगरपालिकामा सडक तथा हवाई यातायात सञ्जाल राम्रो रहेको छ । पृथ्वी राजमार्गले पोखरा महानगरपालिकालाई काठमाडौँसँग जोडेको छ भने मध्यपहाडी राजमार्गले पश्चिमका तथा उत्तरपूर्वका उदीयमान सहरहरूसँग दिगो रूपमा जाडेको छ ।




त्यसैगरी, सिद्धार्थ राजमार्गले पूर्व पश्चिम राजमार्ग (बुटवल) र तराइ क्षेत्रसँग गाँसेको छ । साथै सिद्धार्थ करिडोर र कालिगण्डकी करिडोरसँग पनि पोखराको बलियो सम्पर्क र सञ्जाल विस्तार भएको छ । महानगरपालिकाभित्र

पनि सबै वडाहरूमा सडक सञ्जाल पुगेको छ । २०७७ सम्ममा महानगरभित्र विभिन्न वर्गका गरी कुल १५३५ किमि सडक विस्तार भएको तथ्यांक छ । हवाई यातायातमा पनि पोखरा महानगरको राम्रो पहुँच र अन्य सहरहरूसँग सम्बन्ध स्थापित भएको अवस्था छ । नेपालकै सबैभन्दा पुरानो मध्येको एक पोखरा विमानस्थलबाट काठमाडौं, जोमसोम, सिमरा, नेपालगञ्ज र भैरहवालगायतका स्थानमा उडान हुन्छ भने विराटनगर, जनकपुर र छिमेकी देश भारतको बनारससँग पनि विमान सेवा सञ्चालनको तयारी भइरहेको छ । निर्माणाधीन क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल एक वर्षभित्रै सञ्चालनमा आउने लक्ष्य रहेकाले यसबाट पोखरालाई छिमेकी देश तथा क्षेत्रीय पर्यटनसँग जोडिने अवसर प्राप्त हुने अपेक्षा गरिएको छ । संघ तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा परेको पोखरा कोराला राजमार्ग र सिद्धार्थ कोरिडोरले महानगरपालिकालाई चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणी छिमेकी भारत सँग जोड्ने छ ।


तालिका ६ : *पोखरा महानगरपालिकाको सडक सञ्जालको अवस्था*

| कालोपत्रे | कंक्रिट | धुले | मिश्रित | ग्राभेल | राजमार्ग | जम्मा |
|---|---|---|---|---|---|---|
| ६३३.३३ | १११.९९ | ६०९.२७ | ८.१६ | १०३.२३ | ६८.१३ | १५३५.३५ |
| ४१ प्रतिशत | ७ प्रतिशत | ४० प्रतिशत | १ प्रतिशत | ७ प्रतिशत | ४ प्रतिशत | १०० प्रतिशत |

*स्रोत : पोखरा महानगरपालिका*

## २.२.६ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था

पोखरा महानगरपालिका भौगोलिक र वातावरणीय रूपमा निकै सुन्दर र आकर्षक नगरपालिका हो । वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि अनिवार्य मानिएको वन क्षेत्रले पोखरा महानगरपालिकाको ४२ प्रतिशतभन्दा धेरै क्षेत्रफल ओगटेको छ । महानगरभित्र सामुदायिक वनहरूको संख्या मात्रै ३७६ रहेको केन्द्रीय तथ्यांक विभागको प्रतिवेदनमा उल्लेख छ । अन्य संरक्षित क्षेत्र, सरकारी र कबुलियती वन गरी कुल वनको संख्या ४५० हाराहारी रहेको अनुमान महानगरको छ । पछिल्लो समय व्यक्तिगत आवादी क्षेत्रमा पनि हरियाली बढ्दै गएको तथा सामुदायिक पार्क, वाटिकाका साथै सहरी क्षेत्रका विभिन्न स्थानमा वृक्षरोपण र बाटिकाहरू निर्माण र संरक्षणको प्रवृत्ति बढ्दै गएकाले पोखरा महानगरको वातावरण सन्तुलित र स्वच्छ रहेको मानिन्छ ।





यद्यपि पहिल्ला वर्षहरूमा विभिन्न कारणले वातावरण क्षयीकरण हुँदै भएको विभिन्न अध्ययनले देखाएका छन् । महानगरले वातावरण क्षयीकरण रोक्न र दिगो वातावरण व्यवस्थापनका लागि पार्क निर्माण, फेवाताल लगायतका १० वटा तालहरूको संरक्षण, पुनःभरण र सौन्दर्यीकरणका लागि जलकुम्भी झार हटाउने कार्य, वृक्षरोपण, चौतारा निर्माण, ताल तथा पोखरी संरक्षण

जस्ता कार्यक्रमका लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आएको छ । पोखरा जलवायु परिवर्तनको प्रतिकूल असरका दृष्टिले पनि संवेदनशील छ । जलवायु परिवर्तनका कारण स्थानीय अर्थतन्त्रका संवाहक कृषि, मानव स्वास्थ्य, पर्यटन र जीविकोपार्जनलाई असर गर्ने भएकाले वातावरण संरक्षणका लागि पोखरा महानगरपालिकाले २०७७ मा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन बनाएर लागु गरिसकेको छ ।

परिवर्तित पर्वतीय जलविज्ञान तथा प्राकृतिक भू-दृश्यमाथिको प्रभावले पर्यापर्यटन, पर्वतीय पर्यटन र प्रकृतिमा आधारित पर्यटनलाई असर गर्दछ । अनिश्चिततापूर्ण वर्षा र तापक्रमका कारण साना तथा व्यावसायिक दुवै थरी खेती प्रभावित हुन सक्दछ । यसभन्दा बाहेक, जलवायु परिवर्तनले सहरी वातावरणमा दबाब सिर्जना गर्नुका साथै जल तथा ऊर्जाको मागमा वृद्धि गर्दछ र खासगरी न्यून आय भएका क्षेत्रमा रोगको संरचनामा परिवर्तन ल्याउन सक्दछ । पोखरा महानगरले जलवायु परिवर्तनका प्रभावहरूप्रति अनुकूलित हुनका लागि प्रभावकारी रणनीतिहरू तर्जुमा गर्नैपर्छ ।

भिरालो भू–सतह र कमजोर भू–धरातलमा अनुपयुक्त तरिकाले बस्ती विस्तार तथा भवन निर्माण गर्ने प्रवृत्तिका कारण महानगरमा प्राकृतिक तथा मानवसृजित विपद् र सीमान्तकृत सहरी जनसंख्याको संकटाभिमुखता वृद्धि भएको छ । अनुपयुक्त भू-उपयोग, अनियन्त्रित बस्ती, अनियोजित पूर्वाधार तथा अनियन्त्रित मानवीय गतिविधिका कारण वातावरणीय विनाशको आवृत्ति दिनानुदिन बढ्दो छ । निरन्तरको बाढी, पहिरो, नदी कटान, आगलागी, पूर्वाधारमा क्षति, डुबान, जल एवम् जमिनको प्रदूषण, महामारीजन्य रोग तथा हावाको गुणस्तरमा ह्रास पनि वातावरण विनाश र खस्कँदो सहरी व्यवस्थापनका उदाहरणहरू हुन् । अन्ततोगत्वा यी सबैको परिणाम आर्थिक विकास र जीविकोपार्जनमा पर्न जान्छ ।




पोखरा महानगरपालिकाका मुख्य चार प्राकृतिक विपद्हरूमा आगलागि, भूकम्प, बाढी तथा पहिरो हुन् । जमिनमा उत्पन्न हुने दरारजन्य प्रकोप, चट्याङ तथा सडक दुर्घटनाहरू नगरपालिकामा दोहोरिइरहने अन्य केही विपद्का उदाहरण हुन् । पोखरा हिमालहरूको बीचमा रहेको भूभागमा नदी कटानबाट बनेको जमिनमा पोखरा अवस्थित छ, यो नेपालको महाभारत पर्वत शृंखलामा सेती नदीको मध्यवर्ती भागमा छ । यसले पोखरामा हिमताल विष्फोटजन्य विनाशकारी बाढीको जोखिम बढाएको छ । बाढीको समयमा उच्च मात्रामा गेगर बगेर आउनुमा कमजोर भू-गर्भ, कमजोर पूर्वाधार भएको बाक्लो बस्ती, अस्थीर तथा ठाडो भीर, गहिरा खोंचहरू र उच्च वर्षा मुख्य रूपमा जिम्मेवार छन् ।

मौसम पूर्वानुमान प्रणालीलगायत यस्ता विपद्‌लक्षित प्रभावकारी पूर्वचेतावनी प्रणाली नभएको हुँदा विपद्‌को समयमा प्रभावित संकटाभिमुख जनसंख्या आत्मरक्षाका लागि सुरक्षित स्थलमा पुग्न सक्दैनन् । विपद् पूर्वतयारी तथा न्यूनीकरणका लागि भौगर्भिक, वातावरण इन्जिनियरिङ, भू-आकृतिगत, भू-उपयोग तथा प्रकोप नक्साङ्कन र जल तथा मौसमसम्बन्धी पूर्वसूचना प्रणाली अत्यावश्यक छन् ।

## २.२.७ सुशासन तथा संस्थागत व्यवस्था

नेपालको संविधान ले प्रदान गरेका अधिकारहरूसहित स्थापित भएको पोखरा महानगरपालिकाले आफ्नो भूमिका सशक्त ढंगवाट निर्वाह गर्न तथा जवाफदेहितालाई दिगो ढंगले वहन गर्न विकास प्रशासन र सेवा प्रवाहको तौरतरिका, कर्मचारीको कार्यशैली र चिन्तनमा परिवर्तित सन्दर्भ अनुसार परिमार्जन र परिष्कृत गर्दै आएको छ । संवैधानिक व्यवस्थाअन्तर्गत नयाँ संघीय शासकीय संरचना अनुसार महानगरपालिकाको कार्यालय स्थापना भएपछि विगतमा केन्द्रीय सरकारद्वारा सञ्चालित कतिपय विषयगत कार्यालयहरूले प्रवाह गर्ने सेवाहरू समेत हस्तान्तरण भई आएका छन् । यसर्थ विगतको तुलनामा नयाँ संरचनाअनुसार स्थापना भएको महानगरलाई वित्तीय स्रोत साधनका अतिरिक्त बढी अधिकार तथा जिम्मेवारी प्राप्त छ ।

दिगो विकासका लक्ष्यहरू हासिल गर्ने, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने र सामाजिक न्याय स्थापित गरी समतामूलक समाज स्थापना गर्ने अभिभारा पाएको महानगरले आफ्नो कार्यसम्पादन स्तरको सुधारमा अधिकतम प्रयत्न गरिरहेको छ । परिवर्तित सन्दर्भअनुसारको जिम्मेवारी पूरा गर्न महानगरले उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरूको प्राप्ति, प्राप्त अधिकारक्षेत्रमा सेवा प्रदान गर्न नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयनमा ल्याइसकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरूलाई विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको मर्मअनुरूप महानगरपालिकालाई प्राप्त अधिकार र जिम्मेवारी पूरा गर्न रूपान्तरणकारी, दक्ष, सबल र सक्षम प्रशासन, प्रभावकारी सेवा प्रवाह र सुशासनमा गुणात्मक परिवर्तन ल्याउने अभिप्रायःले महानगरको संस्थागत क्षमता विकास कार्ययोजना तर्जुमा गरिएको छ ।

साबिक केन्द्र सरकारबाट हस्तान्तरण भई आएका स्वास्थ्य संस्थाहरूको भौगोलिक अवस्थिति र संगठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधारको मूल्यांकन गरि आवश्यकताका आधारमा क्षमता विकासका लागि स्वास्थ्य संस्थाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी क्षमता विकास कार्ययोजनासमेत तयार भई कार्यान्वयनको चरणमा छ । महानगरपालिकामा सुशासन कायम गर्न संस्थागत क्षमता विकासमा सेवा प्रवाहको माग र सम्भावित आपूर्तिमा पक्षलाई ध्यानमा राखी सुधारका विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ ।

संस्थागत सुधारका सन्दर्भमा सर्वप्रथम ऐन नियम, विधि तथा प्रणालीको स्थापना जरुरी भएको महशुस गरी आवश्यक नीति, ऐन,नियम, कार्यविधि, योजना आदि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी सम्पादन गरिने कार्यलाई व्यवस्थित रूपले सम्पादन गर्न तथा सबैमा एउटै बुझाई ल्याउने प्रणाली निर्धारण गर्न आन्तरिक नियन्त्रण प्रणाली, कार्य वातावरण, सञ्चार, समन्वय जस्ता पक्ष समावेश गरी नागरिक बडापत्र सार्वजनिक गरिएको छ । महानगरको सेवा प्रवाहलाई छरितो र दक्ष बनाउन सूचना प्रविधि शाखा स्थापना गरी वेवसाइटलाई व्यवस्थित रूपमा सञ्चालन गरिएको छ ।

नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि राजस्व, लेखा, सार्वजनिक खरिद, घरनक्सा इजाजत, पञ्जीकरण, सामाजिक सुरक्षा जस्ता सेवाका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी सबै वडामा प्रयोगमा ल्याइएको छ । सूचना तथा सञ्चार प्रणालीमा आधारित स्मार्ट सेवा प्रवाहलाई थप सुधार गर्न भूउपग्रहमा आधारित तथ्यांक सञ्चय प्रणाली (Cloud Based Data Storage System), समान प्रकृतिका सफ्टवेयरहरूको अन्तर आबद्धता र आवश्यक थप सफ्टवेयर प्रणाली स्थापनाका साथै कार्यालयको आन्तरिक सञ्चारका लागि इन्टरकम प्रणालीको व्यवस्थापनमा महानगर अग्रसर छ ।

## २.३ महानगर स्थापनापछिका उपलब्धिको समीक्षा

संघीयता कार्यान्वयनपछि स्थापना भएको पोखरा महानगरपालिकामा निर्वाचित पहिलो जनप्रतिनिधिहरूको टोलीले कार्यभार सम्हालेको साढे चार वर्ष पूरा भएको छ । निर्वाचित जनप्रतिनिधिहरूको कार्यकालको पहिलो वर्षदेखि नै आवधिक योजना तर्जुमा गरेर अगाडि बढ्ने प्रयास भए पनि चौथो वर्षको पूर्वाधमा आएर कार्यान्वयनमा जाने चरणमा छ। यस अवसरमा जनप्रतिनिधिहरूले जनतासँग गरेका बाचाहरू पूरा गर्ने क्रममा के कति उपलब्धि हासिल भयो भन्ने विषयमा समीक्षात्मक विवरण प्रस्तुत गरिएको छ।

### २.३.१ ऐन कानुन तथा संस्थागत विकास

विगतका अनुभवहरूबाट पाठ सिक्दै महानगरपालिकाले आगामी विकासको समुचित मार्ग तय गर्न र संविधान प्रद्धत्त अधिकारको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक नीति, ऐन नियम तथा कार्यविधिहरू तर्जुमा गरी लागु गरेको छ। पोखराको स्थानीय विकासको विशिष्ट आवश्यकताहरूको अध्ययन र विश्लेषण गरी स्थानीय माटो र परिवेश सुहाउँदा करिब एक सय नीति तथा ऐन नियमहरू तर्जुमा गरी स्थानीय राजपत्रमा प्रकाशित भएर लागु भइसकेका छन् । संघीयताको मर्मअनुसार स्थानीय तहलाई सबल र सक्षम बनाई जनताको घरदैलोमा नै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक निर्देशिका र कार्यविधिहरू बन्ने चरणमा छन्।

पोखरामा यसपूर्व पनि योजनावद्ध विकासको प्रयास नभएको भने होइन । यद्यपि नयाँ परिस्थितिमा ठूलो क्षेत्रफल र भौगोलिक विविधतासहित निर्माण भएको महानगरपालिकाले यसका बासिन्दालाई सदियौंदेखि कायम सांस्कृतिक तथा सामाजिक सहिष्णुतालाई थप समावेशी एवम् दिगो बनाउँदै समुन्नत भविष्यको मार्ग तय गर्ने सुवर्ण अवसर प्रदान गरेको छ। लामो समयपछि नयाँ पहिचान र निर्वाचित जनप्रतिनिधि प्राप्त गरेको पोखराले संविधान प्रदत्त अधिकार र प्राकृतिक अवसर सदुपयोग गर्दै महानगरलाई अबको २५ वर्षमा मानव जातिका लागि एक उत्कृष्ट बसोबास स्थल, कार्यस्थल र लगानीको आकर्षक गन्तव्यका रूपमा विकास भएको देख्न चाहेको छ। त्यसका लागि योगदान गर्ने दृढ संकल्पअनुरूप महानगरको दीर्घकालीन सोच (Long-term Vision) निर्धारण गरेर सोहीअनुरूप आगामी वर्षहरूमा हुने विकास, निर्माणलाई मार्गदर्शन गर्ने हेतुले 'समुन्नत पर्यटकीय पोखरा'को नारासहित पोखरा २१०० तथा रणनीतिक योजना २०७७–८२ तर्जुमा गरी कार्यान्वयन सुरु भएको छ।

उक्त दीर्घकालीन सोचको अवधारणापत्र र तर्जुमा गरिएका नीति तथा ऐनहरूको मार्गदर्शनअनुसार महानगरले जोखिम संवेदनशील भू-उपयोग योजना, समावेशी स्थानीय आर्थिक विकास योजना, राजस्व सुधार योजना, संस्थागत क्षमता विकास योजना, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका साथै कृषि तथा पर्यटन

विकास रणनीति तथा कार्ययोजना तर्जुमा गरेर कार्यान्वयन सुरु भएको छ । बदलिएको परिस्थितिमा महानगरलाई प्राप्त भएका थप जिम्मेवारीलाई समेत कुशलतापूर्वक सम्पादन गर्न, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न र सुशासन प्रवर्द्धन गर्न महानगरपालिका र यसअन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना र कार्यढाँचा निर्धारण गरिएको छ । दीर्घकालीन दृष्टिमा आधारित रहेर वार्षिक नीति तथा कार्यक्रम र योजनाहरू तर्जुमा गरेर कार्यान्वयन भएका छन् ।

योजना तथा नीति निर्माणका कामहरूलाई पारदर्शी ढंगबाट सञ्चालन गर्न सहरी योजना आयोग गठन गरिएको छ । पोखरालाई खेलकुदको सहर बनाउने अभिप्रायःका साथ महानगर खेलकुद विकास समिति गठन, पोखरा क्षेत्रको प्राज्ञिक उन्नयनका लागि पोखरा प्रज्ञा प्रतिष्ठान स्थापना र युवाहरूलाई स्व-उद्यमशील बनाउनका लागि महानगर युवा परिषद् गठन गरी काम अघि बढेको छ । त्यसैगरी, विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड संक्रमणका कारण उत्पन्न असहज परिस्थितिबाट छुटकरा पाउन थप समय लाग्न सक्ने हुनाले यसका असरहरूलाई न्यूनीकरण गरेर जनजीवनलाई नियमित तुल्याउन नयाँ रणनीति अवलम्बन गर्नुपर्ने देखिएकाले हाम्रा विकासका लक्ष्य तथा प्राथमिकताहरूलाई समेत पुनर्परिभाषित गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यसर्थ विषम परिस्थितिको सामाना गर्दै यस महामारीका सम्भावित असरहरूलाई न्यूनीकरण गर्न र महानगरबासीहरूको जीवन रक्षा गर्दै विकास गतिविधिहरूलाई निरन्तरता दिने गरी आवधिक तथा वार्षिक योजनाहरू बनाउनु आजको आवश्यकता हो ।

योजना तर्जुमा गर्दा बजेटले कार्यक्रम माग्नेभन्दा कार्यक्रमले बजेटको माग गर्ने परिपाटी बसाउन प्रस्तावित योजनाको लागत स्टिमेट गरी सो आधारमा योजना तथा बजेट प्रस्ताव गर्ने पद्धतिको थालनी गरिएको छ । हरेक वडाहरूमा इन्जिनियर एवम् जुनियर इन्जिनियरहरू व्यवस्थापन गरी योजना, घरनक्सा, राजस्व तथा वडा स्तरीय योजनाको जिम्मेवारी वडाबाट हुने व्यवस्था मिलाइएको छ । विद्यमान मापदण्डलाई विज्ञ सम्मिलित समितिहरू मार्फत समयानुकूल परिमार्जन गरिएको छ ।

## २.३.२ भौतिक पूर्वाधार तथा सहरी विकास

चार वर्षको अवधिमा वडा तथा महानगरपालिका स्तरका २६८ सडक ढलान योजना, ८२१ सडक कालोपत्रे एवम् मर्मतका योजना, २९१ सडक ग्राभेल तथा स्तर उन्नतिका योजना र ४१ वटा नयाँ ट्र्याकका योजना सम्पन्न भएका छन् । हाल सम्म २३१ किमि सडक ग्राभेल, १३७ किमि सडक कालोपत्रे, ८३ किमि साना तथा मझौला सडक ढलान, ३७ किमि सडक मर्मत एवम् स्तरोन्नति कार्य सम्पन्न भएको छ । मुख्य सहरी सडकहरूको स्तरोन्नति गर्ने क्रममा पोखरा महानगरपालिका, सडक विभाग र प्रदेश सरकारको सहकार्यमा मुख्य सहरी सडक मध्ये २२ किमि सडक अस्फाल्ट कंक्रिट भई स्तरोन्नति भएको छ । बिजयपुर-बेगनास सडक खण्डमा १४ किमि सडक अस्फाल्ट हुने गरी निर्माण भइरहेको छ । प्राविधिक कारणले रोकिएको मेयर नमुना सडक निर्माणअन्तर्गत पोखरा वडा नं. १७ को बिरौटादेखि तीनकुनेसम्म (आरटिओ) सडक निर्माण भएको छ भने वडा नम्बर १० को राममार्ग सडक निर्माण कार्य भइरहेको छ ।

नदी तथा खोलाक्षेत्रको जमिन कटान एवं पहिरो नियन्त्रणलगायतका २७ आयोजना सम्पन्न भएका छन् । विभिन्न १० वडाको नयाँ कार्यालय भवन निर्माण सम्पन्न भएको छ भने ९ वटा वडाका कार्यालय भवन मर्मत गरिएको छ । अन्य ११ वटा वडामा नयाँ कार्यालय बन्ने गरी प्रक्रिया अगाडि बढाइएको छ । यी भवन निर्माण सकिएपछि नागरिकले वडा स्तरबाटै सहज सेवा पाउने विश्वास गरिएको छ त्यसैगरी चार वटा स्वास्थ्य चौकीका भवन निर्माण गरिएको छ भने दुई वटाको निर्माण अन्तिम चरणमा पुगेको छ ।

६५ ओटा आमा समूहका भवन निर्माण एवम् मर्मत, २४ स्थानमा दाह संस्कारस्थल तथा घाट निर्माण गरिएको छ भने १०४ वटा सामुदायिक भवन निर्माण तथा मर्मतका लागि सहयोग गरिएको छ । व्यवस्थित सहरीकरणमा पालिखेचोक क्षेत्रलाई फराकिलो पार्नुका साथै पृथ्वीचोक, अमरसिंहचोक, जिरो किमि, बिरौटाचोक, हरिचोक र मुस्ताङ्चोकका आइल्यान्डलाई घटाई ट्राफिक व्यवस्थापनलाई चुस्त र सुन्दर बनाइएको छ ।

स्थानीय उपभोक्तासँगको ५० प्रतिशत साझेदारीमा सञ्चालित कार्यक्रमबाट स्थानीय स्तरमा रोजगारी सिर्जना हुनुका साथै धुले सडक विस्थापनमा सहयोग पुगेको छ । महानगरपालिका कार्यालयबाट सबै वडाहरूको केन्द्रसम्म जोड्ने २७ वटा पहुँचमार्ग (कनेक्टिङ) निर्माण धमाधम भइरहेको छ । यसबाट विकटमा रहेका वडाहरू निकट आउने विश्वास छ । खासगरी सडक चक्ल्याउने, नाली र कल्भर्ट निर्माण, ग्राभेलिङ तथा कालोपत्रे गर्ने काम यो आयोजनाबाट भइरहेको छ । महानगरबाट उपलब्ध सेवाहरुलाई एकीकृत रुपमा एकै स्थान बाट दिनका लागि महानगरपालिकाका महाशाखाहरू एकै ठाउँमा राख्ने गरी पोखरा ८ को पुरानो दमकलको जग्गामा नयाँ भवन निर्माणको प्रक्रिया सुरु भएको छ ।

### २.३.३ वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन

सराङकोटमा जग्गा व्यवस्थापन गरी राष्ट्रिय विभूति तथा सहिद पार्क निर्माण गरिएको छ । १७ ठाउँमा खुला क्षेत्र संरक्षण तथा पार्क निर्माणको अवधारणासँगै खुला व्यायामशाला पार्क, ड्यामसाइडमा माछापुच्छ्रे प्रतिबिम्ब पार्कलगायत विभिन्न पार्क, बगैंचा र बाटिकाहरू निर्माण भएका छन् । एक वडा एक खेल मैदानअन्तर्गत २९ स्थानमा ब्याडमिन्टन र भलिबल कोर्ट निर्माण हुनुका साथै वडा नं.२० स्थित मौजामा हाइअल्टिच्युड खेल मैदान, वडा नं. १३ मा सेभेन ए साइड फुटबल मैदान निर्माणको काम अगाडि बढेको छ ।

फेवातालको दीर्घकालीन संरक्षणका लागि जलाधार क्षेत्रबाट बगेर आउने मुख्य चार वटा खोलामा प्रदेश सरकारसँगको सहकार्यमा सिल्टेसन ड्याम निर्माण गरिएको छ । गाइघाट, बंगालामुखी र खपौंदीमा खहरे खोलाले बगाएर ल्याएको माटोजन्य पदार्थ निकालेर तालको आकार बढाइएको छ । फेवासँगै बेगनास, रूपा, खास्टे, न्युरेनी, मैदी, दिपाङ र गुँदे तालको सीमांकन गर्नुका साथै तालहरूको विशेषताअनुसार सौन्दर्यकरण र दीर्घकालीन संरक्षणको योजना तयार पारिएको छ । फेवाताल संरक्षणको योजनासहित अध्ययन प्रतिवेदन सम्माननीय प्रधानमन्त्री समक्ष बुझाइएको छ । सो का आधारमा फेवाताल संरक्षणको थप काम अघि बढेको छ ।

स्थानीय तहबीचको अनुभव आदान प्रदान तथा सम्बन्ध विस्तारका लागि वार्षिक रूपमा राष्ट्रिय मेयर सम्मेलन आयोजना गर्ने कार्य थालनी भएको छ । उक्त अवसरमा स्थानीय तहका प्रमुखहरूको साइकल दौड प्रतियोगिता गरी पोखराको पर्यटन प्रवर्द्धन गर्ने परम्परा सुरुवात गरिएको छ । यस अवधिमा ७७ वटा साना ठूला

गरी मठ, मन्दिरका योजना सम्पन्न भएका छन् भने सराङकोटको शिव मन्दिर, पुम्दीभुम्दीकोटको विशाल शिव मन्दिर निर्माणमा महानगरको साझेदारी रहेको छ । साना तथा ठूला गरी ६० वटा चौतारा निर्माण र ३४ वटा चौतारा मर्मत गरिएको छ । महानगरका नौ तालहरूलाई जोड्ने साइकल मार्ग पहिचान गरी सोको प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरू निर्माणको सुरुवात भएको छ ।

विश्वका विभिन्न देशका सहरहरूसँग भगिनी सम्बन्ध विस्तार गर्ने कार्य निरन्तर चलिरहेको छ । पोखराले हालसम्म जापानको कोमागाने, चीनको लिन्जी, कुन्मिङ, गुन्जाओ, छिन्चु, छुसाओ, नानिङ, युबिन, हाइकाउ, बेलायतको लन्डन बार्नेट तथा दक्षिण कोरियाको ग्यांबुक गु सहर, फिलिपिन्सको सन फरनान्डोसँग पनि भगिनी सम्बन्ध कायम गरिसकेको छ । साथै नेपालको धरान र भरतपुरसँग पनि सिस्टर सिटी सम्बन्ध कायम भएको छ ।

हाल सञ्चालनमा रहेको पोखरा-१४  ल्यान्डफिल साइटलाई विस्थापित गरी नयाँ ल्यान्डफिल साइटको खोजी गर्ने कार्य भईरहेको छ । सेन्ट्रल ट्रिटमेन्ट सुविधाबाट नेपालमा नै पहिलो पटक अस्पतालजन्य फोहोर मैला व्यवस्थापन निजी क्षेत्रसँगको सहकार्यमा अगाडि बढाइएको छ । सडकमा छोडिएका चौपायाका कारण दैनिक दुर्घटना बढिरहेको अवस्थामा छाडा चौपायालाई नियन्त्रण गर्न पोखरा १४ मा छाडा चौपाया व्यवस्थापन केन्द्र सञ्चालन गरिएको छ ।

## २.३.४ सामाजिक विकास

उज्यालो पोखरा अभियान अन्तर्गत नेपाल विद्युत् प्राधिकरण सगँको सहकार्यमा ८० किलोमिटर सडक बत्ती व्यवस्थापन कार्य अगाडि बढेको छ । पोखरा महानगरपालिकाले विद्युत् शुल्क तिर्ने र नेपाल विद्युत् प्राधिकरणले व्यवस्थापन गर्ने गरी सम्झौता भई काम अगाडि बढेको छ । नौं वटा वडामा नयाँ सहरी स्वास्थ्य केन्द्र स्थापना गरी महानगरले आफ्नै ४६ स्वास्थ्य संस्थामार्फत् सेवा प्रवाह गरिरहेको छ ।

विद्यमान १५ शैयाको शिशुवा अस्पतालमा विशेषज्ञ सेवासहित हाल ५० शैया पुऱ्याइएको छ । महानगरको अलग्गै कोभिड अस्पताल निर्माण सम्पन्न गरेर सञ्चालनमा रहेको छ । बढ्दो कोभिड संक्रमण र महामारीबाट नागरिकको सुरक्षाका लागि महानगरले आफ्नो छुट्टै कोभिड उपचार युनिट स्थापना गरिएको छ । कोरोना रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाइन र आइसोलेसन सञ्चालन, पिसिआर स्वाब संकलन लगायतका कामलाई निरन्तरता दिइएको छ । महानगरको सहयोग तथा व्यवस्थापनमा ५ वटा एम्बुलेन्स सञ्चालन गरेको छ भने थप एक शव वाहन र थप एक एम्बुलेन्स खरिद कार्य अन्तिम चरणमा पुगेको छ । स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर नियमित सञ्चालनमा छन । महानगरले सरुवा रोग नियन्त्रणमा अग्रपंक्तिमा रही कार्य गरिरहेको छ ।

निःशुल्क औषधि तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्तिको सुनिश्चितता गरिएको छ । गर्भवती एवम् सुत्केरी महिला तथा शिशुहरूको पोषण प्रवर्द्धन एवम् खोप सेवाको नियमितता गरिएको छ । वडा स्तरमै बर्थिङ सेन्टर सञ्चालन गरिएको छ । स्वास्थ्य संस्थामा प्रसूति हुने आमा तथा जन्मिने बच्चाको स्वास्थ्य रक्षाका लागि न्यानो कपडा एवम् यातायात खर्चको व्यवस्था गरिएको छ ।

महानगरभित्र सञ्चालित ९० वटा सामुदायिक विद्यालय मर्मत गर्नुका साथै चीनको गोन्जाओ सहरको सहयोगमा वडा नं. २२ मा रहेको शुक्रराज बलभद्र माध्यामिक विद्यालयमा अत्याधुनिक छात्रावास भवन निर्माण गरिएको छ । संघ सरकारसँगको साझेदारीमा ४० विद्यालयहरूमा शौचालय १९ ओटा विद्यालयहरूमा कम्प्युटर ल्याब निर्माण गरिएको छ भने १३ ओटा विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालनमा आएका छन । शीतलादेवी सामुदायिक विद्यालय, श्रीकृष्ण मावि र जनप्रकाश माविमा नमुना आइसिटी ल्याब निर्माण कार्य सम्पन्न भएको छ । कालोपाटी विस्थापन कार्यक्रम अन्र्तगत धूलोमुक्त कक्षा कोठा अभियान सम्पन्न भएको छ। संघीय सरकारसँगको साझेदारीमा सबै सामुदायिक विद्यालयमा सुरक्षित स्यानिटरी प्याड कार्यक्रम सञ्चालन गरिएको छ।

गण्डकी बहुप्राविधिक शिक्षालय स्थापना गरी डिप्लोमा इन सिभिल इन्जिनियरिङ र डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङको पढाइ सुरु गरिएको छ । आगामी शैक्षिक सत्रदेखि थप ४ विषय (एचए, फार्मेसी, जियोम्याटिक इन्जिनियरिङ र वन विज्ञान)को पढाई आरम्भ गर्न सिटिइभिटीसँग विषय थपको माग गरिएको छ । गण्डकी बहुप्राविधिक शिक्षालयमार्फत् ११ वटा विषयमा निःशुल्क तीन महिने तालिम सञ्चालन गरिएको छ। बहुप्राविधिक शिक्षालयको ल्याब, शैक्षिक तथा प्रशासकीय भवन निर्माणका लागि जग्गा खोजी गरी भवन निर्माण कार्य अगाडि बढाइएको छ। पोखरा २९ खल्याँडमा ल्याब भवनको निर्माण सुरु भएको छ।

महानगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी १ देखि ५ कक्षासम्म यसै शैक्षिक सत्रदेखि लागु गरेको छ । ६ देखि ८ कक्षासम्म आगामी शैक्षिक सत्रमा पाठ्यक्रम तयार गरी कार्यान्वयनमा लगिने योजना छ । १० वर्षे महानगर शैक्षिक योजना तयार भई कार्यान्वयनको चरणमा छ । बाल विकास केन्द्र (ईसीडी) सञ्चालन गरिएका विद्यालयमा समेत महानगरले जनशक्तीको तलबमा लागत साझेदारी गरेको छ ।

स्मार्ट सिटी पूर्वाधार अन्तर्गत महानगर कार्यालय एवं सबै वडा कार्यालयमा केन्द्रीकृत इन्टरनेट इन्ट्रानेट प्रणाली जडान गरी प्रविधिमैत्री सेवा सञ्चालन गरीएको छ । मुख्य चोकहरूमा सीसीटीभी क्यामरा जडान गरिएको छ । व्यक्तिगत घटना दर्ता, घरनक्सा पेस एवम् कर प्रणालीलाई सूचना प्रविधिको उपयोग गरी विद्युतीय पद्धतिमा लगिएको छ । पूराना कागजातहरूलाई (घरनक्सा तथा पञ्जीकरण) डिजिटल अभिलेखीकरण गरिएको छ । भण्डारढिकमा रहेको दीपशिखा पुस्तकालयमा आरएफआइडी जडान गरिएको छ। लेखनाथ साना सहरी, बेगनास, भरतपोखरी, माझठाना, सराङकोट, कास्कीकोट, अर्मला, पुरुन्चौर, काहुँ, निर्मलपोखरीलगायत ठाउँमा एक घर एक धारा अवधारणाअन्तर्गत ८७ खानेपानी आयोजना छनोट गरी कार्यान्वयनमा लगिएको छ ।

## २.३.५ महिला बालबालिका तथा सामाजिक न्याय

न्याय सम्पादनको जिम्मेवारी स्थानीय तहलाई दिने कानुनी व्यवस्था अन्र्तगत न्यायिक समिति गठन भई नियमित कार्यसम्पादन भइरहेको छ । वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ता सूचीकृत गरिएको छ । स्थानीय स्तरमा हुने सामान्य बेमेलका घटनाहरु समाधान गर्न पोखरा महानगरको न्यायीक इजलास र न्याय सम्पादनको कार्य अत्यन्त प्रभावकारी अध्ययनका लागि देशभरबाट न्यायिक समिति र जनप्रतिनिधिहरू को आवागमन उल्लेखनीय रुपमा बढेको छ ।

उद्यमशीलता विकास मार्फत महिलाहरूको क्षमता अभिवृद्धि गरी आर्थिक रूपमा सबल र सक्षम बनाउने उद्देश्यले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको छ । यो कार्यक्रमबाट ३ सय ३५ जना महिला लाभान्वित भएका छन् । हिंसामा परेका महिलाहरूको सहायताका लागि निःशुल्क कानुनी परामर्श सेवा प्रदान गरिएको छ । महिला हिंसा न्यूनीकरणका लागि पुरुष ऐक्यबद्धता कार्यक्रम अभियानका रूपमा सञ्चालन गरी पुरुष समसचेतता कार्यक्रम सञ्चालन गरिएको छ । ज्येष्ठ नागरिकलाई नेपाल सरकारले दिएको सामाजिक सुरक्षा भत्तामा १० प्रतिशत थप गरी  वितरण गरिदै आएको छ । यो महानगरपालिकाको कार्यपालिकाको पहिलो निर्णय हो । अपांगता भएकाहरूलाई नियमित परिचयपत्र वितरणको कार्यलाई प्रभावकारी बनाइएको छ ।

प्रदेश सरकारसँगको समन्वयमा महिला सुरक्षित आवासगृह सञ्चालन गरिएको छ । महानगरभित्रका ८९ जना सडक बालबालिकाको उद्धार गरी पुनःस्थापना गरिएको छ । पोखरालाई कार्यक्षेत्र बनाई कार्यरत पत्रकारहरूको सामाजिक सुरक्षाका लागि पत्रकार महासंघ कास्कीसँगको सहकार्यमा पत्रकार कल्याणकारी कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । आगामी दिनमा मजदुर तथा श्रमिकहरूको सामाजिक सुरक्षा कार्यक्रम लागु गर्ने नीति लिइएको छ ।

## २.३.६ कृषि सहकारी तथा आर्थिक विकास

महानगरभित्र रहेका सहकारीहरूलाई व्यवस्थित गर्न छुट्टै सहकारी समिति गठन गरिएको छ । प्रत्येक सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन प्रेरित गरिएको छ । कृषकहरूलाई सहज उपकरण प्रदान गर्न कस्टम हायरिङ सेन्टर स्थापना गरिएको छ । कृषक परिचयपत्र वितरण थालिएको छ । सहरी क्षेत्रमा कौशी खेतीतर्फ आकर्षण बढाइएको छ । अर्ग्यानिक उत्पादनमा किसानलाई जोडिएको छ । उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई बढावा दिइएको छ । किसान र उपभोक्तालाई जोड्न ५ स्थानमा किसान बजार निर्माण र सञ्चालन गरिएको छ । पोखराको ब्रान्डका रूपमा रहेको जेठोबुढो धान, हेम्जाको आलुको न्युनतम मूल्य निर्धारण गरी सहकारीमार्फत् ब्रान्डिङ गर्ने काम सुरु भएको छ । मेयर प्रविधिमैत्री परियोजना सञ्चालन गरी किसानलाई आर्थिक सहयोग गरिएको छ भने पशुपन्छीको निःशुल्क उपचारको व्यवस्था गरिएको छ ।

सार्वजनिक निजी साझेदारी कार्यक्रमअन्तर्गत फेवा तालको स्रोत नदीमा बनेका सिल्टेसन ड्यामको मर्मत र थप पूर्वाधार निर्माण आयोजनाको सम्झौता भएको छ । त्यस्तै अन्य २ वटा आयोजना (पाताले छाँगो र सेती खोँच) सम्झौता भएको छ । अन्य आयोजनाहरू सञ्चालनका लागि थप अध्ययन भइरहेको छ । यसबाट पोखरामा पर्यटकीय गन्तव्य थप हुनेछ भने आम्दानीसमेत बढ्ने विश्वास लिइएको छ ।

## २.३.७ महानगरका विविध कार्यक्रमहरू

पोखरा महानगरले रणनीतिक सडकका रूपमा अगाडि बढाएका सडक आयोजनाहरु बहुवर्षीय ठेक्का प्रक्रिया अर्न्तगत निर्माण भइरहेका छन । चालु आर्थिक वर्षमा विजयपुर कालिका हुँदै बेगनास सडकलाई अस्फाल्ट गर्ने कार्य अगाडि बढाइएको छ । बैदाम, पामे, घाँटछिना हुँदै दमदमे, सिदाने र मणिपाल, मौजा सडक बहुवर्षीय ठेक्का सम्झौता भई काम थालिएको छ । सिर्जनाचोकमा अकासे पुल निर्माण गरी सञ्चालनमा ल्याइएको छ । १५ वटा

मोटरेबल पुलहरूको निर्माण सुरु भएको छ भने थप ६ वटा ठूला पुलको निर्माणका लागि विस्तृत इन्जिनियरीङ अध्ययन भैसकेको छ ।

गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र सञ्चालनका लागि वडा नम्बर १५, प्रदेश ट्राफिक प्रहरी कार्यालय स्थापनाका लागि वडा नम्बर ३०, वडा प्रहरी कार्यालय बैदामको भवन निर्माणका लागि वडा नम्बर ६ मा जग्गा व्यवस्थापन गरी संघ सरकारलाई सिफारिस गरिएको छ । वडा नम्बर १ मा रहेको साइनो अस्पतालको जग्गामा मुटु उपचार केन्द्र बनाउने गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई, वडा नम्बर ३२ मा विश्वविद्यालय स्थापना र सञ्चालनका लागि गण्डकी विश्वविद्यालयलाई, वडा नम्बर २६ मा गण्डकी आयुर्वेद औषद्यालय स्थापनाका लागि, वडा नम्बर ३० मा मालपोत कार्यालय लेखनाथ र नापी कार्यालय लेखनाथका लागि, वडा नम्बर ३३ मा विद्युत् प्राधिकरणको सबस्टेसन निर्माणका लागि, वडा नम्बर ३३ मा विद्याश्रम निर्माणका लागि, वडा नम्बर ३३ मा औद्योगिक क्षेत्र निर्माणका लागि जग्गा व्यवस्थापन गरी संघ सरकारलाई सिफारिस गरिएको छ ।

# परिच्छेद तीन :

# महानगरपालिका दीर्घकालीन सोच तथा विकासको अवधारणा

## ३.१ विकासका प्रमुख सम्भावना तथा अवसर

पोखरा महानगर भूगोलका हिसाबले नेपालको सबैभन्दा ठूलो महानगर हो । यो देशको सुन्दर पर्यटकीय राजधानी र गण्डकी प्रदेशको प्रशासनिक केन्द्र पनि हो । साबिकको पोखरा उपमहानगरपालिकामा लेखनाथ नगरपालिका र वरिपरिका गाविसहरूसमेत समावेश भएपछि बनेको पोखरा महानगरपालिकामा ३३ वटा वडा छन् । यस महानगरको कुल क्षेत्रफल ४६४.२४ वर्गकिमि छ । वि.सं २०६८ सालको जनगणनाअनुसार यहाँको स्थायी जनसंख्या करिब ५ लाख छ । तर पोखरा पर्यटकीय तथा प्रशासनिक केन्द्रसमेत भएकाले यहाँ अस्थायी रूपमा बसोबास गर्ने जनसंख्या पनि स्थायीकै हाराहारी रहेको अनुमान छ । व्यापार, व्यवसायका हिसाबले काठमाडौंपछिको दोस्रो ठूलो र व्यस्त व्यापारिक केन्द्र पनि पोखरा उपत्यकालाई नै मानिन्छ ।

अनुपम प्राकृतिक सुन्दरता र आसपासको पहाडी तथा हिमाली रमणीय भूगोलका साथै चित्ताकर्षक दृश्यका कारण पोखरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रको रूपमा परिचित भएको छ । पोखराको आर्थिक गतिविधिमा पर्यटन उद्योगको महत्वपूर्ण योगदान रहेको छ । महानगरपालिकाको विकासका प्रमुख सम्भावना तथा अवसरलाई बुँदागत रूपमा देहायअनुसार प्रस्तुत गरिएको छ–

१. प्राकृतिक सौन्दर्य तथा धार्मिक एवम् सांस्कृतिक सम्पदाले भरिपूर्ण ।
२. हराभरा, स्वच्छ र सुन्दर सहर ।
३. अन्तर्राष्ट्रिय स्तरका होटल,रिसोर्ट लगायतका पर्यटकीय पूर्वाधार ।
४. मनोरम दृश्यावलोकन सहितका पर्यटकीय स्थलहरू ।
५. सडक तथा हवाई यातायात सञ्जाल र सहज पहुँच ।
६. सबै वडामा सडक यातायात र सञ्चार सुविधा ।
७. निर्माणाधीन क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल ।
८. गण्डकी प्रदेशको राजधानी तथा उत्तर दक्षिण फैलिएको विकास कोरिडोरको केन्द्र ।
९. जनताको प्रत्यक्ष सहभागितामा स्थानीय विकास योजना तर्जुमा र कार्यान्वयन हुने नीतिगत व्यवस्था ।
१०. प्रकृतिमा आधारित पर्यापर्यटनको महत्वबारे आम नागरिकको चासो तथा जागरुकता ।
११. सांस्कृतिक तथा जैविक विविधताले भरिपूर्ण ।
१२. रोजगारी तथा व्यावसायिकताका अवसरमा वृद्धि ।
१३. संघीय सरकार तथा प्रदेश सरकारको अग्रसरतामा ठूला आयोजना सञ्चालनमा रहेको ।
१४. औद्योगिक क्षेत्र तथा ग्रामका लागि सम्भाव्य क्षेत्र ।
१५. पूर्ण साक्षर तथा खुला दिसामुक्त क्षेत्र ।
१६. उच्च शिक्षाको सहज अवसर तथा विशिष्ट स्वास्थ्य सेवामा सहज पहुँच ।

## ३.२ समस्या तथा चुनौतीहरू

सुलभ र सुगम अन्तरआबद्धता, भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत, भौतिक पूर्वाधार तथा प्रविधि विस्तार र आर्थिक अवसरमा अग्रणी भए तापनि महानगरको विकासमा थुप्रै समस्या तथा चुनौती छन् । महानगरको भौगर्भिक बनोट संवेदनशील छ । विकास निर्माणलाई वातावरणमैत्री तथा दिगो विकास अवधारणाअनुकूल सन्तुलन मिलाउन नसक्दा वातावरणीय र आर्थिक जोखिम बढ्दै गएको छ । महानगर क्षेत्रमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, बसाइ सराइ, भूस्वरूपमा नकारात्मक परिवर्तन, प्रतिभा पलायन, दिगो तथा उत्पादनशील पूर्वाधार विकास र भूउपयोगसँग सम्बन्धित समस्या र चुनौतीहरू टड्कारो रूपमा रहेका छन् । तालतलैया, मनोरम खेतीयोग्ग जमीन, ग्रामीण परिवेश वन, जलाधार र वातावरणको संरक्षण तथा वैज्ञानिक व्यवस्थापनमा कमी, भूउपयोग तथा पूर्वाधार निर्माणका लागि योजनाबद्ध विकास को अभाव प्रमुख समस्याका रुपमा रहेका छन् । महानगरपालिकाको प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम प्रस्तुत गरिएको छ ।

१. अव्यवस्थित संरचना निर्माण, बस्ती बसोबास तथा विस्तार
२. सार्वजनिक जमिन, तालतलैया, वन क्षेत्र अतिक्रमण तथा हरियाली र जैविक विविधतामा ह्रास
३. कमजोर भूधरातल र जमिन भासिने समस्या
४. प्रदूषण, हानिकारक र अन्य फोहोरमैला उत्सर्जनमा वृद्धि
५. महामारी र रोगव्याधी र नसर्ने रोगमा अनपेक्षित वृद्धि
६. प्राकृतिक सम्पदाको अधिक दोहन
७. मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदा ह्रास
८. योजनाबद्ध तथा सुव्यस्थित विकासको कमजोर अभ्यास आदी ।

## ३.३ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त

प्रथम पटक निर्वाचित सरकारको नेतृत्व आम पोखराबासीको उत्कट चाहना र त्यसका लागि योगदान गर्ने दृढसंकल्पअनुरूप महानगरको आगामी वर्षहरूमा हुने विकास, निर्माणलाई मार्गदर्शन गर्ने हेतुले 'पोखरा २१०० तथा रणनीतिक योजना २०७७-८२' तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । 'पोखरा २१०० तथा रणनीतिक योजना २०७७–८२' ले तय गरेको दीर्घकालीन सोचलाई नै यो प्रथम त्रिवर्षीय योजनाले आत्मसात् गरेको छ । नगरविकासको दीर्घकालीन सोच देहाय बमोजिम रहेको छ ।

***'समुन्नत पर्यटकीय पोखरा'***
***'Prosperous Touristic Pokhara'***

***'समुन्नत सहर'*** को संकथनले दक्ष, इमानदार एवम् प्रतिबद्ध मानव संशाधनको उच्चतम व्यवस्थापनद्वारा समावेशी, विविधिकृत एवम् नवप्रवर्तनात्मक आर्थिक विकासका माध्यमबाट हासिल गरिएको सुखी आनन्दमय विकसित सहरको छविलाई चित्रित गर्न खोजिएको छ । यसभित्र वृत्ताकार तथा हरित अर्थतन्त्रको अधिकतम

प्रवर्द्धन, पूर्वाधार सञ्जाल तथा बजार पहुँच र विकास प्रतिफलको समन्यायिक वितरण जस्ता अवधारणा समाविष्ट छन् ।

***पर्यटकीय सहर :*** पोखरा नेपालको मात्र नभई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यमध्ये पर्छ । यहाँको प्राकृतिक वनावट,ताल,तलैया हरियाली डाँडा तथा पृष्ठभूमिमा माछापुच्छ्रे, अन्नपूर्ण हिमशृंखला र यहाँको सांस्कृतिक विविधताले आफ्नै पहिचान बोकेको छ । साथै यहाँको भौगर्भिक संवेदनशीलता तथा विपद् र जलवायु परिवर्तनजन्य जोखिमको सम्भावनालाई ध्यानमा राख्दै गरिने भौतिक पूर्वाधारको विकास तथा व्यवस्थापन, सामाजिक सुरक्षाको प्रत्याभूति एवम् सांस्कृतिक सहिष्णुता तथा सामाजिक सद्भाव र सहअस्तित्वले पोखराको पर्यटकीय महत्तालाई अझ बढी ओजपूर्ण बनाउनेछ ।

प्रस्तुत युगाल वाक्याशंको समुच्च रुप “समुन्न पर्यटकीय पोखरा”ले अनुपम सौन्दर्यको संरक्षण र संवर्द्धन गर्दै व्यवस्थित सहरी विकासको फलस्वरूप प्राप्त हुने नगरको चिटिक्क, सफा र मनोरम स्वरूपलाई इंगित गर्न खोजेका छन् । यो मनोरम स्वरूपलाई दिगो र चिरस्थायी रूप दिनका लागि सांस्कृतिक एवम् जातिय विविधताको सम्मान एवम् प्रवर्द्धन आवश्यक हुन्छ ।

## ३.४ निर्देशक सिद्धान्त

पोखरा महानगरको ताल र हरियालीको संरक्षण तथा संवर्द्धन गर्दै समुन्नत पर्यटकीय नगरी बनाउने दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय मार्गदर्शनमा आधारित छ । उपर्युक्त राष्ट्रिय मार्गदर्शनका अधीनमा रही महानगरको विकासलाई दीर्घकालीन सोच उन्मुख गराउन देहाबमोजिमका निर्देशक सिद्धान्तहरू अबलम्बन गरिएको छ :

१. **दीगो, समावेशी तथा योजनाबद्ध सहरी विकास**

विविधता सम्वोधन सामाजिक न्याय तथा वातावरण संरक्षण जस्ता दीगो विकासका आधारभूत पक्षलाई केन्द्रविन्दुमा राखी आर्थीक विकासका लागी योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । नेपालले अवलम्बन गरेको दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै समग्र विकास प्रक्रियामा आबद्ध गराइनेछ । विकास योजनाले तय गरेको मार्गचित्रबमोजिम भू-उपयोग योजना लगायत क्षेत्रगत रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । भू-उपयोग नीति र योजना अनुसार नक्सांकन एवं स्थलगत रूपमा रेखांकन गरी सोको वस्तुनिष्ठ कार्यान्वन गर्ने र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ । महानगर क्षेत्रलाई प्राकृतिक,एवं सांस्कृतिक वैभवयुक्त रमणीय पर्यटकीय स्थलको दीगो रूपमा विकास गरिनेछ ।

२. **तीनखम्बे (सार्वजनिक, निजी र सहकारी) आर्थिक विकासको अवधारणा**

नेपालको संविधानले अवलम्बन गरेको तीनखम्बे राज्यको आर्थिक नीतिलाई महानगरको आर्थिक विकासको आधारका रूपमा लिइनेछ । आर्थिक गतिविधिलाई सार्वजनिक क्षेत्रको सहजीकरण, निजी क्षेत्रको अग्रसरता र सहकारी क्षेत्रको प्रोत्साहनबाट उत्साहजनक तुल्याइनेछ । लगानीयोग्य वातावरण निर्माणका लागि विद्युत्, सञ्चार, सडक, भूउपयोग योजना र प्राविधिक तथा वित्तीय सहयोगलाई प्रभावकारी गराइनेछ ।

उत्पादनशील पूर्वाधार निर्माणमार्फत् निजी क्षेत्रको लगानी आकर्षण हुनेछ । साना तथा ठूला व्यवसायको स्थापना, सञ्चालन र विस्तारमा सहकारी मार्फत आवश्यक वित्तिय सहयोग तथा समन्वय गरिनेछ । सहकारी संस्थाको नियमन, प्रोत्साहन र लगानीको वातावरण निमार्ण गरिनेछ । आर्थिक विकासको तीनखम्बे आधारलाई महानगरपालिकाको स्थानीयता अनुकूल हुने गरी आत्मसात् गरिनेछ ।

३. **मानव विकास तथा गुणस्तरीय जीवन**

शैक्षिक उन्नयन, आरोग्यताको अभिवृद्धि र आर्थिक समृद्धिलाई विकास प्रक्रियाको मार्गदर्शक मानकका रूपमा स्थापित गरिनेछ । शिक्षा, स्वास्थ्य,रोजगारी तथा उद्यमशिलतालाई विकास प्रक्रियाको उच्च प्राथमिकतामा राखिनेछ । दिगो विकासको लक्ष्यअनुरूप गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच, जनस्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि र रोजगारी तथा आम्दानीका अवसरमा वृद्धिलाई आत्मसात् गरिनेछ ।

जीवनपयोगी तथा प्रतिस्पर्धी शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराइनेछ । विपन्न तथा पछाडि परेको वर्ग र बेरोजगार युवाका लागि सीप तथा व्यावसायिक तालिम तथा प्रविधि उपलब्ध गराई स्वरोजगारको अवसर उपलब्ध गराइनेछ । ज्येष्ठ नागरिक, पछाडि परेका, असहाय तथा बेसहारा नागरिकका लागि आत्मसम्मानपूर्ण जीवनयापनका लागि सामाजिक संरक्षण लगायतको विशेष व्यवस्था गरिनेछ ।

४. **सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास**

नेपालको संविधानले सुनिश्चित गरेको सामाजिक न्याय तथा समतामूलक विकासको मर्मलाई स्थानीयताअनुकूल अनुसरण गरिनेछ । विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरू सञ्चालन गरिनेछ । आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गका महिला, दलित, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, द्वन्द्वपीडित र लोपोन्मुख जाति लगायतका वर्गको अर्थपूर्ण सहभागिता, क्षमता विकास र आत्मनिर्भरताका अवसरहरू सिर्जना गरिनेछ । लक्षित वर्गका सशक्तीकरण स्थानीय संरचना तथा संयन्त्रमामा अर्थपूर्ण सहभागितालगायत रोजगारी तथा आर्थिक अवसर सिर्जना गर्नेतर्फ विशेष ध्यान दिइनेछ ।

५. **जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशीलता**

जलवायु परिवर्तनका कारण कृषि तथा जैविक विविधतामा परेको नकारात्मक प्रभाव कम गर्न जलवायु अनुकूलनको कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । पूर्वाधार निर्माण गर्दा खुला तथा हरियाली क्षेत्र, रिचार्ज पोखरी, पार्क तथा संरक्षण क्षेत्र, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनालाई विशेष प्राथमिकता दिइनेछ । संरचना निर्माण तथा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन तथा नियमअनुसार वातावरणीय अध्ययन गरी सो अनुसार बायोइन्जिनियरिङलगायत वातावरण संरक्षणसम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

६. **जनशक्ति व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रवाह**

प्रभावकारी सेवा प्रवाह, प्रशासनिक चुस्तता र विकास प्रक्रियाको सुदृढीकरणका लागि पर्याप्त जनशक्तिको व्यवस्था र क्षमता विकास तथा प्रोत्साहनका पर्याप्त अवसर उपलब्ध गराइनेछ । संगठन तथा व्यवस्थापन सर्भेक्षण र जनशक्ति व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । नगरपालिका केन्द्रलाई सहरी विकासको

केन्द र वडाको केन्द्रलाई विषयगत सेवा केन्द्रका रूपमा विकास गरी प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार तयार गरिनेछ ।

सेवा प्रवाहको उपरोक्त अवधारणाअनुसार जनतालाई स्वास्थ्य, शिक्षा, कृषि, उद्यम व्यवसाय, खानेपानी, सरसफाइलगायतका सेवा सुविधाको पहुँच सुनिश्चित गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।

७. **समन्वय, साझेदारी र सहकार्यमा आधारित विकास**

नगर क्षेत्रको विकासलाई अन्तरसरकारी, गैरसरकारी, निजी, सहकारी र समुदायसँग अधिकतम साझेदारी र सहकार्य गरी प्रभावकारी बनाइनेछ । पर्यटन प्रवर्द्धन, शिक्षा तथा स्वास्थ्य क्षेत्रको प्रवर्द्धन र खानेपानी तथा पूर्वाधार लगायतका साझेदारी हुन सक्ने क्षेत्रको विकासका लागि अन्तरसरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई जोड दिइनेछ ।

पूर्वाधार क्षेत्रको विकास, पर्यटन प्रवर्द्धन, उद्योग तथा व्यापारको प्रवर्द्धन, कृषि क्षेत्रको विकास, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यका अवसर सिर्जना, विपद् व्यवस्थापन, पछाडि परेको वर्गको मूलप्रवाहीकरण र खानेपानी तथा सरसफाइलगायतका क्षेत्रमा अन्तरसरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रसँगको साझेदारीलाई जोड दिइनेछ । सहकार्य हुन सक्ने क्षेत्रहरूको पहिचान गरी साझेदारी र सहकार्यको वातावरण तयार गर्न स्थानीयस्तरमा लगानी सम्मेलन आयोजना गरिनेछ ।

८. **सुशासन, पारदर्शिता र सदाचार**

समावेशीकरण, सुशासन, सन्तुलित विकास र समृद्धिका सवाल देश विकासको अबको प्रमुख कार्यसूची बनेको छ । सुशासन तथा भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता र सदाचारको प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा व्यावहारिक प्रयत्नहरू प्रभावकारी गराइनेछ । विद्युतीय सूचना प्रविधिको उपयोग गरी पारदर्शिता तथा जवाफदेहिताको प्रवर्द्धन गरिनेछ । सामाजिक जवाफदेहीताका औजारहरूको एकीकृत रूपमा अभ्यास गरिनेछ । सेवा प्रदायक स्थलहरूको अनुगमन, दण्ड तथा पुरस्कारलाई नियमित र प्रभावकारी गरिनेछ । यस कार्यमा नागरिक समाजसँग साझेदारी र सहकार्य गरिनेछ ।

९. **नतिजामा आधारित विकास व्यवस्थापन**

सेवा प्रवाह तथा विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रविधि, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाइनेछ । यसका लागि क्षमता विकास, सूचना, प्रविधिको प्रयोग, अध्ययन अनुसन्धान ज्ञान, अनुभव र सफल अभ्यासको अधिकतम परिचालन गरिनेछ । साथै सहरी विकास र व्यवस्थापनको मूलभूत मूल्यका रूपमा सहभागितामूलक प्रणाली र कार्य संस्कृतिलाई अवलम्बन गरिनेछ ।

## ३.५ समष्टिगत लक्ष्य र उद्देश्य

### ३.५.१ लक्ष्य

पोखरा महानगरपालिकाको दीर्घकालीन सोच 'समुन्नत पर्यटकीय पोखरा' हासिल गर्ने दिशामा प्रथम त्रिवर्षीय योजनाले आधार तयार गर्नेछ । दीर्घकालीन सोचअनुरूप यस योजनाले महानगरलाई नीला तालहरू, समृद्ध संस्कृति, सुरक्षित जीवन, वैज्ञानिक दृष्टिकोण र उत्थानशील तथा समावेशी भौतिक पूर्वाधारसहितको सम्पन्न सहर निर्माणको लक्ष्य लिएको छ । यसका लागि नागरिक, महानगरपालिका र निजी क्षेत्रको संयुक्त सहभागितामा बचत तथा पुँजी परिचालन गरी पोखरा पूर्वाधार विकास प्राधिकरण तथा सार्वजनिक उद्यमहरूको विकासमार्फत् पुँजी निर्माण गरी युवाहरूको सीप, दक्षता तथा सिर्जनशीलता संगठित र परिष्कृत गर्दै लैजाने प्रयास गरिनेछ । त्यसका आधारस्तम्भहरू देहायबमोजिम रहेका छन् ।

१. **जनशक्ति विकास तथा ज्ञानमा आधारित अर्थतन्त्रको विकास**

निजी क्षेत्रको सबलीकरण तथा आधारभूत भौतिक पूर्वाधारहरूको निर्माण गरी श्रममा आधारित अर्थतन्त्रलाई ज्ञानमा आधारित अर्थतन्त्रमा रूपान्तरण गरी उद्यम व्यवसाय तथा कृषि, पशु, वनलगायतका सबैखाले उत्पदनहरूलाई आधुनिकीकरण गरेर उद्यमशीलता विकास तथा बजार सुनिश्चिततामार्फत् वातावरणमैत्री आर्थिक, सामाजिक तथा सांस्कृति रूपमा समृद्ध महानगरपालिका बनाउने ध्येय यस आवधिक योजनाको छ ।

पोखरा महानगरपालिकाको सकारात्मक रूपान्तरणको आधारस्तम्भका रूपमा रहेको जनशक्तिलाई दक्ष र प्रतिस्पर्धी बनाई स्थानीय स्रोत, साधनहरूको सदुपयोग गर्दै नयाँनयाँ अवसरहरू सिर्जना गर्न सक्षम बनाएर शारीरिक श्रमलाई ज्ञानमा आधारित अर्थतन्त्रमा रूपान्तरण गर्ने योजना छ ।

२. **आर्थिक आधुनिकीकरण तथा जनताको निजी क्षेत्रको सबलीकरण**

यस महानगरपालिकाको मुख्य आर्थिक स्रोतका रूपमा रहेका जन श्रम, सेवा तथा पर्यटन क्षेत्र, कृषि व्यापार व्यावसाय, उद्यमशीलतालाई आधुनिक सूचना, विज्ञान तथा प्रविधिको प्रयोग गरेर आधुनिकीकरण गरी आर्थिक उत्पादकत्व वृद्धि गर्ने ।

छरिएर रहेका जनताहरूलाई पोखरा पूर्वाधार विकास प्राधिकरण तथा सहकारी संस्थाहरूमा आबद्ध गराएर बचत तथा लगानी गर्न अभिप्रेरित गरी पुँजी निमार्ण तथा आर्थिक विकासका क्रियाकलापहरू सञ्चालन गर्ने ।

३. **सुशासन तथा संस्थागत सामाजिक विकास**

महानगरपालिका, वडा कार्यालयहरू र सेवा प्रदायक संघ संस्थाहरूको संस्थागत संरचनालाई सबलीकरण गर्दै महानगरपालिकाले प्रदान गर्ने सबै प्रकारका सेवा तथा कार्यक्रमहरूमा उच्च जवाफदेहितासहित सुशासन सुनिश्चित गर्ने ।

समुदायमा यत्रतत्र छरिएर रहेको जनशक्तिलाई समुदायमा आधारित संस्थाहरूमा संगठित गर्दै ती संस्थाहरूलाई सबलीकरण गरी आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने ।

४. **सन्तुलित पर्यावरण तथा समावेशी पूर्वाधार**

सबै प्रकारका विकास कार्यक्रमहरु प्राकृतिक सन्तुलनका आधारमा यस क्षेत्रको वास्तविक प्राकृतिक क्षमताले धान्न सक्ने गरी एवं विकास निर्माणका क्रममा खण्डित स्रोत तथा साधनहरूको वैज्ञानिक दृष्टिकोणले शोधभर्ना गर्ने गरी सञ्चालन गरिनेछ । महानगरपालिकाको वातावरण संरक्षण नीति तथा ऐन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

वातावरणमाथिको अधिक चापलाई न्यूनीकरण गर्न प्रत्येक वर्ष वार्षिक बजेटको निश्चित प्रतिशत रकम प्राकृतिक वातावरण संरक्षणमा उपयोग गरिनेछ । महानगरपालिकाभित्र कार्यान्वयन गरिने सबै प्रकारका विकास निर्माण तथा भौतिक पूर्वाधार संरचनाहरू निर्माण गर्दा न्यूनतम वातावरणीय गुणस्तर तथा महिला, बालबालिका, अपाङ्गता भएका, वृद्धवृद्धा सबैलाई सहज हुने गरी निर्माण गर्ने ।

५. **लैंगिक तथा जातिय समानतासहितको सहभागिता**

नेपालको संविधान ले लैंगिक तथा जातीय समानताको संकल्पसहित महिलालाई समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक तथा पछाडि पारिएका सीमान्तकृत समुदायका सदस्यहरूलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हकलगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालको संविधानले प्रत्याभूति गरेअनुसार विकासका हरेक चरणमा सम्पूर्ण जात,धर्म,वर्ग,लिङ्ग र समुदायको आत्मसम्मानको सुनिश्चितता गर्दै सम्मानजनक सहभागिता सुनिश्चित गर्ने ।

६. **विज्ञान, प्रविधि, सूचना तथा सञ्चार क्षेत्रको उच्चतम उपयोग**

विज्ञान, प्रविधि, सूचना तथा सञ्चारलाइ मूल प्रवाहीकरण गर्न महानगरपालिकाको समग्र विकासका लागि विकासका हरेक चरणमा वैज्ञानिक सोच, नवीन सूचना प्रविधिको उपयोग मार्फत् विकासका गतिविधिहरू सञ्चालन गर्ने ।

७. **जलवायु परिवर्तन अनुकूलन**

जलवायु परिवर्तन तथा प्राकृतिक संरक्षण यस महानगरपालिकाका महत्वपूर्ण पक्ष हुन् । जलवायु परिवर्तनमा यस महानगरपालिकाको नगन्य प्रभाव भए पनि जलवायु परिवर्तनका कारण यहाँको सिमसार, खेती प्रणाली, वन जंगल, पशुपन्छी, चराचुरुंगं, मानव स्वास्थ्य आदिमा प्रत्यक्ष प्रभाव पारेको छ । विकासका सबै चरण र कार्यक्रमहरूमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन तथा प्राकृतिक संरक्षणलाई समायोजन गरेर विकासका कार्यक्रमहरू सञ्चालन गर्न महानगरपालिका स्तर र सबै वडा स्तरमा जलवायु परिवर्तन समायोजन तथा न्युनीकरण योजनाहरू निर्माण गरी कार्यान्वयन गरिनेछ ।

### ३.५.२ उद्देश्यहरू

यस योजनाको लक्ष्य हासिल गर्ने सिलसिलामा सबै नागरिकको मौलिक हकको संरक्षण, सामाजिक सुरक्षा एवम् आत्मसम्मानको सुनिश्चित गर्दै ज्ञान र तथ्यमा आधारित सूचना प्रविधियुक्त सिर्जनशील र दक्ष जनशक्ति विकास गर्नु आवश्यक छ । भू-उपयोग नीति तथा योजना बनाई जमिनको उत्पादकत्व वृद्धि गर्ने । नगरबासी र निजी क्षेत्रको सहभागितामा स्थानीयस्तरमै पुँजी निर्माण हरित समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्रको प्रवर्द्धन गर्नुको विकल्प छैन । साथै वातावरणीय सन्तुलन, जैविक विविधता र प्राकृतिक संरक्षणसहित एकीकृत विकासमा

जोड दिँदै वर्तमान प्रतिस्पर्धी विश्वमा पोखरालाई उम्दा पर्यटकीय र वैभवशाली सहर बनाउन आवश्यक छ । समग्रमा यस योजनाका उद्देश्यहरू देहाय बमोजिम छन् ।

१. सहरको आर्थिक विकासको चरीत्रलाई विविधतायुक्त, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने ।
२. सहरी भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै सहरी सेवा तथा सुविधामा सहरबासीको सहज पहुँच स्थापित गर्ने ।
३. सहरको प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी महानगरलाई दीगो पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने ।
४. महानगरबासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी महानगरलाई एक आदर्श सहरका रूपमा स्थापित गर्ने ।
५. सहरको सर्वतोमुखी विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानूनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवम् उत्प्रेरित मानव संसाधनको विकास गरी सहरी सुशासन प्रत्याभूत गर्ने ।
६. हाल महानगरपालिकाभित्र रहेका घना बस्ती एवं न्यून पूर्वाधार युक्त ग्रामीण वस्ती दुवै क्षेत्रको सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि र विकास गर्ने ।

## ३.६ प्रमुख प्राथमिकता

यस योजनाले लिएको दीर्घकालीन सोच,उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न देहायका प्रमुख प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ ।

१. पर्यटन सेवा तथा सुविधाको मूल्य शृंखला, विविधीकरण, विशिष्टीकरण र समन्यायिक वितरण,
२. नवप्रवर्तन, सीप तथा उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन;
३. स्थानीय मौलिक र वैज्ञानिक ज्ञानमा आधारित मानवस्रोत तथा प्रविधिको विकास र परिचालन;
४. कृषि तथा पशुपन्छी व्यवसायको आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण, औद्योगिकीकरण;
५. आरोग्यता एवं स्वस्थ जीवन र संस्कार;
६. गुणस्तरीय र जीवनपयोगी शिक्षा तथा स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाइ सुविधाको प्रवर्द्धन;
७. सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण तथा सामाजिक न्याय;
८. व्यवस्थित भू-उपयोग; वाली विकास र स्मार्ट सहरीकरण,
९. व्यवस्थित, उत्पादनशील उत्थानशील र दिगो पूर्वाधार सहितको योजनावद्ध;विकास
१०. वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशीलता;
११. कोभिडलगायतका विपद् तथा महामारी नियन्त्रण तथा सामाजिक आर्थिक पुनर्लाभ,
१२. मानव संसाधन विकास तथा जनमुखी सेवा प्रवाह; सुशासन तथा जवाफदेहिता प्रवर्द्धन ।

## ३.७ प्रमुख रणनीति

महानगरालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य अनुसार विकासका प्रयास सञ्चालन गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछ–

**१. न्यून कार्बन उत्सर्जन हुने हरित, उत्थानशील, समावेशी र सन्तुलित विकासमार्फत् तीव्र आर्थिक वृद्धि :** पर्यटकको संख्या, पर्यटकले गर्ने खर्च तथा पर्यटकको पोखरा बसाइँ वृद्धि गर्न सेवा, सुविधा र वातावरणमैत्री प्याकेज विकास र विस्तार गरिनेछ । पर्यटन सेवा सुविधासँग आबद्ध गरी कृषि, पशुपालन तथा वनपैदावर व्यवसायलाई मूल्य शृंखलामा आधारित र व्यावसायीकरण गरिनेछ । वृत्तकार तथा हरित अर्थतन्त्रको अवधारणाबमोजिम उद्योग तथा व्यवसायलाई वातावरणमैत्री बनाउँदै विकास र विस्तार गरिनेछ ।

**२. आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट तथा पर्यटकीय सहर :** स्थानीय उत्पादनहरूको व्यावसायिक उत्पादन र व्यवस्थित बजारीकरणका लागि सुविधासम्पन्न आधुनिक पूर्वाधार व्यवस्था गरिनेछ । विद्यमान औद्योगिक क्षेत्रको उचित व्यवस्थापनका साथै नयाँ औद्योगिक क्षेत्रको विकासका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ । नयाँ पर्यटकीय गन्तव्यहरूको परिचान गरी पर्यापर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास तथा विस्तार गर्ने र सहरको सौन्दर्यीकरण गरिनेछ ।

**३. सरलीकृत र सुविधायुक्त वातावरणमैत्री सहरी विकास :** स्थानीय भू-उपयोग नीति निर्माण गरी जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी जोखिम संवेदशील भूउपयोग योजना तर्जुमा गरिनेछ । अध्ययन, योजना र जोखिम संवेदनशील भू-उपयोग नीति तथा योजनमा आधारित यातायात एवम् अन्य पूर्वाधारको विकासमा लगानी प्रवर्द्धन गरिनेछ । व्यावसायिक तथा आवासीय भौतिक संरचना र सहरी पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।

**४. व्यवस्थित र प्रकृतिमैत्री एकीकृत आवास योजना :** बस्ती विकास नियमावली तथा मापदण्डहरूलाई वास्तविक कार्यान्वयन तहमा पुर्‍याई बस्ती विकासको सहज वातावरण तयार गरिनेछ । नयाँ बसोबास क्षेत्र विकासमा सहर सौन्दर्यीकरण, गुणस्तरीय सेवा र सुविधाको न्यूनतम मापदण्ड लागु गरिनेछ । जोखिम संवेदनशील स्थानका बस्तीहरूलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्न नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय र साझेदारी गरिनेछ ।

**५. समावेशी र विपद् उत्थानशील सहरी पूर्वाधार विकास :** स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा Design Thinking Process अवलम्बन गरी साना सामुदायिक पूर्वाधारहरूको विकास गरिनेछ । पूर्वाधार निर्माणमा विपद् तथा जलवायु उत्थानशीलताका लागि आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गरिनेछ । महानगरपालिकाभित्र तथा प्रदेश तहका अन्य स्थानीय तहरूमा प्रमुख यातायात सञ्जाल एवम् खानेपानी, ढल, विद्युत्को एकीकृत प्रशारण सेवा (Utility Corridor) व्यवस्थापन र डिजिटल अनुगमन प्रणालीको व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग सहकार्य गरिनेछ ।

**६. वातावरणप्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण :** वातावरणीय हिसाबले संवेदनशील क्षेत्रको वरिपरि मध्यवर्ती (buffer) क्षेत्रको प्रावधान लागु गरी प्रकृतिमा पर्ने नकारात्मक असर न्यूनीकरण गरिनेछ । सामाजिक र सांस्कृतिक सभ्यता झल्काउने पार्क तथा खुला स्थलहरूको डिजाइनको न्यूनतम मापदण्ड तयार गरी लागु गरिनेछ

। संघीय संरचनाअनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम तयार गरी लागु गरिनेछ ।

**७. फोहोरमैला प्रशोधन र समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नवीनतम प्रविधिको प्रयोग :** महानगरपालिकामा उत्पादन हुने सबै खाले फोहोरमैलाको प्रभावकारी र दक्ष रूपमा संकलन तथा व्यवस्थापनका लागि नियामकीय संयन्त्र र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ । घरायसी, व्यावसायिक तथा औद्योगिक फोहोरमैलाको पुनःप्रयोगमार्फत् वृत्ताकार अर्थव्यवस्था (Circular Economy) लाई प्रोत्साहन गरिनेछ । फोहोरमैलाको संकलन तथा व्यवस्थापनमा समुदायको भूमिकालाई बढी प्रभावकारी तथा जिम्मेवारयुक्त बनाइनेछ । सघन सहरी विकास र मिश्रित भू-उपयोगको प्रवर्द्धन गरी मोटरचालित (motorized) यातायातको विकल्पमा साइकल र पैदल यात्राको प्रोत्साहन गरिनेछ । सार्वजनिक यातायात तथा निजी सवारीमा विद्युतीय साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ । सहरी क्षेत्रका उद्योगहरूलाई निश्चित क्षेत्र (Cluster) मा एकीकृत गरी वातावरण संरक्षण मापदण्ड अनिवार्य रूपमा पालना गराउने संयन्त्रको विकास गरिनेछ ।

**८. सामाजिक तथा नैतिक रूपमा जिम्मेवार, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील शिक्षा प्रणाली :** सामुदायिक विद्यालयहरूलाई सुदृढीकरण गरी राष्ट्रिय स्तरका निजी विद्यालय सरह प्रतिस्पर्धी बनाइनेछ । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसारको जनशक्ति उत्पादन गर्न प्रदेश सरकारसँगको सहकार्यमा विश्वविद्यालय र प्राविधिक शिक्षालय सञ्चालन गरिनेछ । सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू अपांगमैत्री बनाई फरक क्षमतावान् नागरिकको उच्च शिक्षा सुनिश्चित गरिनेछ ।

**९. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा :** सबै उमेरका नागरिकका लागि विविध सामुदायिक स्वास्थ्य सेवा तथा कार्यक्रमको सञ्चालन गरिनेछ । निःशुल्क आधारभूत स्वास्थ्य सेवा ( Universal Health Care) वडा स्तरबाट नै प्रदान गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । प्रदेश तथा संघीय संरचना र निजी स्वास्थ्य संस्थाहरूको सहकार्यबाट स्वास्थ्य बिमा, निरोधात्मक सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**१०. महानगरका सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको सहभागिता सुनिश्चितता :** महिलाहरूको ज्ञान, सीप र क्षमताको प्रवर्द्धन र उच्च मूल्यांकन र समान ज्यालाको सुनिश्चितताका लागि नीतिगत व्यवस्थासहित उनीहरूको आत्मनिर्भरतामा जोड दिइनेछ । सबै प्रकारका अपांगता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यन्वयन गरिनेछ ।

**११. सार्वजनिक सेवाको गुणस्तर सुधार र सबै नागरिकको पहुँच अभिवृद्धि :** डिजिटल माध्यमबाट नागरिकले प्राप्त गर्ने सेवाहरूबारे आवश्यक सूचना प्रवाह गर्न सहभागितामूलक नीति तथा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । लैंगिक समानता, सामाजिक समावेशीकरण, तथा प्रविधिको उच्चतम प्रयोग गर्दै महानगरको संस्थागत क्षमता वृद्धि गरिनेछ । महानगरका सबै नागरिकको आर्थिक सामाजिक अवस्थाको विवरण संकलन गरी केन्द्रकृत सर्भरमा नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ । सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी तुल्याइनेछ । कार्यसम्पादनमा आधारित वैज्ञानिक मूल्यांकनमार्फत् कर्मचारीलाई कामप्रति उत्तरदायी बनाइनेछ ।

**१२. तहगत सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिकबीच अर्थपूर्ण समन्वय, साझेदारी र सहकार्य :** महानगरपालिकाको सीमित स्रोत, साधन तथा क्षमताले मात्र विकास प्रक्रियालाई तीव्रता दिन र स्थानीय आवश्यकता पूरा गर्न सम्भव नहुने भएकाले अन्तरसरकार, निजी क्षेत्र, सहकारी र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई उच्च महत्व दिइनेछ । दूरगामी महत्वका तथा ठूला आयोजनाहरूको कार्यान्वयनमा प्रदेश तथा नेपाल सरकारसँगको साझेदारीलाई विशेष जोड दिइनेछ । कोभिडलगायत विपद् व्यवस्थापन, पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा सबै तहका सरकार, गैरसरकारी क्षेत्र, सहकारी, समुदाय तथा निजी क्षेत्रको साझेदारी तथा सहकार्यलाई विस्तार गरिनेछ ।

**१३. जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि :** सहज र छरितो सेवा प्रवाहका लागि चलायमान संगठन, सीपयुक्त तथा दक्ष जनशक्ति, विद्युतीय सुशासन तथा सूचना प्रविधिको प्रभावकारी उपयोग गरिनेछ । आयोजनाहरु समय भित्र गुणस्तरीय रूपमा सम्पन्न गर्न खरिद योजना तथा वार्षिक कार्यतालिका तयार गरी कार्यान्वयन गरिनेछ । कानुन तथा विधिको शासनको अनुसरण गर्दै नीति निर्माण, सेवा प्रवाह, कार्यसम्पादन र शासन सञ्चालन प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, जनताप्रति उत्तरदायी र संवेदनशील शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टि अभिवृद्धि गरिनेछ । नागरिक सन्तुष्टि, सामाजिक जवाफदेहिता, प्रमाणमा आधारित प्रतिवेदनमार्फत् वित्तीय अनुशासन तथा योजना अनुशासनलाई व्यावहारिक रूपमा अनुसरण गरिनेछ ।

**१४. कोभिड संक्रमण नियन्त्रण र व्यवस्थापनलाई प्रभावकारी गराउँदै यसबाट जीविका संकटमा परेकाहरूका लागि राहत, आयआर्जन तथा रोजगारी वृद्धिका अवसरहरू सिर्जना :** कोभिड संक्रमण नियन्त्रण, मानवीय तथा आर्थिक क्षति कम गर्दै दैनिक जीविका चलाउन नसक्ने भएका, रोजगारी गुमाएका तथा आर्थिक क्षतिको सामना गरेका वर्गको नक्सांकन गरी राहत, आम्दानी तथा रोजगारीको व्यवस्था गरिनेछ । यस कार्यमा अन्तरसरकारी र गैससँगको सहकार्य तथा साझेदारीलाई प्रभावकारी बनाइनेछ ।

## ३.८ परिमाणात्मक लक्ष्य निर्धारण

राष्ट्रिय तथा प्रदेशको परिमाणात्मक लक्ष्यका आधारमा दीर्घकालीन सोच तथा योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य मापनको प्रमुख सूचक समावेश गरी विकासको परिमाणात्मक लक्ष्य तय गरिएको छ । परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तहसम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम गरी देहायअनुसारको परिमाणात्मक लक्ष्य तय गरिएको छ । यद्यपि महानगरपालिकामा दिगो विकास लक्ष्यसँग सम्बन्धित सबै तथ्यांकहरू उपलब्ध नभएको र कतिपय लक्ष्य तथा परिसूचकहरू सान्दर्भिकसमेत नभएको हुँदा सबै लक्ष्य र परिसूचकहरूमा महानगरको लक्ष्य निर्धारण गर्न सकिएको छैन ।

*तालिका ७: आवधिक योजनाको परिमाणात्मक लक्ष्य*

| क्रसं | सूचक/लक्ष्य | इकाई | आधार वर्षसम्मको स्थिति | | | योजनाको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | महानगर | नेपाल | प्रदेश | महानगर |
| क. | **समष्टिगत गन्तव्य तथा सूचक** | | | | | | | |
| १ | मानव विकास सूचकांक | सूचकांक | ०.५७९ | ०.५९ | | ०.६२४ | ०.६५ | |
| २ | औसत आयु | वर्ष | ६९.७ | ७१.७ | | ७२ | ७७ | |

| क्रसं | सूचक/लक्ष्य | इकाई | आधार वर्षसम्मको स्थिति | | | योजनाको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | महानगर | नेपाल | प्रदेश | महानगर |
| ३ | प्रतिव्यक्ति वार्षिक औसत आय | अमेरिकी डलरमा | १०४७ | १०४३ | १६०५ | १५९५ | १९५६ | २००० |
| ४ | साक्षरता दर (१५ वर्षभन्दा माथि) | प्रतिशत | ६६ | ७४.८ | ९६.५ | ९६ | ९५ | ९७ |
| ५ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९ | | ६ | ४ | |
| ६ | निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या | प्रतिशत | १८.७ | १४.९ | | ११ | ७.४ | |
| **ख.** | **विषय क्षेत्रगत गन्तव्य तथा सूचक** | | | | | | | |
| १ | खाद्यान्न बालिको उत्पादकत्व (प्रतिहेक्टर) | मे.ट. | २.९ | २.७ | | ४ | ३.८ | |
| २ | खेतीयोग्य जमिनमध्ये सिञ्चित जमिन | प्रतिशत | ४५ | २७.४ | | ४५ | ३०.१ | |
| ३ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९ | | ६ | ४ | |
| ४ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ८२.५ | | ९९ | १०० | |
| ५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३७.८ | २६.२ | | ६० | ३७ | |
| ६ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ५५.४ | ४८ | | ८० | ८० | |
| ७ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९४.८ | | ९९.५ | ९९ | |
| ९ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४३.९ | ४४.७ | | ६५ | ६० | |
| १० | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४९.३ | ५३.७ | | ८० | ७७.४ | |
| ११ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ५७.४ | ६८.३ | | ७६ | ८८ | |
| १२ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ३९ | २७ | | २४ | २२ | |
| १३ | आधारभूतस्तरको खानेपानीबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८९ | ९१.१ | | ९९ | १०० | |

*स्रोत : प्रथम पञ्चवर्षीय योजना, गण्डकी प्रदेश, समीक्षा प्रतिवेदन, २०७७ र महानगरको प्रक्षेपण*

महानगरपालिकाले गण्डकी प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्रतिवेदनलाई आधार मानेर महानगर तहमा समेत दीगो विकास लक्ष्यहरूको स्थानीयकरण गर्ने प्रयास गरेको छ। दिगो विकाससँग सम्बन्धित पोखरा महानगरपालिकाका लागि सान्दर्भिक र तथ्यांक उपलब्ध भएका परिमाणात्मक लक्ष्य र सम्बद्ध परिसूचकहरू देहायका तालिमा प्रस्तुत गरिएको छ।

***दिगो विकास लक्ष्य २ : भोकमारी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने***

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| २.१.१ न्यून पोषित दर | **३८** | **१४** | **३** | **४१.७** | **१६** | **१** | २५ | १० | १ |
| २.१.२ प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | १९७ | ४१९ | ५३० | २३४ | ४०० | ५०० | १८२ | २०० | २५० |
| २.१.३ आफनो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्याको प्रतिशत | ४३.४३ | २५ | ३ | ४४.२ | १७ | ३ | ३० | १२ | ७ |
| २.१.४ सुकाउने, भण्डारण गर्ने र प्रशोधन गर्ने सुविधामा पहुँच | | | | | | | | | |
| २.२.१ पाँच वर्षमुनिका बालबालिकामा देखिने पुड्कोपना (२ वर्षसम्मका लागि उचाइ विश्व स्वास्थ्य संगठनको बालबालिका वृद्धि मानकका माध्यमवाट मानक विचलन)को अवस्था | ३५.८ | २० | १५ | २८.९ | १७ | १ | २० | ७ | १ |
| २.२.२ पाँच वर्षमुनिका बालबालिकामा कुपोषणको दर (उचाइअनुसार तौल कम हुने र बढी तौल र विश्व स्वास्थ्य संगठनको बालबालिका वृद्धि मानकका माध्यमवाट मानक विचलन) | ९.७ | ५ | ४ | ५.८ | १ | ०.५ | ४ | १ | ०.५ |
| २.२.३. प्रजनन उमेरसमूहका महिलाहरूमा रक्तअल्पताको स्थिति | ३३.५ | १८ | १० | २८.२ | १६ | १ | १४ | ८ | १ |
| २.२.४ वर्षमुनिका बालबालिकामा रहेको रक्तअल्पताको स्थिति | ५२.७ | २३ | १० | ४६.२ | १० | ५ | २५ | ५ | २ |
| २.३.१ सानास्तरका खाद्य उत्पादकहरूको औसत आय रु. मा | ३५५६० | | | ४४७०९ | ८३५५४ | १६२४३३ | ८०००० | १००००० | २००००० |
| २.४.१ उत्पदनशिल र दिगो कृषिअन्तर्गत रहेको कृषि क्षेत्रको अनुपात | | | | | | | २१.३ | १८ | १७ |
| २.४.१.२ हाल कायम रहेको कुल कृषिभूमि हेक्टरमा (हजारमा) | २५४८ | २६४१ | २६४१ | ३६२ | ३७५ | ३९० | ३० | ४० | ८५ |
| २.४.१.२ कुल खेतीयोग्य भूमिमध्ये वर्षैभर सिँचाइ सुविधा पुगेको भूमि (प्रतिशत) | | | | ४६ | ५५ | ६५ | ८० | ७५ | ७० |
| २.४.१.३ कुल कृषिभूमिमध्ये बाली लगाइएको भूमि ( | | | | ७५ | ७७ | ८० | ८० | ७५ | ७० |

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| प्रतिशत) | | | | | | | | | |

*दिगो विकास लक्ष्य ३ : सबै उमेर समूहका व्यक्तिका लागि स्वास्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने*

| परिणामात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| ३.१.१ प्रतिएक लाख जीवित जन्ममा मातृ मृत्युदर | २५८ | ९९ | ७० | २३९ | ९९ | ३५ | २३९ | ९५ | ३० |
| ३.१.२ दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | ५८ | ७९ | ९० | ६९.९ | ८० | ९४ | ६९.९ | ९० | ९३ |
| ३.१.३ पाठेघर खस्ने समस्या भएका महिलाहरूको संख्या | | | | | | | | | |
| ३.२.१ पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | ३९ | २४ | २० | २७ | २२ | १५ | २७ | २० | १५ |
| ३.२.२ नवजात शिशुको मृत्युदर ( प्रतिहजार जीवित जन्म) | २१ | १४ | १२ | १५ | १० | ३ | १५ | ७ | ५ |
| ३.३.१ नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख) | १७८१ | ६०६ | १८ | १०८ | ४५ | ४० | १०८ | ५५ | ५० |
| ३.३.२ क्षयरोग लाग्ने दर (प्रतिलाख जनसंख्यामा) | १११ | ५० | २० | ८१ | ३२ | १५ | १११ | १०० | ५० |
| ३.३.३ औलोज्वर लाग्ने दर (प्रतिलाख जनसंख्यामा) | १० | ४ | १ | ३ | <१ | <१ | ३ | <१ | <१ |
| क) कुष्ठरोग लाग्ने दर (प्रतिहजार जनसंख्या) | | | | | | | <१ | <१ | <१ |
| ख) कालाजारका बिरामी | | | | | | | <१ | <१ | <१ |
| ग) हात्तीपाइलेका बिरामी | | | | | | | <१ | <१ | <१ |
| घ) पछिल्लो दुई हप्तामा झाडा पखाला लागेका पाँच वर्षमुनिका बालबालिकाहरूको प्रतिशत | ७.६ | ४ | १ | ३.७ | ३ | १ | ३.७ | १.५० | १ |
| ३.४.१ ३० देखि ७० वर्ष उमेर समूहका मानिसहरूमा कार्डियोभास्कुलर रोग, क्यान्सर, मधुमेह वा श्वासप्रश्वाससम्बन्धी दीर्घरोगबाट हुने मृत्यु ( प्रतिहजारमा) | २.८ | २.१५ | १.९६ | - | - | - | २.८ | २.६ | १.८ |
| ३.४.१.१ कार्डियोभास्कुलर रोग | १.४४ | १.११ | १.०१ | - | - | - | १.४४ | १.३० | ०.९६ |
| ३.४.१.२ क्यान्सर | ०.६७ | ०.५२ | ०.४७ | - | - | - | ०.६७ | ०.५ | ०.४५ |
| ३.४.१.३ मधुमेह | ०.२७ | ०.२१ | ०.१९ | | - | - | ०.२७ | ०.२१ | ०.१८ |
| ३.४.१.४ श्वासप्रश्वाससम्बन्धी दीर्घरोग | ०.८ | ०.६२ | ०.५६ | - | - | - | ०.८ | ०.६ | ०.५३ |
| ३.४.२ आत्महत्याबाट हुने मृत्युदर ( हरेक १ लाख जनसंख्यामा) | १६.५ | ७.८ | ४.७ | - | - | - | १६.५ | १० | ५ |
| ३.४.३ विस्तृत सेवा (उपचार)का लागि पुनस्थापना केन्द्र गएका कडा | ४० | ६० | ७५ | - | - | - | ४० | ६० | ७५ |

| परिणामात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| लागुपदार्थ प्रयोगकर्ताहरूको प्रतिशत | | | | | | | | | |
| ३.६.१ सडक दुर्घटनावाट हुने मृत्युदर | १९.९ | ७.५ | ५.० | | | | | | |
| ३.७.१ आधुनिक विधि, साधनद्वारा परिवार नियोजनसम्बन्धी आवश्यकता पूरा भएका प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर) का महिलाहरूको अनुपात | ५६ | ७६ | ८० | ४७.५ | ६९ | ८५ | ४७.५ | ८० | ९५ |
| ३.७.२ परिवार नियोजनको साधनको व्यापकता दर (आधुनिक विधि, प्रतिशत) | ४२.८ | ५६ | ६० | ३७.३ | ५३ | ६५ | ३७.३ | ५५ | ६५ |
| ३.७.३ कुल प्रजननदर (१५ देखि ४९ वर्ष उमेरका प्रतिमहिलाले जन्म दिएका बच्चाको औसत संख्या) | २.३ | २.१ | २.१ | २ | २.१ | २.१ | २ | २ | २ |
| ३.७.४ किशोरीहरूको प्रजनन दर ( हजार किशोरी, महिलामा १० देखि १४ वर्ष र १५ देखि १९ वर्ष उमेर समूहहरूका उक्त उमेर समूहका हरेका १ हजार महिला | ७१ | ४३ | ३० | - | - | - | ७१ | ३० | १५ |
| ३.८.१ मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य जाँच, सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (जीवित जन्ममा) | ५३ | ८१ | ९० | ५९ | ८२.४ | ९० | ५९ | ९० | ९५ |
| ३.८.२ अस्पताल, स्वास्थ्य संस्थामा बच्चा जन्माउने प्रतिशत | ५७ | ७९ | ९० | ६८ | ७५ | ९५ | ६८ | ९६ | ९८ |
| ३.८.३ मापदण्डअनुसार तीन पटक प्रसवोत्तर सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत | १९ | ७५ | ९० | १४ | ६५ | ९५ | १४ | ५० | ७० |
| ३.८.४ हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | ८६ | ९५ | ९५ | ९४.७ | ९५ | ९९ | ९४.७ | ९५ | ९६ |
| ३.८.५ पाठेघरको क्यान्सरको जाँच, परीक्षण गरिएका ३० देखि ४९ वर्ष उमेरका महिलाहरूको प्रतिशत | १६.६ | ६३ | ९० | - | - | - | १६.६ | ६० | ७५ |
| ३.८.६ एन्टिरेटरोभइरल कम्बिनेसन थेरापी प्राप्त गर्ने एचआईभी संक्रमित व्यक्तिहरूको प्रतिशत | ३९.९ | ९३ | ९५ | - | - | - | ३९.९ | ९९ | १०० |
| ३.८.८ उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष माथिको पुरुषको जनसंख्याको प्रतिशत | ३३.४ | ५१.१ | ६० | ३२.१ | २० | १८ | ३२.१ | ३५ | ६५ |
| ३.८.९ उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्षमाथिका महिलाको जनसंख्याको प्रतिशत | ३४.३ | ५१.४ | ६० | ३८.१ | २० | १८ | ३८.१ | ४० | ६७ |
| ३.८.१० रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि सेवन गरिरहेका १५ वर्ष र सोभन्दा बढी उमेरका जनसंख्याको प्रतिशत | २५ | ४७ | ६० | - | - | - | २५ | ४५ | ६६ |

| परिणामात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| ३.८.११ घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवारको प्रतिशत | ६१.६ | ८०.६ | ९० | ५३.७ | ७७.४ | ९० | ५३.७ | ९५ | ९९ |
| ३.८.१२ स्वास्थ्य बिमामा सहभागी भएका गरिबहरूको प्रतिशत | ० | ७५ | १०० | - | - | - | ० | ८० | ९० |
| ३.८.१३ कुल पारिवारिक खर्च वा आम्दानीको हिस्साका रूपमा घरपरिवारको ठूलो खर्च स्वास्थ्यका लागी गर्ने जनसंख्याको अनुपात ( प्रतिशत) | ८.३ | ४ | २ | ८.३ | ५ | २ | ८.३ | ४.५ | २ |
| ३.८.१४ स्वास्थ्यसम्बन्धी कुल खर्चमध्ये आफ्नो खल्तीबाट बेहोर्नुपर्ने खर्चको प्रतिशत | ५३ | ४० | ३५ | - | - | - | ५३ | ३५ | २८ |
| ३.१०.१ राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीको सबै खोपहरूले समेटेको लक्षित जनसंख्यायको अनुपात | ८८ | ९५ | ९५ | ९३ | १०० | १०० | ९३ | ९५ | ९६ |
| ३.१०.२ कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेटको प्रतिशत | - | - | - | - | - | - | ३.४ | ८ | १० |
| ३.१०.३ अनुसन्धान र विकासका लागि स्वास्थ्य क्षेत्रको बजेटको प्रतिशत | | ३ | ३ | | १० | १० | - | ३ | ३ |
| ३.१०.४ सम्बन्धित अत्यावश्यक औषधिहरूको मुख्य संग्रह उपलब्ध भएका र दिगो रूपमा आर्थिक क्षमताले धान्न सकिने स्वास्थ्य केन्द्रको अनुपात | - | - | - | - | - | - | - | २५ | ४० |
| ३.१०.६ अत्यावश्यक औषधिहरूको मौज्दात शून्य नभएका सरकारी स्वास्थ्य स्वास्थ्यहरूको प्रतिशत | ७० | १०० | १०० | - | - | - | १०० | १०० | १०० |

***दिगो विकास लक्ष्य ४: समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने***

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| ४.१.१ प्राथमिक तह खुद भर्ना (१ देखि ५) | ९७.२ | ९८.५ | ९९ | ९६.७ | ९९ | ९९.५ | | ९९.५ | ९९.५ |
| ४.१.२ माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | | | | ४४.७ | ६० | ८१ | | ७०.० | ८०.० |
| ४.१.३ माध्यमिक तहमा कुल भर्नादर (९ देखि १२ | ८०.३ | ९५ | ९९ | ७३.७ | ९२.० | ९९ | | ९५.० | ९९.० |
| १. प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्राहरूको भर्ना अनुपात | ०.५३ | ०.८४ | १ | | | | | १ | १ |
| २. माध्यमिक शिक्षापछिको शिक्षामा छात्राहरूको भर्ना अनुपात | ०.८८ | ०.९६ | १ | | | | | १ | १ |

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| ३. छात्रवृत्ति (कुल विद्यार्थीहरूको छात्रवृत्ति पाउने प्रतिशत) | ३७ | ४०.३ | ४२ | | | | | ५० | ६० |
| १. प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्यकहरू प्रति ( संख्या हजारमा, वार्षिक) | ५० | ३५० | ४८० | | | | | ७५० | ८५० |
| २. काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या (प्रतिशत) | २५ | ५८ | ७५ | | | | | ७० | ८० |
| ३. इन्टरनेट प्रयोगकर्ताहरू (वयस्क जनसंख्याको प्रतिशत) | ४६.६ | ७८.९ | ९५ | | | | | ९० | ९५ |
| १. प्राथमिक शिक्षामा लैंगिक समता सूचकांकहरू (कक्षा १ देखि ५) | १.०२ | १.०१ | १ | १.०३ | १ | १ | | १ | १ |
| २. लैंगिक समता सूचकांकहरू (माध्यमिक विद्यालय) | १ | १ | १ | १ | १ | १ | | १ | १ |
| ३. साक्षरतामा आधारित लैंगिक समता सूचकांकहरू (१५ वर्षमाथिका) | ०.६२ | ०.८७ | १ | | | | | १ | १ |
| २. १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर (प्रतिशत) | ८८.६ | ९८ | ९९ | ८६.३५ | ९६ | ९९ | | १०० | १०० |
| ३. १५ देखि २४ वर्ष उमेर समूहको पुरुष साक्षरता दर (प्रतिशत) | ९४.४ | ९० | ९९ | ८६.३ | ९६ | ९९ | | १०० | १०० |
| १३. प्रतिविद्यार्थी सार्वजनिक खर्च ( प्रतिहजारमा आधारभूत शिक्षा) | १५ | २५ | ३० | १५ | २६ | ३२ | | ३० | ४० |
| १. विद्युत्मा पहुँच भएका विद्यालयहरू ( प्रतिशत) | | | | | | | | १०० | १०० |
| २. इन्टरनेटमा पहुँच विद्यालयहरू ( प्रतिशत) | ३.९ | ६५.८ | ९९ | | | | | ९५ | १०० |
| ३. खानेपानी, सरसफाइ र स्वच्छता (वास) सुविधाहरू भएका आधारभूत विद्यालयहरू (प्रतिशत) | ८० | ९१.९ | ९९ | | | | | ९५ | १०० |
| ४. अपांगमैत्री विद्यालयहरू (प्रतिशत) | | | | | | | | ५० | १०० |
| २. न्यूनतम रूपमा संगठित व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) | ९५.५ | ९८.४ | १०० | | | | | ९९ | १०० |
| ३. न्यूनतम रूपमा संगठित, व्यवस्थित शिक्षक तालिम प्राप्त गरको माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकको अनुपात ( प्रतिशत) | ९५.४ | ९८.५ | १०० | | | | | ९९ | १०० |

***दिगो विकास लक्ष्य ५: लैंगिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकाहरूलाई सशक्त बनाउने***

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| १. समान कामका लागि ज्यालामा | ०.६ | ०.८ | ०.९२ | | | | ०.६ | ०.६ | ०.६ |

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| समानता (पुरुषको तुलनामा महिलाहरूको ज्यालाको अनुपात) | २ | ७ | | | | | २ | ५ | ९ |
| १. जीवनभर शारीरिक तथा यौन हिंसा भएका (प्रतिशत) | २८.७ | १२.८ | ५ | १६.९ | १० | २ | १६.९ | ०.८ | ०.५० |
| ५.२.२ उमेर र घटनास्थलका आधारमा विगत १२ महिनामा पति वा अन्तरंग साथीभन्दा बाहेकको व्यक्तिहरूबाट यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला, किशोरी तथा बालबालिकाहरूको अनुपात | | | | | | | १६ | ५ | ० |
| १. यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) | ६.९ | ६.५ | १ | ४.९ | ३ | २ | ४० | २ | १ |
| १. १५ वर्षभन्दा कम उमेरमा विवाह भएका वा बन्धनमा रहेका २० देखि २४ वर्ष उमेर समूहका महिलाहरूको अनुपात | ७.२ | २.७ | ०.५ | ७.४ | २ | ०.५ | २ | ०.७५ | ०.२५ |
| १८ वर्षभन्दा कम उमेरमा विवाह भएका वा बन्धनमा रहेका २० देखि २४ वर्ष उमेर समूहका महिलाहरूको अनुपात | ४०.५ | | | ३१.६ | ५ | १ | ३ | २ | ०.२५ |
| १. श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | ६५.८ | ९८ | १०० | ७४ | ९५ | १०० | ९८ | ९९ | १०० |
| २. घरायसी र हेरचाहजन्य काममा खर्चेको समयको अनुपात (प्रतिशत) | १६.५ | ७.५ | ३ | १९.१ | ७.१ | ३ | | | |
| ३. घरायसी र हेरचाहजन्य काममा पुरुषले खर्चेको समयको अनुपात (प्रतिशत) | १०.२ | ५.४ | ३ | १२.४ | ५.६ | ३ | | | |
| ४. घरायसी र हेरचाहजन्य काममा महिला जनसंख्याले खर्चेको समयको अनुपात (प्रतिशत) | २१.९ | ९.३ | ६ | २४.४८ | ८.६ | ३ | | | |
| १. नगरसभामा महिला सहभागिता (प्रतिशत) | | | | | | | १८ | ३३ | ५० |
| २. कार्यपालिकामा महिला सहभागिता | | | | | | | ३८ | ४५ | ६० |
| ३. व्यवस्थापकीय पदहरूको महिलाहरूको अनुपात | | | | | | | ७ | १४ | २२ |
| ४. निजी क्षेत्रको निर्णायक तहमा नगरस्तरीय संघ वा तथा महासंघहरूमा महिलाहरूको सहभागिता (प्रतिशत) | | | | | | | १५ | २५ | ४० |
| ५. सहकारी क्षेत्रको नेतृत्वा महिला सहभागिता | ५० | ५० | ५० | | | | ५५ | ६५ | ९० |
| ७. व्यावसायिक र प्राविधिक श्रमीकहरूमा महिलापुरुष अनुपात (प्रतिशत) | २४ | ३५ | ४० | | | ४० | ३० | ४० | ६० |

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| ५.६.१.१ किशोरीहरू र महिलाहरूमा प्रजनन अधिकारहरूबारे सजगता ( प्रतिशत) यौन सम्बन्ध, परिवार नियोजनका साधनको प्रयोग, र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचीत निर्णय लिने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात | १९ | ८० | ९० | १९.३ | ६६.८ | ९० | ७५ | ८० | ९० |
| २. जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात (प्रतिशत) | २२.२ | ३४.१ | ४० | २२.६ | ३३.९ | ४० | ३५ | ४० | ५५ |
| ३. सम्पत्ति र घरमाथि महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात (प्रतिशत) | ११.७ | ३०.६ | ४० | १३.०१ | ३०.६ | ४० | ३५ | ४० | ४५ |
| ४. महिलाहरूको सम्पत्ति (जमिन र घर) माथिको स्वामित्व भएका घरपरिवारको अनुपात (प्रतिशत) | ११.८ | ३५.३ | ४० | १३.०९ | ३०.६ | ४० | ३३ | ९८ | ६० |
| १५ देखि ४९ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको अनुपात | ७२.६ | ९०.१ | १०० | ८४.४ | ९० | १०० | ९५ | ९८ | १०० |
| १५ देखी ४९ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने पुरुषको अनुपात | ८९.३ | ९६.४ | १०० | ९०.९ | ९५ | १०० | ९६ | ९८ | १०० |
| १५ देखि २४ वर्ष उमेर समूहका महिलाबाट इन्टरनेट (प्रतिशत) | १९.६ | ७१.९ | ९८ | ३७.७१ | ६० | ९९ | | | |
| १. लैंगिक समानता र महिलाहरूको सशक्तीकरणका लागि महानगरपालिकाद्वारा छुट्याइएको बजेटको अनुपात | | | | | | | ५ | १० | १२ |

***दिगो विकास लक्ष्य ६ : सबैका निम्ति सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने***

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश लक्ष्य | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| २. सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | १५ | ६५ | ९० | - | - | - | | | |
| ३. धाराबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | ३३.३ | ७६.५ | ९० | ५०.४ | ६५ | ९० | ५०.४ | ८० | ९० |
| ४. आधारभूत खानेपानी आपूर्तिको विस्तार (प्रतिशत) | ९४.९ | ९७.६ | ९९ | ९१.१ | १०० | १०० | ९१.१ | ९३ | ९६ |
| १. आधुनिक सरसफाइ सुविधाको एकलरूपमा प्रयोग घरपरिवारहरू ( प्रतिशत) | ६४.६ | ८५.७ | ९५ | ७३.६ | ८५ | ९९ | ७३.६ | ८० | ९० |
| २. ढल निकासमा जोडिएका शौचालय भएका सहरी घरपरिवारहरू (प्रतिशत) | ३० | ७४ | ९० | - | - | - | ३० | ८० | ९० |
| ३. शौचालय प्रयोग गर्ने जनसंख्या ( प्रतिशत) | ६७.६ | | ९८ | ८१.४ | ९२ | ९९ | ८१.४ | ८५ | ९० |

*दिगो विकास लक्ष्य ७ : खर्चले धान्न सकिने भरपर्दो दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने*

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| ७.१.१ विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | ७४ | ९०.७ | ९९ | ८२.५ | १०० | १०० | | १०० | १०० |
| ७.१.२ प्रतिव्यक्ति ऊर्जा (अन्तिम) उपभोग (किलोवाट प्रतिघण्टा) | ८० | १०२७ | १५०० | १९० | ७५० | १७०० | | १००० | २५०० |
| १. खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत) | ७४.७ | ४५ | ३० | ६९.३ | ५९ | ४५ | | ३० | ५ |
| २. खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने परिवार (प्रतिशत) | १८ | ३२.० | ३९ | ३४.४ | ३६ | ४० | | २६ | १५ |
| ३. विद्युत् खपत, उपभोग (प्रतिव्यक्ति किलोवाट घण्टा) | ८० | १०२७ | १५०० | १९० | ७५० | १७०० | | १००० | २००० |
| ७.१.१. सार्वजनिक यातायात प्रणालीमा विद्युत्बाट चल्ने सवारीसाधनहरू (प्रतिशत) | १ | ३५ | ५० | ० | १० | ५० | | १ | १० |

*दीगो विकास लक्ष्य ९: उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दीगो औद्योगिकीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने*

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० |
| ९.१.१ बाह्रै महिना सञ्चालनयोग्य सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | ७८.८ | ९२.९ | १०० | ८५ | ९६.३ | १०० | | ७५ | ८० |
| ९.१.२. सडक घनत्व (किमि, वर्गकिमि) | ०.५५ | | १.५० | ०.४९ | ०.६१ | ०.७९ | | ०.६१ | ०.७९ |
| ९.२.१ पक्की कालोपत्रे सडकको घनत्व (किमि, वर्गकिमि) | ०.०१ | ०.१७ | ०.२५ | ०.०४ | ०.१५ | ०.३२ | | | |
| १. कुल रोजगारीमा उत्पादन क्षेत्र रोजगारीको अनुपात | १०.५ | | १३ | ६.५ | १९.६ | २५ | | | |
| २. प्रविधिका आधारमा मोवाइल नेटवर्क समेटेको जनसंख्याको अनुपात | ९४.५ | ९८.२ | १०० | | ९५ | १०० | | १०० | १०० |

*दीगो विकास लक्ष्य : ११ सहरहरू एवम् मानव बस्तीहरूलाई समावेशी सुरक्षित, उत्थानशील र दीगो बनाउने*

| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० |
| १. गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या (हजारमा) | ५०० | २५० | १२५ | | | | | १०००० | ७००० |
| २. खरले छाएका घरधुरी | ९.५ | ६.५० | ५ | १०.७ | ३ | २ | | ० | ० |
| ३. अपर्याप्त आवासमा बसोबास गर्ने | ६७.८ | २५.९३ | ५ | ६२.५ | २६.२ | ५ | | १५ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जनसंख्याको अनुपात | | | | | | | | | |
| ४. सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार (प्रतिशत) | २९.८ | ४९.९ | ६० | २७.२ | ३७ | ६१ | | ५० | ६५ |
| १. सुरक्षित सार्वजनिक यातायातको उपलब्धता (प्रतिशत) | ०.१ | ३३.४ | ५० | | | ५० | | ८० | ९० |
| २. घरवाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | ५०.५ | ७०.५ | ८० | ४७.५ | ६० | ९० | | ७० | ८० |

***दीगो विकास लक्ष्य १६ : दीगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी जवाफदेही र समावेशी संस्था निर्माण गर्ने***


| परिमाणात्मक लक्ष्य तथा सूचक | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेश | | | पोखरा महानगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | २०१५ | २०२३ | २०३० |
| १६.१.१ महानगरपालिकामा वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दाको संख्या | | | | | | | ३०० | १५० | २५ |
| १६.१.२ महानगरपालिकाभित्र एक वर्षमा भएका सम्बन्धविच्छेदका मुद्दा | | | | | | | | | |
| १६.१.३ गैरन्यायिक हत्या प्रहरी | | | | | | | १२३ | ७५ | ३० |
| १६.१.४ महानगरमा आधार वर्षमा मानसिक रोगीको संख्या | | | | | | | | | |
| १६.२.१: महानगरभित्र रहेका सडक बालबालिकाको संख्या | | | | | | | ८९ | १० | ५ |
| १६.२.२: घरेलु श्रमिकका रूपमा रहेका बालबालिकाको संख्या | | | | | | | | | |
| १६.२.३: बाल यौनहिंसामा परेका बालिकाहरूको जनसंख्या | | | | | | | ६१ | ५० | १२ |
| १६.२.४: महानगरपालिकाभित्र रहेका बालगृहको संख्या | | | | | | | ४२ | ३५ | १० |
| १६.६.१: नियमित रूपमा सार्वजनिक सुनुवाइ गर्ने वडाहरूको अनुपात | | | | | | | ८० | ९० | १०० |
| १६.६.२: नियमित रूपमा सार्वजनिक सुनुवाइ गर्ने महानगरपालिकाभित्र रहेका सहकारीहरूको संख्या | | | | | | | १०० | १०० | १०० |
| १६.६.३: नियमित रूपमा सार्वजनिक सुनुवाइ गर्ने सामुदायिक वनहरूको संख्या | | | | | | | ७० | ९० | १०० |
| १६.६.५ सेवा कार्यविधि भएका वडाहरू र महाशाखाहरूको अनुपात | | | | | | | ७० | ९० | १०० |
| १६.७.१: वडा भेलाद्वारा वार्षिक योजना स्वीकृत गर्ने वडा | | | | | | | १०० | १०० | १०० |
| १६.७.२ मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | | | | | | | १०० | १०० | १०० |

# परिच्छेद चार :
# आर्थिक विकास योजना

## ४.१ आर्थिक विकासको ढाँचा

पोखरा महानगरपालिकामा प्रकृतिप्रदत्त स्रोतसाधन र संविधानप्रदत्त अधिकारको समुचित उपयोग गर्दै महानगरमा सम्भाव्य देखिएका सबै क्षेत्र तथा उपक्षेत्रहरूमा लगानी र उत्पादकत्व अभिवृद्धि गरी हरित, समावेशी र उत्थानशील आर्थिक विकासमार्फत् रोजगार सिर्जना तथा आयआर्जनमा बढोत्तरी ल्याएर नगरबासीको प्रतिव्यक्ति आयमा उल्लेख्य सुधार गर्न सहभागितामूलक र समाजवाद उन्मुख आर्थिक विकासको अवधारणाअनुसार कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय स्तरमा उपलब्ध उत्पादनका साधन र प्राकृतिक स्रोतहरूको संरक्षण संवर्द्धन र दीगो व्यावसायीकरण मार्फत् स्थानीय स्तरमै पुँजी निर्माण गर्ने, उन्नत प्रविधिको विकास र प्राप्ति गर्ने र युवा जनशक्तिलाई उत्पादन र बजारसँग जाड्ने आर्थिक क्रियाकलापहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।आर्थिक क्रियाकलापहरूबाट प्राप्त प्रतिफलको समन्यायिक वितरणका लागि उपयुक्त कानुनी संरचना र संस्थागत सुशासनको प्रत्याभूति गरिनेछ। उपरोक्त ढाँचाको आर्थिक विकासका लागि निम्नलिखित रणनीति अपनाइनेछ।

१. **स्थानीय पुँजी निर्माण** : असंगठित रूपमा रहेका नागरिकहरू, बैंक वित्तीय संस्था तथा सहकारीहरू र सामुदायिक संस्थाहरूको संगठित सहकार्यमा स्थानीय स्तरमा नै पुँजी निर्माणलाई प्रोत्साहन गरी परिचालन गर्ने व्यवस्था मिलाउने।




२. **विदेशी लगानी र प्रविधि हस्तान्तरण** : पोखरा महानगरपालिकाका तुलनात्मक र प्रतिस्पर्धी लाभका क्षेत्रमा पर्यटन तथा सेवा उद्योगलाई विश्वस्तरीय बनाउन स्थानीय रैथाने व्यवसायलाई प्रतिकूल असर नगर्ने गरी विदेशी लगानी आकर्षित गर्न र प्रविधि हस्तान्तरणमा जोड दिने।

३. **दक्ष र जिम्मेवार निजी क्षेत्रको प्रवर्द्धन** : व्यावसायिक दक्षता र व्यवस्थापकीय कौशलका साथै कानुनी राज्य र समाज प्रति उत्तरदायी स्थानीय निजी क्षेत्रको प्रवर्द्धनमा जोड दिने।

४. **पर्यटन प्रवर्द्धन र आर्थिक समृद्धि** : समुन्नत पर्यटकीय पोखराको दीर्घकालीन लक्ष्य हासिल गर्ने र समाजवाद उन्मुख स्थानीय अर्थतन्त्र निर्माणका लागि महानगरले कानुनी राज्य र सुशासनको प्रत्याभूतिमार्फत् अनुकूल व्यावसायिक वातावरण निर्माणमा भूमिका निर्वाह गर्नेछ। पर्यटकीय सहर पोखरामा हरित समावेशी र उत्थानशील अर्थिक विकास सुनिश्चित गर्न महानगरले आवश्यकता र औचित्यताका आधारमा नागरिक समुदाय र निजी क्षेत्रसँग उपयुक्त ढाँचामा प्राकृतिक स्रोतसाधनका साथै लगानी (लागत)मा समेत साझेदारी गर्नेछ।

५.**साझेदारी मोडलको विकास** : नेपालको संविधानले निर्दिष्ट गरेबमोजिमको खुला बजार प्रणालीमा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि महानगरपालिका, स्थानीय समुदाय, नागरिक र निजी क्षेत्रको

साझेदारीमा उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगार सिर्जना र बजार प्रणालीलाई मर्यादित तथा व्यवस्थित गर्ने सहभागितामूलक आर्थिक विकास ढाँचा अवलम्बन गरिनेछ ।

## ४.१ पर्यटन विकास

### ४.१.१ पृष्ठभूमि तथा सिकाइ

पोखराको उत्तरतर्फ रहेको अन्नपूर्ण हिमालको सन् १९५० मा भएको सफल आरोहणपश्चात् (१९५१ देखि) नै नेपाल पर्यटकीय गन्तव्यका रूपमा विश्वबजारमा परिचित भएको हो । यो नै नेपालमा व्यावसायिक पर्यटन उद्योगको विकास र विस्तारमा सुरुवाती कोशेढुङ्गा भएको मानिन्छ । पोखरामा पर्यटन कार्यालय र नेपाल पर्यटन बोर्डको क्षेत्रीय कार्यालय स्थापना भएपछि निजी क्षेत्रका उद्योग वाणिज्य संघ र व्यावसायिक रूपमा पर्यटन गतिविधि सञ्चालन गर्दै आएका होटल, रेस्टुरेन्ट, ट्राभल्स तथा ट्रेकिङ एजेन्सीहरूले पर्यटकीय सेवा सुविधासम्बन्धी गतिविधि सञ्चालन गर्दै आएका छन् । निजी क्षेत्रको सामूहिक प्रयत्नमा पर्यटन विकास तथा प्रवर्द्धन गर्ने हेतुले २०५३ सालमा पोखरा पर्यटन परिषद्को स्थापना भई पर्यटनसम्बन्धी प्रवर्द्धनात्मक गतिविधि सञ्चालन हुदै आएको छ ।

राजधानीलगायतका सहरबाट हवाई तथा स्तरीय बस सेवामार्फत् नियमित आवागमनको सुविधासहित पर्यटकका लागि आवश्यक खाना तथा आवासको स्तरीय सेवा पोखरामा उपलब्ध छ । यद्यपि सेवा प्रदायकको वृद्धिको तुलनामा पर्यटक आगमन संख्यामा उल्लेख्य वृद्धि हुन सकेको देखिँदैन । पोखराको धार्मिक तथा प्राकृतिक सम्पदाबारे चासो राख्ने पर्यटकका लागि आवश्यक जानकारी प्रदान गर्ने आधिकारिक सूचना केन्द्रमा हुनु र अर्कोतिर अतिथि सत्कार, पर्यटन, सरसफाइ र खाना तथा आवास प्रबन्धका लागि तालिम प्राप्त जनशक्तिको अभाव रहनु प्रमुख चुनौती रहेका छन् । यसर्थ पोखराको पर्यटन विकासका लागि महानगरले नीतिगत व्यवस्था र आवश्यक संरचनाको विकास गर्नु आवश्यक छ ।

विश्व पर्यटन बजारसम्म प्रवर्द्धनात्मक गतिविधिमा जोडदिनुका साथै व्यावसायिक दक्षता अभिवृद्धिको आवश्यकता छ । पोखरा जाने आउने सडक सञ्जालको स्तरोन्नति र नयाँ पदमार्ग खोल्नुका साथै पर्यटन सचेतना, स्वास्थ्य सरसफाइ र दक्ष जनशक्तिको व्यवस्थापन गर्नु आवश्यक छ । पोखरा ध्यान योग, तपोसाधना, ज्ञानसाधना, साहित्य तथा कला साधना र प्राकृतिक सौन्दर्य साधनका दृष्टिले समेत उर्वर रहेको छ । विशेषगरी धार्मिकभन्दा साहसिक र घुमफिर गर्ने पर्यटकको संख्यामा र बाह्यभन्दा आन्तरिक पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको देखिन्छ ।

### ४.१.२ सम्भावना र अवसर

प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण पोखरा नदीहरू, तालहरू, हरियाली वातावरण, सुन्दर जंगल, विविध सांस्कृतिक विविधताका साथै मनोरम माछापुच्छ्रे हिमशृंखलाको दृश्य फेवा तालमा छायाका रूपमा देखिनु आकर्षणको केन्द्रका रूपमा स्थापित छ । अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा-दिल्ली यातायात, विभिन्न सहरहरूसँग भगिनी सम्बन्ध स्थापना र अझै विस्तारका सम्भावनाहरू, पर्याप्त स्तरीय होटल तथा रेस्टुरेन्टहरू, अंग्रेजी भाषामा दखलसहितको दक्ष जनशक्तिको उपलब्धता, संगठित पर्यटन व्यवसायी क्षेत्र यसका सबल पक्षहरू हुन् । पर्यटकीय

उत्पादकहरूमा विविधता ल्याई पयर्टकको बसाइ लम्ब्याउने गुणस्तर र विश्वासिलो सेवा तथा वस्तुहरूको उपलब्ध गराई दैनिक खर्च रकम बढाउने पर्यटन व्यवसायको दक्षतामा अभिवृद्धि गरी यसलाई थप प्रवर्द्धन गर्ने अवसर रहेको छ ।

पोखराको पर्यटन प्रवर्द्धन र बजारीकरणका लागि सन् १९९० को दशकदेखि नै सरकारी तथा निजी क्षेत्रबाट प्रयास हुँदै आएको देखिए पनि नेपाल पर्यटन बोर्डको गठनपछि यस कार्यमा थप तत्परता एवम् निरन्तरता देखिन्छ । यद्यपि, पोखराको पर्यटन प्रवर्द्धनबारे प्रयोग गरिएका विभिन्न माध्यमहरूमा सञ्चार जगत् र इन्टरनेटको भूमिका न्यून रहेको विभिन्न अध्ययनले देखाएका छन् । तसर्थ पछिल्लो समय आम जीवनको अभिन्न अंग बनेको सूचना प्रविधिमा आधारित बजार प्रवर्द्धनका उपाय (च्यानलहरू)ले प्रदान गरेको अवसरलाई पोखराका पर्यटन व्यवसयीलगायत महानगरपालिकाले भरपुर उपयोग गर्नुपर्नेछ । पोखराको पर्यटनको बजारीकरणमा सबैभन्दा बढी यो स्थान भ्रमण गरी फर्किएका व्यक्तिहरूको मौखिक वर्णनको महत्वपूर्ण भूमिका रहन्छ अतः यहाँ आउने पर्यटकहरूलाई  उत्कृष्ट आतिथ्य सेवा द्वारा सन्तुष्ट बनाएर एक पटक आएको पर्यटक पुनः पटक पटक आउने वातावरण बनाउने सके अझै सहज रूपमा यसको प्रवर्द्धन हुन निश्चित छ ।

पर्यटकीय सेवा सुविधाहरूको सन्दर्भमा पोखरा महानगर र समीपका स्थानमा रहेका हरियाली, हिमशृंखला र तालहरूमा पैदल तथा साइकल मार्गसहित गुणस्तरीय सडक सञ्जालहरूको निर्माणले पर्यटक उत्पादनहरूको विस्तार र विविधीकरण गर्न सक्छ । त्यसैगरी यहाँको कृषिसँग जोडेर पर्यापर्यटनको विकास गर्ने महानगरमा पर्यटन महाशाखा गठन तथा विस्तार पर्यटन गन्तव्य स्थलहरूको सूची निर्माण तथा प्रचारप्रसारमा जोड दिने कार्यले पर्यटन प्रवद्धनमा सघाउ पुग्ने देखीन्छ । पोखरा केन्द्र बनाई हिमाल आरोहण, पदयात्रा र साइकल मार्गहरू पहिचान र विकास गरी एकीकृत प्याकेजहरूको डिजाइन र प्रवर्द्धनको व्यापक सम्भावना छ ।

### ४.१.३ समस्या तथा चुनौती

पोखरादेखि ग्रामीण पर्यटकीय केन्द्रसम्म जोड्ने पक्की एवम् सुरक्षित सडक निर्माण नभएको एवम् नियमित यातयातको अभावका कारण विगतमा सुरुवात भएका कतिपय खेलकुद प्रतियोगिता एवम् साहसिक गतिविधिहरूको व्यापक सम्भावना भए पनि नियमित सञ्चालन हुन सकेका छैनन् । पोखरामा रहेका फेवा तथा बेगनास तालमा डुङ्गा सयर गर्दा एवम् प्याराग्लाइडिङ उडान गर्दा पटक पटक दोहरिने दुर्घटनाले पनि साहसिक पर्यटनमा जोखिम बढ्दै गएको अवस्था छ । यस बाहेक सन् २०१९ को मार्चदेखि सुरु भएको कोभिड महामारीसँगै शून्यतामा झरेको पर्यटक आगमनका कारण ६० प्रतिशत मजदुर र ३० प्रतिशत व्यवसायीहरू पर्यटन व्यवसायबाटनै पलायन हुँदा नयाँ अवस्थामा पर्यटन उद्योगलाई पुरानै लयमा फर्काउन चुनौती थपिएको छ

संख्यात्मक रूपमा बढ्दै गएका पर्यटकीय सेवा प्रदायकहरूबीच अस्वस्थ प्रतिस्पर्धाले सेवाको मूल्यमा अस्वस्थ प्रतिस्पर्धा सिर्जना भएकाले होटलहरूलाई व्यवसायमा टिक्न कठिन भएको गुनासो पनि सुनिन्छ । तसर्थ, आतिथ्य सेवा, आवास सुविधा तथा खानाको उपयुक्त मापदण्ड र अनुगमनको अभावमा गुणस्तरीय पर्यटनमा ह्रास आँउदै गएको र भविष्यमा सम्पूर्ण पोखराको पर्यटनको गुणस्तरमै प्रश्न उठ्ने जोखिम देखिएको छ । पोखरामा रहेका ताल, सिमसार र सार्वजनिक जमिनको संरक्षण एवम् व्यवस्थापन गर्नेतर्फ सम्बन्धित सरोकारवालाहरूका बीच

नीतिगत ठोस पहल र कार्यक्रमको अभाव छ । अर्कोतर्फ यस क्षेत्रका छहरा, गुफा, पहरा, ऐतिहासिक मन्दिर, दरबारको भग्नावशेष आदिको संरक्षण, व्यवस्थापन र सौन्दर्यीकरण गरी पर्यटन विकास गर्न आवश्यक अध्ययन अनुसन्धान र पहल कदमीको अभाव छ ।

पोखराको पर्यटन प्रवर्द्धनमा स्थानीय सरकार, नेपाल पर्यटन वोर्ड एवम् निजी क्षेत्रका उद्योग वाणिज्य, पर्यटन विकासमा संलग्न सामुदायिक तथा व्यवसायी संघसंस्थाहरूबीच  सहकार्य र समन्वयको अभाव पनि एक चुनौतीको रुपमा रहेको छ । पोखरामा पर्यटकीय आकर्षणका रूपमा रहेका ताल, नदी, खोंच, गुफा परिसरमा आवश्यक सरसफाइ, व्यवस्थापन र संरक्षणसम्बन्धी आवश्यक जनशक्ति, सामग्री तथा आधुनिक उपकरणको कमी पनि चुनौती हो । यी समस्या र चुनौती चिर्दै नयाँ अवसर र सम्भावनाहरूलाई आत्मसात् गरी पोखराको पर्यटन उद्योगलाई कोभिडपूर्वको अवस्थामा फर्काउन र स्थानीय अर्थतन्त्रमा यसको योगदान अभिवृद्धि गर्ने दिशामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी पोखरा महानगरको काँधमा आएको छ ।

## ४.१.४ लक्ष्य र उद्देश्य

बदलिँदो परिवेशमा पर्यटन व्यवसायलाई नयाँ तरिकाले विकसित गरी पोखरालाई एक उच्च मूल्यवान् (हाई भ्यालु) पर्यटन गन्तव्यका रूपमा विकास गरी विश्व मानचित्रमा एक पटक भ्रमण गर्नै पर्ने पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्नु यो योजनाको मुख्य लक्ष्य हो । प्रस्तुत लक्ष्य प्राप्तीका लागि योजनाले देहायका उद्धेश्य लिएको छ ।

१. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न महानगरपालिकामा कानुनी र संस्थागत संरचना निर्माण तथा आवश्यक योजनाहरू तर्जुमा गरी पर्यटन उद्योगको दिगो र उत्थानशील वृद्धिको मार्गचित्र कोर्ने ।
२. बदलिँदो परिवेशअनुसार पर्यटन उद्योगको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम् विस्तार गर्ने ।
३. पोखरालाई विश्व पर्यटन गन्तव्यको प्रमुख केन्द्रमध्ये एकका रूपमा विकास गरी स्थानीय स्तरमा आकर्षक रोजगारी तथा आयआर्जनका अवसरहरू विस्तार गर्ने ।

## ४.१.५ रणनीति र कार्यनीति

*तालिका ८ : पर्यटन विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न महानगरपालिकामा कानुनी र संस्थागत संरचना निर्माण तथा आवश्यक योजनाहरू तर्जुमा गरि पर्यटन उद्योगको दिगो र उत्थानशील वृद्धिको मार्गचित्र कोर्ने | | | |
| १.१ | महानगरपालिकामा पर्यटन विकासका लागि नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने । | १.१.१ | नगर कार्यपालिकाको कार्यालयमा पर्यटन विकास महाशााखाको स्थापना गरी सेवा विस्तार गर्ने । |
| | | १.१.२ | पर्यटन संवद्ध पक्षहरूको सहभागितामा पोखराको पर्यटन उद्योगलाई विश्वस्तरीय, दीगो र उत्थानशील बनाउन आवश्यक नीति योजना र कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने । |
| १.२ | पर्यटन उद्योगसम्बद्ध निजी संघसंस्था र अन्य सरोकारवालाहरूसँगको सहकार्यमा | १.२.१ | पर्यटकीय संपदाहरूको संरक्षण र सौन्दर्यीकरणमा जोड दिँदै पर्यटकीय सेवासुविधा र उपजको विस्तार र विविधीकरण गर्ने । |
| | | १.२.२ | स्थानीय स्रोतसाधन र उत्पादनलाई पर्यटन उद्योगसँग जोडेर |

| | | | |
|---|---|---|---|
| | पर्यटकीय सेवाको गुणस्तर सुधार तथा प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने । | | स्थानीय समुदायमा उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्न साना तथा मझौला व्यावसायिको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । |
| उद्देश्य २: बदलिँदो परिवेशअनुसार पर्यटन उद्योगको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम् विस्तार गर्ने । | | | |
| २.१ | संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा पर्यटन उद्योगको विकास तथा विस्तारका दृष्टिले रणनीति महत्वका पूर्वाधारहरू (सडक, विमानस्थल, पुल आदि) विकासमा जोड दिने । | २.१.१ | निर्माणको अन्तिम चरणमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनलाई सहज बनाउन महानगरको फोहोर व्यवस्थापन केन्द्र (ल्यान्डफिल साइट) स्थानान्तरण वा थप व्यवस्थित गर्ने । |
| | | २.१.२ | पोखरालाई संघीय राजधानी काठमाडौं र अन्य प्रमुख सहरहरूसँग जोड्ने रणनीतिक सडकहरू (पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र मध्यपहाडी राजमार्ग) स्तरोन्नरि र समयमा नै निर्माण सम्पन्न गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने । |
| २.२ | छिमेकी स्थानीय तहहरू, निजी व्यावसायिक संघसंस्थाहरू र समुदायको सहकार्यमा पर्यटकीय स्थल र पूर्वाधारहरूको संरक्षण संवर्द्धन र विस्तार गर्ने । | २.२.१ | बदलिँदो परिवेशअनुसार नयाँनयाँ पर्यटन गन्तव्यहरू र पर्यटन उत्पादनहरूको विकास गर्न सम्भाव्य स्थानहरूको सूची ( प्रोफाइल) तयार गरी समुचित विकासको विस्तृत परियोजना तयार गर्ने । |
| | | २.२.२ | अध्ययन, अनुसन्धान, साहसिक खेल र अन्तर्राष्ट्रिय सभा सम्मेलन जस्ता उच्च मूल्यको (हाई भ्यालु) पर्यटनको प्रवर्द्धन गर्न भइरहेका धार्मिक, संस्कृतिक तथा सामाजिक पूर्वाधार र पर्यटकीय उपजहरूको संरक्षण संवर्द्धन र सौन्दर्यीकरण गर्ने । |
| उद्देश्य ३ : पोखरालाई विश्व पर्यटन गन्तव्यको प्रमुख केन्द्रमध्ये एकका रूपमा विकास गरी स्थानीय स्तरमा आकर्षक रोजगारी तथा आयआर्जनका अवसरहरू विस्तार गर्ने । | | | |
| ३.१ | संघ, प्रदेश, गैसस, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको साझेदारीमा विश्व पर्यटन बजारमा पोखराको प्रवर्द्धन गर्ने । | ३.१.१ | पोखरा महानगरपालिका र विदेशी सहरहरूसँग स्थापित भगिनी सम्बन्धलाई बहुआयामिक बनाउने पर्यटन प्रवर्द्धनमा उपयोग गर्ने र अन्य सहरहरूसँग पनि त्यस्तै सम्बन्ध स्थापना गर्ने । |
| | | ३.१.२ | पोखरामा अन्तर्राष्ट्रिय सभा सम्मेलन र खेलकुद आयोजना गर्न नेपालस्थित विदेशी नियोग र विदेशस्थित नेपाल नियोगहरूसँग समन्वय र सहकार्य गर्ने । |
| ३.२ | निजी क्षेत्रसँगको सहकार्यमा पोखरामा आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने । | ३.२.१ | स्थानीय पर्यटन व्यवसायी तथा समुदायको क्षमता विस्तारका लागि निजी क्षेत्र र समुदायको सहकार्यमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । |
| | | ३.२.२ | महानगरमा पर्यटन विकास बोर्ड र पर्यटन सूचना केन्द्र स्थापना गरी निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न मौसम तथा उत्सव लक्षित सहुलियत प्याकेज डिजाइन गरी प्रचारप्रसार गर्ने । |

### ४.१.६ अपेक्षित उपलब्धि

१. नयाँ पर्यटकीय अवयवहरूको विकास भएको हुने ।

२. थप पर्यटन पूर्वाधारहरूको विकास र विस्तार भएको हुने ।

३. गुणस्तरीय पर्यटकीय सेवाको विस्तार भएको हुने ।

४. पर्यटकको संख्या र बसाइ अवधिमा वृद्धि महानगरको अर्थतन्त्रमा पर्यटनको योगदान वृद्धि भएको हुने ।

### ४.१.७ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजनाको अवधिभर पर्यटन क्षेत्रको यथोचित विकास गरी अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी अबको ३ वर्षमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

***तालिका ९: पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना***

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | अनुमानित लागत (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत तथा संस्थागत संरचना र योजना तर्जुमा | नीति योजना कार्यक्रम | ५ | ३५५० | ९५० | ९५० | ५४५० | १०९० | महानगरपालिका |
| २. | पर्यटन प्रवर्द्धनका लागि रैथाने कला, संस्कृतिको संरक्षण तथा प्रवर्द्धन | कार्यक्रम | १० | १००० | ११०० | १२०० | ३३०० | ३३० | महानगरपालिका |
| ३. | संघ प्रदेश तथा निजी क्षेत्रसँगको साझेदारीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता र साहित्य सम्मेलन आयोजना | कार्यक्रम | ३० | २००० | २२०० | २४०० | ६६०० | २२० | महानगरपालिका र छिमेकी स्थानीय तहहरू |
| ४. | विभिन्न विश्वविद्यालय र अन्तर्राष्ट्रिय संघसंस्थासँगको सहकार्यमा अध्ययन अनुसन्धान, सभासम्मेलन र प्रतियोगिता आयोजना | कार्यक्रम | १० | १७०० | १९०० | २१०० | ५७०० | ५७० | महानगरपालिका |
| ५. | संघ, प्रदेश, छिमेकी स्थानीय तहहरू र निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन पूर्वाधार विकास | आयोजना | १० | २७५०० | २७५०० | २७५०० | ८२५०० | ८२५० | महानगरपालिका र छिमेकी स्थानीय तहहरू |
| ६. | महानगरस्तरीय गौरवका पर्यटन पूर्वाधारहरू | आयोजना | १० | १५११०० | १४४००० | ९४००० | ३८४१०० | ३८४१० | महानगरपालिका |
| | जम्मा | | | **१८६८५०** | **१७७६५०** | **१२८१५०** | **४८७६५०** | | |

## ४.२ उद्योग, व्यवसाय तथा व्यापार

### ४.२.१ पृष्ठभूमि तथा सिकाइ

पोखरामा उद्योगक्षेत्रलाई उत्पादन, प्रशोधन तथा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योग व्यवसाय छन् ।मुख्यत :व्यापार क्षेत्रमा थोक तथा खुद्रा व्यापारले यहाँको अर्थतन्त्रलाई चलायमान बनाएको छ । रोजगारीका हिसाबले व्यापार सबैभन्दा ठूलो क्षेत्र हो । राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्यांकअनुसार पोखरामा करिब ६५ प्रतिशत व्यावसायिक एकाइ यो क्षेत्रमा रहेका छन् । केही दशकयता पोखराको औद्योगिक उत्पादनको आधार विविधतापूर्ण भएको छ । संघीय सरकारको मातहत ५०० भन्दा बढी उद्योग सञ्चालनमा रहेको औद्यागिक क्षेत्र छ भने प्रदेश सरकारले महानगरपालिकासँगको समन्वयमा वडा नम्बर ३२ र ३३ मा ठूलो (करिब १६७ हेक्टर) क्षेत्रफलमा औद्योगिक क्षेत्र निर्माण गर्ने योजना बनाएको छ । सरकारले पोखराको औद्योगिक विकासमा प्राथमिकता दिएको छ ।

हाल स्वतन्त्र रूपमा केही विषयगत क्षेत्र सँग सम्बन्धित व्यापारिक केन्द्रहरू वृद्धि भइरहेका छन्  यस वृद्धिलाई योजनाबद्ध र समन्वयात्मक रूपमा क्षेत्रगत र सस्थांगत व्यापकता प्रवर्द्धन गर्नुपर्ने देखिएको छ । पोखराको अर्थतन्त्रका मुख्य आर्थिक आधार पर्यटन र कृषिलाई कुशल र समावेशी मूल्य शृंखलामार्फत् आपसमा जोड्न उद्योग व्यवसाय तथा व्यापार क्षेत्रको अहमं भूमिका छ । कृषि र पर्यटनको अन्तरसम्बन्ध अरु बढी गतिशील र सुदृढ बनाउन मध्यस्थकर्ता क्षेत्रका रूपमा उद्योग व्यापारलाई विकास गरिनुपर्ने हुन्छ । स्थानीय कच्चापदार्थमा आधारित उद्योगका साथै कृषि प्रशोधन उद्योगमार्फत् पर्यटन तथा आतिथ्य क्षेत्रको माग सम्बोधन गर्नमा उद्योग तथा व्यापार क्षेत्रले उल्लेख्य योगदान गर्न सक्दछन । यसरी अन्य क्षेत्रको सुदृढीकरण तथा तिनीहरूबीचको पारस्परिक अन्तरआबद्धता सबलीकरण गरी हरित, दीगो, समावेशी र उत्थानशील सहरी आर्थिक विकास हासिल गर्न सम्भव छ ।

उद्योग,व्यवसाय तथा व्यापार क्षेत्रले कृषिको प्रवर्द्धन (पश्च सम्बन्ध) र पर्यटन तथा आतिथ्य क्षेत्रलाई स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू प्राप्त गर्न सहजीकरण (अग्र सम्बन्ध) मजबुत बनाउन सहयोग गर्न सक्छ । पोखरा महानगरपालिका तथा निजी क्षेत्रले यसअघि नै यस दिशामा परियोजना सुरु गरिसकेका छन्, जसलाई अहिले र भविष्यमा समेत थप सहयोगमार्फत् सुदृढ गर्न सकिन्छ ।

### ४.२.२ सम्भावना र अवसर

यस प्रदेशको भौगोलिक परिदृश्यले पोखरालाई अन्तर्राष्ट्रिय व्यापारिक केन्द्रका रूपमा विकास गर्न सम्भव बनाएको छ । पोखरा हुँदै उत्तर-दक्षिणसम्मको रणनीतिक सडक तथा नयाँ विमानस्थलले यो स्थानलाई क्षेत्रीय व्यापारिक केन्द्रहरू सँग जोड्न सकिने प्रशस्त सम्भावना देखिएको छ । आर्थिक सम्भाव्यताको राम्रो उपयोग गर्न सक्ने क्षेत्रहरूमा व्यावसायिक अवसर पहिचान तथा प्रवर्द्धनले व्यापारिक केन्द्रहरूमा बढी रोजगारी सिर्जना र वृद्धिमा सहजीकरण गर्ने अवसर महानगरसामु छ । उद्योग व्यापार क्षेत्रको समुचित विकासले ग्रामीण क्षेत्रहरूलाई सहरी अर्थतन्त्रमा समेट्न तथा मूल्य/आपूर्ति शृंखलालाई मजबुत बनाई दरिलो ग्रामीण-सहरी सम्बन्धको स्थापित गर्दछ ।

उद्योग तथा व्यापार क्षेत्रले रोजगारी सिर्जना गर्दै महानगरपालिकाका लागि हरित, समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्रको माध्यमबाट पोखराको स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने सम्भावना छ । पोखराका उद्यमीहरूले जनशक्ति विकासका लागि रोजगारमूलक र सीपमूलक तालिम उपलब्ध गराएर नविन क प्रविधिहरू अवलम्बन गरेर उद्यमशीलताको भाव प्रदर्शित गरेका छन् ।यस क्षेत्रमा विशेष महत्वको कुरा चाहिँ निर्माणाधीन नयाँ औद्योगिक क्षेत्र हो, जसले सम्भाव्य व्यवसायहरू शुरु तथा विस्तार गर्न अवसरहरू उपलब्ध गराउनेछ ।निमार्णाधीन र कार्यान्वयनमा रहेका कतिपय पूर्वाधार परियोजनाहरूले सुदृढ यातायात सञ्जालमार्फत वस्तु तथा बजारसम्मको पहुँच सुधार र स्थानीयका लागि थप रोजगारीका अवसर सिर्जना गर्न सहयोग गर्दछ ।

## ४.२.३ समस्या तथा चुनौती

पोखरा महानगरपालिकाको व्यवसायको सम्भाव्य वृद्धि तथा समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्न पर्याप्त रूपमा दक्ष जनशक्तिको अभाव र अयोग्य व्यावसायिक प्रक्रिया समस्याका रुपमा रहेका छन् नयाँ व्यवसाय दर्ता पुँजी प्राप्ति वा लामो प्रक्रिया दोहोरो एवं झन्झटिलो कर प्रणाली त्यसैगरी गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादनका लागि पर्याप्त परिमाणमा पुँजी, प्रविधि र स्थानीय दक्ष जनशक्तिको अभाव र उद्योग-व्यवसायबाट विसर्जन गर्नुपर्ने ठोस फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन अहिलेको प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

महानगरलगायत सरकारी कार्यालयहरूको कार्यसम्पादन समन्वय, सहकार्यको सर्वथा अभाव, कच्चा पदार्थको अभाव,स्थानीय स्रोत साधनको औद्योगिक उपयोगमा ज्ञान र प्रविधिको कमी उद्योग वाणिज्य हेर्ने संस्थागत संरचना र औद्योगिक विकासको नीतिगत र संस्थागत व्यवस्था नहुनु,नयाँ लगानीकर्ता लाई लगानी र व्यवसायमैत्री वातावरण नहुनु बजार प्रवर्द्धनको संस्थागत संयन्त्र र पूर्वाधारको अभाव रहेका छन् । महानगरपालिका क्षेत्रमा उद्योग व्यापारहरूको वर्गीकरण गरेर निश्चित प्रकारका उद्योग-व्यवसायका लागि छुट्टै स्थानको व्यवस्था नहुनु लगायतका चुनौती रहेका छन ।

## ४.२.४ लक्ष्य र उद्देश्य

महानगरपालिकाको समुन्नतिका लागि प्राकृतिक वातावरणीय सौन्दर्यको प्रवर्द्धन गर्दै महानगर, निजी क्षेत्र, सहकारी तथा समुदाय र विकास साझेदारहरूको सहकार्यमा व्यावसायिक वातावरणमा सुधार गरी पोखरालाई उद्यमशीलता र लगानीको आकर्षक गन्तव्यका रूपमा विकास गर्न सहयोग पुऱ्याउने यस योजनाको लक्ष्य हो । उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माणका माध्यमबाट सार्वजनिक निजी साझेदारीमा हरित, उत्थानशील र सूचना प्रविधिमैत्री उद्योगहरूको विकास गर्न र वाणिज्य तथा आपूर्ति प्रणालीलाई सुदृढ गरी स्थानीय स्तरमा आयआर्जन तथा रोजगारीका अवसरहरू वृद्धि गर्न देहायका उद्देश्यहरू लिइएको छ ।

१. महानगरपालिकाका उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थापन सम्वन्धी नीतिगत संस्थागत र कार्यविधिगत व्यवस्था गरी कार्यान्वयन गर्ने ।
२. महानगरपालिका, सहकारीहरू, समुदाय तथा निजी क्षेत्रको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमुना उद्योगहरू प्रवर्द्धन गर्ने ।

३. पोखराको सामाजिक, सांस्कृतिक र पर्यावरणीय सौन्दर्यलाई प्रतिकूल असर नगर्ने हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्न निजी क्षेत्रलाइ सहजीकरण र प्रोत्साहन गर्ने ।

## ४.२.५ रणनीति र कार्यनीति

*तालिका १०: उद्योग व्यवसाय र व्यापार क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** महानगरपालिकाका उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थापनसम्बन्धी नीतिगत,संस्थागत र कार्यविधिगत व्यवस्था गरी कार्यान्वयन गर्ने । | | | |
| १.१ | उद्योग व्यवसाय तथा व्यापार क्षेत्रको प्रवर्द्धन र संवर्द्धनका लागि महानगरमा कानुनी र संस्थागत संयन्त्र निर्माण गर्ने । | १.१.१ | आवश्यक नीति, ऐन नियम र सूचना प्रणाली बनाएर व्यावसायिक वातावरण सुधारमा सहयोग गर्ने । |
| | | १.१.२ | उद्योग वाणिज्य तथा आपूर्ति व्यवस्थापन शाखा स्थापना गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाह गर्ने । |
| १.२ | दिगो तथा जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन र प्रोत्साहन गर्ने । | १.२.१ | आवश्यक कार्यविधि र मापदण्डहरू बनाएर लागु गर्ने । |
| | | १.२.२ | उद्योग व्यासाय र आपूर्ति प्रणाली नियमित अनुगमन मूल्यांकन र नियमन गर्ने । |
| ***उद्देश्य २ :*** महानगरपालिका, सहकारीहरू, समुदाय तथा निजी क्षेत्रको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमुना उद्योगहरू प्रवर्द्धन गर्ने । | | | |
| २.१ | आत्मनिर्भरता उन्मुख अर्थतन्त्र निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने । | २.१.१ | महानगर र निजी क्षेत्रको साझेदारीमा व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना गरी सञ्चालन गर्ने । |
| | | २.१.२ | संघ र प्रदेश सरकार सँगको सहकार्यमा नयाँ औद्योगिक क्षेत्र स्थापना गरी सञ्चालन गर्ने । |
| २.२ | प्रदेश सरकार र अन्य स्थानीय तहहरू सँगको सहकार्यमा युवा जनशक्तिलाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण प्रवर्द्धन गर्ने । | २.२.१ | बजार माग उच्च भएका स्थानीय वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न छिमेकी पालिका र जिल्लाबीच सहकार्यका लागि उपयुक्त संयन्त्र स्थापना गर्ने । |
| | | २.२.२ | स्थानीय माग पूर्ति गर्ने, हरित र सूचना प्रविधिमा आधारित नमुना उद्योग सञ्चालनमा सहयोग गर्ने । |
| ***उद्देश्य ३*** : पोखराको सामाजिक, सांस्कृतिक र पर्यावरणीय सौन्दर्यलाई प्रतिकूल असर नगर्ने हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्न निजी क्षेत्रलाइ सहजीकरण र प्रोत्साहन गर्ने । | | | |
| ३.१ | नवीकरणीय ऊर्जा, फोहोरमैला प्रशोधन र पुनःप्रयोगमा आधारित उद्योगहरूको विकास गरि वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्ने । | ३.१.१ | कवाडी सामग्री र अजैविक फोहोरमैला पुनःप्रयोग वा प्रशोधन गरी खेलौना, घरायसी वा सजावटका सामग्री आदि उत्पादन गर्ने साना र मझौला उद्योगलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| | | ३.१.२ | सार्वजनिक-निजी साझेदारीमा जैविक तथा कुहिने फोहोर उपयोग गरी ऊर्जा, कृषि मल आदि उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने । |
| ३.२ | पर्यटन क्षेत्रको मागअनुसारका वस्तु उत्पादन गर्ने र स्थानीय कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धनमा जोड दिने । | ३.२.१ | पर्यटहरूका लागि उपहार (मायाको चिनो)लगायतका उच्च मूल्यका हलुका र आकर्षक वस्तुको उत्पादनमा समुदायलाई परिचालन गर्ने । |
| | | ३.२.२ | पर्यटकको मनोरञ्जन तथा मानसिक शान्ति प्रदान गर्ने वस्तु तथा सेवाहरूमा स्थानीय परम्परागत ज्ञान, सीप, कौशल र सामग्रीको प्रयोग प्रोत्साहन गर्ने । |

### ४.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजना अवधिमा उद्योग व्यवासय र व्यापार क्षेत्रको लक्ष्य हासिलका दिशामा अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको आन्तरिक स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँगको साझेदारीमा प्राथमिकताका आधारमा देहायअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिनेछ ।

**तालिका ११ः उद्योग व्यवसाय तथा व्यापार क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | अनुमानित लागत (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | | |
| १. | कानुन, संस्थागत संरचना र प्रणाली विकास । | — | ३ | ७०० | १००० | ६०० | २३०० | ७६६.७ | महानगरपालिका |
| २. | दिगो, समावेशी र जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन । | — | १० | ६०० | १२०० | २४०० | ४४०० | ४४० | महानगरपालिका |
| ३. | महानगरको पूर्वाधार विकास प्राधिकरण स्थापना गरी उद्योग क्षेत्रमा लगानी प्रवर्द्धन । | निगम र उद्योग | २६ | ४५५००० | १००५००० | १००१००० | २४६१००० | ९४६५३.८५ | — |
| ४. | निजी क्षेत्र सँगको सहकार्यमा हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन । | कार्यक्रम | १० | १२०० | १४०० | १५०० | ४१०० | ४१० | — |
| ५. | निजी क्षेत्र, सहकारी तथा गैर सरकारी संघसंस्थाको सहकार्यमा सूचना प्रविधि र युवामैत्री नवउद्यम प्रवर्द्धन । | कार्यक्रम | १० | १००० | १००० | १००० | ३००० | ३०० | — |
| | **जम्मा** | | | ४५८५०० | १०९६००० | १०६५००० | २४७२६०० | | |

### ४.२.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकामा हरित तथा वृत्ताकार अर्थतन्त्र प्रवर्द्धनका लागि नीति, कानुन र कार्यविधिहरू तर्जुमा भई लागु भएको हुनेछ ।

२. महानगरपालिकामा उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्था शाखाको स्थापना भई औद्योगिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन भएको हुनेछ ।

३. महानगरपालिका, निजी क्षेत्र, सहकारी र नागरिकहरूको सहभागितामा हरित र वातावरणमैत्री उद्योगहरू स्थापना भएका हुनेछन् ।

४. महानगरपालिकाभित्र उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरणमा सुधार भएको हुनेछ ।

## ४.३ बैंक, वित्त तथा सहकारी

### ४.३.१ पृष्ठभूमि तथा सिकाइ

सुदृढ र समावेशी वित्तीय प्रणालीलाई अर्थतन्त्रको रक्तसञ्चार मानिन्छ । पोखरा महानगर क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति सघन छ । जसले यहाँको अर्थतन्त्रलाई विस्तारित र दीगो बनाउन सहयोग पुगेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार २०७८ असार मसान्तसम्म पोखरा महानगरपालिका क्षेत्रमा (बिमा कम्पनी र स्थानीय सहकारीबाहेक) विभिन्न बैंक तथा वित्तीय संस्थाका ३२१ शाखा कार्यालय सञ्चालित छन् भने कुल १४ लाख १९ हजार ९ सय १४ बचत खाता रहेको देखिन्छ । त्यसले महानगरको प्रक्षेपित जनसंख्याका आधारमा महानगरमा प्रति १८६५ जनसंख्या बराबर एक बैंक तथा वित्तीय संस्थाको शाखा छन् ।

महानगरभित्र खोलिएका बचत खाता संख्या (वित्तीय पहुँच)का आधारमा हेर्दा यहाँका हरेक नागरिक बराबर करिब साढे २ बैंक खाता (जनसंख्याको २३८ प्रतिशत) रहेको बुझिन्छ । महानगरका स्थानीय बासिन्दाबाहेक अन्य क्षेत्रबाट व्यवसाय र रोजगारीका लागि बसोबास गर्नेहरूको खाताका कारण बचत खाताको संख्या जनसंख्याभन्दा बढी देखिएको हो । महानगरको तथ्यांकअनुसार करिब ३५० सहकारीहरू पोखरा महानगरलाई कार्यक्षेत्र बनाएर सञ्चालित छन् । पछिल्लो समय बिमा कम्पनीका शाखाहरूको संख्या पनि उल्लेख्य मात्रामा वृद्धि भएको छ, जसबाट पनि महानगरमा वित्तीय पहुँचका लागि आवश्यक परिस्थितिक प्रणाली (इकोसिस्टम) तयार भई व्यावसायिक वातावरणमा सुधार हुँदै गएको संकेत मिल्दछ ।

संघीय सरकार मातहतको केन्द्रीय बैंकको नीतिनियमको अधीनमा रही आफ्नै व्यावसायिक मूल्यमान्यता र लगानीकर्ताको मार्गदर्शनमा सञ्चालित हुनुपर्ने केन्द्रीकृत वित्तीय प्रणालीका सदस्य वा बैंक तथा वित्तीय संस्थाहरूलाई महानगरले नीति नियम र मापदण्डहरूअनुरूप सञ्चालनका लागि नियमित गर्न सक्ने अवस्था छैन । तसर्थ, बैंक तथा वित्तीय संस्थाको सेवासुविधा (वित्तीय उपकरण) मा मुख्य आर्थिक केन्द्रबाट टाढा र विकट वडामा रहेका आम नागरिक र उद्यमी-व्यावसायिको सहज पहुँच पुग्न सकेको छैन । फलस्वरूप, न्यून आय भएका सहरी गरिब परिवारका साथै लघु घरेलु तथा साना उद्योग र महिला तथा सीमान्तकृत समुदायका नागरिक आफ्नो वित्तीय गर्जो टार्नका लागि तुलनात्मक रूपमा बढी जोखिम र महँगो ब्याजदर भएका स्थानीय सहकारीमा निर्भर हुनुपरेको छ । त्यसबाट विपन्न समुदायका सदस्यलाई उद्यमशीलता विकास, (स्व)रोजगारी सिर्जना र जीविकोपार्जन सुधारका अवसरमा संलग्न हुनबाट अवरोध उत्पन्न हुने गरेको अनुभव छ ।

### ४.३.२ सम्भावना र अवसर

महानगरको सहरी क्षेत्रमा विकास तथा वाणिज्य बैंक र वित्त कम्पनीहरूको बाक्लो उपस्थिति भए पनि सहरोन्मुख ग्रामीण क्षेत्रमा सर्वशुलभ वितीय पहुँच विस्तार गर्नु अत्यन्तै आवश्यक छ । यस सन्दर्भमा महानगरलाई संघीय सरकार मातहतका बैंक तथा वित्तीय संस्थालाई सहजीकरण मार्फत् पहुँच अभिवृद्धि गर्ने र स्थानीय सहकारीहरूको नियमन र क्षमता अभिवृद्धिमार्फत् वीतीय समावेशीकरण अभियान सञ्चालन गर्ने सुवर्ण अवसर प्राप्त भएको छ । सहकारी संस्थाहरूमा रहेको दोहरो सदस्यताको समस्या अन्त्य गरी सहकारीको व्यवस्थापन प्रणालीमा सुधार र सदस्यहरूका लागि सर्वसुलभ सेवा र सहकारी तथा वित्तीय साक्षरता शिक्षा अभियानमार्फत्

वित्तीय चेतनाको अभिवृद्धि गर्ने छरिएर रहेको बचत परिचालन मार्फत् स्थानीय स्तरमा पुँजी निर्माण गर्न सक्ने र परिचालन मार्फत समन्नत पोखराको निर्माण गर्ने सम्भावना र अवसर दुवै रहेको छ ।

महानगरलाई स्थानीय सरकारको हैसियतमा यहाँ सञ्चालित सहकारीहरूको अनुगमन तथा नियमनलाई सक्षम र प्रभावकारी बनाई साना व्यावसायिक कर्जाको पहुँच सेवाको गुणस्तर अभिवृद्धि विश्वसनीयता बढाउन आवश्यक छ । त्यसैगरी, सहकारी मार्फत् कृषि तथा उत्पादनमूलक उद्यमहरू प्रवर्द्धन गर्न सके स्थानीय आर्थिक गतिविधिहरूको विविधीकरण गरी व्यापक रोजगारी सृजना र आय आर्जनका अवसर सिर्जनाको अथाह सम्भावना छ । साथै संघीय सरकार र केन्द्रीय बैंकबाट प्रवर्द्धित विपन्न वर्ग लक्षित र सहुलियतपूर्ण कर्जाका साथै उद्यमशीलता विकासमा केन्द्रित ब्याजदर अनुदानका कार्यक्रमहरूको स्थानीय स्तरमा प्रभाकारी कार्यान्वयनका लागि महानगरलाई सहजकर्ताको भूमिका निर्वाह गर्ने अवसर छ । यसले स्थानीय अर्थतन्त्रलाई दिगो र उत्थानशील बनाउन अवश्य मद्दत पुग्नेछ ।

## ४.३.३ समस्या तथा चुनौती

महानगर क्षेत्रभित्र नागरिक तहमा वित्तीय पहुँचको अवस्था विश्लेषण गर्दा ९८ प्रतिशत पुरुषहरूसँग सक्रिय बचत खाता भएको देखिन्छ भने महिलाका हकमा भने ५० प्रतिशत मात्र त्यस्तो खाता रहेको तथ्यांक छ । यसबाट वित्तीय सेवामा महिला र पुरुषको समान पहुँच नरहेको वा वित्तीय सेवाको प्रभावकारी उपयोगमा महिलाहरू पुरुषको तुलनामा पछाडि परेको देखिन्छ । त्यसैगरी, घरेलु, साना तथा सीमान्तकृत समुदायबाट सञ्चालित व्यवसाय पनि सर्वसुलभ वित्तीय सेवाको उपयोगका हिसाबले वञ्चितीकरणमा रहेको देखिन्छ ।

सहज वित्तीय पहुँचमा अवरोधका विभिन्न कारण रहेका हुन्छन । तीमध्ये वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाव मुख्य हुन् । बैंकिङ तथा वित्तीय क्षेत्रका जटिल प्राविधिक एवं प्रक्रिया व्यवसाय प्रवद्धन सम्बन्धी को ज्ञान नहुनु र व्यावसायिक परियोजना प्रस्ताव जस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ । तसर्थ, स्थानीय आर्थिक विकास योजनाले इच्छुक र योग्य उद्यमीहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा प्राप्त गर्न सहजीकरण गर्ने, व्यावसायिक योजना तर्जुमासम्बन्धी क्षमता विकास,कार्यक्रम र वित्तीय साक्षरता अभियान कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

साना तथा मझौला र विपन्न वर्गका समुदायका सीपमा आधारित पेसा व्यवसायको आधुनिकीकरण र प्रवर्द्धनमा भने सहज वित्तीय पहुँच अझै पनि प्रमुख चुनौतीका रूपमा छ । स्थानीय स्तरमा सञ्चालित विषयगत, बहुउद्देशीय र बचत तथा ऋण सहकारीहरूले उक्त समस्याको समाधानमा केही सहयोग पुऱ्याए पनि पर्याप्त भने हुन सकेको छैन । तसर्थ, साना तथा मझौला उद्यम व्यवसायको स्तरवृद्धि र नवीनतम सोच तथा सूचना प्रविधिमा आधारित नवउद्यमहरूको प्रवर्द्धनका लागि सहज वित्तीय पहुँच विस्तारमा सहजीकरणको विशेष कार्यक्रम आवश्यक छ ।

## ४.३.४ लक्ष्य र उद्देश्य

पोखरा महानगरपालिकामा सञ्चालित बैंक वित्तीय संस्था र सहकारीहरूसँगको सहकार्य, सहजीकरण र नियमनका माध्यमबाट वित्तीय साक्षरता, सर्वसुलभ वित्तीय पहुँच विस्तार र स्थानीय पुँजी निर्माणमार्फत् हरित समावेशी उत्थानशील स्थानीय अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउनु यस आवधिक योजनाको लक्ष्य रहेको छ । उक्त लक्ष्य हासिल गर्न देहायका उद्देश्यहरू तय गरीनेछ ।

१. संघीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने ।

२. स्थानीय सहकारीहरूको उचित संवर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्ने ।

## ४.३.५ रणनीति र कार्यनीति

*तालिका १२: बैंक वित्त तथा सहकारी क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

<table>
<tr><th colspan="2">रणनीति</th><th colspan="2">कार्यनीति</th></tr>
<tr><td colspan="4">उद्देश्य १ : संघीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने ।</td></tr>
<tr><td rowspan="2">१.१</td><td rowspan="2">सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने ।</td><td>१.१.१</td><td>सहजीकरणका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्ने ।</td></tr>
<tr><td>१.१.२</td><td>स्थानीय उद्यमी र लक्षित वर्गका नागरिकको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।</td></tr>
<tr><td rowspan="2">१.२</td><td rowspan="2">पोखरालाई केन्द्र बनाएर स्थापित बैंक तथा वित्तीय संस्थासँग सहकार्य गर्ने ।</td><td>१.२.१</td><td>सहकार्य र साझेदारीमा वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने ।</td></tr>
<tr><td>१.२.२</td><td>बैंक वित्तीय संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रहरू सञ्चालनमा सहयोग र सहजीकरण गर्ने ।</td></tr>
<tr><td colspan="4">उद्देश्य २ : स्थानीय सहकारीहरूको उचित संवर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्ने ।</td></tr>
<tr><td rowspan="2">२.१</td><td rowspan="2">विषयगत र बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापकीय क्षमता विकास र दक्षता अभिवृद्धि गर्ने ।</td><td>२.१.१</td><td>एकीकृत सूचना व्यवस्थापन प्रणाली स्थापना गरी अनुगमन र नियमनलाई थप प्रभावकारी बनाउने ।</td></tr>
<tr><td>२.१.२</td><td>सहकारीहरूको क्षमता विकासका तालिम, अनुभव आदान प्रदान र प्रविधि हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।</td></tr>
<tr><td rowspan="2">२.२</td><td rowspan="2">सहकारीहरूको पुँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।</td><td>२.२.१</td><td>कृषि तथा श्रम सहकारीको प्रवर्द्धन र प्रोत्साहनका लागि आवश्यक नीतिगत र संस्थागत सुधार गर्ने ।</td></tr>
<tr><td>२.२.२</td><td>महानगर, सहकारी र समुदायको सहकार्यमा स्थानीय कच्चापदार्थमा आधारित हरित समावेशी र उत्थानशील उद्योग व्यवसायमा लगानी विस्तार गर्ने ।</td></tr>
</table>

## ४.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजना अवधिमा बैंक वित्त तथा सहकारी क्षेत्रको समुचित विकास गरी अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**तालिका १३: बैंक वित्त तथा सहकारी क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | महानगर, सहकारी र समुदायको सहकार्यमा उत्पादनमूलक उद्योग प्रवर्द्धन | उद्यम | १० | १०००० | २०००० | २०००० | ५०००० | ५००० | महानगरपालिका क्षेत्र |
| २. | कृषि तथा उत्पादनमूलक क्षेत्रका सहकारीहरूको क्षमता विकास कार्यक्रम | पटक | १५ | २५०० | २५०० | २५०० | ७५०० | ५०० | महानगरपालिका क्षेत्र |
| ३. | संघ तथा प्रदेश सरकारका सहुलियतपूर्ण योजनाको पहुँच विस्तारका लागि सहजीकरण कार्यक्रम | पटक | १० | १५०० | १५०० | १५०० | ४५०० | ४५० | महानगरपालिका क्षेत्र |
| ४. | बैंक वित्तीय संस्था र सहकारीसँगको सहकार्यमा विपन्न तथा सीमान्तकृत समुदायमा वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम | पटक | १५ | ५०० | ५०० | ५०० | १५०० | १०० | महानगरपालिका क्षेत्र |
| ५. | नीतिगत तथा संस्थागत सबलीकरण र सुधार कार्यक्रम | वटा | ५ | १००० | १००० | १००० | ३००० | ६०० | महानगरपालिका |
| | **जम्मा** | | | **१५५००** | **२५५००** | **२५५००** | **६६५००** | | |

## ४.३.७ अपेक्षित उपलब्धि

१. लक्षित वर्ग तथा सीमान्तकृत र विपन्न समुदायमा सहज वित्तीय सेवाको विस्तारमा वृद्धि भएको हुनेछ ।

२. महानगरको सहकारी शाखाको विशिष्टीकरण र क्षमता अभिवृद्धि भएको हुनेछ ।

३. महानगर क्षेत्रका विपन्न र सीमान्तकृत समुदायमा वित्तीय साक्षरता अभिवृद्धि भएको हुनेछ ।

४. महानगर, सहकारी र निजी क्षेत्रको सहकार्यमा स्थानीय कच्चापदार्थमा आधारित उत्पादन तथा प्रशोधन उद्यमहरू स्थापना भएका हुनेछन् ।

## ४.४ कृषि र खाद्य सुरक्षा

### ४.४.१ पृष्ठभूमि तथा सिकाइ

पोखरा नेपालको सबैभन्दा ठूलो तथा पर्यटकीय दृष्टिले एक नमुना महानगर हो । साबिक पोखरा उपमहानगरका अधिकांश वडाहरू आधुनिक र सहरीकरणतर्फ उन्मुख भए पनि सविकको लेखनाथ नगरपालिका र गाँउपालिकाबाट महानगर बनेका अधिकांश वडाहरू कृषिजन्य उत्पादनका लागि उपयुक्त छन् । धेरै हदसम्म जीविकोपार्जनमुखी रहेको कृषि क्षेत्रले क्रमश: व्यावसायिक चरित्र ग्रहण गरिरहेको देखिन्छ । सीमान्त वडाहरूमा ( सहरको मुख्य केन्द्र बाहिर) कृषि क्षेत्र जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ र यो निम्न तथा मध्यम आय भएको समुदायलाई खाद्य सुरक्षा प्रत्याभूत गर्ने मुख्य क्षेत्र भएको छ ।

पोखरा महानगरको विद्यमान भू-उपयोगको अवस्था हेर्दा कृषि क्षेत्रले ४१.०५ प्रतिशत भूमि ओगटेको छ । पछिल्लो २० वर्षमा भू-उपयोग प्रवृत्ति हेर्दा संरचना निर्माण, आवास तथा अन्य प्रयोजनमा उपयोग भएको क्षेत्रफल उच्च दरमा वृद्धि भएको देखिन्छ । परिणामत: सोही अवधिमा खेती गरिएको जमिनमा उल्लेख्य गिरावट आई २०५८ मा कुल क्षेत्रफलको ५०.४ प्रतिशतबाट घटेर २०७७ मा ४१ प्रतिशतमा झरेको देखिन्छ । सोही अवधिमा जमिन बाँझो राख्ने प्रवृत्ति पनि वृद्धि भएर कुल खेतीयोग्य जमिनको तुलनामा बाँझो जमिनको अनुपात २.२ प्रतिशतबाट बढेर १२.२ प्रतिशत पुगेको अनुमान छ । हाल कुल खेती भएको जमिनमा राम्रो सिँचाइ सुविधा भएको क्षेत्र ४३ प्रतिशत छ भने मौसमी सिँचाइ हुने पाखो बारी क्षेत्र करिब ५७ प्रतिशत रहेको अनुमान छ ।

पर्यटकीय केन्द्र तथा गण्डकी प्रदेशको राजधानी र प्रमुख राजमार्गहरूको संगमस्थलसमेत रहेको यस महानगरमा बढ्दो सहरीकरण, यातयात विस्तार र आन्तरिक बसाइसराइका कारण उच्च दरमा जनसंख्या वृद्धि हुँदा खाद्यान्नको मागमा समेत चाप परेको छ । मुख्य सहरमा घना बस्ती, सहरोन्मुख क्षेत्रमा खेतीयोग्य जग्गाको घडेरीकरण तथा गाँउस्तरमा जग्गाको बढ्दो बाँझोकरणले गर्दा कृषि उत्पादनमा कमी आएको छ । यसरी दैनिक उपभोग्य वस्तुमा बढ्दो परिनिर्भरताका कारण आयातित खाद्य वस्तुको हिस्सा उच्च हुँदा महानगरको आपूर्ति प्रणाली र मूल्यमा समेत चाप परेको छ ।

*तालिका १४ : प्रमुख कृषि बालीहरूको उत्पादन र खाद्य सुरक्षाको अवस्था*

| प्रमुख बाली → | धान | तेलहन | दलहन | तरकारी | आलु |
|---|---|---|---|---|---|
| खेती हुने क्षेत्रफल (हेक्टर) | ११२०० | २६९ | ३५० | २१८१ | १२५३ |
| उत्पादन (टन) | ३९२०० | २३५ | ३५५ | ३१८०५ | २१३०१ |
| उत्पादनपछिको क्षति (टन) | २०३८४ | १४५.७ | ४६.१५ | ६३६१ | १८७९.५ |
| उपभोग्य उत्पादन (टन) | १८८१६ | ८९ | ३०९ | २५४४४ | १९४२२ |
| वार्षिक आवश्यकता (प्रतिव्यक्ति केजी) | २०१ | ११ | ३३ | १०९ | ७५ |
| जनसंख्या (२०७७, प्रक्षेपण) | ५९८८८९ | ५९८८८९ | ५९८८८९ | ५९८८८९ | ५९८८८९ |
| आवश्यक (टन) | १२०६०० | ६६०० | १९८०० | ६५४०० | ४५००० |
| नपुग (टन) | १०१७८४ | ६५११ | १९४९१ | ३९९५६ | २५५७८ |
| **अपुग प्रतिशत** | **८४%** | **९९%** | **९८%** | **६१%** | **५७%** |

*स्रोत : पोखरा महानगरपालिका*

परम्परागत रूपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिँदै आएको र कृषि विकासका लागि सञ्चालनमा आएका क्रियाकलापहरू छरिएर जाने गरेकाले लक्षित वर्गका लागि प्रतिफलमुखी हुन सकेका छैनन् । कृषिलाई नाफामूलक व्यवसायका रूपमा स्थापित गर्न नसक्दा निजी क्षेत्र र स्वरोजगारीका लागि युवा उद्यमीहरू आकर्षित हुन सकेका छैनन् । गुणस्तरीय कृषि उत्पादन सामग्रीहरूको सहज उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादन यान्त्रीकरण हुन नसक्नु, कृषि विकासका लागि आवश्यक प्रविधि, सिँचाइ, कृषि सडक, कृषि प्रशोधन उद्योगहरूसँगको समन्वयको अभाव हुनु र व्यवस्थित बजार सूचना प्रणालीको अभावमा कृषिमा ठूला व्यावसायिक घरानाहरूको लगानी आकर्षण हुन सकेको छैन भने सानो पुँजीका साथ व्यवसाय सुरु गरेका सीमान्तकृत लगानीकर्ताहरू लामो समय व्यवसायमा टिक्न नसक्ने गरेको अवस्था छ ।

### ४.४.२ सम्भावना र अवसर

पोखरा महानगर क्षेत्रमा तरकारी फलफूल खाद्यान्न उत्पादन तथा कुखुरापालन माछापालन जस्ता क्षेत्रहरू व्यावसायिकतातर्फ उन्मुख भइरहेका छन् । त्यसरी उत्पादनमा समेत वृद्धि हुँदै गए पनि बजारको माग धान्न भने पर्याप्त छैन । मध्यपहाडी क्षेत्रअन्तर्गत पर्ने यस महानगरमा विविध बालीहरूको खेती हुने गरेको छ भने कतिपय नयाँ नयाँ बालीहरूसमेत पहिचान भएर परीक्षणपछि सफल भएका छन् । व्यावसायिक दृष्टिले उत्पादन गर्न सकिने र बजारमा माग भएका बालीहरूमा फलफूलतर्फ सुन्तला, कागती, कफी आदि, विभिन्न प्रजातिमा मौसमी तथा बेमौसमी तरकारी, आलु, खाद्यान्नतर्फ धान, मकै, कोदो, फापर, तोरी मसलातर्फ अलैची, अदुवा, बेसार, र अन्य बालीतर्फ मौरीपालन, च्याउ खेती र फूल खेतीको प्रशस्त सम्भावना छ ।

उच्च मूल्य भएका उपभोग्य वस्तुहरू जस्तै एभोकार्डो, किवी, मेकाडेमीया नट, केरा आदिको पनि सफल परीक्षण भइसकेका छन् । महानगरले विशेष कार्यक्रम ल्याएर पर्यटन बजारमा व्यापक सम्भावना भएका त्यस्ता बहुमूल्य कृषि उत्पादनहरूको प्रवर्द्धन गर्ने अवसर पनि छ । कृषि उत्पादनलाई प्रोत्साहन गर्न, बाली बीमा कार्यक्रम, कृषि सडक सञ्जालको निर्माण, सहुलियत पूर्ण कृषि ऋणको उपलब्धता, कृषि अनुदानको व्यवस्था, विषयगत जनशक्तिको उपलब्धता, व्यावसायिक कृषिको मापदण्ड तयार, स्थानीय स्तरमा गुणात्मक बीउको आपूर्ति, सबै वडाहरूमा कृषि बजारको व्यवस्था, आधुनिक खेती प्रणाली अपनाएर खाद्यान्न, फलफूल र दलहन उत्पादकत्व बढाउने, बहुबाली खेती प्रणाली अपनाउन सकिने, समूहगत व्यावसायिक खेती प्रणालीको विकास गर्न सकिने, सहकारीमार्फत् कृषि बजारको व्यवस्था गरी व्यावसायिक कृषि उत्पादनमा जोड दिन सकिने राम्रो सम्भावना छ ।

### ४.४.३ समस्या तथा चुनौती

पोखराको स्थानीय अर्थतन्त्रको प्रमुख संवाहकमध्ये कृषि क्षेत्र पनि हो । यद्यपि यहाँको कृषि प्रणाली परम्परागत र निर्वाहमुखी भएकाले यसलाई आधुनिकीकरण र व्यवसायीकरणको आवश्यकता देखिन्छ । खेतीयोग्य भूमिको तीव्र रूपान्तरण पनि कृषिको आधुनिकीकरण र उत्पादनको स्तरवृद्धिका लागि एक गम्भीर चुनौती छ । पछिल्लो खेतीयोग्य जमिनको क्षेत्रफल घट्नु, जमिन बाँझो राख्ने प्रवृत्तिमा वृद्धि हुनु तर यसबीच खाद्यानको मागमा

लगातार बढ्दै जाँदा यहाँ उत्पादन हुन सक्ने तरकारी जस्ता दैनिक उपभोग्य वस्तुहरूमा समेत परनिर्भर हुनु गम्भीर विषय बनेको छ ।

पोखरा महानगरमा क्षेत्रमा कृषियोग्य भूमिको हिस्सा उच्च देखिएता पनि यसको तीव्र रूपान्तरण हरित, दिगो र उत्थानशील सहरी विकासका लागि चुनौतीका रूपमा देखापरेको छ । विगत दुई दशकको अवधिको भू-उपयोग तथ्यांकले संरचना निर्माण भएको क्षेत्र वार्षिक औसत २५ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यसैगरी, पछिल्लो समय जमिन बाँझो राख्ने प्रवृत्ति बढेकाले खेती गरिएको जमिनको हिस्सा अझै खुम्चिँदै गएको छ । यो प्रवृत्ति कायमै रहेमा भविष्यमा पोखराको अधिकांश समथर भूमि संरचना सहरी र आवासीय क्षेत्रमा रूपान्तरण हुने जोखिम छ ।

महानगरको ग्रामीण क्षेत्रमा उत्पादित वस्तुको सहज ढुवानी र वितरणका लागि १२ महिना चल्ने सडक नहुनु र उत्पादित वस्तुलाई लामो समयसम्म भण्डारण गरी राख्नका लागि पर्याप्त चिस्यान केन्द्रको समस्या छ । स्थानीय सरकार र सम्बन्धित पक्षबाट अव्यवस्थित बजारको व्यवस्थापन र अनुगमन प्रभावकारी हुन नसक्दा कृषि उपजको बजारमा सीमित व्यवसायी र बिचौलियको एकाधिकार हुँदा कृत्रिम अभाव र मूल्य वृद्धिको समस्या समाधान निकै चुनौतीपूर्ण भएको छ ।

## ४.४.४ लक्ष्य र उद्देश्य

महानगरको संस्थागत सुदृढीकरण, आधुनिक प्रविधिको सदुपयोग, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत् व्यावसायिक र योजनावद्ध उत्पादन प्रणाली प्रवर्द्धन गरी कृषिको उत्पादकत्व वृद्धि गरेर यस क्षेत्रलाई नाफामूलक उद्यमका रूपमा स्थापित गर्दै संस्थागत लगानी आकर्षित गरी आयआर्जन र रोजगारीका अवसरहरू वृद्धि गर्ने वातावरण बनाउन सहयोग गर्ने यस योजनाको प्रमुख लक्ष्य रहेको छ । त्यसका लागि कृषि क्षेत्रलाई थप प्रतिस्पर्धी, जलवायु परिवर्तन अनुकूलित बनाउन परम्परागत निर्वाहमुखी कृषिलाई मूल्य श्रृंखलामा आधारित कृषि प्रणालीमा रूपान्तरण गरी समावेशी तथा दीगो बनाउन जरुरी छ । प्रस्तुत लक्ष्य प्राप्तीका लागी निम्न उद्देश्य रहने छन ।

१. असंगठित किसानहरूलाई वर्गीकरण र संगठित गरी बहुउद्देश्यीय संस्थाहरूको विकासमार्फत् कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्ने ।
२. कृषि सामग्रीको उपलब्धता, उत्पादित वस्तुको बजारीकरण र उपभोग सबै अवयवहरूको सबलीकरण गरी सुदृढ मूल्य श्रृंखला सहितको समावेशी र उत्थानशील कृषि बजार प्रणालीको विकास गर्ने ।
३. कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती प्रवर्द्धन गरेर कृषिलाई पर्यटन उद्योगसँग जोड्ने ।

## ४.४.५ रणनीति र कार्यनीति

*तालिका १५ : कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| ***उद्देश्य १ :*** असंगठित किसानहरूलाई वर्गीकरण र संगठित गरी बहुउद्देश्यीय संस्थाहरूको विकासमार्फत् कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्ने । | |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| १.१ | सामूहिक र सहकारी खेती प्रणालीलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने । | १.१.१ | कृषक समूह, उत्पादन सहकारीमार्फत् उत्पादित वस्तुहरूको भण्डारण गर्न कोल्ड स्टोरहरूको निर्माण गर्ने । |
| | | १.१.२ | नागरिकहरूलाई संगठित गरी जमिनको चक्लाबन्दी गरी व्यावसायिक खेती प्रणाली सञ्चालन गर्ने । |
| १.२ | कृषिमा सञ्चालिन विभिन्न खाले अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत गरी व्यवस्थापन गर्ने । | १.२.१ | आन्तरिक तथा बाह्य बजारमा उच्च माग भएका रैथाने बालीहरूको व्यावसायिक उत्पादन गरी अनुदान र सहुलियत प्राप्त गर्न अभिप्रेरित गर्ने । |
| | | १.२.२ | दैनिक उपभोग्य वस्तुको स्थानीय स्तरमा व्यावसायिक र योजनाबद्ध उत्पादनका आधारमा मात्र अनुदान र सहुलियत दिने व्यवस्था गर्ने । |
| ***उद्देश्य २ :*** कृषि सामग्रीको सहज उपलब्धतादेखि उत्पादित वस्तुको बजारीकरण र उपभोगसम्मका सबै अवयवहरूको सबलीकरण गरी सुदृढ मूल्य शृंखलासहितको समावेशी र उत्थानशील कृषि बजार प्रणालीको विकास गर्ने । | | | |
| २.१ | समावेशी मूल्य शृंखलाहरूको विकास र व्यावसायिक विस्तारमा जोड दिने । | २.१.१ | आधुनिक प्रविधि, कृषि औजार तथा मल, बीउ र सुरक्षित विषादिहरू सर्वसुलभ रूपमा उपलब्ध गराउने । |
| | | २.१.२ | ग्रामीण वडाहरूमा व्यावसायिक उत्पादनलाई सहजीकरण गर्न सेवा केन्द्रहरू स्थापना र स्तरोन्नति गर्ने तथा मूल्य शृंखलालाई सबलीकरण गर्न कृषि उपज संकलन केन्द्र तथा थोक र खुद्रा बजार केन्द्रहरू विकास गर्ने । |
| २.२ | संघ, प्रदेश र निजी क्षेत्रको समेत सहकार्यमा कृषि पूर्वाधारको विकासलाई तीव्रता दिने । | २.२.१ | संघ तथा प्रदेश सरकारको सहकार्यमा मूल्य शृंखला सबलीकरणका हिसाबले रणनीतिक कृषि पूर्वाधारहरूको निर्माण गर्ने । |
| | | २.२.२ | स्थानीय माग सम्बोधन गर्ने खालका कृषि पूर्वाधार, सामग्री र प्रविधि (कस्टम हायरिङ केन्द्र, चिस्यान केन्द्र, प्रशोधन केन्द्र, प्रांगारिक मल उत्पादन आदि)को विकास र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । |
| ***उद्देश्य ३ :*** कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती प्रवर्द्धन गरेर कृषिलाई पर्यटन उद्योगसँग जोड्ने । | | | |
| ३.१ | अध्ययन अनुसन्धान र प्रमाणका आधारमा रैथाने कृषि उपजहरूको संरक्षण, संवर्द्धन र व्यवसायीकरण गर्ने । | ३.१.१ | स्थानीय रैथाने वस्तुहरूको अध्ययन अनुसन्धान, अभिलेखीकरण (प्रोफाइल), संरक्षण (प्याटेन्ट दर्तासहित) र व्यवसायीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने । |
| | | ३.१.२ | महिला उद्यमी संघ तथा युवा उद्यमी, ग्रामीण, गरिब तथा सीमान्तकृत समुदायका महिला/समूहहरूलाई लक्षित गर्दै उपप्रमुखसँग महिला कार्यक्रममार्फत् व्यावसायिक कृषि प्रवर्द्धनमा जोड दिने । |
| ३.२ | पर्यटन बजारको मागअनुसारका कृषि उत्पादनहरूको प्रवर्द्धनमा जोड दिने । | ३.२.१ | पर्यटन बजारको मागअनुरूपका स्थानीय प्रकृति, संस्कृति, कृषि उत्पादनको प्रवर्द्धन गर्न समुदायलाई तालिम, सहजीकरण र अनुदान प्रदान गर्ने । |
| | | ३.२.२ | उत्पादकहरूलाई बजार माग मूल्य जस्ता सूचना र होटेल, रेस्टुरेन्ट जस्ता संस्थागत उपभोक्तालाई गुणस्तरीय उत्पादनको आपूर्तिका विषयमा सहज पहुँच सुनिश्चित गर्न बजार सूचना प्रणाली (वेब पोर्टल)को व्यवस्था गर्ने । |

### ४.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

योजनाको आर्थिक विकास क्षेत्रअन्तर्गतका अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्यमा कृषि तथा खाद्य सुरक्षाका लागि यस अवधिमा प्राथमिकताका आधारमा देहायअनुसार रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका १६ : कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत, कानुनी तथा संस्थागत संरचना र सूचना प्रणाली विकास। | — | ५ | १००० | १५०० | २००० | ४५०० | ९०० | — |
| २. | अध्ययन अनुसन्धान, प्रोफाइल, व्यावसायिक योजना तर्जुमा तथा प्याटेन्ट दर्ता कार्य। | — | १० | ६००० | ८००० | १२००० | २६००० | २६०० | — |
| ३. | मूल्य शृंखला सबलीकरण कार्यक्रम। | मूल्य श्रृंखला | २५ | १०००० | १५००० | १५००० | ४०००० | १६०० | छनोट भएका वडाहरू |
| ४. | मल बीउ तथा कृषि सामग्रीमा अनुदान कार्यक्रम। | लाभग्राही | १००० | १२००० | १४००० | १४००० | ४०००० | ४० | छनोट भएका वडाहरू |
| ५. | कृषि पूर्वाधार विकास कार्यक्रम। | पूर्वाधार आयोजना | २० | २००००० | ३००००० | ५००००० | १०००००० | ५०००० | छनोट भएका वडाहरू |
| ६. | रैथाने बालीहरूको संरक्षण तथा संवर्द्धन। | बाली | ५ | १२०० | १८०० | १००० | ५००० | १० | — |
| | **जम्मा** | | | २३०२०० | ३४०३०० | ५४४००० | १११४५०० | | |

### ४.४.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकामा कृषिको सांगठनिक विस्तार भएर नीति निर्माणदेखि कार्यक्रम सञ्चालनमा कृषि क्षेत्रको मूल प्रवाहीकरण भई प्राथमिकतामा परेको हुनेछ।

२. कृषि क्षेत्रका मूल्य शृंखलाहरूको सबलीकरण भई उत्पादकत्व वृद्धि, रोजगारी वृद्धि, उद्यम विकास तथा बजार विस्तार भएको हुनेछ।

३. कृषिमा आवश्यक पूर्वाधार तथा उत्पादन सामग्रीहरूको सहज आपूर्ति एवम् संलग्न कृषक एवम् जनशक्तिको दक्षता अभिवृद्धि भएको हुनेछ।

४. कृषिको व्यवसायीकरण र निजी क्षेत्रको संस्थागत लगानी आकर्षित भई कृषि एक नाफामूलक उद्योगका रूपमा स्थापित भएको हुनेछ।

## ४.५ सिँचाइ

### ४.५.१ पृष्ठभूमि तथा सिकाइ

पोखरा उपत्यका र आसपासका क्षेत्रमा खेतीयोग्य उर्वर जमिनको उपलब्धता रहेको र महानगरभित्र सेती नदी, मर्दी, काली, बिजयपुर, खुदी, फुस्रेलगायतका खोला र फेवा, बेगनास, रूपालगायतका तालमार्फत् सिँचाइका लागि आवश्यक पानीको सहज आपूर्ति हुन सक्ने अवस्था छ । प्राकृतिक पानीका स्रोत प्रशस्त भएकाले पोखरा महानगरपालिकाको समथर भूभागमा विगत देखि नै सिँचाइको राम्रो प्रबन्ध भएको पाईन्छ ।

खासगरी छिमेकी राष्ट्र चीन सरकारको सहयोगमा आधुनिक सेती नहरको विकास भएपछि पहिले सुक्खा रहने अधिकांश फाँट र टारहरूमा सहज सिँचाइको पहुँच स्थापना भएको थियो । उक्त नहरको महत्व हालसम्म अतुलनीय भए पनि त्यसले सिञ्चित गर्ने खेतीयोग्य जमिनको क्षेत्रफल खुम्चिँदै गएकाले नहरको उपयोगिता बिस्तारै कम हुदै गएको छ । त्यसैगरी समुदाय र स्थानीय उपभोक्ता समितिमार्फत् सञ्चालित विजयपुर, बेगनास, फेवालगायतका सिँचाइ प्रणालीले पनि पोखराको कृषि क्षेत्रमा अतुलनीय योगदान दिँदै आएका छन् ।

समथर भूभागबाहेक पनि प्राकृतिक खोला नालाको पानीलाई समुचित उपयोग गरेर समुदायका आधारित सिँचाइ प्रणालीहरूको व्यवस्थापन हुँदै आएको छ । त्यस्ता सिँचाइ प्रणालीमा स्रोतअनुसार सबै क्षेत्रमा बाह्रै महिना नियमित पानीको उपलब्धता नभए पनि समुदायहरूले सुरक्षित एवम् व्यवस्थित गरी आवश्यकताअनुसार आलोपालो पानी उपलब्ध गराउँदै आएको छन यद्यपि कतिपय क्षेत्रमा मौसमी पानीको भरमा खेती गर्नुपर्ने अवस्था समेत विद्यमान छ ।

हाल महानगर क्षेत्रमा रहेको १९०.५८ वर्गकिमि कृषियोग्य भूमिमध्ये करिब ५७ प्रतिशत जमिन मात्र बाह्रै महिना नियमित सिँचाई सुविधा (नहर तथा प्राकृतिक स्रोत)को पहुँच भएको (खेत) छ भने बाँकी ४३ प्रतिशत जमिन मौसमी पानीमा निर्भर पाखो जमिन छ । तसर्थ, उपलब्ध सिँचाइ प्रणालीहरूको उचित व्यवस्थापन र दिगो उपयोगमा जोड दिँदै सिँचाइ सुविधा नपुगेका क्षेत्रमा आधुनिक प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास गरी कृषिको उत्पादकत्व अभिवृद्धि र खाद्य सुरक्षा सुनिश्चित गर्नमा योजना तथा कार्यक्रम केन्द्रित हुनु आवश्यक छ ।

### ४.५.२ सम्भावना र अवसर

पोखरा महानगरमा ग्रामीण चरित्र भएका र खासगरी साबिकको लेखनाथ नगरपालिका र अन्य गाउँ विकास समितिहरु समायोजन भएका वडाहरूमा बिशाल भूगोलसँगै कृषि र जलस्रोतका हिसाबले अपार सम्भावना बोकेका छन् । महानगरमा अहिले सञ्चालित बिजयपुर, बेगनास र रूपा सिँचाइ प्रणाली लगायत दर्जनौं खोलाहरू ति वडाहरूमा छन् । ती सिँचाइ प्रणालीलाई थप व्यवस्थित र दिगो बनाउने प्रविधिमा आधारित नयाँ सिँचाइ प्रणाली विकास गरेर विशाल खेतीयोग्य फाँटहरूको प्रतिइकाई उत्पादकत्व वृद्धि गर्न सकिने सम्भावना छ ।

महानगरको सहरी क्षेत्र समीपमा रहेका विभिन्न नदी, खोला तथा तालहरूका कारण यहाँ पानीको स्रोत पर्याप्त छ उपत्यकाको समथर भूभागमा भइरहेका सिँचाइ प्रणाली (नहर)को समुचित उपयोग, भूमिगत सिँचाइको विकास र पहाडी इलाकामा प्रविधिमा आधारित लिफ्ट सिँचाई आयोजनामार्फत् कृषि भूमिलाई सिञ्चित गर्न सकिने

सम्भावना छ । उच्च पहाडी भूभागमा लिफ्ट सिँचाई गर्ने, वर्षातको पानी संकलन गरी थोपा सिँचाइमा प्रयोग तथा पुनर्भरण गर्ने, लोप हुँदै गएका परम्परागत सिँचाई कूलोपैनी लाई जीर्णोद्धार गरी ग्रामीण इलाकामा साना तथा मझौला सिँचाइ आयोजना सञ्चालन गर्ने र पानीको सहज आपूर्ति गर्ने अवसर रहेको छ ।

## ४.५.३ समस्या तथा चुनौती

पोखरा महानगरपालिकाको समथर भूभागमा रहेका सेती, फेवा, बेगनास र बिजयपुर जस्ता ठूला सिँचाइ प्रणाली उर्वर कृषि भूमि र बिशाल फाँटहरू आवास र सहरीकरणका कारण मासिँदै जाँदा उपयोगविहीन बन्दै जानु र पहाडी तथा ग्रामीण क्षेत्रमा उचित सिँचाइ सुविधाको अभाव हुनु प्रमुख समस्या हो ।

विद्यमान सिँचाइ प्रणालीको उचित संरक्षण र दीगो उपयोग, कमजोर र जीर्ण भएका साना तथा मझौला सिँचाइ परियोजनाको मर्मतसम्भार र समुचित व्यवस्थापन गर्न सिँचाइको अभाव भएका स्थानमा यथाशिघ्र सिँचाइ आयोजनाहरूको विकास गरी कृषि र खाद्य सुरक्षाको क्षेत्रमा योगदान पुऱ्याउन चुनौतीपूर्ण देखिएको छ ।

## ४.५.४ लक्ष्य र उद्देश्य

जलाधार तथा सिँचाइ प्रणालीहरूको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्दै महानगर र समुदायको साझेदारीमा अधिकतम प्रतिफल दिने परियोजना निर्माण गरी सिँचाइको उपलब्धता वृद्धि गरी कृषिको उत्पादकत्व वृद्धि गर्नु ।यो योजनाको लक्ष्य रहेको छ ।यो लक्ष्य प्राप्तिका लागि योजनाले अपेक्षा गरे अनुरूप आर्थिक विकासलाई गति प्रदान गर्न दिन देहायका उद्देश्य रहनेछन् ।

१. महानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा सिँचाइ प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी दीगो तथा लाभदायी उपयोग गर्ने ।
२. सिँचाइ सुविधा नपुगेका ग्रामीण तथा पहाडी क्षेत्रमा सर्वसुलभ सिँचाईको सुनिश्चित गर्ने ।

## ४.५.५ रणनीति र कार्यनीति

*तालिका १७ : सिँचाइ क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १ : महानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा प्राकृतिक सिँचाइ प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी दीगो तथा लाभदायी उपयोग गर्ने । | | | |
| १.१ | महानगरपालिकामा भएका प्राकृतिक सिँचाइका स्रोत र मुहानहरूको संरक्षण र संवर्द्धन गर्ने । | १.१.१ | प्राकृतिक सिँचाइका स्रोत, मुहान र कुलोहरू विस्तृत अध्ययन गरेर सिँचाइ लक्षित जलस्रोतको प्रोफाइल तयार गर्ने । |
| | | १.१.२ | महानगरपालिकाको सिँचाइ गुरुयोजना तर्जुमा गरी दिगो व्यवस्थापनका रणनीति बनाएर कार्यान्वयन गर्ने । |
| १.२ | महानगरको समथर भूभागमा भएका ठूला नहर र सिँचाइ प्रणालीहरूको संरक्षण र दिगो सदुपयोग गर्ने । | १.२.१ | महानगरभित्र सञ्चालित नहरहरूको अतिक्रमण र प्रदूषण नियन्त्रण गरी उचित संरक्षण र दिगो सदुपयोगको कार्ययोजना (मापदण्डसहित) बनाएर प्रभावकारी रूपमा लागु गर्ने । |
| | | १.२.२ | वैज्ञानिक (जोखिम संवेदनशील) भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयनमार्फत् समथर भूभागका |

| | | | |
|---|---|---|---|
| | | | विशाल फाँटहरूको संरक्षण गरी नहरको सदुपयोग गर्ने । |
| उद्देश्य २ :सिँचाइ सुविधा नपुगेका ग्रामीण तथा पहाडी क्षेत्रमा प्रविधिमा आधारित नयाँ आयोजनाहरुको विकास गरी सर्वसुलभ सिँचाइ सुनिश्चित गर्ने । | | | |
| २.१ | सिँचाइ सुविधा नपुगेका ग्रामीण र पहाडी क्षेत्रमा प्रविधिमा आधारित लिफ्ट सिँचाइ प्रणालीको प्रवर्द्धन गर्ने । | २.१.१ | लिफ्ट सिँचाइ प्रणालीको आवश्यकता भएका खेतीयोग्य क्षेत्र र पानीको स्रोत पहिचान गरी विस्तृत (सम्भाव्यतासहित) अध्ययन गर्ने । |
| | | २.१.२ | अत्यावश्यक क्षेत्रमा एउटा नमुना लिफ्ट सिँचाइ आयोजना निर्माण गरी परीक्षण गर्ने । |
| २.२ | साना तथा मझौला सिँचाइ आयोजना विकास तथा व्यवस्थापनमा महानगर र समुदायको साझेदारी प्रवर्द्धन गर्ने । | २.२.१ | समुदायमा आधारित सिँचाइका स्रोत संरक्षण, परियोजना विकास र व्यवस्थापनमा सामुदायिक संस्थाहरूलाई प्राविधिक सहायता (क्षमता विकास) कार्यक्रम सञ्चालन गर्ने । |
| | | २.२.२ | समुदायमा आधारित सिँचाइ परियोजना विकासका लागि लागत सहभागिता कार्यक्रम सञ्चालन गर्ने । |

### ४.५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

योजनाको आर्थिक विकास क्षेत्रअन्तर्गतका अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्यमा सिँचाइ आयोजनाहरू विकास तथा व्यवस्थापनका लागि यस प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**तालिका १८ : सिँचाइको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत तथा संस्थागत सुधार र अध्ययन अनुसन्धान तथा प्रोफाइल तयारी । | — | ५ | १००० | २५०० | ३००० | ६५०० | १३०० | — |
| २. | लिफ्ट सिँचाइ आयोजनाहरूको पहिचान गरी कुनै एकको सम्भाव्यता तथा विस्तृत अध्ययन । | आयोजना | १ | १००० | ८००० | २००० | ११००० | ११००० | छनोट भएका वडाहरू |
| ३. | लिफ्ट सिँचाइ आयोजना निर्माण आरम्भ । | आयोजना | १ | ० | १५००० | १५००० | ३०००० | ३०००० | छनोट भएका वडाहरू |
| ४. | सामुदायिक सिँचाइका लागि प्राविधिक सहायता र क्षमता विकास कार्यक्रम । | कार्यक्रम | १० | २००० | २००० | २००० | ६००० | ६०० | छनोट भएका वडाहरू |
| ५. | लागत साझेदारीमा साना तथा मझौला सिँचाइ आयोजना विकास (मर्मत समेत) कार्यक्रम । | आयोजना | ५ | ५००० | १०००० | १०००० | २५००० | ५००० | छनोट भएका वडाहरू |
| ६. | विद्यमान आयोजनाहरूको संरक्षण र संवर्द्धन । | आयोजना | ५ | ५००० | १०००० | १०००० | २५००० | ५००० | — |
| ७. | गुरुयोजना र रणनीतिहरू तर्जुमा र कार्यान्वयन । | संख्या | २ | १२०० | १८०० | १००० | ५००० | ५०० | — |
| | **जम्मा** | | | **१५२००** | **४९३००** | **४३०००** | **१०७५००** | | |

### ४.५.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकामा भएका सिँचाइ प्रणाली तथा स्रोत (मुहान)हरूको प्रोफाइलसहितको गुरुयोजना तयार भई लागु भएको हुनेछ ।

२. महानगरपालिकाभित्र सञ्चालित सिँचाइ प्रणालीहरूको संरक्षण र संवर्द्धन भई सिञ्चित क्षेत्रफल (उपयोगिता) वृद्धि भएको हुनेछ ।

३. एउटा लिफ्टिङ प्रविधिमा आधारित सिँचाइ आयोजना विकास भई सञ्चालनमा भएको हुनेछ ।

## ४.६ पशुपंछी विकास

### ४.६.१ पृष्ठभूमि तथा सिकाइ

पोखरा क्षेत्र पशुपंछी विकासको दृष्टिले अत्यन्तै अनुकूल र सुरक्षित क्षेत्र हो । यहाँ नेपाललले व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्ने उद्देश्यले पशु प्रजनन केन्द्र स्थापना गरेर सञ्चालन गरिरहेको छ, जसलाई यहँ भेडी फारामको नामले चिनिन्छ । यस फारामबाट उन्नत जातका पशुपन्छीको( बीउ ,चल्ला, पाडा, बाच्छा) उत्पादन गरेर कृषकहरूलाई सुलभ मूल्यमा उपलब्ध गराउँदै आएको छ । त्यसैगरी, बेगनास तालमा मत्स्य विकास केन्द्र स्थापना गरी व्यावसायिक माछापालन प्रवर्द्धन गरिएको छ ।

वरिपरि पशुपालनका लागि चरिचरन क्षेत्रको उपलब्धता, र उर्वर कृषियोग्य भूमि मलखाद,पशु आहार ( पराल)को सर्वसुलभता समेका कारण महानगरका ग्रामीण ईलाकाका अधिकांश घरधुरीका लागि पशुपंछीपालन आय आर्जन र कृषि मूल्य श्रृंखलाको  महत्वपूर्ण अंगका रूपमा रहेको छ । सहरीकरण बिकास सगैं पर्यटन उद्योगलगायतका अन्य व्यवसायहरू विस्तारित हुने क्रममा बजारमा पशुजन्य उत्पादन (खासगरी दूध र मासु)को मागसमेत बढ्को  र कृषकहरू पनि व्यावसायिक बनेको पाईन्छ । पोखरामा पशुजन्य उत्पादनको बढ्दो माग, स्वरोजगारी र व्यावसायिकताको प्रचुर सम्भावना र सरकारी तवरबाट प्राप्त विभिन्न प्रकारका अनुदान, सहुलियत तथा प्रोत्साहनका कारण पशुपंछी फार्महरूको संख्या विस्तार भएको छ । महानगरमा विज्ञ प्राविधिकसहितका पशु सेवा केन्द्रको स्थापना गरी कृषकको घरदैलोमा प्राविधिक सहयोग उपलब्ध भैरहेको छ । समग्रमा कृषि तथा पशुपालन क्षेत्र महानगरको अर्थतन्त्रको प्रमुख संवाहकमा रूपमा स्थापित भएको छ ।

**तालिका १९  : पोखरा महानगरमा व्यावसायिक पशुपालनको अवस्था**

| प्रजाति | जम्मा पशुपन्छी संख्या | व्यावसायिक फर्मको संख्या |
|---|---|---|
| गाई | १९,४४५ | ७० |
| भैंसी | १४,५०७ | २०७ |
| बाख्रा | ६३,९३३ | ६८ |
| हाँस तथा कुखुरा | ६३,५१६,६३७ | ५६ |
| सुँगुर तथा बंगुर | २९८२५ | २८ |
| भेडा | ४०७ | २ |
| अन्य प्रजाति पन्छी | ३४०० | १२ |

*स्रोत : पोखरा महानगरपालिका, २०७७/७८*

पशुपंछी विकासका लागि सरकारी प्राथमिकता एवं व्यावसायीकतातर्फ उन्मुख भएता पनि पोखरा महानगर पशुजन्य उत्पानमा आत्मनिर्भर छैन । पोखरामहानगर कुखुराको मासुमा करिब आत्मनिर्भर रहेको अवस्था छ भने अन्डामा स्थानीय उत्पादनले बजार मागको करिब ६० प्रतिशत मात्र धान्ने गरेको छ । भेडा बाख्रा प्रजातिको मासुको हकमा स्थानीय उत्पादनको हिस्सा अत्यन्तै न्यून रहेको देखिन्छ भने राँगा-भैंसीको मासुमा करिब ३० प्रतिशत मात्रै स्थानीय उत्पादनले योगदान गर्दछ ।

माछाको हकमा पनि स्थानीय उत्पादनले करिब आधा मात्रै माग धानेको हुँदा बाँकी बाहिरबाट आपूर्ति भएको देखियो । सुँगुर–बँगुर प्रजातिको मासुमा भने पोखरा महानगर आत्मनिर्भर भएर अन्य जिल्लाहरूमा समेत निर्यात हुँदै आएको छ । अधिकांश असंगठित र खुद्रा बजारमा बिक्री-वितरण हुने ताजा दूधमा महानगर आत्मनिर्भर उन्मुख रहेको देखिन्छ । बगुंरको मासुमा पोखराले आत्मनिर्भर हुनुका साथै निर्यात समेत गरेको पाईन्छ ।

**तालिका २० : पोखरा महानगरमा पशुजन्य उत्पादनको अवस्था**

| उत्पादन समूह | उप-समूह | उत्पादन (२०७७/७८) |
|---|---|---|
| **दूध (मे.टन)** | **कुल** | **२९२१२** |
| | गाईको दूध | १९४४५ |
| | भैंसीको दूध | ९७६७.४ |
| **मासु (मे.टन)** | **कुल** | **६३६४.३५** |
| | रागो तथा भैंसी | १३५२.४ |
| | बाखा तथा बोका | ६६५.१५ |
| | भेडा तथा थुमा | ६.७ |
| | सुँगुर तथा बंगुर | ८२९.४४ |
| | कुखुरा | ३५०६.७ |
| | हाँस तथा खरायो | ४ |
| | माछा | ४५० |
| **अण्डा (हजार गोटा)** | **कुल** | **६३५२१** |
| | कुखुरा | ६३५१६ |
| | हाँस | ५ |
| **ऊन (मे.टन)** | | ५ |
| **छाला (संख्या)** | | २०५०० |

*स्रोत : पोखरा महानगरपालिका, २०७७/७८*

## ४.६.२ सम्भावना र अवसर

पशुपालनतर्फ गाई-भैंसी, बाखा, बंगुर कुखुरा कालिज आदिको व्यावसायिक उत्पादन वृद्धि हुँदै गएको छ । दूध अन्डा र मासुमा महानगर आत्मनिर्भर उन्मुख भइरहेको छ भने तालै तालको सहरका नामले चिनिने पोखरामा स्थानीय माछाले आधा मात्र माग धान्न सकेको अवस्था छ । यसले अर्थ यहाँ व्यावसायिक माछापालनको व्यापक सम्भावना छ भन्ने देखाउँछ । उपभोक्ताको बढ्दो माग, वातावरणमैत्री, दिगो र गुणस्तरीय कृषि उत्पादनहरूको प्रवर्द्धन गरेर प्रांगारिक उन्मुख प्रणालीको विकासमा जोड दिनु आजको आवश्यकता हो । पर्यटकीय सहरको परिचयलाई कायम राख्न र पर्यटन बजारको माग सम्बोधन गर्न जैविक विविधता, स्थानीय वस्तुको उत्पादन प्रवर्द्धन तथा प्रचारप्रसारका लागि पनि कृषिलाई पर्यटन उद्योगसँग जोड्ने व्यापक सम्भावना छ ।

महानगरमा मासु, अन्डा तथा दूधमा आत्मनिर्भर बनाउन व्यावसायिक ह्याचरीको सञ्चालन, दाना उद्योग, कुखुरापालन, माछा, हाँस, बाखापालन गरी स्वस्थ मासुको उत्पादनमा वृद्धि गरी निर्यातसमेत गर्न सकिने अवसर रहेको छ । पशुजन्य उत्पादनमा वृद्धि गर्न उन्नत जातका बाखा, गाई-भैंसी, बंगुरपालन, लोकल तथा उन्नत जातका कुखुरापालनका लागि उपयुक्त हावापानी रहेको छ । महानगरभित्रका खाली वन-बुट्यान क्षेत्रमा उन्नत घाँस खेती गरी पशु आहारको व्यवस्थापन गर्न सकिने अवस्था छ । पशुपालन गर्ने कृषकका लागि महानगरले

तालिमका साथै पशु बिमा र सहुलियत ऋण कार्यक्रममार्फत् कृषकलाई प्रोत्साहन गरी पशुपालनलाई व्यावसायिक रूपमा सञ्चालन गर्न सकिने अवस्था छ ।

## ४.६.३ समस्या तथा चुनौती

व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा प्राविधिक सेवा तथा उत्पादित वस्तुलाई बजारीकरणको समस्या रहेको छ । पशु आहारका लागि स्थानीय रूपमा दाना तथा घाँसको उत्पादनमा कमी छ भने पशुपालनका लागि व्यवस्थित चरन क्षेत्रको समेत अभाव रहेको अवस्था छ । स्थानीय उत्पादन प्रोत्साहन गर्न महानगरमा बाहिरबाट आयत गरिने पशुपन्छीजन्य उत्पादनहरूको आयातमा नियमित तथा रोकथाम गर्नुपर्ने चुनौती छ । पशुपन्छीका लागि बिमा अनुदान, सहुलियतपूर्ण पशु पालन ऋणको व्यवस्था पर्याप्त छैन त्यसैगरी मासु, दूध, अण्डा उत्पादनका लागि उद्यमशीलताको कमी रहेको अवस्था छ । पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभावमा केवल निर्वाहमुखी पशुपालनको अभ्यास छ ।

नस्ल सुधार तथा उन्नत जातको पशुका बीउ एवं पाडापाडीहरूको सहज उपलब्धता नहुनु हाँस तथा कुखुरा पालनका लागि ह्याचरीको पर्याप्त व्यवस्था नहुनु, पशु वधशाला तथा फ्रेस हाउसको व्यवस्थामार्फत् स्वस्थ मासुको उत्पान तथा विक्रीवितरण सुनिश्चित गर्नु प्रमुख चुनौतीको रुपमा रहेको  छ । महानगर क्षेत्रमा छाडा पशु चौपाया नियन्त्रण गर्ने, निर्वाहमुखी पशुपालन प्रणालीलाई व्यवस्थित र व्यावसायिक बनाउँदै लैजान पशुआहारका लागि उन्नत घाँसको बीउ तथा डालेघाँसका बिरुवाहरूको सुलभ उपलब्धता गराउन चुनौतीपूर्ण छ । महानगरको समथर भूगोलमा उर्वर भूमि सहरीकरण र जग्गा प्लटिङका कारण घट्दै गएको तथा पहाडी र ग्रामीण क्षेत्रमा मूल्य शृंखला कमजोर रहेकाले व्यावसायिक उत्पादनमा वृद्धि गर्नु पनि चुनौतीपूर्ण कार्य हो ।

## ४.६.४ लक्ष्य र उद्देश्य

कृषक समूह, सहकारी तथा निजी क्षेत्रको सहभागितामा पशुपालनलाई व्यावसायिक बनाएर महानगरलाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन उपयुक्त नीति तथा कार्यक्रम सञ्चालन गरी अनुकूल वातावरण निर्माण गर्नु यस योजनाको लक्ष्य रहेको छ । पशुपंक्षीक्षेत्रको उपादकत्व वृद्धि गर्न र आवश्यक लगानी आकर्षित गर्न देहायबमोजिमका उद्देश्य निर्धारण गरिएको छ ।

१. पशुपालनलाई मर्यादित र सम्मानजनक पेसा र नाफामूलक व्यवसायका रूपमा स्थापित गर्न महानगर, कृषक समूह, कृषि सहकारी र व्यवसायीहरूको क्षमता विकास गर्ने ।
२. बृहत स्तरमा व्यावसायिक एवम् व्यवस्थित पशुपालनका लागि महानगरपालिकाभित्र सम्पूर्ण पूर्वाधारसहितका पकेट क्षेत्रहरूको विकास गर्ने ।
३. पशुपालन क्षेत्रका मूल्य श्रृंखलाहरू सबलीकरण गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्ने ।

## ४.६.५ रणनीति र कार्यनीति

*तालिका २१ : पशुपंक्षी क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ : पशुपालनलाई मर्यादित र सम्मानजनक पेसा र नाफमूलक व्यवसायका रूपमा स्थापित गर्न महानगर, कृषक समूह, कृषि सहकारी र व्यवसायीहरूको क्षमता विकास गर्ने । | |

| | | | |
|---|---|---|---|
| १.१ | पशुपालन व्यवसायसम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना केन्द स्थापना गरी सेवा प्रदान गर्ने । | १.१.१ | पशुपालन व्यवसायमा महिला, अपांग विपन्न वर्गलाई संलग्न गराउन बीउ पुँजी उपलब्ध गराउने । |
| | | १.१.२ | पशुजन्य व्यवसायको प्रचलित मापदण्डअनुसार दर्ता गरी सञ्चालन तथा नियमन गर्ने । |
| १.२ | स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवर्दन गरी मासु एवम् दूध उत्पादन वृद्धि गर्ने । | १.२.१ | रैथाने प्रजातिका पशुपन्छी पालन तथा संरक्षण सम्बन्धमा कृषकलाई तालिमको व्यवस्था गर्ने । |
| | | १.२.२ | दूध तथा मासुजन्य उत्पादनको भण्डारण तथा प्रशोधन केन्द्रको स्थापना गर्ने । |
| उद्देश्य २ : ठूलो स्तरमा व्यावसायिक एवम् व्यवस्थित पशुपालनका लागि महानगरपालिकाभित्र सम्पूर्ण पूर्वाधार सहितका पकेट क्षेत्रहरूको विकास गर्ने । | | | |
| २.१ | महानगरपालिकाभित्रको हावापानी, भूबनोट, प्राकृतिक स्रोत र बजारको अनुकूलताका व्यावसायिक पकेट क्षेत्र निर्माण गर्ने । | २.१.१ | कृषकहरूको वर्गीकरण गरी व्यावसायिक कृषकहरूलाई परिचयपत्र वितराण गर्ने । |
| | | २.१.२ | पशुआहारको उत्पादन एवम् सहज आपूर्ति र चरन क्षेत्रको व्यवस्था गर्ने । |
| २.२ | पशुपालन तथा पशुजन्य उत्पादनका लागि व्यवस्थित पूर्वाधारहरू पीपीपी मोडलमा स्थापना तथा सञ्चालन गर्ने । | २.२.१ | प्राकृतिक वातावरणसहितको गौशाला स्थापना गरी व्यवसायिक गाईपालन गर्ने । |
| | | २.२.२ | व्यवस्थित पशु वधशालाको निर्माणमार्फत् स्वस्थ मासुको उत्पादन गर्ने । |
| उद्देश्य ३ : पशुपालन क्षेत्रका मूल्य शृंखलाहरू सबलीकरण गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्ने । | | | |
| ३.१ | पशुपालन विकास क्षेत्र एवम् प्राविधिक सेवा केन्द्रको स्थापना एवम् भौतिक पूर्वाधार र जनशक्ति विकास गर्ने । | ३.१.१ | पशुपालन क्षेत्रमा आधारभूत पशु स्वास्थ्य सेवामा कृषकको पहुँच अभिवृद्धि गर्ने । |
| | | ३.१.२ | पशुपालन गर्ने किसानलाई लागत साझेदारी, सहुलियत कर्जा र अनुदानको व्यवस्थापन गर्ने । |
| ३.२ | पशुजन्य उत्पादनको गुणस्तर परीक्षण र प्रशोधन गरी उद्यमशीलता एवं बजारीकरण सुनिश्चित गर्ने । | ३.२.१ | मासु तथा दुग्धजन्य पदार्थका साथै छाला हड्डी जस्ता वस्तुको प्रशोधन गृहको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । |
| | | ३.२.२ | पशुजन्य उत्पादनको गुणस्तर कायम गर्दै ब्रान्डिङ, प्याकेजिङ र बजारीकरणका लागि सहजीकरण गर्ने । |

### ४.६.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको आर्थिक विकास क्षेत्रअन्तर्गतका अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्यमा पशुपन्छी क्षेत्रका लागि यस योजना अवधिमा प्राथमिकतामन आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**तालिका २२ : पशुपन्छी विकास क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत, कानुनी तथा संस्थागत संरचना र सूचना प्रणाली विकास । | — | ५ | ५०० | ५०० | १००० | २००० | ४०० | — |
| २. | अध्ययन अनुसन्धान, प्रोफाइल तथा व्यावसायिक योजना तर्जुमा र रैथाने प्रजाति संरक्षण र संवर्द्धन कार्य । | — | ५ | २००० | ४००० | ६००० | १२००० | २४०० | — |
| ३. | मूल्य शृंखला सबलीकरण कार्यक्रम । | मूल्य शृंखला | ५ | २५०० | ५००० | ७५०० | १५००० | ३००० | छनोट भएका वडाहरू |
| ४. | लागत साझेदारी तथा कृषि सामग्रीमा सहुलियत र अनुदान कार्यक्रम । | लाभग्राही | १००० | २०००० | ४०००० | ४०००० | १००००० | १०० | छनोट भएका वडाहरू |
| ५. | पकेट क्षेत्र तथा पूर्वाधार विकास कार्यक्रम । | पूर्वाधार आयोजना | ५ | २०००० | ३०००० | ५०००० | १००००० | २०००० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | **४५०००** | **७९५००** | **१०४५००** | **२२९०००** | | |

### ४.६.७ अपेक्षित उपलब्धि

१. पशुपालन कृषकहरूको वर्गीकरण गरी लागत साझेदारी र न्यूनतम अनुदानको लाभ सबै व्यावसायिक कृषकहरूमा पुगेको हुनेछ ।

२. पशुहरूका लागि आधारभूत स्वास्थ्य सेवा र खोप सुनिश्चित भई उत्पादकत्व वृद्धि भएको हुनेछ ।

३. कम्तीमा ५ वटा पशुजन्य उत्पादनका मूल्य शृंखला सबलीकरण भई लगानी, आय र रोजगारीमा वृद्धि भएको हुनेछ ।

४. सम्पूर्ण आवश्यक पूर्वाधारसहितको एउटा पशुपन्छी पकेट क्षेत्र स्थापना भई सञ्चालनमा आएको हुनेछ ।

## ४.७ श्रम तथा रोजगारी

### ४.७.१ पृष्ठभूमि तथा सिकाइ

विकासोन्मुख देशहरूका जस्तै नेपालको प्रमुख समस्या असन्तुलित श्रम बजार हो । एकातिर ठूलो संख्यामा मानिसहरू बेरोजगार भएर बिदेसिन बाध्य भइरहेका हुन्छन् भने अर्कोतिर स्थानीय उद्योग व्यवसायले दक्ष कामदारको अभावमा विदेशबाट श्रम तथा प्रविधि आयात गर्नुपरेको हुन्छ यद्यपि पोखरा महानगरपालिका गण्डकी प्रदेशको एक केन्द्र र पर्यटकीय स्थल भएकोले यहाँ उपलब्ध श्रमशक्ति भन्दा रोजगारीका अवसर बढी छन् । सम्भावना बोकेको पर्यटन उद्योग र फस्टाउदो उद्योग व्यापार सेवा उद्योगका कारण स्थानीय श्रमशक्तिको तुलनामा रोजगारीका अवसर बढी भएको हो ।

पोखरामा आर्थिक रूपमा सक्रीय जनसंख्याको अनुपात कुल जनसंख्याको करिब ६८ प्रपतशत छ भने त्यसमध्ये श्रमशक्ति (१६ देखि ६४ वर्ष उमेर समूह)को जनसंख्या करिब ६० प्रतिशत रहेको अनुमान छ । २०६८ सालको जनगणना तथ्यांकअनुसार करिब २ लाख ४० हजार श्रमशक्ति रहेको छ । तेस्रो श्रमशक्ति सर्वेक्षण २०७५ को तथ्यांक अनुसार नेपालको औसत श्रम सहभागिता दर करिब ४० प्रतिशत छ । जस अनुसार पोखरामा बजारमा उपलब्ध श्रमशक्ति करिब एक लाख हुन आउँछ । युवा श्रमशक्तिको ठूलो हिस्सा अध्ययन र बैदेशिक रोजगारीमा आबद्ध भएका पाईन्छ ।

२०७७ को प्रक्षेपित जनसंख्याअनुसार पोखरामा उपलब्ध श्रमशक्ति करिब १ लाख ४० हजार पुगेको अनुमान छ । तर आर्थिक गणना २०७५ को तथ्यांकले पोखरामा सञ्चालित उद्यम व्यवसाय (गणनामा सम्मिलित)मा करिब १ लाख ५ हजारले रोजगारी पाइरहेको देखिन्छ । स्थानीय व्यावसायिक संघसंस्थाहरूको अनुमानमा अनौपचारिक रूपमा सञ्चालित साना तथा घरेलु व्यवसायको संख्या पनि त्यती नै पर्याप्त रहेको छ र करिब एक लाख रोजगारी त पर्यटन क्षेत्रमा मात्रै रहेको छ । संघ प्रदेश तथा अन्य निकायबाट सञ्चालिन परियोजनासहित विभिन्न अनौपचारिक क्षेत्रलाई पनि समावेश गर्ने हो भने पोखराको श्रम बजारमा एक लाख ५० हजारभन्दा धेरैले रोजगारी पाइरहेको अनुमान छ ।

अहिलेकै प्रवृत्तिलाई आधार लिदाँ यस योजनाको अन्त्यसम्म (आगामी ३ वर्ष)मा पोखराको आर्थिक रूपले सक्रीय जनसंख्या र कुल श्रमशक्ति क्रमश करिब ३ लाख ७० हजार र १ लाख ५० हजार पुग्ने प्रक्षेपण छ । कोभिड महामारीको प्रतिकूल असर कायमै रहे रोजगारीमा वृद्धिमा भने केही शिथिलता आउने संकेत देखिएको छ ।

### ४.७.२ सम्भावना र अवसर

लामो समयदेखि पोखराको परिचयका रूपमा पर्यटन छ र पर्यटन यस्तो सेवा उद्योग क्षेत्र हो, जसले अग्र सम्बन्ध (फरवार्ड लिंकेज) र पश्च सम्बन्ध (ब्याकवार्ड लिंकेज) मार्फत् स्थानीय बजार अर्थतन्त्रमा कृषि तथा उद्योग व्यापार क्षेत्रको समेत प्रवर्द्धन गर्दछ । हरेक वर्ष पोखराको पर्यटन उद्योगमा लगानी सँगै नयाँ नयाँ पर्यटकीय उपजहरू बढ्दै गएको अवस्था छ । तसर्थ स्थानीय श्रम बजारमा दक्ष कामदारहरूको माग अझै बढ्ने

सम्भावना छ । त्यसलाई पूरा गर्न महानगरपालिकाले प्राविधिक तथा व्यावसायिक प्रशिक्षण संस्थाहरूसँगको सहाकार्यमा क्षमता तथा दक्षता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

पोखराको हकमा पर्यटन तथा आतिथ्य क्षेत्र मात्र नभएर औद्योगिक तथा निर्माण, सूचना तथा सञ्चार प्रविधि र कृषिको व्यवसायीकरणजस्ता क्षेत्रमा पर्याप्त तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गरी दक्ष मजदुर अभाव सम्बोधन गर्न सकिन्छ । निरन्तर वृद्धि हुँदै गइरहेको पर्यटन, कृषि, प्रशोधन र औद्योगिक क्षेत्रलाई सहयोग पुऱ्याउन तथा गुणस्तरीय श्रमशक्तिको बढ्दो मागको पूर्ति गर्न नयाँ व्यावसायिक तालिम केन्द्रहरू पनि स्थापना गरेर अगाडि बढ्ने अवसर महानगर समक्ष छ ।

पोखरा महानगरपालिकामा स्थानीय आर्थिक विकासका लागि रोजगारी सिर्जना,उपयुक्त जनशक्तिको विकास, श्रमको सम्मान र सुरक्षा लगायतका प्रचुर सम्भावनाका विषय हुन् ।त्यसै गरी वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उत्तम उपयोगबाट स्थानीय आर्थिक विकासलाई गति प्रदान गर्न सकिने सम्भावना पनि उत्तिकै रहेको छ ।

समग्रमा पोखरा महानगरपालिकामा देहायका सम्भावना र अवसर रहेका छन् ।

१. **व्यावसायिक र पेसागत सीप विकास :** जनसांख्यिक लाभांशबाट प्राप्त श्रमशक्तिलाई स्थानीय तालिम प्रदायक संस्थाहरू परिचालन गरी विज्ञको सहयोगमा औपचारिक तथा कार्यगत (अन दी जब) तालिम र नगपालिकाका तर्फबाट जागरण र प्रोत्साहन कार्यक्रम ।
२. **समावेशीकरण** : महानगरपालिकामार्फत् महिला उद्यमी संघ तथा युवा उद्यमी, ग्रामीण, गरिब तथा सीमान्तकृत समुदायका महिला/समूहहरूलाई श्रम बजारमा मूलप्रवाहीकरण ।
३. **हरित, दिगो, समावेशी र उत्थानशील आर्थिक विकास :** रोजगारी, गरिबी न्यूनीकरण तथा राजस्व परिचालनका हिसाबले अर्थतन्त्र हाँक्ने अग्रणी क्षेत्र तथा अवयवबीच समुचित समन्वय र सहकार्य ।

## ४.७.३ समस्या तथा चुनौती

देश र अविभावकको ठूलो लगानी रहेको साक्षर युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु पर्ने बिडम्वना पोखराको श्रम तथा रोजगारका सर्न्दभमा प्रमुख समस्या हो, स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक पर्यटन उद्योगका पर्वतारोहण, पथ प्रदर्शक, साहसिक खेलकुद जस्ता संवेदनशील क्षेत्रका लागि चाहिने दक्ष जनशक्तिको अभावले भविष्यको पर्यटन उद्योगलाई चुनौती थपिदिएको छ

त्यसैगरी, औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी -विशेषतः भारतीय) कामदारमा भर पर्ने अवस्था छ । यसले महानगरपालिकाका लागि हरित, समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्रको माध्यमबाट पोखराको स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने अवसरलाई थप चुनौती दिएको छ । पोखराका उद्यमी व्यवसायीहरू पनि जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र क्षमता विकासमा नयाँ प्रविधिहरू अवलम्बन गर्न र आवश्यक लगानी गर्नबाट चुकेको देखिन्छ ।

## ४.७.४ लक्ष्य र उद्देश्य

समावेशी स्थानीय आर्थिक विकासको आधारभूत परिसूचक र गरिबी निवारणको अचुक उपाय मानिने श्रम बजारलाई सन्तुलित र व्यवस्थित गर्दै महिला, विशेष क्षमता भएका व्यक्ति एवं सीमान्तकृत समूहको उत्पादकत्व र कार्यदक्षता मर्यादित रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा योगदान गर्नु यस आवधिक योजनाको मुल लक्ष्य हो । यो लक्ष्य प्राप्तीका लागि देहायका उद्धेश्य रहनेछन् ।

१. श्रम बजारलाई दीगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीप आधारभूत तालिम र क्षमता विकास (बुस्टर) कार्यक्रममार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्ने ।

२. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेसा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने ।

## ४.७.५ रणनीति र कार्यनीति

*तालिका २३ : श्रम तथा रोजगारी क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र दक्षता विकास (बुस्टर) कार्यक्रममार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्ने । | | | |
| १.१ | संघ तथा प्रदेश सरकारसँगको सहकार्यका स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने । | १.१.१ | अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धि र सिद्धान्तअनुरूप हुने गरी कार्यविधि र मापदण्डहरू तर्जुमा गरेर कार्यान्वयन गर्ने । |
| | | १.१.२ | मर्यादित श्रमबजारको सुश्चितता गर्न नियमित अनुगमन तथा नियमनका लागि महानगरको क्षमता विकास गर्ने । |
| १.२ | काम गर्ने उमेरका स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने । | १.२.१ | युवा परिषद्को नेतृत्वमा युवा जागरण अभियान र श्रम सहभागिता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने । |
| | | १.२.२ | महानगरले बजार मागअनुसारका आधारभूत र प्राविधिक सीप र दक्षता विकासका कार्यक्रा सञ्चालन गर्ने । |
| ***उद्देश्य २ :*** संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेसा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गर्ने श्रम बजारलाई व्यवस्थित गर्ने । | | | |
| २.१ | संघ र प्रदेश सरकारको सहकार्यमा श्रमबजारको विस्तृत अध्ययन गरी तथ्यमा आधारित बनाइने । | २.१.१ | पर्यटन उद्योगका लागि आवश्यक सीप र दक्षता तथा श्रमिकको माग र आपूर्तिको प्रोफाइल तयार गर्ने । |
| | | २.१.२ | स्थानीय श्रम बजारलाई प्रविधिमैत्री र श्रमिकमैत्री बनाउन वेब पोर्टल निर्माण गरी सञ्चालन गर्ने । |
| २.२ | रोजगारदाताका संघसंस्थाहरूको सहकार्यमा पोखरामा कार्यरत श्रमिकहरूको विस्तृत विवरणसहितको लगत तयार गरी नियमित अद्यावधिक गर्ने । | २.२.१ | सबै रोजगारदातालाई आफ्ना कामदारको विस्तृत विवरण संकलन गरी पोर्टलमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने । |
| | | २.२.२ | प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको सहकार्यमा श्रम बजारलाई मर्यादित र व्यवस्थित गर्न आवश्यक गतिविधिहरू सञ्चालन गर्ने । |

### ४.७.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको आर्थिक विकास क्षेत्रअन्तर्गतका अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्यमा श्रम तथा रोजगारी क्षेत्रका लागि यस योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका २४ : श्रम तथा रोजगारी क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीति, कार्यविधि र मापदण्ड तथा संस्थागत संरचना र सूचना प्रणाली विकास। | — | ५ | ५०० | ५०० | १००० | २००० | ४०० | — |
| २. | अध्ययन अनुसन्धान, प्रोफाइल तथा कार्ययोजना तयार। | — | ३ | ५०० | १००० | ६०० | २१०० | ७०० | — |
| ३. | अनलाइन पोर्टल निर्माण डाटाबेस व्यवस्थापन। | पोर्टल | १ | ५०० | १००० | ५०० | २००० | २००० | — |
| ४. | युवा जागरण तथा मर्यादित श्रम बजारसम्बन्धी अभियान। | कार्यक्रम | १० | १००० | १००० | १००० | ३००० | ३०० | — |
| ५. | प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सहकार्यमा गतिविधि सञ्चालन। | कार्यक्रम | ५ | २००० | २००० | २००० | ६००० | १२०० | — |
| | **जम्मा** | | | ४५०० | ५५०० | ५१०० | १५१०० | | |

### ४.७.७ अपेक्षित उपलब्धि

१. स्थानीय महिला तथा सीमान्तकृत समुदायका युवा जनशक्तिसहित समग्र श्रमशक्तिको श्रमबजारमा आकर्षण वृद्धि भएको हुनेछ।

२. स्थानीय श्रम बजारको विस्तृत अध्ययन भई पर्यटन उद्योगका लागि आवश्यक सीपयुक्त श्रमिकको माग र आपूर्तिको प्रोफाइल तयार भएको हुनेछ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता वृद्धि भई महिला, सीमान्तकृत र विशेष क्षमता भएका व्यक्तियको श्रमसहभागिता दर वृद्धि भएको हुनेछ।

४. अनलाइन श्रमबजार पोर्टल निर्माण भई सञ्चालनमा आएको हुनेछ।


# परिच्छेद पाँच :
# सामाजिक विकास योजना

## सामाजिक विकासको ढाँचा

पोखरा महानगरपालिकालाई सामाजिक रूपमा समुन्नत र समावेशी महानगरपालिकाका रूपमा विकास गर्न महानगरबासीहरूको सामाजिक, सांस्कृतिक पहिचानको संवर्द्धन गर्दै व्यक्तिगत स्वतन्त्रता र आत्मसम्मानको सुनिश्चितता गर्दै समग्र समाजको विकास गर्ने रणनीति अवलम्बन गरिनेछ । पोखरा महानगरपालिकामा घरजग्गालगायतका स्थिर सम्पत्तिमा पनि पुरुषको तुलनामा महिला अनुपात कम छ । पुरुषप्रधान सामाजिक संरचना तथा सामाजिक विभेदका कारण बजार प्रणालीमा सहज पहुँचका आधारमा पनि महिला, तेस्रोलिंगी र विभिन्न सीमान्तकृत जाति तथा समुदाय वञ्चितीकरणमा परेको अवस्था छ । सीमान्तकृत समुदायका न्यून आयस्तरका व्यक्ती र समुदाय सरकारको सामाजिक सुरक्षा योजनामा समेटिन एवं सहरी क्षेत्रमा आयआर्जनका गतिविधिमा संलग्न हुनबाट वञ्चित हुने जोखिम छ । यी लगायतका विषयलाई सम्वोधन हुने गरी देहायको सामाजिक विकासको मोडल अवलम्बन गरिएको छ ।

१. **लैङ्गिक समानता :** महानगरपालिकाका विकासका सबै प्रक्रियाहरूमा लैंगिक समानता तथा जातीय समानता सुनिश्चित गरिनेछ । यस योजनामा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक पर्ने नयाँ कानुन, नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

*चित्र ३ : सामाजिक विकासको मोडल*




२. **आर्थिक विकासका लागि नयाँ सम्बन्धहरूको विकास** : समाजवाद उन्मुख समाजको निर्माण गर्न नागरीहरूलाइ सँगठित गरी पुँजीको संकलन गरी सँयुक्त लगानीका माध्यमले आर्थिक विकासका अवसहरू सिर्जना गरी आय आर्जन तथा रोजगारीका अवसहरू सुनिश्चित गर्न आत्मनिर्भरउन्मुख अर्थतन्त्रका लागि नयाँ उत्पादन सम्बन्धहरूको विकास गर्ने ।

३. **सांस्कृतिक संवर्द्धन** : पोखरा महानगरपालिकाभित्र भएका सबै सांस्कृतिक तथा परम्पराहरूको अभिलेखीकरण गरी संवर्द्धन एवं सांस्कृतिहरूको विकास गरिनेछ ।

४. **वातावरणीय सन्तुलन र सामाजिक न्याय :** विकासका सबै प्रक्रियाहरूमा सांस्कृतिक मूल्य र मान्यताहरूको संवर्द्धन गर्दै वातावरणीय न्यायसहित विकासका गतिविधिहरू सञ्चालन गरिनेछ ।

५.**कानुनी राज्य र सुशासन** : सामाजिक तथा सांस्कृतिक रूपमा हुने सबै प्रकारका विभेद तथा अन्याय अत्याचारहरूको कानुनसम्मत तरिकाले समाधान गरेर दण्डहीनताको अन्त्य गरी कानुनी शासनको सुनिश्चित गरिनेछ ।

६. **नागरिक सचेतना र जनसहभागिता** : महानगरपालिका सबै गतिविधिहरू पारदर्शी र वैधानिक विधिवाट सम्मन्न गरिनेछन् । विकासका सबै गतिविधिहरूमा नागरिकको सहभागिता र सुसूचीत हुने अधिकार सुनिश्चित गरिनेछ ।

७. **स्वतन्त्रता र आत्मसम्मानको सुनिश्चितता** : विकासको प्रक्रियामा नागरिकको स्वतन्त्रता र आत्मसम्मानको अधिकारलाई सुनिश्चित गरिनेछ ।

**८. श्रमको सम्मान :** सबै प्रकारका वैधानिक श्रमलाई समान रूपमा सम्मान गरिनेछ र लिंग, जात र वर्गका आधारमा कुनै पनि प्रकारको विभेद गरिनेछैन ।

## ५.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ५.१.१ पृष्ठभूमि तथा सिकाइ

पोखरा क्षेत्रको शिक्षाको विकासक्रम प्राचीन र परम्परागत सिकाइ प्रणालीसँगै सुरुवात भएको पाइन्छ । पूर्वीय दर्शन र धार्मिक परम्पराअन्तर्गत हिन्दू मठमन्दिर, गुम्बा, मस्जिद आदिबाट यहाँको शिक्षाको विकास भएको हो । हाल पोखरा महानगरपालिका वडा नं. २४ कास्कीकोटमा वैदिक कालमा कश्यप ऋषिले तपस्या गरी आयुर्वेदको अमूल्य ग्रन्थ कश्यप संहिता रचना गरेको किंवदन्ती छ । पोखरा क्षेत्रको शिक्षा प्रणालीलाई उन्नत बनाउनमा फेवा तालको बीचमा अवस्थित तालबाराही मन्दिर, सेती नदी किनारको नारायणस्थान मन्दिर (हाल महर्षि गुरुकुल नारायणस्थान), पोखरा १८ स्थित वेद विद्याश्रम आदि गुरुकुल शिक्षा केन्द्रको भूमिका महत्वपूर्ण छ ।

१९५८ सालमा विन्ध्यवासिनी मन्दिर परिसरमा भाषा पाठशालाको स्थापनासँगै आधुनिक शिक्षाको सुरुवात भएको हो । पोखरा संस्कृत पाठशालाका नाममा स्थापित उक्त विद्यालयको सम्बन्धन भारतको वाराणसी संस्कृत विश्वविद्यालयसँग थियो, जुन हाल संस्कृत माविका रूपमा सञ्चालित छ । यसरी विकसित हुँदै आएको पोखराको पोखरामा हाल सामुदायिक २०६, संस्थागत २३३, धार्मिक १०, सामुदायिक सिकाइ केन्द्र १८, प्राविधिक धारका विद्यालय ५ र खुला विद्यालय २ गरी कुल कुल ४७४ शैक्षिक संस्था सञ्चालनमा छन् ।

त्यसैगरी पोखरा महानगरपालिकामा, विभिन्न विधाका ७ व्यावसायिक तालिम केन्द्र, ८ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सीटीईभीटी)बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षालयहरू रहेको शिक्षा आयोगको प्रतिवेदनमा उल्लेख छ । पोखरामा नै स्थापना भएका २ विश्वविद्यालयका साथै त्रिभुवन विश्वविद्यालयलगायत अन्य विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ५ सरकारी र १२ सामुदायिक तथा निजी क्याम्पसहरू सञ्चालित छन् । यसका अतिरिक्त विभिन्न निजी तथा सरकारी शिक्षण अस्पताल, इन्जिनियरिङ अध्ययन संस्थानहरूसमेत पोखरामा सञ्चालित छन् ।

यसप्रकार पोखरा महानगरपालिका क्षेत्र प्राचीनकालदेखि शिक्षाको केन्द्रका रूपमा रहेको र सोको प्रतिफल आधुनिक शिक्षा प्रणाली र सामाजिक विकासमा प्रतिबिम्वित भएको देखिन्छ । यसको प्रमुख सिकाइ शिक्षा क्षेत्रको

समुचित विकास मुलुकको आर्थिक सामाजिक रूपान्तरणका लागि कोसेढुङ्गा हुन सक्छ भन्ने हो । फलस्वरूप, पोखरा क्षेत्रका आर्थिक तथा सामाजिक परिसूचकहरू देशका अन्य कैयौं समान विशेषता भएका क्षेत्रको तुलनामा राम्रा छन् । उदाहरणका लागि कास्की जिल्ला केही वर्षअघि नै पूर्ण साक्षर जिल्ला घोषणा भएको थियो । विद्यालय तहमा भर्ना तथा उत्तीर्ण दरका साथै नागरिक औसत आयु र मानव विकास परिसूचक पनि अन्य क्षेत्रको तुलनामा बढी छ ।

पोखरा महानगरका सामुदायिक विद्यालयहरूमा करिब २००० शिक्षक र करिब ५० हजार विद्यार्थी रहेको तथ्यांक महानगरसँग छ । संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समेत हिसाब गर्दा कुल विद्यार्थी संख्या १ लाख १० हजारभन्दा माथि रहेको देखिन्छ ।

## ५.१.२ सम्भावना र अवसर

गुणस्तरीय शिक्षाको लामो अनुभव र आवश्यक उपयुक्त पूर्वाधारहरू उपलब्ध भएकाले पोखरालाई आधुनिक शैक्षिक केन्द्रका रूपमा विकास गरी महानगरबासीको आर्थिक सामाजिक अवस्थालाई अझै समुन्नत बनाउने दिशामा योगदान पुऱ्याउन सक्ने सम्भावना छ । अनुपम प्राकृतिक सुन्दरतासहित अनुकूल वातावरण भएको पर्यटकीय केन्द्र पोखरामा सञ्चालित विद्यालयहरूको सबलीकरण गरी गुणस्तर वृद्धि गर्न सके शिक्षा क्षेत्रको विकासमार्फत् पर्यटन उद्योगमा समेत योगदान गर्ने अवसर रहेको छ ।

विज्ञान तथा प्रविधिका क्षेत्रमा विकसित देशहरूमा भएको चामत्कारिक विकासको अनुसरण गरेर विश्वस्तरीय सूचना प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरूको विकासबाट स्थानीयस्तरमा नै गुणस्तरीय रोजगारीका अवसर सिर्जना गर्न सकिने प्रवल सम्भावना प्रबल छ । त्यसैगरी, पर्यटकीय गतिविधिहरू जस्तै हिमाल आरोहण, साहसिक खेलकुद जस्ता विषयसँग सम्बद्ध विषयमा अध्ययन अनुसन्धान तथा प्रशिक्षण प्रदान गर्ने शिक्षण संस्थाहरूको विकास र विस्तारको माध्यमबाट पनि पोखराको स्थानीय अर्थतन्त्रलाई विविधीकृत र समावेशी बनाउन र नगरबासीको समुन्नतिको चाहना साकार पार्ने सम्भावना पनि त्यत्तिकै छ ।

पोखरा नेपालमा तीव्र सहरीकरण भइरहेको र सबैभन्दा ठूलो भूगोल भएको महानगर हो । पर्यटन, उत्पादन तथा प्रशोधन र निर्माण जस्ता प्रमुख उद्योग व्यवसायमा यहाँको स्थानीय जनशक्ति अपुग भएर अन्य जिल्लाका साथै भारतबाट समेत कामदार आपूर्ति हुँदै आएको अवस्था छ । यस्तो श्रमिक अपुग भएको आर्थिक केन्द्रमा बजार मागअनुरूपका प्राविधिक तथा व्यावसायिक शिक्षण संस्थाहरूको विस्तार गर्न सके वा भइरहेका संस्थाहरूको क्षमता विकास गरे महानगरबाट बर्सेनि बाहिरिने करौडौं रुपैयाँ बचत गरेर पुँजी निर्माणमा योगदान गर्न सक्ने अवसर व्यापक छ ।

## ५.१.३ समस्या तथा चुनौती

पोखरा महानगरपालिकाको पहिलो चुनौती भनेको सामुदायिक र संस्थागत विद्यालयबीचको बढ्दो खाडल र राज्यको अर्बौं लगानी रहेको सामुदायिक शिक्षाप्रतिको न्यून विश्वसनीयता हो । सामुदायिक बिद्यालयमा दरबन्दी मिलान, शिक्षक समायोजन, नेतृत्व सबलीकरण, भौतिक पूर्वाधार विकास, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी बनाई उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्ने आजको प्रमुख चुनौती हो । त्यसैगरी, स्थानीय बजारको

मागअनुरूपका जनशक्ति उत्पादन गर्न र निम्न आय भएका समुदायका लागि सर्वसुलभ लागतमा प्राविधिक शिक्षामा पहुँच स्थापित गर्न सामुदायिक माध्यमिक विद्यालयहरूमा क्रमशः प्राविधिक धारका विषयहरूको पठनपाठन गराउनु पनि कम चुनौतीपूर्ण छैन ।

निजी क्षेत्रमार्फत् सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको स्तरोन्नति तथा गुणस्तर कायम तथा नियमित अनुगमन, नियमन गरी शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी वनाउन प्रोत्साहित गर्ने विषय पनि यथावत् नै छ । रोजगारमूलक गुणस्तरीय शिक्षामा सीमान्तकृत नागरिकका लागि पहुँच सुनिश्चित गर्दै गरिबीको रेखामुनि रहेका, विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न नसके अपेक्षित उपलब्धि हासिल सम्भव छैन । महानगरपालिकाले स्थापना गरेको बहुप्राविधिक विद्यालयको सबलीकरण गर्दै, हाल सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरूलाई क्रमशः प्राविधिक विद्यालयमा स्तरोन्नति गर्ने, वाल विकास केन्द्र, आधारभूत विद्यालय, माध्यमिक विद्यालय, सामुदायिक सिकाइ केन्द्रहरूको स्तरोन्नति गर्दै प्राविधिक र सैद्धान्तिक शिक्षाको अनुपात बढाउने काम पनि चुनौतीपूर्ण नै छ ।

## ५.१.४ लक्ष्य र उद्देश्य

महानगरपालिकाका सबै बालबालिकाको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गरी सामुदायिक र संस्थागत विद्यालयबीचको अन्तर न्यूनीकरण गर्दै माध्यमिक तहमा प्राविधिक र सैद्धान्तिक शिक्षण तथा सिकाइको अनुपात ८०:२० पुऱ्याउन सहयोग गर्ने यस योजनाको लक्ष्य रहेको छ । उक्त लक्ष्यमा पुग्ने मार्ग तय गर्न यस योजना अवधिभरमा निम्न उद्देश्य निर्धारण गरिएको छ ।

१. महानगरपालिकाले सञ्चालनमा ल्याएको बहुप्राविधिक विद्यालयको सबलीकरण गरी विश्वविद्यालयहरूसँगको सहकार्यमा प्राविधिक विषयहरूमा अध्ययापन गराउने व्यवस्था गर्ने ।
२. स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतसाधनको ज्ञान सिप,सांस्कृतिक र सामाजिक विशेषताका साथै विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन र जलवायुअनुकूलनका विषय समेटी स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्ने ।
३. कक्षा कोठामा आर्जन गरेको ज्ञान र सीपलाई नवउद्यम र श्रमबजारसँग जोड्न सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्ने ।

## ५.१.५ रणनीति र कार्यनीति

*तालिका २५ : शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** महानगरपालिकाले सञ्चालनमा ल्याएको बहुप्राविधिक विद्यालयको सबलीकरण गरी विश्वविद्यालयहरूसँगको सहकार्यमा प्राविधिक विषयहरूमा स्नातक तहसम्मको अध्यापन गराउने व्यवस्था गर्ने । | | | |
| १.१ | बहुप्राविधिक विद्यालयमा प्राविधिक धार थप गर्दै लैजाने र श्रम बजारको मागअनुसारका विषयमा कक्षा सञ्चालन गर्ने | १.१.१ | बहुप्राविधिक विद्यालयको संस्थागत क्षमता र आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने |
| | | १.१.२ | आर्थिक रूपमा विपन्न, दलित र सीमान्तकृत समुदायका लागि उपयुक्त आरक्षणसहित विद्यार्थीको संख्यामा वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने |
| १.२ | | १.२.१ | श्रम बजारको मागअनुासरको जनशक्ति उत्पादनका लागि |

| | | | |
|---|---|---|---|
| | विभिन्न विश्वविद्यालय तथा अध्ययन संस्थानहरूसँग सम्बन्धन र सहकार्य बढाउँदै लैजाने | | उपयुक्त विश्वविद्यालय तथा अध्ययन संस्थानको पहिचान गरी सम्बन्धन प्राप्त गर्ने |
| | | १.२.२ | स्वदेशी तथा विदेशी विश्वविद्यालय र अध्ययन संस्थानहरूसँग अध्ययन अनुसन्धान र प्रविधि हस्तान्तरणका क्षेत्रमा सहकार्य गर्ने |
| ***उद्देश्य २ :*** स्थानीय प्राकृतिक स्रोतसाधन, रैथाने ज्ञान सीप, सांस्कृतिक र सामाजिक विशेषता, विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन र जलवायु अनुकूलनका विषय समेटी स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्ने । | | | |
| २.१ | महानगरपालिकाको भूगोल, इतिहास, संस्कृति, पर्यावरण, वेशभूषा, रैथाने ज्ञान सीप र सभ्यता समेटेर पाठ्यक्रम तयार गरी नियमित अद्यावधिक गर्ने | २.१.१ | स्थानीय पाठ्यक्रमको आवश्यकता, महत्व र यसले समाजमा पार्ने सकारात्मक प्रभावका विषयमा प्रचार प्रसार गर्नुका साथै स्थानीय पाठ्यक्रम लागु गर्ने विषयमा आवश्यक नियम र कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने |
| | | २.१.२ | सुरुमा सामुदायिक र क्रमशः संस्थागत विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गर्ने |
| २.२ | शिक्षा महाशाखालाई अत्याधुनिक प्रविधियुक्त शैक्षिक केन्द्र (हब)का रूपमा विकास गर्ने | २.२.१ | आवश्यक संस्थागत संरचना तथा प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास गर्ने |
| | | २.२.२ | शिक्षा प्रशासन, आन्तरिक व्यवस्थापन, अनुगमन तथा सुपरिवेक्षण र शिक्षण सिकाइ अनुभव र उपलब्धि आदान प्रदानका लागि सूचना प्रविधिमा आधारित संयन्त्र ( सफ्टवेयर)हरूको व्यवस्था गर्ने |
| ***उद्देश्य ३ :*** कक्षा कोठामा आर्जन गरेको ज्ञान र सीपलाई नवउद्यम र श्रमबजारसँग जोड्न सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्ने । | | | |
| ३.१ | सीमान्तकृत वर्गका बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्थासहित माध्यमिक विद्यालयहरूलाई विषय विधाका आधारमा मेघा विद्यालयका रूपमा स्तरोन्नति गर्ने | ३.१.१ | खुला सिकाइका लागि सूचना प्रविधिको पहुँच सहितका उपयुक्त विद्यालय र सार्वजनिक केन्द्र (पुस्तकालय सहित)हरूको विकास र विस्तार गर्ने |
| | | ३.१.२ | महानगरपालिकाले प्रयोगात्मक शिक्षण सिकाइ र सूचना तथा सञ्चार प्रविधिमैत्री विद्यालय भवन र भौतिक पूर्वाधारहरूको मापदण्ड तयार गरि लागु गर्ने |
| ३.२ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने र मन्टेस्सोरीहरूका लागि मापदण्ड तोकि नक्सांकनका आधारमा स्थापना गर्ने | ३.२.१ | विद्यालयहरूमा सुरुमा घुम्ती स्वास्थ्य शिक्षा प्रदायक स्वास्थ्यकर्मीहरूको व्यवस्था गरी क्रमशः स्थायी रूपमा स्वास्थ्यकर्मी राख्ने व्यवस्था मिलाउने |
| | | ३.२.२ | मन्टेस्सोरीहरूका लागि मापदण्ड र नक्सांकन तयार गरी सोहीअनुरूप अहिले सञ्चालनमा रहेकालाई व्यवस्थापन गर्ने |

### ५.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस योजना अवधिमा शिक्षा क्षेत्रको लक्ष्य हासिलका दिशामा अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको आन्तरिक स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँगको साझेदारीमा प्राथमिकताका आधारमा देहायअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिनेछ।

**तालिका २६: शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्र सं | रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत ( रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | संस्थागत सबलीकरण र क्षमता विकास कार्यक्रम | कार्यक्रम | १२ | १२०० | १२०० | १२०० | ३६०० | ३०० | — |
| २. | शिक्षा महाशाखाको आधुनिकीकरण गरी सूचना प्रविधि मैत्री व्यवस्थापन | कार्यक्रम | १० | ३५०० | ३५०० | ३५०० | १०५०० | १०५० | — |
| ३. | श्रमबजार सापेक्ष प्राविधिक शिक्षाको विकास र प्रवर्द्धन | कार्यक्रम | १० | ४००० | ४००० | ४००० | १२००० | १२०० | — |
| ४. | सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग | भवन | १० | १०००० | १०००० | १०००० | ३०००० | ३००० | विभिन्न वडाहरू |
| ५. | स्थानीय पाठ्यक्रम विकास र लागु गर्ने | पाठ्यक्रम | १ | ५०० | ५०० | ५०० | १५०० | १५०० | — |
| ६. | अन्तरविद्यालय ज्ञान आदानप्रदान, प्रतिस्पर्धात्मक कार्यक्रम, अध्ययन भ्रमण, सभा सम्मेलन, खेलकुदका कार्यक्रम अनुसन्धान आदि | कार्यक्रम | ५० | ३५०० | ३५०० | ३५०० | १०५०० | १५० | — |
| | **जम्मा** | | | २२७०० | २२७०० | २२७०० | ६८१०० | | |

### ५.१.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकामा शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रको समुचित विकासका लागि आवश्यक नीतिगत, संस्थागत र भौतिक (प्राविधिकसहित) संरचनाहरू तयार भई शिक्षा महाशाखाको क्षमता अभिवृद्धि भएको हुनेछ।
२. गण्डकी बहुप्राविधिक विद्यालयसहित महानगरमा सञ्चालित सामुदायिक विद्यालयहरूको भौतिक, प्राविधिक तथा संस्थागत पूर्वाधारहरूमा क्रमिक सूधार सुरु भई विद्यार्थीको आकर्षणमा वृद्धि भएको हुनेछ।
३. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि भई सामुदायिक र संस्थागत विद्यालयहरूबीचको असमानतामा कमी आएको हुनेछ।
४. पोखरा महानगरपालिकाको परिवेश सुहाउँदो स्थानीय पाठ्यक्रम तयार भई लागु भएको हुनेछ।

## ५.२ स्वास्थ्य तथा पोषण

### ५.२.१ पृष्ठभूमि तथा सिकाइ

नेपालको संविधानिक प्रावधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारबीच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट भएको छ । प्रदेशले प्रदेशस्तरमा तथा स्थानीय तहले स्थानीय स्तरका स्वास्थ्य सेवा प्रदान गर्ने कार्य तथा जनस्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरी आएका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूलाई आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमनसम्बन्धी अधिकार प्रदान गरेको छ । यसका अतिरिक्त आधारभूत स्वास्थ्यका क्षेत्रमा विभिन्न साझा र एकल अधिकारका क्षेत्रहरू पहिचान गरी स्थानीय तहलाई समेत जिम्मेवार बनाएको छ ।

जनस्वास्थ्य सेवा ऐन २०७५ ले गुणस्तरीय स्वास्थ्य सेवा सहज तरिकाले प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई सुरक्षित गरेको छ । गुणस्तरीय स्वास्थ्य सेवा सबै नगरिकको सर्वसुलभ पहुँचमा पु¥याउन र संवैधानिक व्यवस्था बमोजिम सङ्घीय, प्रदेशिक र स्थानीय तहको शासन व्यवस्थालाई सम्बोधन गर्ने गरी नयाँ 'राष्ट्रिय स्वास्थ्य नीति २०७६' तर्जुमा गरी जारी भएको छ । राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा स्वास्थ्य क्षेत्रका नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ भन्ने उल्लेख गरिएको छ ।

मुलुक संघीय संरचनामा रूपान्तरण हुनुपूर्व नेपालमा स्वास्थ्य संस्थाहरूको स्थापना र व्यवस्थापन विकेन्द्रीकरणको अवधारणाअनुरूप हुँदै आएको थियो । हाल प्रायः स्वास्थ्य संस्थाहरूको संगठन संरचना र जनशक्तिको दरबन्दीमा सोही प्रावधानअनुसार रही आएको पाइन्छ । यसर्थ संघीय संरचनामा नगरपालिकाको भौगोलिक अवस्थिति, जनसंख्याको आकार तथा रोगव्याधिको गहनताअनुसार स्वास्थ्य सेवाको सहज पहुँच सुनिश्चित हुने गरी स्वास्थ्य संस्थाहरूको समायोजन हुनु आवश्यक छ अझै पनि पोखरा महानगरपालिका कुनै वडामा एकभन्दा बढी स्वास्थ्य रहेका छन् भने कहीं एउटा पनि छैन । नयाँ शासकीय संरचना अनुसार आधारभूत जनस्वास्य सेवा व्यवस्थापनमा नगरपालिकाको भूमिका तथा अधिकार स्पष्ट गरी जनताको आवश्यकताअनुसार स्वास्थ्य सेवा प्रवाह गर्न नगरपालिकाले प्रभावकारी भूमिका खेल्न पर्ने देखिन्छ । त्यसैले नयाँ संवैधानिक व्यवस्था, प्रशासनिक संरचना र ऐन नियमहरूले निर्दिष्ट गरेका अधिकार र जिम्मेवारीअनुरूप स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित गर्नु अहिलेको आवश्यकता हो ।

### ५.२.२ सम्भावना र अवसर

पोखरा महानगरपालिकामा एक स्वास्थ्य महाशाखा र त्यसअन्तर्गत तीन शाखाहरू (स्वास्थ्य सेवा तथा रोग नियन्त्रण शाखा, परिवार कल्याण शाखा र आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखाका) गठन भई महानगरपालिका स्तरको जनस्वास्थ्य सेवाको व्यवस्थापन हुदै आएको छ । यस महाशाखाले पोखरा महानगरभित्र गण्डकी प्रदेश स्तरीय ठूला अस्पतालहरु,निजी क्षेत्रका शिक्षण अस्पतालहरु र उपचार केन्द्रित अनुसन्धान केन्द्र,क्लिनिक र स्वस्थ्य सस्थां रहेका छन् । यहाँका आम नागरीकको जन स्वास्थ्य सम्वद्ध प्रचार प्रसार,रोकथाम र उपचारका सामाग्री वितरण लगायतका कार्यक्रम सञ्चालन गर्ने दिशामा सञ्चालित र ती सगँको सहर्काय र साझेदारीमा अगाडी

बढन सकिने सम्भावना छ । स्वास्थ्य क्षेत्रमा क्षमता विकास गरी प्रभावकारी सेवा प्रवाह गर्न सकिने सम्भावना छ जिम्मेवारी र सो का आधारमा स्वास्थ्य पोषणका अत्याधिक कार्य गर्ने अवसर पनि छ । महानगरमा पहिलेदेखि नै सञ्चालन भई संघीय व्यवस्थापछि हस्तान्तरण भई आएका सबै स्वास्थ्य संस्था तथा त्यहाँबाट प्रवाह हुने सेवाहरूको व्यवस्थापन गर्ने अवसरसमेत महानगरलाई प्राप्त भएको छ । यसबाट महानगरअन्तर्गत प्रवाह हुने आधारभूत स्वास्थ्य सेवाका विषयमा नीतिनियम तर्जुमा गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने, कार्यविधि र मापदण्ड निर्माणको जिम्मेवारी महाशाखाअन्तर्गत आएको छ ।

त्यसबाहेक, नेपाल सरकारको स्वास्थ्य बिमाअन्तर्गतका सेवा प्रभावकारी रूपमा प्रदान गर्ने जिम्मेवारी स्थानीय तहलाई आउनु आफैमा अवसर हो । महानगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्न र सेवाग्राहीको आवश्यकता अनुसारको सेवा प्रदान गर्न भएका स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्न सकिएमा स्वास्थ्य तथा पोषणमा सुधारका धेरै सम्भावना रहेको छ ।

**केही प्रमुख अवसर र सम्भावना देहाय बमोजिम छन् ।**

- **स्वास्थ्य संस्थाहरूको दक्षता** : स्वास्थ्य सुधारको सीमान्त लागत न्यून हुने अवसर छ ।
- **सेवाको गुणस्तर** : दक्ष स्वास्थ्यकर्मीबाट उपयुक्त औषधि र स्वास्थ्य सामग्रीको उपयोग गरी सही र सुरक्षित स्वास्थ्य सेवा प्रदान हुने सम्भावना रहन्छ ।
- **पहुँचमा समता** : कोही पनि आवश्यक स्वास्थ्य सेवाबाट बञ्चित हुनु नपर्ने गरी समतामूलक ढङ्गले उपलब्ध स्वास्थ्य सामग्री तथा सेवाको वितरण हुने अवसर छ ।
- **सेवाग्राहीमैत्री** : कसैको पनि व्यक्तिगत गोपनीयता, स्वायत्तता, आत्मसम्मान र छनोटको निर्णयलाई उचित सम्मान गर्दै नागरिकको अपेक्षा पूरा गर्ने सम्भावना प्रचुर रहन्छ ।

## ५.२.३ समस्या तथा चुनौती

संघिय संरचना पश्चातको ढाँचा शासकीय तथा प्रशासनिक संरचना र समाजको जनसांख्यिक तथा रोगको प्रकृति तथा सघनतामा आएको परिवर्तनका कारण विकसित अवस्थालाई संबोधन गर्न स्वास्थ्य क्षेत्रको सुधार अत्यन्तै जरुरी भएको छ । महानगरअन्तर्गत सबैभन्दा तल्लो तहको सहरी स्वास्थ्य केन्द्रदेखि माथिल्लो तहको अस्पतालसम्मका स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेको अवस्थामा नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवासम्बन्धी व्यवस्था २०७५ अनुसार सेवा प्रवाहको सुनिश्चितता गर्ने कार्य चुनौतीपूर्ण छ ।

स्वास्थ्य स्वास्थ्य सम्बन्धी समस्याको उपचारका लागी उपलब्ध हुने सुविधा तथा व्यवस्थापकीय क्षमता पनि स्वास्थ्य संस्थाको तह अनुसार फरकफरक भएकाले यसको व्यवस्थापन आफैमा समस्या हो ।स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापन पनि चुस्त हुन नसक्नु अर्को समस्या हो । पछिल्लो समय विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारीका कारण

महानगरको ध्यान सोको रोकथाम र नियन्त्रणका उपायमा केन्द्रित गरिएकाले स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारिता कायम गर्न चुनौतीपूण छ ।

## ५.२.४ लक्ष्य र उद्देश्य

पोखरा महानगरपालिकाको स्वास्थ्य नीति २०७४ ले स्थानीय आवश्यकताको पहिचान गरी महानगरबासीहरूलाई प्रभावकारी एवम् जवाफदेही स्वास्थ्य सेवा प्रणालीमार्फत् गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, स्वास्थ्य सुरक्षा अभिवृद्धि गर्ने र स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी एवं जनसहभागिता प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

पोखरा महानगरपालिकाले स्वास्थ्य तथा पोषणको क्षेत्रमा यस योजनाको अवधिमा गुणस्तरीय स्वास्थ्य सेवामा महानगरबासीको पहुँच अभिवृद्धि गरी स्वस्थ र उत्पादनशील नागरिक तयार गर्ने लक्ष्य लिएको छ । यस लक्ष्य प्राप्त गर्न देहायका उद्देश्यहरू निर्धारण गरिएको छ ।

१. सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्ने ।
२. कोभिडलगायतका महामारीजन्य रोग एंवम् सम्भावित विपद् जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्ने ।
३. तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालाहरूसँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्ने ।

## ५.२.५ रणनीति र कार्यनीति

*तालिका २७ : स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्ने । | | | |
| १.१ | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने । | १.१.१ | महानगरअन्तर्गतको शिशुबाल अस्पताललाई विशेषज्ञ सेवा सहितको सुविधासम्पन्न अस्पतालमा स्तरोन्नति गर्ने । |
| | | १.१.२ | सेवा प्रवाहको आवश्यकता (माग पक्ष) र संस्थागत क्षमता (आपूर्ति पक्ष)अनुसार जनशक्ति थप गर्ने । |
| १.२ | सहरी स्वास्थ्य केन्द्रहरू नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने तथा स्थापना भएका वडाहरूमा प्रभावकारी रूपमा सञ्चालन गर्ने । | १.२.१ | आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा आयुर्वेद तथा अन्य वैकल्पिक उपचार सेवाहरूलाई एकीकृत गर्दै लैजाने । |
| | | १.२.२ | आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरूलाई प्राथमिकताका आधारमा स्तरोन्नति गर्ने । |
| ***उद्देश्य २ :*** कोभिड १९ लगायतका महामारीजन्य रोग एवम् सम्भावित विपद जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्ने । | | | |
| २.१ | स्वास्थ्य संस्थाहरूमा मापदण्डअनुसारका भौतिक पूर्वाधार तथा औजार उपकरणहरूको व्यवस्थापन तथा सुदृढीकरण गर्ने । | २.१.१ | मापदण्डअनुसारको भवन नभएका स्वास्थ्य संस्थाहरूको भवन निर्माण गर्ने । |
| | | २.१.२ | सबै स्वास्थ्य संस्थाहरूमा आवश्यकताअनुसारका निदानात्मक र उपचारात्मक औजार उपकरणहरूको व्यवस्था गर्ने । |
| २.२ | स्वास्थ्यसम्बन्धी विपद् जोखम | २.२.१ | महानगरको स्वास्थ्य नीतिको पुनरवलोकन गरी |

| | | | |
|---|---|---|---|
| | न्यूनीकरणका लागि आवश्यक कानुनी र संस्थागत गर्ने व्यवस्था । | | समयानुकूल परिमार्जन गर्ने । |
| | | २.२.२ | आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषणसम्बन्धी कार्यविधि र मापदण्डहरू तयार गरी कार्यान्वयन तथा नियमन गर्ने । |
| ***उद्देश्य ३ :*** तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालाहरूसँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्ने । | | | |
| ३.१ | अनुसन्धान र प्रमाणमा आधारित स्वास्थ्य सेवा प्रवाहका लागि निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लैजाने । | ३.१.१ | महानगरको स्वास्थ्य प्रोफाइल तयार गरी जनस्वास्थ्यको वस्तुगत अवस्था पहिचान गरेर योजना तथा कार्यक्रम तयार गरिनेछ । |
| | | ३.१.२ | संघीय सरकारको नीतिअनुसार महानगरपालिकाभित्र स्वास्थ्य बिमा कार्यक्रम विस्तार तथा सेवा प्रवाहमा सहजीकरण गर्ने । |
| ३.२ | नागरिकमा दिगो र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने । | ३.२.१ | निजी क्षेत्र र समुदायको सहकार्यका स्वास्थ्य र पोषण सम्बन्धी सचेतनामूलक र नमुना कार्यक्रमहरू समुदायस्तरमा सञ्चालन गर्ने । |
| | | ३.२.२ | महानगर तथा वडास्तरीय स्वास्थ्य समिति गठन गरी नियमित रूपमा निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूमा सेवाको गुणस्तर अनुगमन गर्ने व्यवस्था मिलाउने । |

## ५.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजनामा स्वास्थ्य तथा पोषण उपक्षेत्रको विकासका लागि तय गरिएका लक्ष्य उद्देश्य र अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

तालिका २८ : स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना

| क्र. सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | सबै वडाहरूमा निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने । | वडा | ३३ | २००००० | २००००० | २००००० | ६००००० | १८१८१.८२ | — |
| २. | प्रभावकारी, जवाफदेही एवम् गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीको पहुँच सुनिश्चित गर्ने । | वडा | ३३ | ७०००० | ७०००० | ६०००० | २००००० | ६०६०.६० | — |
| ३. | कोभिडलगायतका महामारी रोग एवम् सम्भावित विपद् जोखिमहरूको न्यूनीकरण एवम् व्यवस्थापन गर्ने । | कार्यक्रम | आवश्यकता अनुसार | ५०००० | ५०००० | ५०००० | १५०००० | — | — |
| ४. | तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्ने । | कार्यक्रम | आवश्यकता अनुसार | १००००० | १००००० | १००००० | ३००००० | — | — |
| ५. | स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभागिता प्रवर्द्धन । | वडा | ३३ | ३०००० | ३०००० | ४०००० | १००००० | ३०३०.३० | — |
| | **जम्मा** | | | ४५०००० | ४५०००० | ४५०००० | १३५०००० | | |

## ५.२.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकाको स्वास्थ्य नीति व्यावहारिक रूपमा लागु भई सकारात्मक परिणामहरू प्राप्त भएका हुनेछन् ।

२. महानगरस्तरीय सुविधासम्पन्न अस्पताल स्थापना भई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान भएको हुनेछ ।

३. स्वास्थ्य सम्बन्धी प्रोफाइल तयार भई वास्तविक अवस्थाअनुसार स्वास्थ्य सेवा रणनीतिहरू तय भएको हुनेछ ।

४. स्वास्थ्य संस्थाहरूको संस्थागत विकास भई गुणस्तरीय सेवा प्रदान भएको हुनेछ ।

५. स्वास्थ्य क्षेत्रमा आवश्यक जनशक्तिको पूर्ति एवं क्षमता अभिवृद्धि भएको हुनेछ ।

६. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा एवं पोषण वितरणमा महानगर, निजी क्षेत्र र समुदायको सहकार्य थप प्रगाढ भएको हुनेछ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि तथा सिकाइ

पोखरा महानगरपालिकाको खानेपानी वितरण मुख्य गरी खानेपानी तथा ढल निर्माण विभाग र नेपाल खानेपानी संस्थानले गरेका छन् । यसबाहेक यहाँ साना सहरी खानेपानी आयोजनाहरू पनि सञ्चालनमा छन् । खानेपानी वितरणको विस्तृत विवरण देहायको तालिकामा दिइएको छ ।

*तालिका २९ : पोखरा महानगरपालिकामा खानेपानी वितरणको विद्यमान अवस्था*

| ओगटेको क्षेत्रफल | संस्था | कैफियत |
|---|---|---|
| वडा १ देखि १७ (मूल सहरी क्षेत्र) | नेपाल खानेपानी संस्थान | ७० हजारभन्दा बढी जनसंख्या वा ६७% घरधुरीमा संस्थानको पानी र बाँकीमा निजी ट्याङ्करबाट आपूर्ति |
| वडा १६, अर्मला | ८०% खानेपानी संस्थानबाट र २०% स्थानीय स्रोतबाट | खानेपानी तथा ढल विभागको सहयोगमा सानो सामुदायिक खानेपानी आयोजना |
| वडा १८, साराङ्कोट | १५% खानेपानी संस्थानबाट, १ हजार घरधुरीका लागि नयाँ आयोजना तयार हुँदै | साराङकोट खानेपानी आयोजना निर्माणको क्रममा |
| वडा २६, २७, २८, २९, ३०, ३२ | लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | (१०,७१६ घरधुरी) म.न.पा.को १०.२% भन्दा बढी जनसंख्या यसबाट लाभान्वित |
| वडा २६, २८ र ३१ | लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | १७०६ घरधुरी, ६८६५ जनसंख्या लाभान्वित । भविष्यमा जम्मा १७७८ घरधुरीसम्म वितरण गरिने । |
| वडा ३२ | लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ आयोजना ( तयारीमा) | ६२५ घरधुरी, २५३६ जनसंख्या लाभान्वित । |
| वडा १४, बाच्छेबडुवा | नेपाल खानेपानी संस्थान तथा केही डिप बोरिङ | जमिनको पानी प्रयोग गरिएको अवस्था |
| वडा २१ र ३३ | २०५४/५५ मा निर्मित सामुदायिक खानेपानी आयोजना | स्रोत - भूरेखोला र कालावाङ, १८००० जनसंख्या लाभान्वित, १-२% घरधुरीमा निजी व्यवस्था |
| वडा २२ र २३ | खानेपानी तथा ढल विभागको सहयोगमा सामुदायिक खानेपानी आयोजना | स्रोत : पञ्चासेबेसी, ९०० घरधुरी लाभान्वित, थप २००० घरधुरीमा सेवा पुऱ्याउने योजना |
| वडा २५, हेम्जा | खानेपानी संस्थानबाट वितरित, | करिब १२-१५% घरभुरीमा धारा भएको, बाँकी सामुदयिक धारामा निर्भर,सुविधा सन्तोषजनक नभएको |
| वडा २४ | ढिकुरपोखरी कास्कीकोट साराङ्कोट खानेपानी आयोजनाबाट वितरित | स्रोत : धम्पुस सामुदायिक धाराबाट वितरित |
| जाइकाको सहयोगमा खानेपानी सुधार परियोजना निर्माणाधीन | दैनिक ४ करोड १० लाख लिटर पानी प्रशोधन गर्न सक्ने क्षमता भएको संरचना (ग्रिट चेम्बर, सेडिमेन्टेसन ट्यांकी, स्लो स्यान्ड फिल्टर, क्लोरिनेसन युनिट आदि), सफा पानी भण्डारण गर्ने ट्यांकी | |
| लेखनाथ साना सहरी खानेपानी आयोजना | | प्रशोधन संरचनाको साथमा खानेपानी वितरण प्रणाली तयारीमा |

*स्रोत : जिल्ला खानेपानी तथा सरसफाइ कार्यालय, कास्की र नेपाल खानेपानी संस्थान*

२०६८ को जनगणनाअनुसार खानेपानीको स्रोत अनुसार घरधुरी संख्या तल तालिकामा दिइएको छ । सो तथ्यांक अनुसार ९२.६७% घरमा खानेपानीको सुविधा पाइप सञ्जालबाट पुगेको छ । अन्य स्रोतमा प्राकृतिक मुल (

स्प्रिङ वाटर), खुला इनार र ढाकेको इनार रहेका छन् । केही परिवार अहिले पनि ट्युबवेल तथा नदी नालामा निर्भर छन् ।

*तालिका ३० : २०६८ को जनगणना अनुसार पोखरा महानगरपालिकामा खानेपानीको पहुँच*

| खानेपानीको स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| पाइप सञ्जाल | ९७८९६ | ९२.६७ % |
| ट्युब वेल/ ह्यान्ड पम्प | १५८ | ०.१५ % |
| ढाकेको इनार | ९५८ | ०.९० % |
| खुला इनार | १४१७ | १.३४ % |
| प्राकृतिक मूलको पानी | २५७३ | २.४३ % |
| नदीनाला | ३६० | ०.३४ % |
| अन्य | १९०९ | १.८० % |
| स्रोत नखुलेको | ३५४ | ०.३४ % |
| **जम्मा** | **१०५६३१** | **१००.०० %** |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

पोखरा महानगरपालिकाको सहरी क्षेत्रमा पर्यटन पूर्वाधार विकास परियोजनाअन्तर्गत सडकको किनारामा वर्षे पानी संकलनका लागि खुला सतह ढलको निर्माण गरिएका छन् । त्यस्ता ढल सेती नदी तथा फिर्केखोलामा मिसिन्छन् । फिर्के खोलामा मिसिएको ढल सीधै फेवातालमा पुग्छ । अकासे पानी निकासका लागि बनाइए तापनि महानगरका कैयौं घर, होटेल तथा रेस्टुरेन्टहरूले आफ्नो शौचालयको निकास जोडेका कारणले फेवाताललगायत अन्य खोला-नदीहरू दिनप्रतिदिन प्रदुषित हुँदै गएको अवस्था छ ।

नेपाल खानेपानी संस्थान तथा लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट वितरित खानेपानी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डअनुसार रहेको पाइएको छ । नेपाल खानेपानी संस्थान, पोखराका अनुसार पानीको गुणस्तर स्रोतमा नै राम्रो रहेको छ । यद्यपि,यी दुवै स्थानमा पानी प्रशोधन केन्द्रको आवश्यकता औंल्याइएको छ ।

.पोखरा महानगरपालिकाको पहाडी ग्रामीण वडाहरुमा एक घर एक खानेपानी धारा अद्यापि नपुगेकोले ती,वडाहरुमा खानेपानी योजनामा प्राथमिकता दिनुपर्ने देखिन्छ, खानेपानिका स्रोतमा खानेपानि प्रशोधन केन्द्रहरू बनाउनुपर्ने र सार्वजनिक स्थलहरूमा स्वच्छ पिउने पानीको व्यवस्था गर्नुपर्ने आवश्यकता छ नगरस्तरीय एकीकृत ढल सञ्जाल र ढल प्रशोधन केन्द्र बनाइ सहरी सरसफाइ कायम गर्नुपर्ने देखिएको छ स्वच्छता को निर्माण गर्न ढिला भइसकेको छ मुख्य सहरी क्षेत्र र हरेक वडामा लैङ्गिक र अपाङ्ग मैत्री सार्वजनिक शौचालय बनाइनु स्वच्छ खानेपानी र व्यवस्थित शौचालय नभएका स्कुलहरूको अभिलेख राखी तदनुसार योजना बनाई कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ।

## ५.३.२ सम्भावना र अवसर

पोखरा महानगरपालिकामा मानवसिर्जित फोहोर मैला घरघरमा नै सेप्टिक ट्यांकी बनाएर विसर्जन गर्ने व्यवस्था छ । सतहपानी ढलमा अन्य फोहोर मात्र जाने गरेको छ । सेप्टिक ट्यांकी भरिएमा सुरक्षित तरिकाले गाडीबाट बाच्छेबडुवाको फोहोर प्रशोधन केन्द्रमा लगेर व्यवस्थापन गर्ने गरिएको छ । पोखरा महानगरपालिकाले नागरिकको घरघरबाटै फोहोरमैला संकलन गर्ने व्यवस्था गरेको छ । संकलित फोहोरमैला वडा १४ को

बाच्छेबडुवास्थित ल्यान्डफिल साइटमा लगेर प्रशोधन गर्ने गरिएको छ । अधिकांश ग्रामीण क्षेत्रमा भने स्थानीय तहमा नै व्यवस्थापन गरिने गरेको छ । खानेपानी र सरसफाइका क्षेत्रमा पोखरा महानगरपालिकाका लागि देहायबमोजिमका सम्भावना र अवसरहरू रहेका छन् ।

१. नजिकैका हिमाल र उच्च पहाडी क्षेत्रबाट बगेर आउने पानीको प्राकृतिक स्रोतहरू प्रशस्त भएकाले महानगरले पानीका मुहानहरूको संरक्षण र व्यवस्थापन मात्र गरे पुग्ने अवस्था ।
२. प्रशोधित खानेपानी वितरणका लागि नेपाल खानेपानी संस्थान र लेखनाथ साना सहरी आयोजनामार्फत् ठूलो लगानी भइरहेकाले महानगरले सहकार्य र समन्वय मात्र गरे पुग्ने अवस्था ।
३. अधिकांश वडाहरूमा एक घर एक धारा कार्यक्रमअनुसार खानेपानी वितरण भइरहेको ।
४. महानगरका शत प्रतिशत घरहरूमा सेप्टिक ट्यांकीसहितको शौचालय र त्यसको सुरक्षित व्यवस्थापन प्रणाली भएकाले त्यस्तो फोहोर प्रशोधन गरी स्वच्छ ऊर्जा र जैविक मल उत्पादनको सम्भावना ।
५. घरघरबाटै फोहोर संकलन प्रणाली भएकाले स्रोतमा नै फोहोर वर्गीकरण, प्रशोधन र पुनःउपयोगको दिशामा निजी क्षेत्रसँगको सहकार्यमा नवीनतम कामहरू गर्ने अवसर ।

## ५.३.३ समस्या तथा चुनौती

नेपालको सबैभन्दा धेरै पानी पर्ने पोखरा क्षेत्रमा वर्षायाम तथा ठूलो वर्षा भएको हिउँदको समयमा पनि धारामा धमिलो पानी आउने समस्या रहेको छ । त्यसैगरी, एशियाली विकास बैंकको सहयोगमा सार्वजनिक निजी साझेदारीमा पर्यटन पूर्वाधार विकास परियोजनाअन्तर्गत निर्माण गरिएको फोहोर प्रशोधन केन्द्र (ल्यान्डफिल साइट)को आयु समाप्त भइसकेकाले यसको व्यवस्थापन महानगरको प्रमुख चुनौती हो ।

पर्यटन पूर्वाधार विकास परियोजनाको दोस्रो चरणअन्तर्गत केही सामुदायिक फोहोर व्यवस्थापन परियोजनाहरू निर्माणको पहल भएता पनि सम्पन्न हुन सकेका छैनन् । बाच्छेबडुवा पोखरा महानगरपालिकाभरीको एउटै मात्र ल्यान्डफिल साइट हो । यो ल्यान्डफिल साइट निर्माणको अन्तिम चरणमा पुगेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ३ किमिको सेरोफेरोमा पर्ने भएकाले सो विमानस्थल सञ्चालनमा आउनुपूर्व नै अन्यत्र सारिसक्नुपर्ने चुनौती महानगरपालिका सामु छ । अन्य केही समस्या र चुनौतीहरू यस प्रकार रहेका छन् ।

१. पोखरा महानगर नेपालमा तीव्र रूपमा सहरीकरण भइरहेका क्षेत्रमध्ये एक हो । त्यसैले यहाँ खानेपानी तथा सरसफाइसँग सम्बन्धित सेवाहरूको माग दिनप्रतिदिन बढिरहेको छ । खानेपानीको निर्वाध आपूर्ती र सरसफाइ सेवाहरूको उचित व्यवस्थापन चुनौतीपूर्ण छ ।
२. महानगरको बजेट तथा कार्यक्रम तथा सरसफाइ जस्ता सामाजिक पूर्वाधारमा तुलनात्मक रुपमा न्यून रहेको छ कम रहेको छ ।
३. यो क्षेत्रमा नवीनतम प्रविधि र आयोजनाको लागी पर्याप्त अध्ययन अनुसन्धानको कमी र सोको निम्ति नगरपालिकाको बजेट तथा कार्यक्रमले समेट्न सकेको छैन ।

## ५.३.४ लक्ष्य र उद्देश्य

महानगरपालिकाका ९५ प्रतिशतभन्दा बढी जनसंख्या लाभान्वित हुने गरी स्वच्छ खानेपानीको उपलब्धतासहित महानगरको एकीकृत ढल निकास प्रणाली र फोहोर प्रशोधन केन्द्र स्थापना गर्ने यो योजनाको लक्ष्य रहेको छ। उक्त हासिल गर्न देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छ।

१. महानगरपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु।

२. महानगरपालिकाको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्रको मास्टर प्लान तथा विस्तृत योजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने उपयुक्त स्थापना पहिचान गरी फोहोर प्रशोधन केन्द्र स्थापना गरी हालको ल्यान्डफिल्ड साइट स्थानान्तरण गर्ने।

## ५.३.५ रणनीति र कार्यनीति

*तालिका ३१ : खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** महानगरपालिकामा स्वच्छ खानेपानीमा सहज पहुच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु। | | | |
| १.१ | स्वच्छ खानेपानीका लागि एक घर एक धारा सुनिश्चित गर्नुका साथै सार्वजनिक स्थलहरूमा समेत सर्वसुलभ खानेपानीको व्यवस्था गर्ने। | १.१.१ | संघीय, प्रदेश र खानेपानी संस्थानसँगको समन्वयमा १ घर १ धारा अभियानलाई प्रभावकारी बनाइनेछ। |
| | | १.१.२ | खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षणका लागि खानेपानी तथा सरसफाइ गुरुयोजना तयार गरी लागु गरिनेछ। |
| १.२ | ग्रामीण वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने। | १.२.१ | खानेपानी गुणस्तर तथा सुधारलाई नियमित कार्ययोजना वनाइ कार्यन्वयन गरिनेछ। |
| | | १.२.२ | विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसम्भारको व्यवस्था गरिनेछ। |
| ***उद्देश्य २ :*** *महानगरपालिकाको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्रको मास्टर प्लान तथा विस्तृत योजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने।* | | | |
| २.१ | गरिबीको रेखामुनि रहेका र अस्थायी शौचालय प्रयोग गरेका घरपरिवारका लागि पक्की शौचालय निर्माण गर्न र सार्वजनिक स्थानहरूमा शौचालयको प्रबन्धका लागि विशेष व्यवस्था गर्ने। | २.१.१ | हरेक वडामा खानेपानी वितरणको अवस्था तथा अस्थायि र स्थायी शौचालय प्रयोग गरिरहेका घरपरिवारको तथ्यांकसहितको प्रोफाइल तयार गर्ने। |
| | | २.१.२ | संघीय र प्रदेश सरकारसंगको समन्वयमा प्राथमिकताका आधारमा अति विपन्न परिवारलाई खानेपानी र पक्की शौचालय बनाउन सहयोग गर्ने। |
| २.२ | महानगरको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने। | २.२.१ | महानगरको पर्यटकीय पहिचान झल्कने गरी अन्तर्राष्ट्रिय स्तरको ढल निकास प्रणाली विकासका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने। |
| | | २.२.२ | हरित समावेशी तथा उत्थानशील विकासको अवधारणाअनुरूप एकीकृत ढल निकास प्रणाली विकासका लागि निजी क्षेत्र तथा विभिन्न अन्तर्राष्ट्रिय हरित कोषबाट स्रोत परिचालन गर्ने। |

### ५.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

योजनाले निर्दिष्ट गरेअनुरूपका नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ३२ : खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | सबै घर परिवारहरूमा स्वच्छ र पर्याप्त खानेपानीको सुनिश्चितता गर्ने। | परिवार | १०००० | १२०००० | १४०००० | १४०००० | ४००००० | ४० | सम्बन्धित वडाहरू |
| २. | गरिबीको रेखामुनि रहेका र अस्थायी शौचालय प्रयोग गरेका घरपरिवारका लागि पक्की शौचालयको व्यवस्था गर्ने। | परिवार | ३० | १०००० | १०००० | १०००० | ३०००० | १००० | सम्बन्धित वडाहरू |
| ३. | सार्वजनिक स्थानहरूमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने। | आयोजना | ६० | २००० | २००० | २००० | ६००० | १०० | सम्बन्धित वडाहरू |
| ४. | सार्वजनिक शौचालयको व्यवस्था गर्ने। | आयोजना | ३० | १५००० | १५००० | १५००० | ४५००० | १५०० | सम्बन्धित वडाहरू |
| ५. | महानगरमा एकीकृत ढल प्रणाली स्थापना गर्ने। | किमि | २५ | १००००० | १००००० | १००००० | ३००००० | १२००० | सम्बन्धित वडाहरू |
| | **जम्मा** | | | **२५००००** | **२७००००** | **२७१०००** | **७९१०००** | | |

### ५.३.७ अपेक्षित उपलब्धि

१. महानगर पालिकाका अधिकांश घरधुरीहरूमा एक घर एक धारा स्वच्छ खानेपानी उपलब्ध भएको हुने।

२. महानगरपालिकाका प्रायः सार्वजनिक ठाउँहरूमा स्वच्छ खानेपानी र लैंगिक एवं अपाङ्ग शौचालयहरूको निर्माण भएको हुने।

३. महानगरपालिका अति विपन्न र अस्थायी शौचालय प्रयोग गरिरहेका परिवारहरूका निम्ति शौचालयको उपलब्ध भएको हुने।

४. संघ र प्रदेश सरकारको समन्वयमा एकीकृत ढल निर्माण र फोहोर पानी प्रशोधन केन्द्रहरूको गुरुयोजना तयार भई आयोजना निर्माण सुरु भएको हुने।

५.नयाँ ल्याण्डफिल्ड साइटको व्यवस्था भएको हुने।

## ५.४ सामाजिक समावेशीकरण तथा संरक्षण

### ५.४.१ पृष्ठभूमि तथा सिकाइ

नेपालको संविधानले लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । राज्यले नागरिकहरूबीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था समेत सविंधानमा छ । त्यसैगरी सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्थासमेत गरेको छ ।

स्थानीय सरकारलाई ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूसहित सुकुम्वासी व्यवस्थापन गर्न लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्यांक र सूचना व्यवस्थापन नियमन गर्ने लगायतका काम, कर्तव्य र अधिकार संवैधानिक रुपमा प्राप्त छ ।

### ५.४.२ सम्भावना र अवसर

पोखरा महानगरपालिका सहरी र ग्रामीण क्षेत्रको असमान र विविधता पूर्ण सामाजिक संरचनामा अवस्थित ठूलो महानगर हो । यो प्रकृतिक सुन्दरता, पर्यटकीय गन्तव्यस्थल, धेरै संस्कति र बसोवासका दृष्टि धेरै सम्भावना र अवसर बोकेको स्थान हो ।यहाँ सञ्चालनमा रहेका कार्यक्रम र क्रियाशील सस्थाहरु बाट सामाजिक समावेशीकरण,लक्षित वर्ग केन्द्रित क्रियाकलापमा प्रभावकारीता आउने प्रचुर सम्भावना छ ।ग्रामीण पर्यटन वृद्धीबाट महिला सशक्तीकरण लक्षीत वर्ग केन्द्रीत लक्ष्य र उद्धेश्य प्राप्त गर्ने अवसर महानगरलाई छ । सघं,प्रदेश र केन्द्रित विशाल आर्थिक एवं सामाजिक केन्द्र हुनु महानगरका लागि विशाल अवसर हो । यहाँ सञ्चालन हुने कार्यक्रम र आयोजना बाट महानगरले महिला,बालबालिका,वृद्ध,अपाङ्ग क्षेत्रमा समावेशिकरण र संरक्षण गर्ने कार्यक्रममा केन्द्रित हुने अवसर छ ।

महानगरपालिकाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी वजेट तथा कार्यक्रम सञ्चालन गरिरहेको छ । आर्थिक तथा सामाजिक रूपमा पिछडिएको वर्गका लागि विशेष कार्यक्रम कार्यान्वयनमा छन् । सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरीतिको अन्त्य गर्दै बालहिंसा, लैंगिक हिंसा मुक्त सहर बनाउन कार्यक्रमहरू सञ्चालन भएका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

पोखरा माहानगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तीकरण क्षेत्रमा हाल ४० वटा संघ/संस्था क्रियाशील छन् । महिला र लक्षित वर्गका लागि उपमेयरसँग महिला कार्यक्रम

मार्फत् आर्थिक सशक्तीकरण अभियान को उल्लेख्य कार्यक्रम संचालनमा छ। विभिन्न १८ वटा महिला सहकारीको क्षमता विकास र सो मार्फत् महिला सशक्तीकरण र लक्षित वर्ग केन्द्रित वडास्तरीय कार्यक्रम सञ्चालन भइरहेका छन् । लैंगिक हिंसा न्यूनीकरणका लागि न्यायिक समिति स्थापना भई सक्रिय रूपमा सञ्चालन भैरहेको छ । लैंगिक हिंसाविरुद्धको अभियानका लागि प्रत्येक वडामा लैंगिक हिंसाविरुद्ध पुरुषको ऐक्यबद्धता कार्यक्रम पनि चलिरहेको छ ।

यसैगरी बालबालिकासँग सम्बन्धित क्षेत्रमा क्रियाशील संघ/संस्थाहरूले बाल संरक्षण, विकास तथा सहभागिता अभिवृद्धि गर्ने एवं सोको पैरवी सम्बन्धी कायक्रर्महरू सञ्चालन गरिरहेका छन् । बालबालिकाको पहुँच र क्षमता विकासका लागि ३३ वटा वडामा वडास्तरीय बालमञ्च गठन भएका छन्, महानगरस्तरीय बाल मञ्च पनि गठन भई क्रियाशील अवस्थामा छ । सडक बालबालिकाको उचित व्यवस्थापनका लागि ४२ वटा बालगृह स्थापना भएका छन् । अपांगता भएका व्यक्तिको हकहीत सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपांगता वडा सञ्जाल गठन गर्ने कार्य अघि बढिरहेको छ । ज्येष्ठ नागरिकको सम्मानका निमित्त प्रत्येक वर्ष ज्येष्ठ नागरिक दिवसका अवसरमा नगर माता र नगर पिता घोषणा गरी सम्मान कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

स्थानीय स्तरमा विकास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्न, विकास कायको निगरानी गर्न र जनसुमदाय परिचालन गर्न ६६९ वटा टोल विकास संस्था क्रियाशील छन् । हालका दिनमा एकातिर महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा अधिकारबारे उनीहरूमा सचेतनाको वृद्धि हुँदै गएको छ भने अर्कोतिर आर्थिक, सामाजिक र राजनीति अवसरमा समेत बढोत्तरी हुँदै गएको छ ।

## ५.४.३ समस्या तथा चुनौती

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि नगरपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी छ । एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझै पनि सकारात्मक वन्न सकिरहेको छैन । यी वर्गमाथि हिंसाजन्य व्यवहार कायमै हुनु मुल समस्या हुन । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी सचेतनामा कमी छ । महिलामा बहुकार्य बोझको अवस्था कायमै छ । लक्षित वर्ग सशक्तीकरण र क्षमता विकास कार्यक्रम प्रभावकारी बनाई आशातीत सुधार गर्ने कार्य सम्पादन गर्न,बालश्रम र हिंसा उत्मूलन गर्न र लक्षित वर्गमा आत्मविश्वास वृद्धि गर्नु चुनौती पूर्ण छ । सामाजिक सुरक्षा वृत्तिलाई सहज वितरण लाई गुनासो रहित बनाउने कार्य पनि चुनौति युक्त छन् । सामाजिक सुरक्षा वृत्ति वितरणमा समस्या र गुनासो कायमै रहेको छ ।

नीतिगत तथा व्यावहारिक तहबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायको क्षेत्रमा थुप्रै परिवर्तन हुँदै आएको भए तापनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको सार्थक उपस्थिति हुन नसक्नु अर्को समस्या हो । लक्षित वर्ग सञ्जालअन्तर्गत दलित सञ्जाल, बालबालिका सञ्जाल, अपांग सञ्जाल, ज्येष्ठ नागरिक सञ्जाल, आदिवासी जनजाति गरी ५ वटा वर्गका सञ्जाल गठन तथा परिचालन गरी सामाजिक समावेशीकरण गराउने अवसर प्रचुर छ । सामाजिक अभ्यास तथा परम्पराका कारण महिला हिंसा, बाल हिंसा तथा घरेलु हिंसाका घटना अझै कायमै रहनु। लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरूबाट

अपेक्षित प्रतिफलमा प्राप्त नहुनु । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरता नहुनु । पिछडिएको वर्गमा कानुन तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहनु,

अन्तर निकाय र अन्तर तह समन्वयको कमीले लक्षित वर्गसम्बन्धी सूचनामा पर्याप्त नहुनु नहुनु । लक्षित वर्गसम्बन्धी महिला, ज्येष्ठ नागरिक, बालबालिका, हिंसा न्यूनीकरण जस्ता विषयमा केही कार्यविधि नीति, नियम तयार भए पनि अन्य केही बाँकी छन् । लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम पर्याप्त नहुनु ।

## ५.४.४ लक्ष्य र उद्देश्य

महानगरपालिकाभित्रका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक रूपमा सशक्तीकरण गरेर आत्मसम्मानको प्रत्याभूति सुनिश्चित गर्दै सम्मानित र गुणस्तरीय जीवन सुनिश्चित गर्ने वातावरण बनाउने यस योजनाको लक्ष्य रहेको छ । यो लक्ष्य पूरा गर्न देहायका उद्देश्यहरू निर्धारण गरिएको छ ।

१. महानगरपालिकाका सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै समावेशी सहरका रूपमा विकास गर्ने ।
२. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधारशिला तयार गर्ने ।
३. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी बनाउने ।

## ५.३.५ रणनीति र कार्यनीति

*तालिका ३३ : सामाजिक समावेशीकरण तथा संरक्षण क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** महानगरपालिकाका सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा महानगरपालिकालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै समावेशी सहरका रूपमा विकास गर्ने । | | | |
| १.१ | ' लैंगिक समानतासम्बन्धी क्षेत्रगत नीति, कानुन, संरचना, रणनीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | १.१.१ | विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा लैंगिक समता तथा सामाजिक समावेशीकरणसम्बन्धी क्षेत्रगत नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । त्यसैगरी लैंगिक हिंसाविरुद्ध कानुनी सुनिश्चित गरिने छ । |
| | | १.१.२ | बालश्रम, लैंगिक हिंसा, वृद्ध र अपांगता भएकामाथि हुने हिंसा उत्मूलन गर्न स्थानीय तहमा उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समिति, लैंगिक हिंसाविरुद्ध सीमित, युवा क्लब, ज्येष्ठ नागरिक समिति, स्थानीय विपद् व्यवस्थापन समितिलगायत वडा तथा विषयगत समिति क्रियाशील भएको सुनिश्चित गरिनेछ । |
| | | १.१.३ | माथि उल्लिखित समिति तथा संरचनालाई समावेशी बनाइनेछ । र यी सञ्जाल/समिति पदाधिकारीलाई कानुनी तथा नीतिगत व्यवस्था र अधिकारका त्यसैगरी अधिकार, जिम्मेवारी तथा कार्यदिशा सम्बन्धमा क्षमता अभिवृद्धि गरिने कार्यक्रमहरूको आयोजना गरिनेछ । |
| | | १.१.४ | सबै तहमा लैंगिक उत्तरदायी बजेट पद्धति संस्थागत गरिनेछ र निर्णय प्रक्रिया र स्थानीय संरचनामा समावेशी नीतिलाई प्रभावकारी रुपमा |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | | कार्यान्वयन गरिनेछ । |
| १.२ | अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थलहरू महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपांगतामैत्री सुनिश्चित हुने गरी नीति निर्माण गर्ने । | १.२.१ | महानगरपालिकाले परियोजना विकास चरणमा विपन्न तथा जोखिममा रहेका वर्गहरूसँग छलफल गरि उनिहरूको आवश्यकतालाई पहिचान गर्ने सोही अनुरूप पूर्वाधार आयोजनाहरूको योजना तर्जुमा गरिने छ । |
| | | १.२.२ | स्थानीय संचित कोषबाट बजेट विनियोजन भई निर्माण हुने भौतिक पूर्वाधार संरचना लक्षित वग मैत्री र आवश्यकता अनुरूप निर्माण गरिनेछ |
| | | १.२.३ | लक्षित वर्गमैत्री भौतिक संरचना आवश्यकता अनुसार निमार्ण गरीनेछ लक्षित वर्गमैत्री नीति, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |
| | | १.२.४ | बालबालिका, महिला, एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी, जन जाति, दलित, अति विपन्न तथा जोखिममा रहेका वर्गको आधारभूत सेवा पूर्वाधारहरूमा समान पहुँच सुनिश्चित गरिनेछ । उनीहरूलाई प्रस्तावित यातयात सेवा सर्वसुलभ रूपमा उपलब्ध गराइनेछ । |
| | | १.२.५ | सार्वजनिक धारा, शौचालय, सडक भवनलगायतका भौतिक पूर्वाधार निर्माणलाई यथाशक्य बाल, अपांग, ज्येष्ठ नागरिकमैत्री रूपमा निर्माण गरिनेछ । |
| | | १.२.६ | धेरै आवतजावत हुने सार्वजनिक स्थल एवं संघसंस्थाहरूमा स्तनपान गृह निर्माण गर्न प्रोत्साहन गरिनेछ । |
| ***उद्देश्य २ :*** महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधारशिला तयार गर्नु । | | | |
| २.१ | महिला, अपांगता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने । | २.१.१ | नगरपालिका बेरोजगारहरूको सूची तथा व्यक्तिगत विवरण तयार तथा अद्यावधिक गरिनेछ र रोजगारीका लागि इच्छुक व्यक्तीहरुको सीप सिकाइ स्तरको विवरण तयार गरिनेछ । |
| | | २.१.२ | महिला, अपांगता भएका, दलित, लोपोन्मुख आदिवासीका लागि आयआर्जनका अवसर वृद्धि गर्न उद्यमशीलता तथा सीप विकाससम्बन्धी तालिम सञ्चालन, प्रविधि हस्तान्तरण र टेवा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २.१.३ | टोल विकास संस्था र महिला समूहलाई स्थानीय कानुनबमोजिम दर्ता गराई अझ क्रियाशील बनाइनेछ । |
| | | २.१.४ | अपांगता भएकाहरूका लागि सीप, सहायक सामग्री वितरण गरी व्यावसायिक बनाउँदै समाजमा सम्मानजनक वातावरण तयार गरिनेछ । |
| २.२ | लक्षित वर्गको आर्थिक अवस्थामा सुधार गर्न सशक्तीकरणका कार्यक्रम सञ्चाालन गरिने । | २.२.१ | लक्षित वर्गको सामाजिक तथा आर्थिक अवस्थामा सुधार गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गरी सामाजिक परिचालन र सशक्तीकरणका कार्यक्रम सञ्चाालन गरिनेछ । |
| | | २.२.२ | टोल विकास संस्था, महिला समूह, युवा क्लब, बाल क्लब, महिला, दलित, अपांगता भएका व्यक्तिसँग सम्बन्धित अधिकारकर्मी संस्था सञ्जालमार्फत् समुदाय परिचालनको कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २.२.३ | समुदाय परिचालनमार्फत् दलित, एकल महिला, ज्येष्ठ नागरिक र पछाडि परेको समुदायको अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | | |
| | | २.२.४ | समुदाय परिचालनका लागि नगरपालिका स्तरमा क्रियाशील नागरिक समाज एवं सघं संस्थाहरूसँग साझेदारी र सहकार्य गरिनेछ । |
| | | २.२.५ | महिला, अपांगता भएका, दलित, लोपोन्मुख आदिवासीका लागि विशेष |

| रणनीति | | | कार्यनीति |
|---|---|---|---|
| | | | प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्न आयआर्जनका अवसर वृद्धि, उद्यमशीलता तथा सीप विकाससम्बन्धी तालिम प्रविधि हस्तान्तरण र टेवा कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.३ | लक्षित वर्गको आर्थिक अवस्थामा टेवा पुऱ्याउने विकासका नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने । | २.३.१ | लक्षित वर्गका आर्थिक विकास, सेवा तथा बजार व्यवस्थापनसम्बन्धी नीति, कानुन मापदण्ड तयार गरी सोको कार्यान्वयन व्यवस्था गरिनेछ । |
| | | २.३.२ | लक्षित वर्गको व्यावसायिक विकासका लागि दीर्घकालीन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । |
| | | २.३.३ | स्थानीय कार्यक्रम जस्तै उपमेयरसँग उद्यमशील विकास कार्यक्रम, मेयरसँग युवा रोजगारी कार्यक्रम आदि कार्यक्रममा बजेट विनियोजन गरी लक्षित वर्गहरूलाई लक्षित व्यावसायिक र जीवनपयोगी कार्यक्रम आयोजना गरिनेछ । |
| | | २.३.४ | स्थानीय कच्चापदार्थ र सीपमा आधारित उच्च मूल्यका वस्तु र सेवा तथा उत्पादनमुखी व्यवसाय सञ्चालन गर्न लक्षित वर्गलाई बीउ पुँजीमार्फत् प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ३ :** विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी बनाउने । | | | |
| ३.१ | समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यत्रविधि निर्माण गर्ने । | ३.१.१ | लैंगिक, घरेलु र अन्य हिंसापीडितहरूका लागि एकीकृत सेवा प्रवाह गर्न ऐन नियम तथा कार्यविधिहरू तर्जुमा गरिनेछ । |
| | | ३.१.२ | लैंगिक, घरेलु अन्य हिंसापीडितहरू विशेषगरी सबैभन्दा कमजोर र पछाडि परेको समुदायको सेवा सुनिश्चित लागि कानुनी तथा न्याय सेवामा कार्यरत संघसस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । |
| ३.२ | सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी समाजमा रहेका रूढिवादी तथा कुप्रथाका विरुद्ध सामाजिक न्याय, पैरवी तथा वकालतका लागि विभिन्न कार्यक्रम आयोजना गरिने । | ३.२.१ | सार्वजनिक र निजी दुवै क्षेत्रमा जात-जातिमा आधारित भेदभाव र छुवाछूत प्रथालाई निषेध गरिएको सुनिश्चित गर्न विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ । |
| | | ३.२.२ | महिला, बालबालिका, अपांग तथा ज्येष्ठ नागरिकहरूसँग सम्बन्धित सांस्कृतिक पर्व, उत्सव, दिवसहरूलाई नियमित रूपमा मनाइनेछ र सबैको समान हक तथा अधिकारका लागि वकालत गर्ने कार्यक्रम आयोजना गरिनेछ । |
| | | ३.२.३ | हरेक जातजाति तथा भाषाभाषीहरूको सम्मान हकअधिकार सुनिश्चित गर्न र लक्षित वर्गमा आत्मविश्वास बढाउन स्थानीय सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र तथा समुदायसँग समन्वय र सहकार्य गरिनेछ । |
| | | ३.२.४ | लैंगिक तथा यौन हिंसा अन्त्यका लागि महिला समूह, महिला स्वास्थ्य स्वयंसेविका र निगरानी समूहको क्षमता अभिवृद्धि गरिनेछ । |
| | | ३.२.५ | सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बोक्सी, छुवाछूत, दाइजो प्रथा जस्ता अमानवीय व्यवहारलाई निरुत्साहित गरिनेछ । |
| | | ३.२.६ | जातीय विभेदको न्यूनीकरण र व्यवहारमा नै अन्त्य गर्न जातीय विभेद निगरानी समूह परिचालन गरिनेछ । |
| | | ३.२.७ | सामाजिक विसंगति र विकृति न्यूनीकरण गर्न टोल विकास संस्था, युवा क्लब र समूहहरूमार्फत् सचेतना अभियान सञ्चालन गरिनेछ । |
| | | ३.२.८ | अन्तरपुस्ता सीप तथा अनुभव हस्तान्तरण, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन तथा निरन्तरता प्रदान गरिनेछ । |

### ५.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)

सामाजिक विकास क्षेत्रमा अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना देहाय बमोजिम सञ्चालन गरिनेछ ।

**तालिका ३४ : सामाजिक समावेशीकरण तथा संरक्षण क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत ( रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत सुधार, संस्थागत विकास र प्रोफाइल तयारी | दस्तावेज | १० | ३४०० | ३४०० | १७०० | ८५०० | ८५० | — |
| २. | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुदृढीकरण र लैंगिक र घरेलु हिंसा न्यूनीकरण | कार्यक्रम | १० | १२०० | १२०० | १२०० | ३६०० | ३६० | — |
| ३. | उपप्रमुखसँग महिला कार्यक्रम | सहकारी | २० | २०००० | २०००० | २०००० | ६०००० | ३००० | — |
| ४. | महिला, विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा स्वरोजगार प्रवर्द्धन कार्यक्रम | कार्यक्रम | ४५ | १८००० | २८००० | २६००० | ७२००० | १६०० | — |
| ५. | असहाय तथा हिंसा पीडित नागरिक उद्धार कोष | कोष | १ | ० | ४००० | ० | ४००० | ४००० | नगरपालिका |
| ६. | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सेफ हाउस व्यवस्थापन | भवन | ५ | १३००० | १४००० | २६००० | ५३००० | १०६०० | छनोट भएका स्थान |
| ७. | बालमैत्री नगर कार्यक्रम र लक्षित वर्ग सञ्जाल परिचालन | कार्यक्रम | १० | २२०० | २२०० | ११०० | ५५०० | ५५० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | **५७८००** | **७२८००** | **७६०००** | **२०६६००** | | |

### ५.४.७ अपेक्षित उपलब्धि

१. महिला सशक्तीकरणमार्फत् सामाजिक विभेद र लैंगिक हिंसा न्यून भएको हुनेछ ।

२. जोखिममा भएका बालबालिकाहरूको संरक्षण र बालबालिकाहरूको व्यक्तित्व विकासको अवसर सिर्जना भएको हुनेछ ।

३. अपांगता भएका व्यक्तिहरूको आत्मसम्मान र सहभागितामा वृद्धि भएको हुनेछ ।

४. ज्येष्ठ नागरिकका अनुभव तथा ज्ञानहरूको सदुपयोग भएको हुनेछ ।

## ५.५ युवा तथा खेलकुद

### *५.५.१ पृष्ठभूमि तथा सिकाइ*

जनसंख्याको संरचनालाई हेर्दा पोखरा महानगरपालिका अहिले जनसांख्यिक लाभांश (डेमोग्राफिक डिभिडेन्ड)को अवस्थामा छ। यसको अर्थ महानगरमा आर्थिक रूपमा सक्रिय (इकोनोमिकल्ली एक्टिभ) मानिने १५ वर्षदेखि ६९ वर्ष समूहको जनसंख्याको अनुपात ६८ प्रतिशत र आयआर्जनका हिसाबले उत्पादनशील १५ देखि ४९ वर्ष समूहका युवा जनशक्तिको अनुपात ५७ प्रतिशत छ । कास्की जिल्ला केही वर्ष पहिला र हालै गण्डकी प्रदेशसमेत पूर्ण साक्षर घोषणा भइसकेको छ।

खेलकुदका लागि पोखरा एक उर्वर भूमि हो । फुटबल, भलिबल, क्रिकेट जस्ता खेलमा यहाँ उत्पादित खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सफलता हासिल गरिसकेका छन् । पर्यटन उद्योगसँग सम्बन्धित हिमाल आरोहण, प्याराग्लाइडिङ, क्यान्योइङ, रक क्लाइम्बिङ, साइक्लिङजस्ता साहसिक खेलकुदमा त पोखराको भिन्नै पहिचान छ। यहाँबाट उत्पादित खेलाडीहरू नेपालमा मात्र नभएर विश्व बजारमा समेत आफ्नो दक्षता प्रमाणित गर्न सफल भएका उदाहरण छन्।

युवा तथा खेलकुद क्षेत्रका विगतको सफता अनुसार र भावी सम्भावनाका आधारमा महानगरस्तरीय युवा परिषद् गठन गरिएको छ। पोखरा रंगशालालाई स्तरोन्नति गरी अन्तर्राष्ट्रिय स्तरको बनाएको छ। अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र हाई अल्टिच्युड खेल मैदान निर्माणको चरणमा छन्।

सूचना तथा सञ्चार प्रविधि र युवा जनशक्ति पोखरा महानगरपालिकाका लागि प्रतिस्पर्धी लाभको नयाँ क्षेत्रका रूपमा परिचित भैसकेको छ । युवा जनशक्तिको प्राविधिक दक्षता प्रयोग गरेर नवीनतम उद्यम-व्यवसायको बहुलतासहितको स्थानीय अर्थतन्त्र दीगो, समावेशी र उत्थानशील हुने विषयमा महानगर विश्वस्त रहेको छ।

### *५.५.२ सम्भावना र अवसर*

उपलब्ध विश्वस्तरीय युवा जनशक्ति (जनसांख्यिक लाभांश), अनुकूल हावापानी र अनुपम प्राकृतिक सौन्दर्यको धनी पोखरालाई सूचना प्रविधिमैत्री सहर (साइबर सिटी)का रूपमा विकास गर्न सकिने सम्भावना छ। महानगरपालिकाले पोखरालाई न्यूनकार्बन उत्सर्जनयुक्त स्मार्ट सिटीका रूपमा विकास गर्ने योजना अनुसार युवा लक्षित सूचना तथा सञ्चार प्रविधिमैत्री उद्योग व्यवसायमार्फत् हरित, दीगो तथा उत्थानशील आर्थिक विकास हासिल गर्ने सम्भावना छ।

विद्यमान युवा जनशक्तिलाई सूचना प्रविधि (आईसीटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गने अवसर अहिले महानगरसँग रहेको देखिन्छ। तसर्थ महानगरले पोखरालाई सिर्जनशील, स्मार्ट र समुन्नत सहरका रूपमा विकास गर्न अत्यावश्यक मानिएको सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा युवा जनशक्तिलाई परिचालन गर्नुको विकल्प छैन।

त्यसैगरी, पहिलेदेखि नै खेलकुदको क्षेत्रमा उल्लेख्य प्रगती हासिल गरिरहेको खेलकुल गतिविधिहरूलाई पर्यटन उद्योगसँग जोडेर विकास गर्न सके पर्यटन उद्योगले गुणात्मक फड्को मार्न सक्ने निश्चित छ। युवा जनशक्ति र

खेलकुदलाई पर्यटनसँग जोड्दा परम्परागत खेल गतिविधि मात्र नभएर सिर्जनशीलता र कृत्रिम बौद्धिकतामा आधारित खेलकुद (कम्प्युटर गेम्सहरू)को केन्द्रका रूपमा पनि पोखरालाई विकास गर्न सकिने सम्भावना छ। यस्ता सम्भावनाका क्षेत्रलाई सकारात्मक रूपमा परिचालन र मार्गदर्शन प्रदान गर्नु स्थानीय सरकारको दायित्व हो । गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले पनि विज्ञान, प्रविधिलाई युवासँग जोड्ने अवसर देखेको छ र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार एवम् सूचना प्रविधि पार्कमा लगानी गर्ने योजना अघि बढाएको छ।

यस परिवेशमा नेपालको पर्यटकीय राजधानी पोखरा क्षेत्रका उद्योगी-व्यवसायी खासगरी युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलता र व्यावसायिक खेलकुदप्रति आकर्षित गर्न सक्ने प्रशस्तै आधार छन् । महानगरपालिकाले संघ तथा प्रदेश सरकारहरूसँगको समन्वय र सहकार्यमा आवश्यक नीतिगत सुधार र व्यावसायिक वातावरणमा सहजीकरण गर्न सके सिर्जनशील युवा जनशक्ति आफैं अग्रसर भएर पोखरालाई सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्यम र व्यावसायिक खेलकुदका लागि आकर्षक सहरका रूपमा रूपान्तरण गर्न सक्छन् ।

### *५.५.३ समस्या तथा चुनौती*

युवाहरूलाई विभिन्न उत्पादनमूलक आर्थिक क्रियाकलाप र सामाजिक रूपान्तरणका कार्यमा सक्रिय बनाउने विषय जति महत्वपूर्ण छ, त्यति नै जरुरी छ युवाहरूलाई विदेश पलायन हुन, मनोसामाजिक समस्या र दुर्व्यसनमा फस्नबाट रोक्न । अन्यत्र जस्तै पोखरामा पनि हरेक युवाको पहिलो लक्ष्य राम्रो आम्दानी हुने सम्पन्न मुलुकमा जाने नभए मध्यपूर्व र खाडी मुलुक भए पनि जाने हुने गरेको छ। अर्कोतर्फ युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा संलग्न हुन नचाहनुका साथै सामाजिक कार्यक्रमहरूमा सहभागी हुनसमेत अनिच्छुक देखिने प्रवृत्ति छ।

त्यसैगरी विभिन्न तहका सरकारबीच युवा तथा खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव छ । ग्रामीण समाजमा पनि खेलकुद भन्नेबित्तिकै काम नभएका र घनाढ्यहरूले समय बिताउने (टाइम पास) माध्यमका रूपमा बुझ्ने प्रचलन छ। युवा लक्षित सिर्जनात्मक काम, खेलकुद प्रतियोगिताहरू सञ्चालन तथा व्यवस्थापन र खेल पूर्वाधार विकासका लागि निजी क्षेत्रसँग अर्थपूर्ण सहकार्यका लागि आवश्यक संयन्त्रको अभाव देखिएको छ।

पर्यटन क्षेत्रको विस्तार तथा प्रवर्द्धनका लागि युवा परिचालन तथा खेलकुद गतिविधिसँगको गतिशील सम्बन्धको महत्वपूर्ण योगदान रहेको हुन्छ। तर, पर्यटकीय सहर भएर पनि पोखराको निजी क्षेत्र, खासगरी पर्यटन व्यवसायी संघसंस्थाहरू पनि यस विषयमा विश्वस्त हुन नसकेको वा त्यस विषयमा अभियान सञ्चालन गर्न चुकेको देखिन्छ। सबैभन्दा गहन विषय पोखरा दक्ष तथा अर्धदक्ष सबै प्रकारका कामदारका दृष्टिले श्रमिक अपुग ( लेबर डेफिसिट) सहर हो ।

यसर्थ महानगरका लागि युवा र खेलकुद क्षेत्रको समुचित विकासका लागि मुख्य चुनौती भनेको युवा वर्गलाई सामाजिक जागरण, जिम्मेवार नागरिक र सिर्जनात्मक कार्यमा प्रोत्साहन गर्न नसक्नु नै हो । बजारको मागअनुसारका विभिन्न प्राविधिक विषयमा पठनपाठन र तालिममार्फत् पुनः सीप प्रदान गरी सूचना, सञ्चार तथा

प्रविधिमा आधारित अर्थतन्त्रको सिर्जनाका निम्ति उनीहरूलाई गतिशील श्रमशक्ति बनाउन श्रमको आपूर्ति सबलीकरण गर्न आवश्यक छ।

त्यसैगरी खेलकुदलाई पनि समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधार हो भन्ने विषय स्थापित गर्ने काम पनि कम चुनौतीपूर्ण छैन। खेल क्षेत्रलाई उच्चतम प्रविधिसँग जोडेर अर्थतन्त्रको एक गैर-व्यापारयोग्य सेवाका रूपमा विकास गरेर खेलकुदमा विशेष चाख र सीप भएका स्थानीय युवालाई अवसर उपलब्ध गराउने विषयमा ध्यान केन्द्रित गर्नुपर्छ।

### ५.५.४ लक्ष्य र उद्देश्य

यस योजनाको मुल लक्ष्य युवाहरूलाई सचेत र सिर्जनशील नागरिक बन्न प्रेरित गरी खेलकुद, उद्यमशीलता विकास जस्ता क्षेत्रमा नवीनतम कार्य गर्न प्रोत्साहन गरी दीगो समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्र निर्माणको संवाहकका जिम्मेवार बन्ने वातावरण सिर्जना गर्ने हो। पोखरा महानगरपालिकाले संघ र प्रदेश सरकारको सहयोगमा यी क्रियाकलापहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री युवा उद्यमशीलता र व्यावसायिक खेलकुदको विकास गरी स्थानीय अर्थतन्त्रको प्रतिस्पर्धी क्षमता बढाउँदै जानुपर्छ। त्यसका लागि देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छ।

१. युवालाई उद्यमशील, सिर्जनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्ने।
२. पोखरालाई परम्परागत, साहसिक र व्यावसायिक खेलकुदको आकर्षक केन्द्रका रूपमा विकास गर्ने।

### ५.५.५ रणनीति र कार्यनीति

*तालिका ३५ : युवा तथा खेलकुद क्षेत्रको विकासमा लागि लिइने रणनीति तथा कार्यनीति*

| | रणनीति | | कार्यनीति |
|---|---|---|---|
| ***उद्देश्य १ :*** युवालाई उद्यमशील, सिर्जनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्ने। | | | |
| १.१ | युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने। | १.१.१ | वार्षिक रुपमा युवा लक्षित सिर्जनात्मक सोच र आविष्कारसम्बन्धी प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्ने। |
| | | १.१.२ | युवाहरूको नेतृत्व विकास, उद्यम विकास, समाज सेवा जस्ता क्षेत्रमा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने। |
| १.२ | युवाहरूलाई विश्वस्तरमा भइरहेका नवीनतम र सिर्जनात्मक गतिविधिहरूमा अद्यावधिक बनाई राख्ने। | १.२.१ | युवाहरूलाई सूचना प्रविधि, व्यावसायिक खेलकुद, नवउद्यम क्षेत्रमा भएका नवीनतम विकासको जानकारी दिन देश-विदेशको अवलोकन भ्रमण आयोजना गर्ने। |
| | | १.२.२ | पोखरामा वार्षिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा सम्मेलन तथा कार्यशाला गोष्ठीहरू आयोजना गर्ने। |
| ***उद्देश्य २ :*** *पोखरालाई परम्परागत, साहसिक र व्यावसायिक खेलकुदको आकर्षक केन्द्रका रूपमा विकास गर्ने।* | | | |
| २.१ | खेल गतिविधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने। | २.१.१ | परम्परागत (भलिबल, फुटबल, क्रिकेट आदि) र व्यावसायिक (गल्फ आदि) खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू पोखरामा नियमित आयोजना गर्ने। |
| | | २.१.२ | महानगरका विभिन्न वडामा अध्ययनका आधारमा साहसिक खेलकुद (जस्तै : बन्जी, प्याराग्लाइडिङ, |

| | | | |
|---|---|---|---|
| | | | जिपफ्लायर, माउन्टेन बाइकिङ आदि)का पूर्वाधारहरू विकास गर्ने । |
| २.२ | खेलकुदलाई पोखराको पर्यटन उद्योगसँग जोडेर विकास र प्रवर्द्धन गर्ने । | २.२.१ | अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय र पोखरा नजिकका साना र सुरक्षित चुचुराहरूमा पर्वतारोहण र चट्टान आरोहण सम्बन्धी आधारभूत तालिम र प्रशिक्षण सञ्चालन गर्ने । |
| | | २.२.२ | पर्यटक केन्द्रित (जस्तै : बन्जी, प्याराग्लाइडिङ, जिपफ्लायर, माउन्टेन बाइकिङ आदि)का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदको नियमित अभ्यास र प्रतियोगिताहरू आयोजना गर्ने । |

### ५.५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनामा सामाजिक विकासअन्तर्गत युवा तथा खेलकुद क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ३६ : युवा तथा खेलकुद क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत र संस्थागत संरचना निर्माण र युवा परिषद्को सशक्तीकरण | — | ५ | १००० | १२०० | १३०० | ३५०० | ७०० | — |
| २. | अध्ययन अनुसन्धान र युवाहरूको क्षमता विकास कार्यक्रम | कार्यक्रम | १० | २५०० | २५०० | २५०० | ७५०० | ७५० | — |
| ३. | नियमित खेलकुद प्रतियोगिता तथा अन्य कार्यक्रम आयोजना | प्रतियोगिता, कार्यक्रम | १५ | ५००० | ५००० | ५००० | १५००० | १००० | — |
| ४. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा सम्मेलन तथा कार्यशाला गोष्ठीहरू आयोजना | कार्यक्रम | ५ | ५००० | ५००० | ५००० | १५००० | ३००० | — |
| ५. | खेल पूर्वाधार निर्माण | आयोजना | ५ | २०००० | २०००० | २५००० | ६५००० | १३००० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | ३३५०० | ३३७०० | ३८८०० | १०१००० | | |

### ५.५.७ अपेक्षित उपलब्धि

१. युवाहरूमा सामाजिक जिम्मेवारी, सिर्जनशीलता र उद्यमशीलताप्रति आकर्षण वृद्धि भएको हुनेछ।

२. सूचना प्रविधि र व्यावसायिक खेलकुद सम्बन्धित उद्यम व्यवसायमा युवाको संलग्नता वृद्धि भएको हुनेछ।

३. पोखरामा परम्परागत, साहसिक र व्यावसायिक खेलकुदका प्रशिक्षण र प्रतियोगिताहरूको कार्ययोजना तर्जुमा भई कार्यान्वयन सुरु भएको हुनेछ।

४. रणनीतिक खेल पूर्वाधारहरू पहिचान भई निर्माण सुरु भएको हुनेछ।

५. पोखराको पर्यटन उद्योगमा खेल पर्यटनको योगदान वृद्धि भएको हुनेछ।

## ५.६ कला, भाषा तथा संस्कृति

### *५.६.१ पृष्ठभूमि तथा सिकाइ*

पोखरा पश्चिम नेपालको मौलिक लोक संस्कृतिको उर्वर भूमि मानिन्छ । आदिमकालदेखि गुरुङ मगरहरूको बाहुल्य रहेको यस क्षेत्रमा बिस्तारै अन्य जातजातिको पनि बसोबास बढ्दै जाँदा हाल पोखरा महानगरपालिका करिब ८० जातजाति रहेको पछिल्लो तथ्यांक छ । लोकसंस्कृति, चाड पर्व र रीतिरिवाजका आधारमा अझै पनि गुरुङ, मगर जनजातिसँग सम्बन्धित गीत-संगीत र परम्पराको पोखरामा बाहुल्य छ । यीमध्ये नेपाली मौलिक लोकगीत र नाचहरू सबैभन्दा लोकप्रिय छन् ।

पोखराको प्राकृतिक सौन्दर्यलाई बिम्बित हुने गरी सयौं लोक तथा दोहोरी गीतहरू रचना र प्रकाशन भएका छन् । फलस्वरूप, पछिल्लो समय पोखराको सङ्गीत उद्योगमा पनि व्यापक विस्तार हुँदै गएको छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको पोखरा उपत्यकाको वडा नं. १२ र १३ मा मुस्लिम समुदायको समेत पुरानो बस्ती छ । नयाँ गाउँ एवम् बैदाम क्षेत्रमा केही क्रिस्चियन धर्मावलम्बी पनि छन् । यस नगरका बासिन्दा दसैं, तिहार, तीज, ल्होसार, माघे संक्रान्ति वा माघी, शिवरात्रि, फागु पूर्णिमा, रामनवमी, चण्डी पूर्णिमा, जनै पूर्णिमालगाायत चाडपर्व आपसमा मिलेर मनाउँदै आएका छन् ।

यद्यपि, बौद्ध धर्म मान्नेहरू विशेषगरी बुद्ध जयन्ती र ल्होसार, मुस्लिम समुदायले बकर इद र इसाई समुदायले क्रिसमसलाई मुख्य चाडका रूपमा मनाउने गर्छन् । स्थानीय समुदायको आआफ्नो परम्परागत नाचगान वा जात्रा गरी पर्व मनाउने परम्परा छ । विशेषगरी ब्राह्मण, क्षेत्रीमा भजनकीर्तन, नेवारको लाखे नाच, बाह्रभैरव नाच, गाईजात्रा र मगर एवम् गुरुङ जातिमा चुट्का, कौरा र सोरठी नाच विशेष प्रचलनमा रहेको पाइन्छ ।

यस्ता विविध कला संस्कृति र मौलिक सम्पदाको संरक्षण र संवर्द्धनको आवश्यकता महसुस गरेर पोखरा महानगरपालिकाले पोखरा प्रज्ञा प्रतिष्ठान गठन गरेको छ । त्यसैगरी स्थानीय गुरुङ, मगर, नेवारी तथा अन्य जातजातिका रैथाने भाषा घरयासी कामकाज र आफूआफूमा कुराकानी गर्दा मात्र प्रयोग हुने भए पनि सरकारी कामकाज तथा अन्य समुदायसँगको सम्पर्क भाषाका रूपमा नेपाली भाषा नै प्रयोग हुने गरेको छ । यसले त्यस्ता भाषाभाषीहरूको संरक्षण र संवर्द्धन गर्न पोखरा महानगरपालिकाले स्थानीय भाषामा पाठ्क्रम तर्जुमा गरी आधारभूत तहमा पठनपाठन गराउने उद्देश्यले केही भाषामा स्थानीय पाठ्क्रमसमेत तर्जुमा गरिरहेको छ ।

### *५.६.२ सम्भावना र अवसर*

पोखराका प्राचीन धार्मिक सम्पदाका रूपमा विन्ध्यवासिनी, ताल वाराही, भद्रकाली, नारायणस्थान, भलामस्थित हरिहर आश्रमजस्ता विभिन्न देवदेवताका मन्दिर छन् । पोखराको सहरी विकाससँगै राममन्दिर, केदारेश्वर, गुप्तेश्वर र विभिन्न बौद्ध गुम्बा तथा स्तुपाहरूका साथै मस्जिद र चर्चहरूसमेत बन्दै आएका छन् । यी मन्दिर तथा गुम्बामा पूजाआजा र दर्शनपश्चात् मनमा शान्ति हुने, मनोकामना पूरा हुने विश्वासले दिनहुँ दर्शनार्थीको भीड लाग्ने गरेको पाइन्छ । ढुंगेसाँघु, रामघाट, वाराहीघाट, बाटुलेचौरलगायतका स्थानमा परम्परागत स्थानीय मेला तथा जात्रा लाग्ने गरेको छ ।

यस क्षेत्रको प्रमुख ऐतिहासिक सम्पदाका रूपमा कास्कीकोटमा रहेको शाह वंशीय राजाको पुरानो दरबारलाई पनि लिन सकिन्छ । जहाँ तत्कालीन राजाले निर्माण गरेको दरबार, कालिका मन्दिर, देवीथान, बलि दिने स्थान (मौला), पुरानो दरबार, गढी आदि स्पष्ट देख्न सकिन्छ । सराङकोट, अर्मलाकोट, काहुँकोट, ठूलाकोट, पुम्दीकोटलागयतका ससाना गढी पोखरा उपत्यकाको वरिपरि रहेका छन् । दक्षिणतर्फ तत्कालीन तनुङ्गे ढोर खाँड राजाको ऐतिहासिक दरबारको भग्नावशेष रजस्थल क्षेत्र छ, त्यो स्थान महानगरको ३३ नम्बर वडानजिक पर्छ । यसै स्थानबाट राजाको एक सन्तान कास्कीकोट गई राजा भएका थिए । उनका सन्तानहरू लमजुङ गाउँसहर तथा राइनासकोट गएका थिए । द्रव्य शाहले लिगलिगकोट हुँदै गोरखा राज्यको स्थापना गरेका थिए ।

पोखरा महानगर वरपर रहेका यस्ता विशिष्ट आदिम परम्परा मौलिक संस्कृति र ऐतिहासिक सम्पदाहरूको उचित संरक्षण सहित व्यवस्थापन र प्रवर्द्धन गर्न सके आन्तरिक र बाह्य पर्यटकको आकर्षण बन्न सक्ने सम्भावना छ । अहिले पनि कतिपय पर्यटकीय मार्गहरू यस्तै धरोहर र सम्पदाहरूको आडमा स्थापित भएर भई आधुनिक स्वरूप ग्रहण गर्दै छन् । यसरी ऐतिहासिक,सांस्कृतिक र पुरातात्विक महत्वका र पर्यटकीय स्थललाई आधुनिक सेवा र प्रविधिको समुचित प्रवर्द्धन र उपयोग गरेर पोखरालाई समुन्नत शहर बनाउने अवसर छ ।

यस क्षेत्रको लोक कला संस्कृतिलाई जर्गेना गरी विभिन्न समय समयमा लोकगीत तथा नृत्य प्रतियोगिताहरू पनि आयोजना हुँदै आएका छन् । त्यस्ता कार्यक्रमहहरूलाई थप मर्यादित र व्यवस्थित गर्दै नियमित रूपमा आयोजना गर्ने परम्परा बसाल्न सके पर्यटन उद्योग र स्थानीय अर्थतन्त्रका लागि दिगो स्रोत हुन सक्ने सम्भावना छ । यो क्षेत्रको लोक तथा रैथाने गीतहरूमा नेपाललगायतका विभिन्न देशका प्राज्ञिक व्यक्तित्वहरूबाट अध्ययनअनुसान्धान र विद्यावारिधिसमेत भएको पाइएको छ ।

नवगठित प्रज्ञा प्रतिष्ठानमार्फत् यसबारे अझै बढी अध्ययन अनुसन्धान गरी लुकेर रहेको अन्य सांस्कृतिक सम्पत्तीहरूको पनि उजागर र संरक्षण गरेर त्यसलाई पनि संस्कृतिक पर्यटन सँग जोडेर समुचित लाभ लिन सक्ने अवसर महानगरलाई प्राप्त भएको छ ।

### *५.६.३ समस्या तथा चुनौती*

नेपालका शाहवंशीय राजाहरूको उपाधि शाह, पोखरा महानगरपालिका वडा नं. २४ स्थित कास्कीकोटका राजा कुलमण्डन शाहले पहिलो पटक राखेको ऐतिहासिक तथ्य छ । उनैका सन्तान पृथ्वीनारायण शाहले गोरखाबाट काठमाडौंलगायतका ससाना राज्यहरूलाई एकीकरण गरी विशाल नेपाल स्थापना गरेका थिए ।

तिनै कास्कीकोटका तत्कालीन राजाहरूको हिउँदकालीन दरबार रहेको पोखरा महानगरपालिका-१६ स्थित बाटुलेचौर क्षेत्रमा त्यसलाई पुष्टि गर्ने भग्नावशेष एवम् पुरातात्विक सम्पदाको उचित संरक्षण र अध्ययन-अनुसन्धान हुन सकेको देखिदैन ।

नेपालमा पर्यटन विकासको ढोका खोलेको मानिने पोखराको उत्तरतर्फका आदिवासी जनजातिहरूको भाषा र कला संस्कृति सोही पर्यटनको विकाससँगै आधुनिक बन्दै गएको आम मानिसको जीवनशैलीका कारण लोप हुने जोखिममा छन् । पर्यटनसँगै विस्तारित भएका पोखरा उद्योग वाणिज्य संघलगायतका निजी क्षेत्रका व्यावसायिक संघसंस्थाहरूबाट पनि त्यस्ता परम्परागत कला तथा भाषा संस्कृतिको संरक्षण र संवर्द्धनमा यथोचित पहल भएको पाइँदैन ।

एकातिर, पोखराको धार्मिक सम्पदा, कला तथा भाषा संस्कृतिबारे चासो राख्ने पर्यटकका लागि आवश्यक जानकारी प्रदान गर्ने सूचना केन्द्र छैन भने अर्कोतिर त्यस्ता कला, संस्कृति र भाषामा दख्खल राख्ने र ज्ञान हस्तान्तरण गर्नु चुनौतीपूर्ण छ ।

पोखराको मुटुमा रहेको पुरानो सहर (नेवार बस्ती) गणेश टोल, भैरव टोल आदि क्षेत्र उचित संरक्षण र व्यवस्थापनको आधुनिक र ढोगीं संस्कृतिका सामु मुख्य चुनौतीका रुपमा रहेको छ । खासगरी युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घट्दै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउँदै जानु यस क्षेत्रको समुचित संरक्षण र संवर्द्धनका लागि सबैभन्दा ठूलो चुनौती हो ।

### *५.६.४ लक्ष्य र उद्देश्य*

बहुल जाति, भाषा, कला र संस्कृतिको अद्वितीय संगम पोखरामा सबै जातजाति, भाषाभाषी र धर्म संस्कृतिको सन्तुलित विकास र संवर्द्धन गरी सबैका लागि सहिष्णु, सुन्दर र सुरक्षित पर्यटकीय सहरका रूपमा परिचित गराउने आधार तयार गर्नु यस आवधिक योजनाको मूल लक्ष्य हो । उक्त लक्ष्य हासिल गर्न देहायबमोजिमका उद्देश्य निर्धारण गरिएको छ ।

१. पोखराका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।
२. पोखराका रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्ने ।

### *५.६.५ रणनीति र कार्यनीति*

*तालिका ३७ : कला भाषा तथा संस्कृति क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** पोखराका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने । | | | |
| १.१ | सबै जातजाति र धर्म सम्प्रदायहरूप्रति कुनै भेदभाव नगरी उचित सम्मान, संरक्षण र संवर्द्धन गर्ने । | १.१.१ | पोखराभित्रका सबै मठमन्दिर, गुम्बालगायतका धार्मिक स्थलहरूलाई थप व्यवस्थित र आकर्षक बनाउने । |
| | | १.१.२ | रैथाने कला, भाषा र संस्कृतिको संरक्षण र संवर्द्धनका लागि आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्ने । |
| १.२ | विभिन्न नाममा भित्रिएका विकृतिहरूको नियमन र नियन्त्रण गर्दै युवा वर्गलाई परम्परागत कला संस्कृति र रैथाने भाषाप्रति आकर्षित र दीक्षित गर्दै लैजाने । | १.२.१ | स्थानीय भाषा, कला र संस्कृतिको विषयमा पाठ्यक्रम र प्राफाइत तयार गरी आधारभूत तहमा पठनपाठन गराउने । |
| | | १.२.२ | युवावर्गलाई आकर्षित गर्न र संरक्षणका लागि प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| ***उद्देश्य २ :*** पोखराका रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्ने । | | | |
| २.१ | रैथाने कला (गीत नृत्य आदि) संस्कृति (पर्व, महोत्सव आदि) को समुचित व्यवस्थापन र प्रवर्द्धन गर्ने । | २.१.१ | लोकगीत तथा नृत्यहरूका नियमित रूपमा राष्ट्रिय एवम् अर्न्राष्ट्रिय सम्मेलन र प्रतियोगिता आयोजना गर्ने । |
| | | २.१.२ | परम्परागत शैलीमा चलेका जात्रा, नाच, पर्व र |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | | सांस्कृतिक महोत्सवहरूको मौलिकता संरक्षण, नियमित र थप व्यवस्थित गर्ने । |
| २.२ | ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने । | २.२.१ | ऐतिहासिक सम्पदाहरूको विषयमा अध्ययन अनुसन्धान गरी विस्तृत प्रोफाइल तयार गर्ने । |
| | | २.२.२ | सबै रैथाने कला, भाषा र सांस्कृतिक सम्पदाहरूलाई पोखराको पर्यटन उद्योगसँग जोड्न अनुसन्धानमा आधारित कार्ययोजना तर्जुमा गरेर लागु गर्ने । |

### ५.६.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

योजनाको कला,भाषा र संस्कृति क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिनेछ ।

**तालिका ३८ : कला भाषा र संस्कृति क्षेत्रको समुचित विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिइकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत, कानुनी तथा संस्थागत संरचना निर्माण र सञ्चालन | — | ५ | २००० | २५०० | ३००० | ७५०० | १५०० | — |
| २. | अध्ययन अनुसन्धान, पाठ्क्रम र प्रोफाइल निर्माण | — | ५ | २००० | २५०० | ३००० | ७५०० | १५०० | — |
| ३. | युवा वर्गका लागि प्रशिक्षण, प्रोत्साहन र परिचालन कार्यक्रम | कार्यक्रम | ५ | १५०० | २००० | २००० | ५५०० | ११०० | — |
| ४. | नियमित सभा सम्मेलन र प्रतियोगिता आयोजना | कार्यक्रम | ५ | १५०० | २००० | २००० | ५५०० | ११०० | — |
| ५. | सांस्कृतिक सम्पदा, जीर्णोद्धार तथा पुनर्निर्माण | आयोजना | ५ | २००० | २५०० | ३००० | ७५०० | १५०० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | ९००० | ११५०० | १३००० | ३३५०० | | |

### ५.६.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकामा कला भाषा र संस्कृति क्षेत्रका लागि नीतिगत र संस्थागत संरचनाको विकास भई पोखरा प्रज्ञा प्रतिष्ठानले पूर्ण क्षमतामा कार्य गरेको हुनेछ ।

२. पोखरामा कला भाषा र संस्कृतिसँग सम्बन्धित मूर्त तथा अमूर्त सम्पदा र ऐतिहासिक धरोहरहरूको विस्तृत अध्ययन भई प्रोफाइल तयार भएको हुनेछ ।

३. स्थानीय भाषा संस्कृतिसम्बन्धी पाठ्यक्रम तयार भई युवा वर्गमा परम्परागत कला संस्कृति र रैथाने भाषाको विषयमा जागरण आएको हुनेछ ।

४. रैथाने भाषा र लोक गीत सङ्गीतको संवर्द्धनका लागि नियमित सभा सम्मलेलन र प्रतियोगिता सञ्चालनका लागि कार्ययोजना बनेर कार्यान्वयन सुरु भएको हुनेछ ।

५. संरक्षण जीर्णोद्धार र पुनर्निर्माण गर्नुपर्ने ऐतिहासिक सम्पदा (धरोहर)हरूको प्रोफाइल तयार भई संरक्षण जीर्णोद्धार र पुनर्निर्माण कार्य सुरु भएको हुनेछ ।

# परिच्छेद छ :
# पूर्वाधार विकास योजना

## पृष्ठभूमि

आर्थिक, सामाजिक र सेवा तथा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकासको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधार विकासले अन्तरआबद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुन्छ यसले बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपभोगजस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । पोखरा महानगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रूपमा सञ्चालन गरी आर्थिक,सामाजिक र सांस्कृतिकको एंव विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकास प्रवेशद्वारका रूपमा रहेको छ ।

अन्तर्राष्ट्रिय प्रतिबद्धताका रूपमा नेपालले लिएको दिगो विकास लक्ष्यले समावेशी र दिगो सहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, सहरी गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुला ठाउँहरू उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । यसै लक्ष्य अनुसार भूउपयोग योजना अनुरुप योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको विकास द्रुत गतिमा गर्ने, बढी प्रतिफलमुखी र वातावरणमैत्री आयोजना सञ्चालन गर्ने, निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनोट र कार्यान्वयनको जरुरत पर्दछ ।

उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई नगर विकासको दीर्घकालीन सोच र लक्ष्यतर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः आवास, बस्ती तथा सहरी विकास, सडक तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ । पोखरा महानगरपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, सम्भावना र अवसर, समस्या तथा चुनौती र चाल्नुपर्ने कदमसहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ६ बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण

ऐतिहासिक रूपमा पोखरा सहरका बस्तीहरू बिन्ध्यवासिनी मन्दिर क्षेत्रको परिधिदेखि पालिखे चोक र चिप्लेढुंगासम्म फैलिएको पाइन्छ । हाल पोखरा महानगरपालिकाका रूपमा विकसित भएको यस क्षेत्रको बस्ती सम्पूर्ण उपत्यकाभर फैलिएको छ । हालै गरिएको एक अध्ययनअनुसार सन् १९९० मा ३.३९ प्रतिशत रहेको पोखरा महानगरपालिकाको भवन संरचनाले ओगटेको क्षेत्र हाल २.३६ गुणाले वृद्धि भई ८.०१ प्रतिशत पुगेको छ ।

महानगरपालिकाको भौगोलिक बनावट, स्थानीय सेवा सुविधाको पहुँच (सडक र बजार केन्द्र) आदिको आधारमा बस्ती ढाँचा फैलिएको छ । सेवा सुविधा तथा अवसरको उपलब्धताले नजिकै रहेका कास्की लगायत छिमेकी जिल्लाहरूबाट पोखरामा बसाइसराइ गरेको पाइन्छ । सोही अनुरुप महानगरपालिकाको बस्ती क्षेत्र, बजार क्षेत्र, औद्योगिक क्षेत्र र व्यापारिक क्षेत्रको विकास भएको देखिन्छ । महेन्द्रपुल, नयाँबजार, न्यूरोड, चिप्लेढुंगा जस्ता मूल सहरी केन्द्र तथा नजिकका क्षेत्रहरूमा बस्ती विकास करिब पूर्ण भइसकेको अवस्था छ ।

पोखरा महानगरको प्रतिहेक्टर औसत जनघनत्व १७९ व्यक्ति रहेको छ । यसमध्ये वडा नम्बर ४ गैह्रापाटन क्षेत्र सबैभन्दा सघन बसोबास भएको वडा हो भने वडा नम्बर २३ क्षेत्रमा सबैभन्दा कम जनघनत्व छ । पोखराका अधिकांश वडाहरू उच्च जनघनत्व युक्त छन् भने महानगर हुँदा समेटिएका लेखनाथलगायतका अन्य सबै क्षेत्रको जनघनत्व तुलनात्मक रूपमा कम छ । यसरी वैज्ञानिक भूउपयोग योजना तर्जुमा गरी मुख्य सहरी क्षेत्र वरपरका स्थानमा व्यवस्थित बस्ती विस्तारको ठूलो सम्भावना रहेको छ । महानगरको ४६ प्रतिशत जनसंख्या कुल क्षेत्रफलको ६ प्रतिशत र बाँकी ५४ प्रतिशत जनसंख्या बाकीँ क्षेत्रफलमा फैलिएर बसोबास गरेको देखिन्छ ।

## *६.१ पृष्ठभूमि तथा सिकाइ*

पोखराको सहरीकरण र बस्ती विकास प्रवृत्ति विश्लेषण गर्दा यो पुरानो मूल सहरको सबै दिशातिर फैलिएको छ । पछिल्लो तथ्यांक (२०२०) अनुसार सन् १९९० दशकमा १.११ प्रतिशत रहेको सहरीकरण दर २००० को दशकमा ४.९१ प्रतिशत पुगेको र २०१० देखि २०१८ को अवधिमा वार्षिक ५.३३ प्रतिशले वृद्धि भएको देखिन्छ । विगत २८ वर्षको अवधिमा सहरी बस्ती मुख्य बजार क्षेत्रबाट दक्षिण-पूर्व तर्फ ३.०५ वर्ग किमिबाट ११.७३ वर्ग किमिसम्म र उत्तरतर्फ २.२२ वर्ग किमिबाट ६.०७ वर्ग किमिसम्म फैलिएको छ । यसबाट पोखराको सहरीकरण मूल सहरको दक्षिण-पूर्वी तथा उत्तरी क्षेत्रमा धेरै छिटो फैलिएको देखिन्छ । दक्षिण-पूर्वमा पृथ्वी राजमार्ग आसपासका क्षेत्र र उत्तरतर्फ हेम्जा, लामाचौर, बाटुलेचौर आदि क्षेत्रहरूमा बस्ती बढ्दै गएको छ ।

नेपालका अन्य सहरमा जस्तै पोखरामा पनि सडक सञ्जाल र बजार हुँदा कृषियोग्य भूमि घट्ने र भवन निर्माण द्रुततर बढीरहेको छ तथापि यहाँ सहरीकरण एकध्रुवीय (युनिनुक्लेट) रहेको देखिन्छ । पोखरा महानगरले बस्ती विकास मापदण्डमार्फत् यहाँको मुख्य व्यापारिक केन्द्रका साथै अन्य भू-उपयोग व्यवस्थित गर्ने प्रयास गरेको छ । गोरखा भूकम्पपछि नेपाल सरकारले नया मापदण्डको प्रादुर्भाव गरे तापनि यस महानगरपालिकाको मापदण्ड हाल मात्रै परिष्कृत भइरहेको छ । यसर्थ यहाँको भौगर्भिक अवस्था तथा जलवायुसम्बन्धी जोखिमहरूले सहरीकरणमा भविष्यमा प्रभाव पार्ने देखिन्छ ।

औसत ३० डिग्रीभन्दा बढी भिरालो भएको भू-भाग र बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोपको जोखिममा रहेका स्थानहरूमा भवन निर्माण र बस्ती विकास असुरक्षित हुन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार पोखरा महानगरपालिकामा ५५.८ प्रतिशत नागरिकको आफ्नै घर छ भने ४०.६९ प्रतिशत भाडाको घरमा बस्छन् । बर्सेनी करिब ५ हजार नयाँ घर निर्माण हुने यस महानगरपालिकामा करिब ९० प्रतिशतले भवन निर्माण मापदण्डअनुरूप नक्सा वनाई घर बनाउने अनुमति लिए पनि करिब ४० प्रतिशतले मात्र पूर्णरूपले मापदण्ड अनुसरण गरेको देखिन्छ । बाँकीले आंशिक रूपमा मात्र मापदण्ड अनुसरण गरेको देखिन्छ । घरहरूको बनोट तथा भौतिक पूर्वाधार विकासका दृष्टिले यस महानगरपालिकामा तीन प्रकारका चरित्रहरू रहेका छन् ।

१. **विकसित सहर :** साबिकको नगरपालिका वडाहरूमा आधारभूत भौतिक पूर्वाधार संरचनाहरू तयार भइसकेका छन् । तुलनात्मक रूपमा यी वडा मुख्य सहरी केन्द्र नजिक छन् ।
२. **सहरोन्मुख केन्द्र :** साबिक पोखरा उपमहानगरपालिकापछि थपिएका र साबिकको लेखनाथ नगरपालिकाका वडाहरू सहरोन्मुख केन्द्रका रूपमा छन् । यहाँको चरित्र सहर र ग्रामीण क्षेत्र दुवैको मिश्रित प्रकारको छ ।

३. **ग्रामीण इलाका :** नयाँ गाविसबाट महानगरपालिकामा गाभिएका वडाहरूमा अहिले पनि ग्रामीण चरित्र रहेको छ र मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ ।

विकसित सहर तथा सहरोन्मुख क्षेत्रहरूमा आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घरहरूको बाहुल्य देखिन्छ भने ग्रामीण क्षेत्रहरूमा ढुङ्गा-माटोका घरहरू बढी छन् । सहरीकरणको चाप तथा बढ्दो जग्गाको मूल्यले गर्दा मुख्य व्यापारिक केन्द्रको सेरोफेरोमा बहुतले व्यावसायिक तथा आवासीय घरहरूको निर्माण बढ्दो देखिन्छ । पोखरा महानगरपालिकाको वडा नं. २ बाहेकका अन्य सबै वडामा विभिन्न आकारका अव्यवस्थित बस्ती छन् । राष्ट्रिय भूमि अधिकार मञ्च, कास्कीको तथ्यांकअनुसार नगरपालिकामा ९७५२ सुकुम्वासी तथा अन्य घरधुरी विभिन्न २१२ बस्तीमा छरिएर रहेका छन् । तीमध्ये कतिपय बस्ती तीन दशकभन्दा लामो समयदेखि यस स्थानमा विद्यमान छन् ।

**तालिका ३९ : अव्यवस्थित तथा सुकुम्वासीबस्तीहरूको विवरण**

| वर्ग | वडा | बस्ती | घरधुरी |
|---|---|---|---|
| क | १७, २९ | १४ | २,१०६ |
| ख | २३, ३२, ९, १५, १४ | ४० | ३,६४० |
| ग | १८ | ६ | ५५० |
| घ | २७, ३३, ३१, ११, १ | ३३ | १,५५० |
| ङ | १३, २२, ७, २५, २६, ३०, १९, १०, २१, २८, १६, ६ | ८० | १,६५८ |
| च | ८, १२, ५, ४, २४, ३, २० | ३९ | २४८ |
| कुल | | २१२ | ९,७५२ |

*वर्गीकरण : क) ५० घरधुरी, ख) ५० देखि २५० घरधुरी, ग) २५० देखि ४५० घरधुरी, घ) ४५० देखि ६५० घरधुरी, ङ) ६५० देखि ८५० घरधुरी, च) ८५० घरधुरी ।*

### ६.२.२ *सम्भावना र अवसर*

पोखरा महानगरपालिकामा व्यवस्थित बस्ती विकास, भवन तथा आवास विकासको प्रबल सम्भावना तथा अवसरहरू छन्, जसलाई देहायमा बुँदामा प्रस्तुत गरिएको छ ।

- महानगरपालिकामा परीणत हदाँ जोडिएका नगरपालिका तथा गाविसमा बजारहरूको विकास गरी सहरको स्वरूप बहुकेन्द्रीय बनाई पोखरा तथा लेखनाथलाई २ मुख्य व्यापारिक केन्द्रका रूपमा विकास गर्न सकिने ।
- जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी पहिचान गरिएका क्षेत्रमा मा व्यवस्थित बस्ती विकास गर्न सकिने ।
- जग्गा एकीकरण योजनामार्फत् व्यवस्थित सहरीकरणको साथै सुकुम्वासी बस्तीहरूको व्यवस्थापन गर्न सकिने ।
- पोखरा गण्डकी प्रदेशको राजधानी तथा उत्तर-दक्षिण फैलिएको विकास कोरिडोरको केन्द्र हुनु ।
- महानगरपालिका वरिपरिका बृहत्तर क्षेत्र समेटेर रिङरोड निर्माण भएमा हाल सहर केन्द्रित जनसंख्यालाई पोखराको बाह्य क्षेत्रमा व्यवस्थापन गर्न सकिने ।

- भूगोलको भिरालोपनाले गर्दा अकासे पानीको बहाव व्यवस्थापन तुलनात्मक रूपमा सहज रहेको ।
- भौगर्भिक तथा भूकम्पीय दृष्टिले न्यूनजोखिम क्षेत्रको पहिचान गरी बहुतले भवनहरूको निर्माण गरी व्यवस्थित बसोबास तथा जोखिमयुक्त क्षेत्रमा हरितक्षेत्रको विकास गरी शून्य कार्बन बस्ती विकासको सपना साकार हुने ।
- सुकुम्वासी बस्तीहरूमा समुचित पूर्वाधार वा जग्गा सेयरको अवधारणाअनुरूप गरिब तथा पिछडिएका वर्गलाई जनता आवास व्यवस्था गरी व्यवस्थित बस्ती तथा आवासको सुनिश्चितता हुने ।
- समयसापेक्ष भवन निर्माण मापदण्डको निर्माण गरी लागु गर्ने ।

## *६.३ समस्या तथा चुनौती*

महानगरपालिकाको भूउपयोग क्षेत्र निर्धारणगर्ने भूउपयोग योजना नहुनु सरकारी तबरबाट जग्गा एकीकरण तथा विकासको कार्यक्रम सञ्चालन नहुनु र फलस्वरुप निजी क्षेत्रबाट अव्यवस्थित रुपमा जग्गा प्लटिङ भइरहेकाले भवन निर्माण मापदण्ड पालना गराउन कठिनाइ देखिएको छ । यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ । राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सोअनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनबेल्टका लागि नीतिगत, कानुनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन ।

महानगरको सहरी तथा ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन महानगरकार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थललगायतका भौतिक पूर्वाधारहरूको कमी छ । पोखरा महानगरपालिकामा पूर्वाधार तथा सहरी विकासमा भएका मुख्य समस्या चुनौती देहायबमोजिम छन् ।

- सहरीकरणको अनुपातमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास न्यून रहनु ।
- सार्वजनिक तथा व्यक्तिगत जग्गाको अनियन्त्रित खण्डीकरणको साथै अव्यवस्थित भवन निर्माण ।
- सार्वजनिक भवन तथा पूर्वाधारहरू सबै वर्ग (महिला, अशक्त, अपांग, बालबालिका तथा ज्येष्ठ नागरिक) को विशेष आवश्यकतालाई ध्यानमा राखी नबनाइएको ।
- सहरी विकास योजनाको अभाव वा कार्यान्यिवनको कमजोरीले गर्दा अव्यवस्थित बस्ती विकास भइरहेको ।
- सहरका ४२% भन्दा बढी जमिन जंगलले ढाकेको, १८% जमिन ३० डिग्री भन्दा बढी भिरालोपन भएको तथा सहरका केही स्थानहरू भौगर्भिक रूपले संवेदनशील भएका कारण सीमित जग्गामात्र उपलब्ध ।

## *६.४ लक्ष्य र उद्देश्य*

महानगरपालिकामा परिष्कृत भवन निर्माण मापदण्ड तर्जुमा गरी जोखिम संवेदनशील भू-उपयोग योजनाअनुरूप जग्गा विकासका व्यवस्थित बस्ती, समुचित आवास तथा सुरक्षित भवन निर्माणको वातावरण निर्माण गर्ने यस योजनाको प्रमुख लक्ष्य हो । यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ ।

१. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्ने ।

२. जग्गा विकासका लागी सम्भाव्य क्षेत्रहरूको पहिचान गरी जग्गा एकीकरण एवं विकास परियोजनाहरूको सुरुवात गर्ने ।

## *६.५ रणनीति र कार्यनीति*

*तालिका ४० : बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| | रणनीति | | कार्यनीति |
|---|---|---|---|
| ***उद्देश्य १ :*** विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्ने । | | | |
| १.१ | स्थानीय भू-उपयोग नीति निर्माण गरी जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी कार्ययोजना बनाउने । | १.१.१ | जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |
| | | १.१.२ | पूर्वाधार निर्माणमा विपद् तथा जलवायु उत्थानशीलताका लागि आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गर्ने । |
| १.२ | व्यावसायिक तथा आवासीय भौतिक संरचना र सहरी पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्ने । | १.२.१ | पूर्वाधार निर्माणमा विपद् तथा जलवायु उत्थानशीलताका लाीग आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गर्ने । |
| | | १.२.२ | भवन निर्माण मापदण्ड तथा संहिता तथा जोखिम संवेदनशिल भू-उपयोग योजना कर्यान्वयन भए नभएको सुनिश्चित गर्न विज्ञसहितको समित परिचालित गर्ने । |
| ***उद्देश्य २ :*** जग्गा विकासका क्षेत्रहरूको पहिचान गरि जग्गा एकीकरण एंव विकास परियोजनाहरूको सुरुवात गर्ने । | | | |
| २.१ | बस्ती विकास नियमावली तर्जुमा र कार्यान्वयन गरी बस्ती विकासको सहज वातावरण तयार गर्ने । | २.१.१ | जोखिम संवेदनशिल भू-उपयोग योजनाअनुरूप जग्गा एकीकरण योजनाका लागि क्षेत्रको पहिचान तथा अध्ययन गरिनेछ । |
| | | २.१.२ | स्थानीय नियम तथा निर्देशिकाको निर्माण तथा कार्यान्वयन गर्ने । |
| २.२ | नयाँ बसोबास क्षेत्र विकासमा सहर सौन्दर्यीकरण, गुणस्तर सेवा र सुविधाको न्यूनतम मापदण्ड कायम गर्ने । | २.२.१ | नयाँ बस्तीमा सबैका लागि सहर योजना अनुसार विनियम तयार गरी कार्यान्वयनमा ल्याइनेछ । |
| | | २.२.२ | प्रत्येक बस्तीमा आवास, विद्यालय, मनोरञ्जनका स्थानहरू तथा बजारहरू जस्ता सुविधायुक्त मिश्रित भू-उपयोगको प्रवर्द्धन गरिनेछ । |
| | | २.२.३ | स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा डिजाइन थिंकिङ प्रोसेस अवलम्बन गरी साना सामुदायिक पूर्वाधारहरूको विकास गरिनेछ । |

## ६.६ *प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)*

पूर्वाधार विकास क्षेत्रको योजना अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रमा यो योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ४१ : बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्र. सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १ | नीति, योजना, कार्यविधि तथा मापदण्ड र जमिनको अभिलेख तयार गर्ने | — | ४ | १०००० | १०००० | २००० | २२००० | ५५०० | — |
| २ | अध्ययन, अनुसन्धान, क्षमता विकास तथा अभिमुखीकरण तालिम | तालिम | ७ | १०८०० | १०२०० | ३००० | २४००० | ३४२८.५ | — |
| ३ | एक वडा एक पार्कको अवधारणाअनुरूप सहरको विभिन्न स्थानमा बाल उद्यान निर्माण गर्ने। | उद्यान | २० | ५००० | ५००० | ५००० | १५००० | ७५० | छनोट भएका वडाहरू |
| ४ | महानगरस्तरीय सहिद स्मृति पाक तथा इन्ट्रान्स पार्कको निर्माण गर्ने | पार्क | ३ | २००० | २००० | २००० | ६००० | २००० | छनोट भएका वडाहरू |
| ५ | अव्यवस्थित (सुकुम्बासी) बस्ती सुधार योजना तर्जुमा गरी कार्यान्वयनको सुरुवात गर्ने | बस्ती | ३ | ५००० | ५००० | ५००० | १५००० | ५००० | छनोट भएका वडाहरू |
| ६ | महानगरपालिका तथा वडा कार्यालय भवन निर्माण | भवन | ११ | ३००००० | ३५०००० | ३००००० | ९५०००० | ८६३६३.६४ | छनोट भएका वडाहरू |
| ७ | पोखरा सभागृह पुनर्निर्माण | भवन | १ | ३००० | २००० | १००० | ६००० | ६००० | वडा नं. ८ |
| ८ | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण (दीर्घकालीन) | भवन | १ | — | ३००० | १०००० | १३००० | १३००० | छनोट भएको स्थान |
| ९ | आधुनिक चिस्यान केन्द्र निर्माण | भवन | ३ | ५०००० | ५०००० | ५०००० | १५०००० | ५०००० | छनोट भएको स्थान |
| १० | आधुनिक वधशाला निर्माण | भवन | १ | १०००० | ४०००० | — | ५०००० | ५०००० | छनोट भएको स्थान |
| | **जम्मा** | | | **३९५८००** | **४७७२००** | **३८७०००** | **११५१०००** | | |

### ६.७ *अपेक्षित उपलब्धि*

१.पोखरा महानगरपालिकामा निर्माण हुने भौतिक संरचना,

२.भवन तथा आवास परियोजनाहरू जोखिम संवेदनशील भू-उपयोग योजनामा आधारित, विपद् जोखिम प्रतिरोधी हुनेछन् । सबै वर्गका जनताका लागि उपयुक्त (युनिभर्सल डिजाइन) मापदण्ड पूरा गरेका बस्ती विकास भएको हुनेछ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ *पृष्ठभूमि तथा सिकाइ*

करिब दुई हजार किमि लामो सडक सञ्जाल भएको पोखरा महानगरपालिकामा करिब १ हजार ५ सय किमि सडकमा सार्वजनिक यातायात सञ्चालन भइरहेको छ । सार्वजनिक यातायात चल्ने सडकको गुणस्तर साबिक पोखरा उपमहानगर क्षेत्र वा हालको वडा नं. १ देखि १६ सम्म तुलनात्मक रूपमा राम्रो देखिन्छ भने अन्य वडाहरूमा विकसित हुने क्रममा  रहेको छ ।

महानगरपालिकामा थप भएका नयाँ वडाहरूलाई मुख्य व्यापारिक केन्द्रसँग गुणस्तरीय सडकले जोड्न अभियान अर्न्तगत सबै वडाहरूमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सेवा पुगेको छ । तर, केही वडाहरूमा अझै पनि कच्ची सडक र मौसमी यातयात सेवामा निर्भर रहनुपर्ने अवस्था छ । ग्रामीण क्षेत्रमा वर्षैभरी गाडी चल्न सक्ने सडक निकै कम छन् ।

यस महानगरको व्यापारिक केन्द्र तथा ग्रामीण वडाबीच गुणस्तरीय सडकको विकास भइसकेको छैन । प्रमुख सहरी क्षेत्र र आसपासका क्षेत्रहरूमा सार्वजनिक बस, ट्याक्सी तथा अन्य निजी सवारीसाधनको संख्या बढ्दै गएता पनि आवश्यक बसपार्क तथा पर्याप्त पार्किङको व्यवस्था गर्न समस्या छ । त्यसैगरी यात्रु प्रतीक्षालय, ट्राफिक संकेत तथा व्यवस्थापन र सडक स्तरोन्नतिको कार्यहरू अपेक्षाकृत अगाडि बढेका छैनन् ।

महानगरपालिकाको मुख्य बजार केन्द्रहरूमा सडक सञ्जाल राम्रो छ,र आधुनिक बसपार्क तथा व्यवस्थित पार्किङ सुविधाको अभाव छ । पृथ्वीचोकको मुख्य बसपार्क अतिक्रमणको चपेटामा परेको छ भने अन्य साना बसपार्कहरूमा क्षमताभन्दा धेरै सवारीहरू पार्किङ गर्नुपरेको अवस्था छ । स्मार्ट सहरको परिकल्पना गरेको पोखरमा व्यवस्थित र आधुनिक बसपार्कको अभावमा लामो दूरीका सवारी पार्किङमा समस्या परेको छ । मूल सहरी क्षेत्रमा सडकमै चारपांग्रे र दुइपांग्रे सवारी पार्किङ गरिने हुनाले सडक दुर्घटनाको जोखिम छ ।

सार्वजनिक यातायातका सुविधाहरू सहरी क्षेत्र केन्द्रित छन् । जलवायु परिवर्तनको अत्यधिक प्रभाव पर्ने क्षेत्रमा अवस्थित तथा आर्थिक रूपले पर्यटनमा निर्भर पोखरालाई निम्न कार्बन उत्सर्जन गर्ने सार्वजनिक यातायात तथा सडक सञ्जालमा जानुपर्ने आवश्यकता छ । यहाँको सडक यातायातलाई वातावरण तथा सेवाग्राहीमैत्री बनाउन जरुरी देखिएको छ ।

### *६.२.२ सम्भावना र अवसर*

पूर्वाधार निर्माणका क्षेत्रहरू यस महानगरपालिकाको विकासका आधार भएकाले यहाँका भौतिक पूर्वाधार संरचनाहरूको संरक्षण तथा गुणस्तर अभिवृद्धि गर्नुपर्छ । सबै प्रकारका भौतिक पूर्वाधारहरू निर्माण गर्दा स्पष्ट मापदण्ड तयार गरेर निर्माण गर्न आवश्यक छ। भौतिक पूर्वाधारहरू समावेशी तथा गुणस्तरीय समेत हुनुपर्दछ ।

आयोजना छनोटको प्रक्रियादेखि सम्पन्न भई हस्तान्तरणको चरण सम्ममा जनताको सहभागिता हुनुपर्ने र जनस्तरवाट नै अनुगमन तथा मूल्यांकन हुनुपर्छ । निर्धारित र स्तरीय मापदण्ड निर्माण गरी महानगरबासीहरूको सहभागितमा गुणस्तरीय तथा समावेशी भौतिक पूर्वाधार निर्माण गर्ने पर्याप्त सम्भावना छन् । ती मध्य केही प्रमुख अवसर तथा सम्भावनाहरू देहाय बमोजिम रहेका छन् ।

**अवसर**

१. अव्यवस्थित रूपमा जथाभावी चलिरहेका सवारीसाधन व्यवस्थित गर्न आवश्यकतामा आधारमा अधिकांश वडाहरूमा बसपार्क निर्माण गर्न सकिने ।
२. मुख्य सहरी क्षेत्रमा यात्रु प्रतीक्षालय र सार्वजनिक शौचालयको व्यवस्था गरी सहरी यातयातलाई अपाङ्ग, बालबालिका र ज्येष्ठ नागरिकमैत्री बनाउने सम्भावना रहेको ।
३. सहरी यातायात रुट निर्धारण गर्न सकिने देखिएको सम्बन्धित वडा, टोल र घरको जानकारी सूचना प्रविधियुक्त स्मार्ट कार्ड र एप्स तयार गरी लागु गर्नुपर्ने ।
४. पोखरालाई पर्यटकीय सहरको मापदण्डअनुरूप व्यवस्थित र सभ्य मापदण्ड सहित संचालन गर्न सकिने ।
५. विद्युतीय यातायातलाई प्रोत्साहन गर्न सकिने स्थान उपलब्ध भएको ।
६. ग्राभेल र कच्ची सडकहरूको प्रचुर विकास ।
७. विद्युतीय,सौर्य र वायुउर्जामा आधारित यातायात प्रणाली सञ्चालन गर्न सकिने गरी अध्ययन र विश्लेषण भएको ।
८. साइकल मार्ग र पदमार्ग विस्तार को सम्भावना रहेको ।

### *६.२.३ समस्या तथा चुनौती*

नगर क्षेत्रमा विशेषगरी प्रमुख सहरी क्षेत्र, बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन । नगरपालिकाले निर्धारण गरेको सडक अधिकार क्षेत्रभित्र घर, पर्खाल, विद्युत् तथा टेलिफोनको पोलहरू र खानेपानीको लाइनहरू रहेको र विद्युतीय तार अन्डरग्राउन्ड नभई तारहरू छरिएकाले नगर क्षेत्रको सुन्दरता घटेको छ ।

सडकको मापदण्ड लागु हुन नसक्दा धेरैजसो सडक साँघुरा छन् र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन । सडकको अधिकार क्षेत्र सुरक्षित गर्न, सडकको दायाँबायाँ वृक्षारोपण गरी सुन्दरता कायम गर्नु चुनौतीपूर्ण देखिन्छ । नगर क्षेत्रका विभिन्न स्थानमा सडक अधिकार क्षेत्र अतिक्रमण भइरहको, नगरका सडकहरूको रेखांकन, नक्सांकन, नामकरण र प्राथमिकता निर्धारण हुन नसक्नु समस्याका रुपमा रहेका छन ।

सडक सुरक्षाका संकेतहरू नहुँदा दुर्घटनाका घटना भइरहेको, राजमार्गमा पैदलयात्रुलाई बाटो पार गर्न सहज व्यवस्था हुन सकेको देखिँदैन ।

नगरपालिकामा पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसक्नु । सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना नहुन गर्नु प्रवृत्ति बढ्नु । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ । सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरू प्राथमिकतामा नपर्नु समस्याका रुपमा रहेका छन् ।

पोखरा महानगरपालिकाको सहरी क्षेत्रमा पर्यटन पूर्वाधार विकास परियोजनाअन्तर्गत सडकको किनारामा वर्षे पानी संकलनका लागि निर्मित खुला सतह ढल सेती नदी तथा फिर्केखोलामा मिसिने गरेको छन् । फिर्के खोलामा मिसिएको ढल सीधै फेवातालमा गएर मिसिने कार्य रोक्नु चुनौतीपूर्ण छ । आकाशे पानी निकासका लागि बनाइए तापनि महानगरका कयौं घर, होटेल तथा रेस्टुरेन्टहरूले आफ्नो शौचालयको निकास फेवाताल जोडेका कारण दिनप्रतिदिन प्रदूषित  हुने क्रमलाई रोक्नु चुनौतीपूर्ण छ । अन्य समस्या र चुनौतीहरू देहायबमोजिम रहेका छन् ।

१. महानगरपालिकामा यातायात व्यवस्थापनसम्बन्धी नीतिगत र संस्थागत व्यवस्था नहुनु ।
२. अतिक्रमणमा परेको पृथ्वीचोकस्थित बसपार्कको संरक्षण, आधुनिकीकरण र समुचित व्यवस्थापन नहुनु ।
३. सबै ग्रामीण सडक र वडाहरूमा सुविधासम्पन्न बसपार्क, आवश्यक स्थानमा यात्रु प्रतीक्षालय, शौचालय निर्माण र खाने पानीको व्यवस्थापन नहुनु ।
४. निजी क्षेत्रवाट सञ्चालित यातायातहरूलाई नियमित रूपमा अनुगमन गरी सार्वजनिक यातायातलाई विश्वसनीय र भरपर्दो बनाउन नसक्नु ।
५. सवारीसाधन मर्मत वर्कसप तथा ग्यारेजहरूलाई मापदण्ड बनाएर नियमन तथा व्यवस्थापन गर्न नसक्नु ।
६. विद्युतीय सवारीप्रति आकर्षण बढ्दै गएको अवस्थामा सहरका पायक पर्ने स्थानहरूमा विद्युतीय सवारी चार्जिङ स्टेसनहरू व्यवस्थापन गर्नु ।
७. सडकको स्तरोन्नति नियमित गुणस्तर परीक्षण र खाल्डाखुल्डी व्यवस्थापन, सौन्दर्यीकरण र ट्राफिक संकेत तथा साइकल तथा पैदलमार्ग व्यवस्थापन प्रभावकारी नहुनु ।
८. ढल निर्माण विस्तार तथा मर्मतसम्भार प्राथमिकतामा नपर्नु ।

### *६.२.४ लक्ष्य र उद्देश्य*

आगामी ३ वर्षभित्र महानगरका सबै वडामा वातावरण तथा प्रविधिमैत्री (विद्युतीय सवारीसाधनअनुकूल) र समावेसी सडक पूर्वाधारको पहुँच विस्तार गरी गुणस्तरीय सार्वजनिक यातयात सेवा सुनिश्चित हुने वातावरण निर्माण गर्ने यस योजनाको प्रमुख लक्ष्य हो । यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ ।

१. वातावरणीय सन्तुलनसहितका प्रविधिमा आधारित समावेशी यातयात सेवाका लागि आवश्यक पूर्वाधारको विकास गर्ने ।
२. उपभोक्तामैत्री समावेशी र गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्ने ।

३. एकीकृत सहरी विकास तथा नगर यातायात पूर्वाधार निर्माण गर्ने ।

## ६.२.५ रणनीति र कार्यनीति

*तालिका ४२ : सडक, पुल तथा यातायात क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** वातावरणीय सन्तुलनसहितका प्रविधिमा आधारित समावेशी यातयात सेवाका लागि आवश्यक पूर्वाधारको विकास गर्ने । | | | |
| १.१ | पूर्वाधार निर्माणमा जनताको सहभागिता र उत्तरदायित्वको सुनिश्चितता गर्ने । | १.१.१ | उपभोक्ता समितिमार्फत् साना सहरी योजनाहरू कार्यान्वयन गर्न लागत सहभागिता वृद्धि  गरिनेछ । |
| | | १.१.२ | ठूला योजनाको हकमा योजना तर्जुमा कार्यान्वयन एवं अनुगमन कार्यमा जनसहभागिता सुनिश्चित गरिनेछ । |
| १.२ | पूर्वाधार निर्माणमा वातावरण, विपद् तथा जलवायु उत्थानशीलताका लागि आवश्यक मापदण्ड अवलम्बन गर्ने । | १.२.१ | पूर्वाधार निर्माणका लागि सबै वर्गका समूह (ज्येष्ठ नागरिक, बालबालिका, महिला, अशक्त आदि) मैत्री मापदण्डहरू तर्जुमा गरी लागु गरिनेछ । |
| | | १.२.२ | महानगरपालिकाले निजी क्षेत्र, नागरिक समाज तथा विज्ञहरूसँग सहकार्य गरी नयाँ तथा पुनःस्थापित पूर्वाधारहरूका लागि उचित प्राविधिक विशेषज्ञतामा पहुँच बढाइनेछ । |
| ***उद्देश्य २ :*** उपभोक्तामैत्री समावेशी र गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्ने । | | | |
| २.१ | पूर्वाधार निर्माणका लागि विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने । | २.१.१ | सार्वजनिक निजी साझेदारीको निर्देशिकाअनुसार पूर्वाधार निर्माण कार्य गरिनेछ । |
| | | २.१.२ | दातृ निकाय, निजी क्षेत्रहरू र आम नागरिकहरूसँग सहकार्यमा योजनाहरू निर्माण गरिनेछ । |
| २.२ | पूर्वाधार निर्माणमा संघीय तथा प्रदेश सरकारसँग सहकार्य गर्ने । | २.२.१ | रणनीतिक सडक सञ्जाल तथा सहायक मार्ग ( युटिलिटी करिडोर)को व्यवस्थापनका लागि संघीय सरकारसँग सहकार्य गरिनेछ । |
| | | २.२.२ | प्रदेश सरकारको जनाधिकारमा रहेका सडक तथा पूर्वाधार निर्माण र मर्मतसम्भार कार्यमा समन्वय गरिनेछ । |
| ***उद्देश्य ३ :*** एकीकृत नगर यातायात पूर्वाधार निर्माण गर्ने । | | | |
| ३.१ | छिमेकी स्थानिय सरकारहरुसँग सहकार्य गर्ने । | ३.१.१ | महानगरले अन्य स्थानिय सरकार तथा निजिक्षेत्रसँगको सहकार्यमा गाँउ नगर सार्वजनिक यातायात सञ्चालन गरिनेछ । |
| | | ३.१.२ | छिमेकी स्थानिय सरकारहरुका निश्चित साझा योजना सञ्चालन गरिनेछ । |
| ३.२ | जलवायु परिवर्तन तथा वातावरणमैत्री यातायात प्रणालीको विकास गर्ने | ३.२.१ | विद्युत् सञ्चालित बस तथा अन्य सवारीसाधनलाई सार्वजनिक यातायातका रूपमा प्रोत्साहन गरिनेछ । |
| | | ३.२.२ | निजी तथा सार्वजनिक संघसंस्थालाई विद्युत् चार्जिङ स्टेसन स्थापना गर्न प्रोत्साहन गरिनेछ । |

## ६.२.६ *प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)*

त्रिवर्षीय योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी सडक, पुल तथा यातायातमा योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ४३ : सडक, पुल तथा यातायात क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्र.सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | प्रत्येक वडाको केन्द्र र महानगर केन्द्र जोड्न पक्की सडक निर्माण गर्ने | किमि | १६० | २००००० | ३००००० | ३००००० | ८००००० | ५०००० | छनोट भएका वडाहरू |
| २. | मुख्य बजारक्षेत्रभित्रका सडक स्तरोन्नति (अस्फाल्ट कंक्रिट) | किमि | १५० | ५०००० | १२००००० | १३००००० | ३०००००० | २०००० | छनोट भएका वडाहरू |
| ३. | अन्य सडक स्तरोन्नति (कालोपत्रे) | किमि | १०३ | ३१०००० | ३१०००० | ३१०००० | ९३०००० | १०००० | छनोट भएका वडाहरू |
| ४. | पोखरा चक्रपथ निर्माण गर्ने | किमि | ११२ | ० | १२००००० | २४००००० | ३६००००० | ६०००० | छनोट भएका वडाहरू |
| ५. | चक्रपथको डीपीआर तयार गर्ने | किमि | १ | ५०००० | ० | ० | ५०००० | ५०००० | छनोट भएका वडाहरू |
| ६. | पैदलमार्ग निर्माण गर्ने | किमि | ९० | ३०००० | ४०००० | २०००० | ९०००० | १००० | छनोट भएका वडाहरू |
| ७. | साइकल मार्ग निर्माण गर्ने | किमि | १०२ | १५००० | २५००० | १०००० | ५०००० | ५०० | छनोट भएका वडाहरू |
| ८. | सुरुङमार्ग सम्भाव्यता अध्ययन गर्ने | नम्बर | ३ | ० | ५००० | ५००० | १०००० | ५००० | छनोट भएका वडाहरू |
| ९. | अन्डरपास सडक सम्भाव्यता अध्ययन गर्ने | नम्बर | ३ | ० | ५००० | १०००० | १५००० | ५००० | छनोट भएका वडाहरू |
| १०. | पुल तथा कल्भर्ट निर्माण गर्ने | नम्बर | ५ | २५०००० | ५००००० | ५००००० | १२५०००० | ५०००० | छनोट भएका वडाहरू |
| ११. | विद्युतीय स्मार्ट सार्वजनिक यातायात सेवा डीपीआर तयार | नम्बर | १ | | | २००० | २००० | २०००० | छनोट भएका वडाहरू |
| १२. | अन्तर प्रादेशिक तथा सहरी बसपार्क निर्माण गर्ने | नम्बर | १ | | | १०००० | १०००० | १०००० | छनोट भएका वडाहरू |

| क.सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १३. | सडक तथा अन्य निर्माण तथा योजना छनोटका लागि विभिन्न विनियम तथा निर्देशिकाहरू तयार | नम्बर | ५ | १००० | १५०० | ० | २५०० | ५०० | छनोट भएका वडाहरू |
| १४. | सडकपेटीमा पैदलमार्ग तथा वृक्षरोपण गरी हरित पेटी निर्माण | किमि | ५० | ५०००० | १००००० | १००००० | २५०००० | ५००० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | ३२०६००० | ६३८६५०० | ७६६७००० | १७२५९५०० | | |

### ६.२.७ *अपेक्षित उपलब्धि*

१. महानगरपालिकाका वडाहरूबीच समुचित सडक सञ्जालको विकास भई ग्रामीण र सहरी अर्थतन्त्र बीच सहज सार्वजनिक यातायातको व्यवस्था भएको हुनेछ।

२. महानगरका सडक सञ्जाल नागरिकमैत्री तथा समावेशी र सुरक्षित भएको हुनेछ।

३. यातायात क्षेत्रबाट हुने हरित ग्यास उत्सर्जनमा कमी भई पोखरा न्यून कार्बन उन्मुख सहर भएको हुनेछ।

४. सडक, पुल तथा ढल निर्माणसँगै समुचित पदमार्ग तथा साइकल मार्गको निर्माणले प्रदूषण कम भई नगरबासीको स्वास्थ्य र पर्यापर्यटन प्रवर्द्धनमा टेवा पुगेको हुनेछ।

५. व्यवस्थित पार्किङ, ट्राफिक संकेत, सडक बत्ती, सडक किनारमा हरित पेटी तथा सार्वजनिक यातायातको सर्वसुलभ सुविधाले सहरको सुन्दरतामा वृद्धि भएको हुनेछ।

## ६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### *६.३.१ पृष्ठभूमि तथा सिकाइ*

पोखरा महानगरपालिका नेपालमा सबैभन्दा बढी पानी पर्ने क्षेत्रमा अवस्थित छ । यहाँ सेती, विजयपुर, फुस्रे, मर्दी, काली, याम्दी आदि नदी तथा खोलानाला छन् । त्यसैगरी, यहाँका ताल र सिमसार क्षेत्रहरू (फेवा, रूपा, बेगनास, दिपाङ, खास्टे, मैदी आदि)ले गर्दा जलस्रोतका हिसाबले पोखरा धनी मानिन्छ । यसका साथै भूमिगत पानीको स्रोत समेत महानगरपालिका प्रशस्त छ ।

यस महानगरपालिकामा अवस्थित नदी तथा तालहरूमा सिँचाइको संरचना निर्माण भई कृषियोग्य जमिनमा सिँचाई सुविधा उपलब्ध हुँदै आइरहेको छ । यहाँका मुख्य सिँचाइ प्रणालीहरू सेती सिँचाई योजना, विजयपुर नहर, बेगनास सिँचाई योजना र फेवा सिँचाई बाट करिब ३ हजार हेक्टर क्षेत्रफलमा सिँचाई भइरहेको छ । त्यसैगरी जलविद्युत् आयोजनहरूबाट ६ मेगावाट जति विद्युत् उत्पादन भइरहेको देखिन्छ । विगत केही वर्षमा सौर्य ऊर्जाको उत्पादन तथा प्रयोग सडक वत्ती तथा मठमन्दिरहरूमा बढेको देखिन्छ । यस महानगरको विद्यमान अवस्थाको विश्लेषणबाट निम्नलिखित सिकाइहरू प्राप्त भएका छन् ।

१. महानगर क्षेत्रका नदी नाला र तालहरूको विद्युत् उत्पादन सम्भावना अध्ययन गरी अभिलेखीकरण गर्ने ।
२. नागरिकहरूको समेत लगानीमा साना जलविद्युत् योजनाहरू निर्माण गरी दैनिक उपयोगमा सर्वसुलभ विद्युत् उपलब्ध गराउने ।
३. महानगरका मुख्य बजार क्षेत्रहरूमा विद्युतीय तार भूमिगत गरी सुन्दर पर्यटकीय पोखराको पहिचान दिने ।
४. सार्वजनिक स्थान, सडक र सुरक्षा संवेदनशील स्थलहरूमा रात्रीकालीन विद्युत् आपूर्ति सुनिश्चित गर्ने ।
५. सौर्य तथा वायु ऊर्जा प्रवर्द्धन गर्न सम्भावित क्षेत्रको अध्ययन गरी सूची तयार गर्ने ।
६. ग्याँस, कोइला, पेट्रोलियम पदार्थ जस्ता खनिज ऊर्जाको प्रतिस्थापन गर्न जनचेतना अभिवृद्धिका साथै घरायसी र औद्योगिक इन्धनमा जलविद्युत्लगायतका स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
७. न्यून कार्बन विकास (लो कार्बन डिभलपमेन्ट) लाई प्रवर्द्धन गर्न विद्युतीय सवारीसाधन र यातायात प्रणाली विकासका क्षेत्रमा संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने ।

### *६.३.२ सम्भावना र अवसर*

जलस्रोतको धनी मानिएको पोखरामा जलविद्युत्लगायत सिँचाई सुविधाको विकास, तालमा जल खेलकुदको विकासका साथै खानेपानी तथा मनोरञ्जन सेवाको विकास गर्न सक्ने व्यापक सम्भावना छ । हालको विद्युत् वितरणको अवस्थामा सुधारका साथै तारहरूको समुचित व्यवस्थापन तथा सौर्य ऊर्जाको उत्पादन तथा प्रयोग प्रवर्द्धन गरी पोखरालाई न्यून कार्बनयुक्त विकासको बाटोमा अग्रसर गराउने अवसर छ । यसबाहेकका मुख्य अवसर तथा सम्भावना निम्नलिखित छन् ।

१. सौर्य ऊर्जाको विकासका आधार तयार भएको ।

२. महानगरपालिका पर्यटकीय स्थान, पार्क तथा सार्वजनिक स्थलहरूमा रात्रिकालीन विद्युत् आपूर्ति सुनिश्चित गरी पर्यटन उद्योगलाई थप टेवा पुऱ्याउने ।
३. यहाँको जलविद्युत् उत्पादन क्षमताको सदुपयोग गरी प्रतिव्यक्ति विद्युत् उपभोग दर बढाउन सकिने ।
४. उद्योग, पर्यटन, यातायात र घरायसी क्षेत्रमा स्वच्छ तथा वैकल्पिक ऊर्जाको उपयोग विस्तार गरी हरित समावेशी र उत्थानशील अर्थतन्त्र निर्माणमा योगदान गर्ने ।
५. विद्युत्मा आधारित लिफ्टिङ सिँचाई प्रणालीको विस्तार गरी पहाडी क्षेत्रको कृषि उत्पादकत्व बढाउने ।

### *६.३.३ समस्या तथा चुनौती*

पोखरामा अवस्थित नदी तथा तालहरूको किनारमा सहरीकरणको अत्यधिक चापका कारण नदी तथा तालको अधिकार क्षेत्रमा बढ्दो अतिक्रमण प्रमुख चुनौतीका रूपमा रहेको छ । जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरू अतिवृष्टि, खण्डवृष्टिका साथै बादल फुट्ने कारणहरूले यहाँको जलस्रोतका मुहान तथा संरचनाहरूमा क्षति हुने उच्च जोखिम छ ।

नजिकैको हिमाली तथा उच्च पहाडी क्षेत्रमा भइरहने अप्रत्याशित भू-स्खलन, भूक्षय तथा बाढीका कारण तालहरूको जलाधार र सिमसार क्षेत्रका साथै सिँचाई तथा जलविद्युत् आयोजनाहरूमा क्षति पुग्ने समस्या पनि उत्तिकै छ । त्यसैगरी सहरी क्षेत्रमा विद्युत्, टेलिफोन तथा इन्टरनेटका तारहरू जथाभावी सडकमा झुन्डिनु, ग्रामीण क्षेत्रमा विद्युत्को पहुँच कम हुनु तथा विद्युत्को नियमित आपूर्ति नहुनु पनि यहाँको समस्या हो । प्रमुख समस्या र चुनौती देहाय बमोजिम छन् ।

१. जलस्रोत तथा वैकल्पिक ऊर्जा विस्तार कार्यक्रम र हरित ऊर्जा प्रवर्द्धनका लागि महानगरस्तरीय एकीकृत नीति तथा कार्ययोजना तर्जुमा र संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन ।
२. हरित तथा वैकल्पिक ऊर्जा उत्पादन तथा प्रवर्द्धनमा निजी क्षेत्रका साथै अन्तर्राष्ट्रिय हरित कोषको लगानी आकर्षित गरी परिचालन गर्ने कार्य ।
३. विद्युत् तथा अन्य सेवा प्रदायकका तारहरूको भूमिगत व्यवस्थापन र सडक बत्ती तथा ट्राफिक संकेतहरूको एकीकृत व्यवस्थापन ।
४. परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन ।
५. वैकल्पिक ऊर्जा खपत गर्ने औजारहरू सामग्रीहरू उत्पादन गर्ने उद्योगहरूका लागि विशेष अनुदानको कार्यविधि तयार गरी लागु गर्ने ।

### *६.३.४ लक्ष्य र उद्देश्य*

महानगरपालिकाभित्र भएका जलस्रोतहरूको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोग गर्दै महानगरपालिका र नागरिकको सहभागितामा अधिकतम प्रतिफल दिने परियोजना निर्माण गरी सिँचाईको उपलब्धता वृद्धि, जलाधार तथा मुहानहरूको संरक्षण विद्युत् वितरण तथा गुणस्तरमा सुधार एवं हरित र वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्न योगदान गर्नु यस योजनाको लक्ष्य रहेको छ । त्यसका लागि देहायका उद्देश्यहरू निर्धारण गरिएको छ ।

१. निजी क्षेत्र र समुदायको साझेदारीमा जलस्रोत तथा जलाधार संरक्षण, सदुपयोग एवम् सामुदायिक सिँचाईहरूको व्यवस्थापन गर्ने ।

२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने ।

## ६.३.५ रणनीति र कार्यनीति

*तालिका ४४ : जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** निजी क्षेत्र र समुदायको साझेदारीमा जलस्रोत तथा जलाधार संरक्षण, सदुपयोग एवम् सामुदायिक सिँचाइहरूको व्यवस्थापन गर्ने । | | | |
| १.१ | महानगरपालिकामा भएका जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र सम्वर्द्धनमा समुदायको क्षमता विकास गरी परिचालन गर्ने । | १.१.१ | विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा जलस्रोत संरक्षण सिचाई प्रणाली व्यवस्थापन र उपयोगको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| | | १.१.२ | महानगरपालिकाभित्र उपयोगमा रहेका र नरहेका जलस्रोतका मुहान तथा जलाधारहरूको अवस्था लेखाजोखा गरी अभिलेखीकरण गरिनेछ । |
| १.२ | महानगरपालिकामा भएका जलस्रोत र जलाधारहरूको समुचित विकासमा निजी क्षेत्र र समुदायसँग अर्थपूर्ण साझेदारी गर्ने । | १.२.१ | सार्वजनिक निजी साझेदारीमा साना तथा मझौला जलविद्युत् तथा पानीमा आधारित पर्यटकीय पूर्वाधार विकास गरिनेछ । |
| | | १.२.२ | उपभोक्ता समिति र समुदायको लागत सहभागितामा साना तथा मझौला खानेपानी र सिँचाइ आयोजनाहरू विकास र व्यवस्थापन गरिनेछ । |
| ***उद्देश्य २ :*** संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने । | | | |
| २.१ | जलस्रोत व्यवस्थापन, जलविद्युत् तथा वैकल्पिक ऊर्जा उत्पादन बढाउन संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने । | २.१.१ | जलस्रोत व्यवस्थापन र जलविद्युत् परियोजना विकासमा संघ सरकार तथा मातहतका निकायसँग सहकार्य गरिनेछ । |
| | | २.१.२ | महानगरभित्रका जलाधार क्षेत्रहरूको पहिचान गरी संघ, प्रदेश, शैक्षिक प्रतिष्ठान, गैसस आदिसँग सहकार्य गर्दै दीर्घकालीन जलाधार संरक्षण योजना तयार गरी कार्यान्वयन गरिनेछ । |
| २.२ | जलविद्युत् उत्पादन र वितरण सुदृढीकरण गर्दै हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने । | २.२.१ | संघ तथा प्रदेश सरकार र विद्युत् प्राधिकरणसँगको सहकार्यमा हरित तथा स्वच्छ ऊर्जाको प्रयोग र खपत प्रोत्साहनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २.२.२ | महानगरभित्र विद्युतीय सवारी, सार्वजनिक यातायात र औद्योगिक तथा घरयासी उपयोगमा विद्युत्बाट चल्ने उपकरणको प्रयोग प्रोत्साहन गर्न सवारी चार्जिङ केन्द्रलगायतका पूर्वाधार विकास गरिनेछ । |

### ६.३.६ *प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)*

त्रिवर्षीय योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको विकासका लागि योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**तालिका ४५ : जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्र.सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १ | जलस्रोत तथा सिँचाइ नीति तयार गरी महानगरभित्रका जलस्रोतको अभिलेखीकरण गर्ने | संख्या | ३ | १००० | १००० | १००० | ३००० | १००० | छनोट भएका वडाहरू |
| २ | जलस्रोत व्यवस्थापन तथा सिँचाइसम्बन्धी विस्तृत परियोजना तयार गर्ने । | संख्या | ३ | ० | ५००० | १०००० | १५००० | ५००० | छनोट भएका वडाहरू |
| ३ | जलस्रोत र जलाधारहरू संरक्षणका लागि भौतिक पूर्वाधार निर्माण गर्ने । | आयोजना | ५ | ० | ४००० | ६००० | १०००० | २००० | छनोट भएका वडाहरू |
| ४ | समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा साना जलविद्युत् तथा सिँचाइ आयोजना निर्माण गर्ने । | आयोजना | ५ | २०००० | ४०००० | ४०००० | १००००० | २०००० | छनोट भएका वडाहरू |
| ५ | विद्युतीय सवारी चार्जिङ स्टेसन निर्माण | संख्या | १० | २००० | १०००० | ८००० | २०००० | २००० | छनोट भएका वडाहरू |
| ६ | नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा तार भूमिगत र सडक बत्ती व्यवस्थापन गर्ने । | किमि | ५० | ० | ४०००० | ६०००० | १००००० | २००० | छनोट भएका वडाहरू |
| ७ | संघ तथा प्रदेश सरकारको सहकार्यमा वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम । | कार्यक्रम | १० | १०००० | २०००० | २०००० | ५०००० | ५००० | छनोट भएका वडाहरू |
| ८ | समुदायमा वैकल्पिक ऊर्जाको विकास तथा उपयोग प्रवर्द्धन गर्न जागरण तथा अनुदान कार्यक्रम सञ्चालन गर्ने । | कार्यक्रम | २० | ४००० | १८००० | १८००० | ४०००० | २००० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | **३७०००** | **१३८०००** | **१६३०००** | **३३८०००** | | |

### ६.३.७ अपेक्षित उपलब्धि

१. महानगरको एकीकृत जलस्रोत तथा ऊर्जा नीति तयार भई महानगरभित्रका जलस्रोत तथा जलाधार क्षेत्रहरूको अभिलेखीकरण भएको हुनेछ ।

२. लागत सहभागितामा साना जलविद्युत् तथा सिँचाइ आयोजनाहरू निर्माण भई समुदायमा सकारात्मक परिणामहरू प्राप्त भएको हुनेछ ।

३. महानगरभित्रको विद्युत् वितरण प्रणालीमा सुधार भई सहरी सौन्दर्य र गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित भएको हुनेछ ।

४. जलविद्युत्जस्ता हरित र स्वच्छ ऊर्जाको खपत वृद्धि भई कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुगेको हुनेछ ।

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि तथा सिकाइ

महानगरको दीर्घकालीन सोचको आधारपत्रमा नै सिर्जनशील, स्मार्ट र समुन्नत सहरका रूपमा विकास गर्ने उद्घोष गरिसकेको छ । स्मार्ट सहरका लागि अत्यावश्यक मानिएको सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा युवा जनशक्तिलाई परिचालन गर्नुको विकल्प छैन । पोखराको युवा जनशक्ति भाषा, सिर्जनशीलता र दक्षताको हिसाबले र ज्ञानमा आधारित नवउद्यमहरूको विकासका लागि विश्वस्तरमा नै प्रतिस्पर्धा गर्न सक्षम छ । त्यसलाई सकारात्मक रूपमा परिचालन र मार्गदर्शन प्रदान गर्नु स्थानीय सरकारको दायित्व हो । यसै तथ्यलाई आत्मसात् गरेर पोखरा महानगरपालिकाले समावेशी स्थानीय आर्थिक विकासका लागि तर्जुमा गरेको रणनीतिक योजनामा पनि यस क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

सूचना तथा सञ्चारको हकमा पोखरा महानगरपालिकाका सबै क्षेत्रको आधुनिक सूचना तथा सञ्चार सुविधामा पहुँच छ । इन्टरनेट सुविधाको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सञ्जालको पूर्ण पहुँच रहेको छ । प्रायः महानगरपालिकाबासी इन्टरनेट साक्षर रहेका छन् र इन्टरनेट पहुँचका लागि मोबाइल, साइबर क्याफे तथा स्थानीय वायरलेस इन्टरनेट सेवा प्रदायकको प्रयोग गदर्छन् । यस महानगरपालिकामा एक सरकारी, ६ सामुदायिक तथा २७ वटा व्यावसायिक एफ एम रेडियो स्टेसन रहेको छन् । त्यसैगरी यहाँ ४ वटा स्थानीय टेलिभिजन स्टेसन छन् । पत्रपत्रिकाको सन्दर्भमा यहाँ १० वटा दैनिक पत्रपत्रिका छन् जसमध्ये 'हाम्रो कलम' नामको पत्रिका हाल बन्द भएको छ । १२ वटा स्थानीय साप्ताहिक पत्रपत्रिका रहेको छन् ती मध्य २ वटा निरन्तर नभएको अवस्थामा छन् ।

### ६.४.२ सम्भावना र अवसर

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रका लागि आवश्यक पूर्वाधारको समुचित विकास गर्न सकिएमा उदीयमान र विकासशील क्षेत्रहरूलाई एकआपसमा जोडेर एकीकृत सेवा उपलब्ध गराउने सेवा प्रदायकका लागि पोखरा एउटा उपयुक्त स्थान हुन सक्छ । यसबाट सूचना प्रविधि र नवउद्यम बजारको रूपमा सिर्जना हुन्छ । साना तथा मझौला उद्यमको सञ्चालन लागत कम गर्ने र उत्पादकत्व अभिवृद्धि हुन्छ ।

महानगरपालिकाले संघ तथा प्रदेश सरकारहरूसँगको समन्वय र सहकार्यमा आवश्यक नीतिगत सुधार र व्यावसायिक वातावरणमा सहजीकरण गर्न सके सिर्जनशील युवा जनशक्ति आफैं अग्रसर भएर पोखरालाई सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्यम-व्यवसायका लागि आकर्षक सहरका रूपमा रूपान्तरण गर्न सक्छन् । यस उपक्षेत्रका अन्य सम्भावना र अवसर देहायबमोजिम रहेका छन् ।

**सम्भावना**

- महानगरले सेवाग्राहीहरूलाई अनलाइन सेवा प्रदान गर्ने प्रणालीको विकास गर्ने ।
- यातायात, कृषि, स्वास्थ्य, शिक्षा, फोहोर मैला व्यवस्थापनसम्बन्धी एप्सहरू निर्माण गर्ने ।
- सबै सरकारी कार्यालयहरूमा विद्युतीय हाजिरी अनिवार्य गर्ने ।
- महानगरको आफ्नै सर्भर राखी वडा कार्यालयहरूसँग सञ्जाल स्थापना गर्ने ।
- सबै विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरूको वेबसाइट तयार गर्ने ।
- महानगरपालिकाको डिजिटल प्रोफाइल तयार गर्ने ।
- महानगरपालिकाभित्र भएका सार्वजानिक सम्पत्तिहरूको डिजिटल अभिलेख तयार गर्ने ।

**अवसर**

- विभिन्न एप्सहरूको निर्माण गरी सर्वसुलभ अनलाइन सेवा प्रदान गर्न सकिने ।
- सबै विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरू र सरकारी कार्यालयहरूको वेबसाइट निर्माण गरी सूचना प्रवाह गर्ने ।
- राजस्व र कर विजक तथा भुक्तानी प्रणालीलाई अनलाइन गर्ने ।
- महानगरको सूचना प्रणालीलाई विस्तार गर्ने ।

### *६.४.३ समस्या तथा चुनौती*

सूचना तथा सञ्चार प्रविधि र युवा उद्यमशीलतालाई विभिन्न क्षेत्रमा व्याप्त सम्भावनाको उजागर गर्न भावी कदमहरू चाल्ने विषयमा अन्तरसम्बन्धित वा सहयोगी क्षेत्रका रूपमा लिइन्छ । यही तथ्यलाई आत्मसात् गरेर महानगरले केही कदम चालेता पनि एकीकृत स्थानीय आर्थिक विकास योजनाअन्तर्गत समाहित गर्नु चुनौतीपूर्ण छ । नेपालको पन्ध्रौं आवधिक योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात् गरेर सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार तथा परियोजनामा ठूलो लगानी गर्नुपर्ने औंल्याएको छ । यस सन्दर्भमा सूचना र सञ्चार प्रविधि क्षेत्रमा देहायका समस्या र चुनौतीहरू विद्यमान छन् ।

**समस्या**

- सञ्चार संस्थाहरूको संख्यात्मकसँगै गुणात्मक विकास हुन नसक्नु ।
- पोलमा झुन्डिने तारयुक्त सञ्चार-प्रविधि वातावरण र सहरी सौन्दर्यका लागि चुनौतीपूर्ण बन्दै जानु ।
- साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु ।
- टेलिसेन्टरहरूको सञ्चालनका लागि स्पष्ट मार्गचित्र नहुनु तथा यसको सेवामा विविधीकरण गर्न नसक्नु ।

**चुनौती**

- महानगरपालिकाभित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार गर्न ।
- पर्यटकीय क्षेत्रहरूमा तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिलाई बढावा दिन ।
- सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाह विकास गर्न ।

### ६.४.४ लक्ष्य र उद्देश्य

महानगरपालिकाका सबै बस्तीहरूमा भरपर्दो टेलिफोन एवम् आधुनिक सूचना प्रविधिको सेवा उपलब्ध गराई स्थानीय जनताको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउने प्रमुख पूर्वाधारका रूपमा सञ्चार क्षेत्रको विकास गर्ने यस आवधिक योजनाको मुल लक्ष्य रहेको छ । त्यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ ।

१. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउँदै महानगरपालिकाभर पहुँच वृद्धि गर्ने ।

२. सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्ने ।

### ६.४.५ रणनीति र कार्यनीति

*तालिका ४६ : सूचना तथा सञ्चारका लागि लिइने रणनीति तथा कार्यनीति*

| | रणनीति | | कार्यनीति |
|---|---|---|---|
| ***उद्देश्य १ : आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउँदै महानगरपालिकाभर पहुँच वृद्धि गर्ने ।*** | | | |
| १.१ | महानगरपालिकाको सबै क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने । | १.१.१ | महानगरपालिकाका सबै लागत तथा रेकर्डहरू विद्युतीय प्रणालीमा व्यवस्थित गरी सुशासन प्रवर्द्धन गरिनेछ । |
| | | १.१.२ | सबै वडाहरू सूचना सञ्जालले जोडिनेछ तथा अनलाइन प्रणालीबाट सेवा प्रवाह गरिनेछ । |
| १.२ | महानगरपालिकाको आर्थिक गतिविधि र बोलपत्र आह्वानमा आधुनिक सञ्चार प्रविधि प्रयोग गरी सहज गर्दै लैजाने । | १.२.१ | महानगरबाट निर्माण हुने पूर्वाधार विकासको बोलपत्र तथा आय ठेक्का आह्वान गर्दा विद्युतीय प्रणालीको अवलम्बन गरिनेछ । |
| | | १.२.२ | निश्चित रकम भन्दा माथिको आर्थिक कारोवार बैंक मार्फत् गरिनेछ । |
| ***उद्देश्य २ : सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्ने ।*** | | | |
| २.१ | पोखरालाई सूचना प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान र व्यावसायिक केन्द्र (साइबर सिटी)का रूपमा विकास गर्ने । | २.१.१ | पोखरा आसपासका क्षेत्रमा सूचना प्रविधिसम्बन्धी उद्योगलाई आकर्षण र प्रवर्द्धन गर्न आवश्यक आधुनिक पूर्वाधार (जस्तैः आईटी पार्क) हरूको पर्याप्त विकास गरिनेछ । |
| | | २.१.२ | छिमेकी मुलुक भारत र चीनका सफल सूचना प्रविधि र वैज्ञानिक सहर (साइबर सिटी)सँग भगिनी सम्बन्ध स्थापना गरी अनुभव, सीप र प्रविधि आदानप्रदान गरिनेछ । |
| २.२ | युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने । | २.२.१ | सूचना तथा प्रविधिको सदुपयोग गर्न नागरिकहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| | | २.२.२ | युवाहरूलाई सूचना तथा प्रविधिको सदुपयोग गरी नयाँ सफ्टवेयर तथा प्रविधि विकास गर्न प्रोत्साहित गरिनेछ । |

### ६.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

त्रिवर्षीय योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा सूचना तथा सञ्चार प्रविधिमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ४७ : सूचना तथा सञ्चार प्रविधि क्षेत्रको समुचित विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत, कानुनी तथा संस्थागत संरचना निर्माण र सञ्चालन | — | ५ | २००० | २५०० | ३००० | ७५०० | १५०० | — |
| २. | अध्ययन अनुसन्धान, पाठ्क्रम र प्रोफाइल निर्माण | — | २ | ५०० | १००० | ५०० | २००० | १००० | — |
| ३. | सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार विकास | पूर्वाधार | ५ | १५००० | २०००० | २५००० | ६०००० | १२००० | छनोट भएका वडाहरू |
| ४. | नियमित सभा सम्मेलन र प्रविधि आदानप्रदान कार्यक्रम | कार्यक्रम | ५ | १५०० | २००० | २००० | ५५०० | ११०० | — |
| ५. | प्रविधिमा आधारित नवउद्यम (स्टार्टअप) प्रवर्द्धनका लागि युवा लक्षित विशेष कार्यक्रम | कार्यक्रम | ५ | २००० | २५०० | ३००० | ७५०० | १५०० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | **२१०००** | **२८०००** | **३३५००** | **८२५००** | | |

### ६.४.७ अपेक्षित उपलब्धि

१. सबै नागरिकहरूमा सूचना प्रविधिको आधारभूत ज्ञान प्राप्त भई बत्ती, पानीको बिल तिर्नेलगायत सामान्य प्रशासनिक कार्य गर्न सक्षम हुनेछन्।

२. सबै नागरिकमा इन्टरनेटको पहुँच पुगेको र सरकारी कार्यहरूमा कागजको न्यूनतम प्रयोग भएको हुनेछ।

३. स्थानीय स्तरमा नै सूचना प्रविधिको क्षेत्रमा दक्षता अभिवृद्धिमार्फत् रोजगार सिर्जना भएको हुनेछ।

४. सूचना तथा सञ्चार प्रविधिको विकासका लागि आवश्यक पूर्वाधारमा वृद्धि भएको हुनेछ।

## ६.५ फोहोरमैला व्यवस्थापन

### *६.५.१ पृष्ठभूमि तथा सिकाइ*

पोखरा महानगरपालिकाले नागरिकको घरघरबाट फोहोरमैला संकलन गर्ने व्यवस्था गरिरहेको छ । संकलित फोहोरमैला वडा नं. १४ बाच्छेबुडास्थित ल्यान्डफिल्ड साइटमा लगेर व्यवस्थापन गर्ने गरिएको छ। त्यसका लागि महानगरपालिकाबाट ५ वटा र निजी कम्पनीका २२ वटा गाडीको साथै ४ वटा कम्प्याक्टर दैनिक रूपमा सञ्चालन भइरहेकाछन् । सार्वजनिक निजी साझेदारीमा सञ्चालित यो फोहोरमैला व्यवस्थापन प्रणालीले पोखरा महानगरपालिकाका ३३ वटै वडाका करिब एक लाख घरधुरीलाई सेवा प्रदान गरिरहेको छ।

पोखरा महानगरपालिका र ७ वटा प्राइभेट कम्पनीका गरी करिब २०० जनालाई फोहोर व्यवस्थापनमा रोजगारी प्राप्त भएको छ। महानगरपालिकाका केही ग्रामीण क्षेत्रमा भने स्थानीय तहमा नै फोहोरमैला व्यवस्थापन गर्ने गरिएको छ । विश्व बैंकले गरेको पछिल्लो अध्ययनअनुसार पोखरामा प्रतिदिन करिब १८७ टन मिश्रित घरायसी फोहोर उत्पादन हुने गरेको छ।

त्यसैगरी पोखराका कुल ३३ अस्पताल, ३९ हेल्थपोस्ट र सहरी भागका मेडिकल र फार्मेसीहरूबाट निस्कने हस्पिटलजन्य फोहोरमैलालाई संकलन गरी ल्यान्डफिल्ड साइटमा रहेको हस्पिटलजन्य फोहोर प्रशोधन केन्द्रमा प्रशोधन गरी व्यवस्थापन गर्ने गरिएको छ। पछिल्लो तथ्यांकअनुसार पोखरामा दैनिक करिब १० टन अस्पतालजन्य फोहोर निस्कने गर्दछ। पोखरा महानगरपालिकामा मानव सिर्जित फोहोरमैला घरघरमा नै सेप्टिक ट्यांकी बनाएर विसर्जन गर्ने गरिएकाले ढलमा भान्साकोठा र बाथरुमबाट निस्कने फोहोर पानी मात्र जाने गरेको छ । सेप्टिक ट्यांकी भरिएमा सुरक्षित तरिकाले गाडीबाट बाच्छेबुडुवाको फोहोर प्रशोधन केन्द्रमा लगेर व्यवस्थापन गर्ने गरिएको छ। त्यसका लागि हाल ३५०० लिटर क्षमता भएका ५ ट्र्याक्टर सञ्चालनमा छन्।

बाच्छेबुडुवाको फोहोर विसर्जन क्षेत्र र प्रशोधन केन्द्र २०० रोपनी क्षेत्रफलमा फैलिएको छ । यो केन्द्र एसियाली विकास बैंकको सहयोगमा सार्वजनिक निजी साझेदारीमा पर्यटन पूर्वाधार विकास परियोजनाअन्तर्गत निर्माण गरिएको हो। फोहोर विसर्जन र प्रशोधन केन्द्र भनिएता पनि यो पोखरामा ल्यान्डफिल्ड साइटका रूपमा चल्दै आएको छ । यो पहिलो त प्राविधिक रूपमा यो ल्यान्डफिल्ड साइट डिजाइन अवधि प्राविधिक रुपमा सकिसकेको छ । राष्ट्रिय गौरवको निर्माणाधीन पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलको ३ किमि क्षेत्रमा पर्ने भएकाले उक्त विमानस्थल सञ्चालनमा आउनुपुर्व नै यसलाई अन्यत्र सारिसक्नुपर्ने देखिएको छ । यसका लागि सम्भाव्य स्थान खोजि भइरहेको छ।

### *६.५.२ सम्भावना र अवसर*

फोहोरमैला व्यवस्थापनका लागि अत्याधुनिक र नेपालमा नै नमुना फोहोरमैला व्यवस्थापन प्रणालीको विकास गर्न सकिने पर्याप्त अवसर र सम्भावनाहरू पोखरामा रहेका छन्। पोखरा एक पर्यटकीय नगरी भएकाले विभिन्न दातृ निकाय, संघसंस्था र नागरिक समाजले पनि यहाँको फोहोरमैला व्यवस्थापनमा चासो राख्ने र सहकार्यका लागि साथ दिने पर्याप्त अवसरहरू रहेको छ । त्यसैगरी आवासीय क्षेत्रबाट निस्कने घरायसी फोहोर

स्रोतमै वर्गीकरण गरी प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनलाई प्रोत्साहन गरी वृत्ताकार अर्थतन्त्र प्रवर्द्धन गर्ने अवसर समेत महानगरका साम‍ु छ ।

### *६.५.३ समस्या तथा चुनौती*

फोहोर उत्पादन हुने घरपरिवारको संख्या बढ्दै जानु, विद्यमान ल्यान्डफिल्ड साइटको प्राविधिक आयु पूरा हुनु र विमानस्थलका कारण स्थानान्तरण नगरी नहुने अवस्था आउनु पोखराको फोहोरमैला व्यवस्थापनको प्रमुख समस्या हुन् । दैनिक विसर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापन, महानगरका कारण अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुनबाट रोकिने अवस्था आउन नदिनु र स्थानीय समुदायको सहमतिमा वैकल्पिक साइटको विकास र दिगो सञ्चालन मुख्य चुनौतीका रूपमा रहेका छन् ।

त्यसैगरी, स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर ल्यान्डफिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसरसँगै चुनौती पनि थपिएको छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय विमानस्थलले पनि महानगरलाई बारम्बार ल्यान्डफिल्ड साइट सार्नका लागि पत्राचार गरिरहेकाले महानगरलाई ल्यान्डफिल्डको विकल्प खोज्न ढिला भइसकेको छ ।

### *६.५.४ लक्ष्य र उद्देश्य*

घरायसी तथा व्यावसायिक फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनमार्फत् स्वच्छ, सुन्दर र हराभरा पर्यटकीय पोखरा निर्माणको दिशामा योगदान गर्नु यस योजनाको लक्ष्य हो यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ ।

१. डिजाइन अवधि सकिएको र अन्तर्राष्ट्रिय विमानस्थललाई प्रतिकूल असर गर्ने विद्यमान ल्यान्डफिल्ड साइटको वैकल्पिक व्यवस्था गर्ने ।
२. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन र वृत्ताकार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने ।

### *६.५.५ रणनीति र कार्यनीति*

*तालिका ४८ : फोहोरमैला व्यवस्थापन क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** डिजाइन अवधि सकिएको र अन्तर्राष्ट्रिय विमानस्थललाई प्रतिकूल असर गर्ने विद्यमान ल्यान्डफिल्ड साइटको वैकल्पिक व्यवस्था गर्ने । | | | |
| १.१ | वैकल्पिक साइटको व्यवस्था गरी स्थानान्तरण गर्ने । | १.१.१ | वैकल्पिक ल्यान्डफिल्ड साइटका लागि नयाँ स्थान पहिचान गरी पूर्वाधार निर्माण गर्ने । |
| | | १.१.२ | सार्वजनिक निजी साझेदारीमा दिगो र वैज्ञानिक रूपमा फोहोरमैला संकलन र व्यवस्थापन गर्ने । |
| १.२ | आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन तथा व्यवस्थापनको वैकल्पिक व्यवस्था गर्ने । | १.२.१ | भइरहेको स्थानमा प्रशोधन केन्द्र स्थापना गरेर ऊर्जा उत्पादन गर्ने । |
| | | १.२.२ | सम्भाव्यताका आधारमा वडाहरूमा नै फोहोर वर्गीकरण र प्रशोधन केन्द्रहरू स्थापना गरी सीमित फोहोर मात्रै बन्द साइटमा व्यवस्थापन गर्ने प्रणाली अवलम्बन गर्ने । |
| ***उद्देश्य २ :*** फोहोरको स्रोतमा नै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन र वृत्ताकार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने । | | | |

| | | | |
|---|---|---|---|
| २.१ | फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी आयतन घटाउने अभियान सञ्चालन गर्ने । | २.१.१ | घर र संस्थागत तवरबाट निस्केको फोहोर स्रोतमै वर्गीकरण गर्ने र व्यवस्थापन गर्ने प्रणालीको विकास गर्ने । |
| | | २.१.२ | फोहोर व्यवस्थापनमा निजी क्षेत्रसँग हुँदै आएको साझेदारीलाई थप प्रभावकारी बनाउँदै विद्यालय, व्यवसाय र समुदायलक्षित तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| २.२ | फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । | २.२.१ | निजी क्षेत्र र संघ सस्थाहरूसँगको सहकार्य र सहलगानीमा सहरी क्षेत्रको फोहोरमैलाबाट बायोग्यास, प्रांगारिक मल तथा पेट्रोलियम पदार्थ निकाल्न सम्भाव्य क्षेत्रहरू पहिचान गरी निर्माण कार्य अगाडि बढाउने । |
| | | २.२.२ | प्लास्टिक तथा सिसाजन्य वस्तुको प्रयोग निरुत्साहन गर्दै वैकल्पिक वस्तुको उपयोगलाई प्रोत्साहन तथा पुनःप्रयोग र चक्रीय उपयोगका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । |

### ६.५.६ *प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)*

त्रिवर्षीय योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा फोहोरमैला व्यवस्थापनमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**तालिका ४९ : फोहोरमैला व्यवस्थापन क्षेत्रको समुचित विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत, कानुनी तथा संस्थागत संरचना निर्माण | — | २ | २०० | ५०० | ३०० | १००० | ५०० | — |
| २. | सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र व्यावसायिक कार्ययोजना तर्जुमा | — | ३ | ५००० | ५००० | ५००० | १५००० | ५००० | — |
| ३. | वैकल्पिक ल्यान्डफिल साइट विकास | पूर्वाधार | ५ | १५०००० | २००००० | २५०००० | ६००००० | १२००० | छनोट भएको स्थान |
| ४. | पुन:प्रयोगयोग्य कवाडी सामग्री र फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गर्न विशेष कार्यक्रम | कार्यक्रम | ५ | ५००० | ५००० | ५००० | १५००० | ३००० | — |
| ५. | प्रविधिमा आधारित ल्यान्डफिल साइट स्थापना | साइट | ५ | ५०००० | १००००० | ३००००० | ४५०००० | ९०००० | छनोट भएका वडाहरू |
| | **जम्मा** | | | २१०२०० | ३१०५०० | ५६१००० | १०८१००० | | |

### ६.५.७ *अपेक्षित उपलब्धि*

१. पोखरा महानगरपालिकाको फोहोर व्यवस्थापन प्रणाली थप व्यवस्थित र सुदृढ भएको हुनेछ ।

२. नयाँ स्यानिटरी ल्यान्डफिल्ड साइट निर्माण भएको हुनेछ ।

३. समुदायको अग्रसरतामा फोहोरमैलाको स्रोतमै वर्गीकरण समुचित व्यवस्थापनको अभ्यास अगाडि बढेको हुनेछ ।

४. फोहोरमैला व्यवस्थापनका नवीनतम प्रविधिको प्रयोग वर्गीकरण, प्रशोधन र पुन:प्रयोगमा नतिजा देखिने गरी सञ्चालन भएका हुनेछन् ।

# परिच्छेद सात :
# वन, वातावरण, विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन योजना

## ७.१ वन, हरियाली र जैविक विविधता

### *७.१.१ पृष्ठभूमि तथा सिकाइ*

पोखरा महानगरपालिका प्राकृतिक सौन्दर्यको खानी हो । यहाँको भौगोलिक विविधताका कारण यहाँ जलवायु विविधिता छ र सोहीअनुरूप वन्यजन्तु, वनस्पति तथा खेतीपातीहरूमा पनि विविधता छ । महानगरपालिकाभित्र ४५७ वटा सामुदायिक वन छन् । यहाँ रानीवन र पञ्चासे क्षेत्र जस्ता संरक्षित वन क्षेत्र पनि रहेका छन् । यस महानगरबाट ८००० मिटरभन्दा बढी उचाइका तीन वटा हिमशिखर धौलागिरी, मनास्लु र अन्नपूर्ण देखिन्छन् । पोखरा उपत्यकाको प्रायः सबै स्थानबाट उत्तरतर्फ अन्नपूर्ण एवम् माछापुच्छे हिमशिखरको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ ।

यस महानगरभित्र रामसार सूचीमा सूचीकृत ८ वटा र अन्य २ वटा गरी १० वटा ताल रहेका छन् । यी तालहरू स्वच्छ पानीका स्रोत हुनुका साथै साइबेरियादेखि आउने मौसमी चराहरूका बासस्थान पनि हुन् । सेती नदी सहरको बीचबाट गडगडाउँदै बगेको छ भने सेतीको खोच र फराकिला स्थानले मनोरम बनाएको छ । पोखरा उपत्यकामा गुफा, ताल, नदीसँगै रहेका सिमसार एवम् जलाधार क्षेत्रका प्राकृतिक वनजंगल जैविक विविधताले भरिपूर्ण छन् ।

जैविक विविधतासम्बन्धी एक अध्ययनमा पोखरा उपत्यकामा रहेका ताल, सिमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरीसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका बोटवृक्ष पाइने उल्लेख गरिएको छ (एक्याप, २०१२) ।

### *७.१.२ सम्भावना र अवसर*

पोखरा क्षेत्र प्राकृतिक छटाले भरिपूर्ण विश्वकै एक अत्यन्त रमणीय स्थान रहेको कुरा यहाँ आउने विभिन्न देशका पर्यटकहरूले बताउँदै आएका छन् । फेवा तथा बेगनास तालमा माछापुच्छे चुली एवम् अन्नपूर्ण हिमश्रृंखलाको छायाँले विशेष सौन्दर्य पस्किरहेको छ । पोखराबाट आठ हजार मिटरभन्दा अग्ला धौलागिरी, मनास्लु र अन्नपूर्ण हिमशिखरको दृश्यलाई आँखाले धीत मर्ने गरी नियाल्न सकिने र उपत्यकाको प्रायः सबै स्थानबाट उत्तरतर्फ अन्नपूर्ण एवम् माछापुच्छे हिमशिखरको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । दक्षिणतर्फका डाँडामाथिबाट महाभारत श्रृंखलासम्म हेर्न सकिन्छ । यस सन्दर्भमा देहायका सम्भावना र अवसरहरू रहको देखिन्छ

**सम्भावना**

- महानगर क्षेत्रमा रहेका ३७६ भन्दा बढी सामुदायिक वनहरूको समुदायबाटै वन संरक्षण भइरहेको ।
- जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमार्फत पर्यटन उद्योगलाई टेवा पुग्न सक्ने ।
- पानीका प्रशस्त प्राकृतिक स्रोत र मुहानहरूको संरक्षण र सम्वर्द्धन गर्न सकिने ।

**अवसर :**

- सामुदायिक वनको उचित उपयोग गरी जैविक विविधताको संरक्षण गर्न सकिने ।
- वन संरक्षणबाट जलवायु अनुकूलन तथा आर्थिक उत्थानशीलताको प्रवर्द्धन हुन सक्ने ।

- पर्यापर्यटनको प्रवर्द्धन गरी रोजगार र आय सिर्जना गर्न सकिने ।
- गैरकाष्ठजन्य वन पैदावरको व्यावसायिक उत्पादन गर्न सकिने ।

### ७.१.३ समस्या तथा चुनौती

वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमार्फत् कोभिड-१९ बाट प्रभावित भएको स्थानीय अर्थतन्त्लाई संघ, प्रदेश र महानगरले समेत विशेष कार्यक्रम सञ्चालन गरी आयआर्जन र रोजगारीका अवसर सिर्जना गर्नु चुनौतीपूर्ण । विशेषगरी नवसामान्य अवस्थामा अनुकूल हुने किसिमका पर्यटकीय उपज, पर्यटन पूर्वाधार र पर्यटन प्रवर्द्धनका लागि स्रोतलाई सामञ्जस्य गर्नु चुनौतीपूर्ण रहेको छ ।

समग्रमा यस क्षेत्रमा देहायबमोजिमका समस्या र चुनौतीहरू रहेका छन् ।

**समस्या**

- बढ्दो सहरीकरणका कारण नदीको प्राकृतिक बहाव र वन क्षेत्रको संरक्षणमा चाप परेको ।
- सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि कानुनी अड्चनहरू रहेको ।
- जलवायु परिवर्तनका कारण केही कमजोर क्षेत्रमा पहिरो जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर ।
- स्थानीय बासिन्दाले आफ्नो वन जैविक विविधता र पर्यावरणीय प्रणालीको महत्त्वलाई नबुझेको ।

**चुनौती**

- सहरीकरणलाई व्यवस्थित बनाउन नसकेमा वन तथा जैविक विविधता मासिन सक्ने ।
- प्राकृतिक तथा मानवसिर्जित विपद् (बाढी तथा पहिरो र अतिक्रमण)को कारण भू-संरक्षणमा कठिनाइ ।
- दीगो र वैज्ञानिक वन व्यवस्थापन प्रणाली अपनाउन नसके वनबाट आर्थिक लाभ लिन कठिन ।

### ७.१.४ लक्ष्य र उद्देश्य

स्थानीय जनताको सहभागितामा दीगो रूपमा वनक्षेत्रको व्यवस्थापन गरी सर्वसाधारण जनताको वन पैदावारको आवश्यकता परिपूर्ति गर्नुका साथै हरियाली प्रवर्द्धन कार्यक्रमबाट जीवनस्तर वृद्धि, जैविक विविधता एवम् वातावरण संरक्षणमा योगदान गर्ने लक्ष्य यो योजनाले लिएको छ । त्यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ ।

१. महानगरपालिकाको वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

२. सबै प्रकारका वनहरूलाई व्यवस्थापन गरी वनबाट प्राप्त सेवा, सुविधा, अवसर र पैदावरहरूको समानुपातिक वितरण प्रणालीको विकास गरी सामाजिक न्यायको प्रत्याभूति गर्ने ।

### ७.१.५ रणनीति र कार्यनीति

*तालिका ५० : वन, हरियाली र जैविक विविधता संरक्षणका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** महानगरपालिकाको वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्ने । | | | |
| १.१ | वनलाई संरक्षणमुखी व्यवस्थापनबाट | १.१.१ | महानगरपालिकाभित्र भएका सबै वनलाई व्यवस्थित |

| | | | |
|---|---|---|---|
| | उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गर्ने । | | गर्न डिभिजिन वन कार्यालय, सामुदायिक वनहरू, सामुदायिक वन उपभोक्ता महासंघ, वन विज्ञान अध्ययन संस्थानसँग सहकार्य गरी वन व्यवस्थापन गुरुयोजना तयार गरी लागु गरिनेछ । |
| | | १.१.२ | पोखराको ताल, नदी, खोँचको संरक्षणका लागि सीमांकन र मापदण्ड निर्धारण गरिनेछ । |
| | | १.१.३ | ताल,सीमसार क्षेत्र र वन क्षेत्रमा सार्वजनिक बगैंचा,पैदलमार्ग एवं पार्कको निर्माण गरी विविधता संरक्षण र प्रवर्द्धन गरिनेछ । |
| ***उद्देश्य २ :*** सबै प्रकारका वनहरूलाई व्यवस्थापन गरी वनबाट प्राप्त सेवा, सुविधा, अवसर र पैदावरहरूको समानुपातिक वितरण प्रणालीको विकास गरी सामाजिक न्यायको प्रत्याभूति गर्ने । | | | |
| २.१ | वन पैदावरमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने | २.१.१ | विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ । |
| | | २.१.२ | गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा बजारीकरण गरिनेछ । |
| | | २.१.३ | वनबाट प्राप्त वन्य उपजहरुको वितरणका लागि सामाजिक न्यायमा आधारित प्रणाली विकास गरी सामाजिक न्यायको सुनिश्चित गरिनेछ । |

### ७.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)

त्रिवर्षीय योजनाको वन तथा जैविक विविधता संरक्षण क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ५१ : वन, हरियाली र जैविक विविधताका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्रसं | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | नीतिगत, संस्थागत र संरचनागत व्यवस्था | — | ३ | १५०० | १५०० | १५०० | ४५०० | ५०० | — |
| २. | नर्सरी स्थापना तथा वृक्षरोपण कार्यक्रम | नर्सरी/ बिरुवा | ४ ओटा /१० लाख | ६००० | २५०० | २५०० | ११११०० | — | छनोट भएका स्थानहरू |
| ३. | ताल, गुफा र सिमसार क्षेत्र समेटेर जैविक विविधता अनुसन्धान पार्कको विकास गर्ने | पार्क | २ | ५००० | २५००० | २०००० | ५०००० | २५००० | छनोट भएका स्थानहरू |
| ४. | प्राकृतिक ताल वरिपरी बोटानिकल बगैचा, पैदल तथा साइकल मार्ग निर्माण | ताल | ५ | ५००० | ३५००० | ३५००० | ७५००० | १५००० | छनोट भएका स्थानहरू |
| ५. | ठाटडाँडा सामुदायिक वनमा अन्तर्राष्ट्रिय मितेरी पार्क र सामुदायिक वन अनुसन्धान केन्द्रको स्थापना | पार्क र केन्द्र | १ | ५००० | ५००० | ५००० | १५००० | १५००० | छनोट भएका स्थानहरू |
| ६. | सहिद तथा राष्ट्रिय विभूति पार्क सबलीकरण | पार्क | १ | १०००० | १०००० | १०००० | ३०००० | ३०००० | वडा नं. १८ |
| | **जम्मा** | | | **३२५००** | **७९०००** | **७४०००** | **१८५६००** | | |

### ७.१.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकाको वन, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन नीति तयार भई लागू भएको हुनेछ।

२. वनको दीगो रूपमा वैज्ञानिक रूपमा व्यवस्थापन भएका हुनेछन्।

३. महानगरपालिकामा आवश्यक पर्ने बिरुवाहरू स्थानिय तवरमा नै उत्पादन भई नियमित वृक्षरोपण भएको हुनेछ।

४. ३ ओटा तालहरूमा बोटानिकल बगैंचा, पैदल तथा साइकल मार्ग निर्माण भएको हुनेछ।

## ७.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन

### *७.२.१ पृष्ठभूमि तथा सिकाइ*

विद्यमान भू-उपयोगको दृष्टिले यस महानगरपालिकामा वन र कृषि क्षेत्रले सबैभन्दा बढी भूमि (करिब ८५ प्रतिशत) ओगटेको पाइन्छ । कुल बसोवास भएको जमिनमध्ये आवासीय क्षेत्रले ६.२९%, व्यावसायिक क्षेत्रले ५.१२% र औद्योगिक क्षेत्रले ०.३८% ओगटेको छ । प्रमुख बस्तीहरू सेती नदी र यसका सहायक नदीका किनारमा रहेका छन् । पोखरा उपत्यकाको चारैतर्फ ससाना डाँडाहरूमा भिरालो जमिन भएकाले निरन्तर भूक्षय र यदाकदा पहिरो नै जाने गर्छ । उपत्यका वरिपरिको पहाडी बस्तीहरूमा बाक्लो मानव आवादी हुनुका साथै खेतीयोग्य जमिन छोएर बहने खोलाले बगाएर ल्याउने माटोको लेदोका कारण ताल तथा सिमसार क्षेत्र पुरिन गई त्यहाँ रहेका विभिन्न जलचर र जैविक विविधता जोखिममा पर्न सक्ने अवस्था छ ।

भूक्षय, हिउँपहिरो  आदीको कारण अनपेक्षित बाढी, आगलागी, महानगरका अर्मला र नदीपुर क्षेत्रमा अनपेक्षित रूपमा जमिन भासिने जस्ता विपद् जोखिमको अवस्था छ भने विगत केही वर्षदेखि सेतीको किनारमा पहिरोको कारण जमिनको क्षयीकरण पनि भइरहेको छ । सेती नदी तथा अन्य खोलाहरूबाट अनियन्त्रित रूपमा नदीजन्य पदार्थहरूको उत्खननले पनि पोखरालाई जोखिमयुक्त बनाएको छ । भिरालो र कमजोर भूबनोट हुनाले वर्षातको समयमा हुने भूक्षय, बाढी र पहिरोका कारण हुने ठूलो जनधनको क्षति न्यूनीकरण गर्न माटो र पानीको संरक्षण गरी दीगो विकास तथा जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउन एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ ।

### *७.२.२ सम्भावना र अवसर*

पोखरा महानगरपालिकामा प्राकृतिक खोला नाला र भूमिगत जलस्रोत प्रशस्त रहेका छन् यहाँको जलाधार संरक्षणका लागि नागरिक सहभागिता प्रचुर मात्रामा छ, सामुदायिक वन,सीमसार क्षेत्र र अन्नपूर्ण क्षेत्रमा विभिन्न सरकारी एवं गैरसरकारी सस्थांको उपस्थित रहेको छ,त्यसैगरी  जलाधार तथा सिमसार क्षेत्र (ताल)हरू प्रशस्त भएकाले उचित संरक्षण र सदुपयोग गरी यहाँको सर्वतोमुखी विकासको बलियो सम्भावना रहेको पाईन्छ,जलाधार क्षेत्र र वन समेत समेटी एकीकृत व्यवस्थापन र व्यवसायीकरणको सम्भावना छ ताल, जलाधार तथा सिमसार संरक्षणको एकीकृत नीति तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने अवसर पनि महानगरलाई छ ।

### *७.२.३ समस्या तथा चुनौती*

अव्यवस्थित विकास निर्माणका कारण भूस्खलन र पारिस्थितिकीय प्रणाली (इकोसिस्टम)सेवामा क्षयीकरण भइरहनु र हिमाली क्षेत्रको उचित संरक्षण हुन नसक्दा जलवायु परिवर्तनका कारण तल्लो तटीय क्षेत्रमा नकारात्मक प्रभाव पर्नु पोखरा महानगरको प्रमुख समस्या हुन् ।त्यसैगरी ताल, जलाधार र सिमसार क्षेत्रमा मानवीय अतिक्रमण र प्राकृतिक (पुरिने समस्या) प्रकोपको उच्च जोखिम न्यून गर्न पनि उत्तिकै समस्या छ ।

ताल, जलाधार र सिमसार क्षेत्रको अतिक्रमण नियन्त्रण र प्राकृतिक स्वरूपमा संरक्षण गर्ने कार्य चुनौतीपूर्ण छ त्यसैगरीजलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण रोकी खानेपानी तथा सिँचाइका लागि आवश्यक पानीको सहज आपूर्ति सुनिश्चित गर्ने कार्य बढ्दो सहरीकरणका कारण मापदण्ड र सिमांकन गरी संरक्षण गर्ने कार्य र नेपालकै

उच्च बर्षात हुने क्षेत्र भएकोले पर्न सक्ने जलाधार सँकट र भुक्ष्यीकरणको न्यनीकरण र व्यवस्थापन गर्ने कार्य चुनौतीका रुपमा रहेका छन् ।

### ७.२.४ लक्ष्य र उद्देश्य

भूक्षय, बाढी र पहिरोका कारण हुने ठूलो जनधनको क्षति न्यूनीकरण गर्न माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउन एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने यस आवधिक योजनाको प्रमुख लक्ष्य हो । त्यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ ।

१. माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत जलाधार व्यवस्थापन गर्ने ।

२. राष्ट्रिय भूमिनीति अनुसार महानगरपालिकाको भूमि नीति निर्माण गरी लागू गर्ने ।

### ७.२.५ रणनीति र कार्यनीति

*तालिका ५२ : भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ***उद्देश्य १ :*** माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत जलाधार व्यवस्थापन गर्ने । | | | |
| १.१ | एकीकृत जलाधार व्यवस्थापन मार्फत जल तथा जमिनको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी यसमा आश्रित जनताको जीवनस्तरमा सुधार ल्याउने । | १.१.१ | जलाधार क्षेत्र भित्रको जल र जमिनको संरक्षण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ । |
| | | १.१.२ | जनताको सहभागितामार्फत् दीगो माटो व्यवस्थापन (Sustainable Soil Management) प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व वृद्धि गरिनेछ । |
| ***उद्देश्य २ :*** राष्ट्रिय भूमिनीतिअनुसार महानगरपालिकाको भूमि नीति निर्माण गरी लागु गर्ने । | | | |
| २.१ | राष्ट्रिय भू-उपयोग नीति तथा जोखिम संवेदनशील भू-उपयोग योजनाअनुसार भू क्षमता वर्गीकरण (Land Capability Classification) तथा उपयुक्त भूउपयोग गर्ने । | २.१.१ | महानगरपालिकाको भूमिको अभिलेखीकरण गरि राष्ट्रिय भूमि नीति बमोजिम महानगरपालिकाको भू उपयोग नीति तयार गरिनेछ । |
| | | २.१.२ | महानगरपालिकाभित्रको जमिनको वर्गीकरणअनुसार अभिलेखीकरण गरी भू-संरक्षण गरिनेछ । |

### ७.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

योजनाको वन,वातावरण एंव जलवायुको क्षेत्रमा अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी भू संरक्षण तथा जलाधार व्यवस्थापनमा योजना अवधिमा प्राथमिकताका आधारमा देहाय अनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**तालिका ५३ : भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १ | सबै जलाधारहरूको विस्तृत अध्ययन एवं जलाधार संरक्षण | परियोजना | २ | ९०० | ६०० | ५०० | २००० | १००० | छनोट भएका वडाहरू |

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८० /८१ | जम्मा | | |
| | परियोजना प्रस्ताव तयारी । | | | | | | | | |
| २ | महानगरको भू उपयोग नीति तर्जुमा । | नीति | १ | २०० | २०० | ० | ४०० | ४०० | — |
| ३ | सबै प्रकारका जमिनहरूको अभिलेखीकरण । | — | १ | ५०० | २०० | १०० | ८०० | ८०० | — |
| ४ | भूउपयोग नीति बमोजिम जमिनको वर्गीकरण । | — | — | २५०० | ५०० | ५०० | ३५०० | — | — |
| ५. | भूउपयोग मापदण्ड निर्माण एवं कार्यान्वयन । | — | — | ५०० | ५०० | ५०० | १५०० | — | — |
| | **जम्मा** | | | ४६०० | २००० | १६०० | ८२०० | | |

### *७.२.७ अपेक्षित उपलब्धि*

१. महानगरको भूउपयोग नीति अनुसार जमिनको सदुपयोग तथा संरक्षण भएको हुनेछ ।

२. सार्वजनिक जमीनको संरक्षण र सदुपयोग भएको हुनेछ ।

३. जलाधारको संरक्षणबाट प्राप्त हुने वातावरणीय सेवाहरूको अभिवृद्धि भएको हुनेछ ।

## ७.३ वातावरण तथा जलवायु परिवर्तन अनुकूलन

### *७.३.१ पृष्ठभूमि तथा सिकाइ*

जलवायु परिवर्तनलाई शताब्दीकै विश्वको सबैभन्दा ठूलो चुनौतीका रूपमा लिइएको छ । पोखरा महानगरपालिका अवस्थित रहेको कास्की जिल्लामा वर्षभरी नै अत्यधिक वर्षा हुने गर्दछ र करिब ८०% वर्षा जेठ देखि भदौमा हुने गर्दछ । मौसमी औसत वर्षाको प्रवृत्तिको अध्ययन अनुसार जाडो र पूर्व-मनसुनमा यो क्रम बढ्दै गरेको पाइएको छ भने मनसुन र मनसुन-उत्तरमा घट्दै गएको पाइएको छ । त्यसैगरी वार्षिक अत्यधिक र न्यूनतम तापक्रममा पनि वृद्धि हुँदै गएको पाइएको छ । जलवायु परिवर्तनको मुख्य असरका रूपमा पोखरा महानगरपालिकामा आकस्मिक बाढीका विभिन्न घटनाहरू घट्ने गरेका छन् ।

### *७.३.२ सम्भावना र अवसर*

वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण मूल प्रवाहीकरण प्रारम्भ भएको छ ।त्यसैगरी राष्टिय स्तरमा नै प्राकृतिक स्रोत साधन दोहन,वन क्षेत्र,उद्योग,संरचना आदीको उपयोग एवं सञ्चालनका लागि वातावरणीय जोखिम पक्षको विविध अध्ययन गर्ने कानूनी र नीतिगत व्यवस्था छ । पोखरा महानगरमा समेत यस सम्बन्धीत कार्यविधिगत व्यवस्था गरी समयसापेक्ष वातावरण संरक्षण ऐनको मस्यौदा समेत महानगरले गरिरहेको छ ।महानगर स्तरीय स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना (सामायोजितत लापा) तयारीको कार्य भइरहेको हुदाँ वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूल कार्यमा अथाह सम्भावना रहेका छन् ।त्यसैगरि

महानगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सरकारसँग समन्वय गरी वातावरणीय नीति तर्जुमा गर्ने र यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने अवसर रहेका छन् । स्थानीय जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन योजना बनाई लागु गर्ने र विकास निर्माण प्रक्रियामा आईईई तथा ईआईए अनिवार्य गरी वातावरणीय प्रतिकूलता न्यून गर्ने अवसर रहेको छ । स्थानीयस्तरमा वातावरणीय संरक्षण समूह गठन गरी यसको योगदान वृद्धि गर्ने अवसर छ ।

### *७.३.३ समस्या तथा चुनौती*

पोखरा महानगरपालिकालाई समुन्नत पर्यटकीय सहरका रुपमा विकास गर्दै गर्दा यहाँको प्राकृतिक धरातलीय कमजोरी,वन विनास,जलाधार संरक्षण,जलवायु परिर्वन बाट पर्ने नकरात्मक प्रभाव न्यूनीकरण गर्ने कार्य अत्यन्तै चुनौतीपूर्ण छन् । वातावरणीय अनुकूलनका लागि सर्वसाधारणको अनिच्छा र अवज्ञा पनि समस्याका रुपमा रहेका छन् । प्रमुख समस्या र चुनौतीहरु यस प्रकार रहेका छन् ।

**समस्या**

१. आम समुदायमा जलवायु परिर्वतन अनुकूलनसम्बन्धी आवश्यक जागरण ल्याउन नसकिएको ।
२. जल, स्थल तथा वायु प्रदुषणमा मुख्य भूमिका खेलिरहेको प्लास्टिकजन्य फोहोर व्यवस्थापनमा समस्या ।
३. विकास र वातावरणबीच सन्तुलन कायम हुने गरी भौतिक पूर्वाधार विकासका गतिविधि सञ्चालन गर्न नसकिएको ।

**चुनौती**

१. व्यवस्थित सहरीकरण र जमिनको क्षयीकरण (प्लटिङ) रोक्ने कार्य ।
२. नदी, ताल तथा सडक किनारमा वृक्षारोपण गर्न र बोटबिरुवाका साथै परम्परागत चौतारा संरक्षण ।
३. प्लास्टिकजन्य सामग्रीको प्रयोग न्यूनीकरण गर्ने कार्य ।
४. वातावरण विनाश र जलवायु परिवर्तनबाट निम्तिने प्रकोपको पूर्वसूचना प्रणालीको विकास र प्रयोग ।

### *७.३.४ लक्ष्य र उद्देश्य*

पोखरा महानगरपालिकाको वातावरणीय सन्तुलनलाई कायम राख्न नागरिक सहभागिता प्रवर्द्धन गर्दै महानगरभित्रको जैविक विविधताको संरक्षण, जलाधार व्यवस्थापन, वन्यजन्तु, वनस्पति र जडीबुटीको संरक्षण तथा दिगो व्यवस्थापनसहित संरक्षण र संवर्द्धन गर्दै व्यावसायिक उत्पादन र पर्यापर्यटनमा योगदान गर्ने यस योजनाको लक्ष्य हो । यसका लागि देहायमा उद्देश्य लिई महानगरपालिकाको दिगो विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

१. महानगरपालिकाको वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति तयार गरी लागु गर्ने ।
२. महानगरपालिकाको जलवायु परिवर्तन अनुकूलन तथा समायोजन योजना तयार गरी लागु गर्ने ।

### *७.३.५ रणनीति र कार्यनीति*

*तालिका ५४ : वातावरण तथा जलवायु परिवर्तन अनुकूलनका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| ***उद्देश्य १ :*** महानगरको वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति तयार गरी लागु गर्ने । | |

| | | | |
|---|---|---|---|
| १.१ | महानगरपालिकाको वन, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन नीति तयार गरी लागू गर्ने । | १.१.१ | महानगरपालिका स्तरीय वातावरण सञ्जाल निर्माण गरि वातावरण संरक्षणमा निजी क्षेत्र र समुदायसँग सहकार्य गरिनेछ । |
| | | १.१.२ | वातावरणीय संवेदनशीलताको आधारमा व्यावसायिक प्रयोजनमा उपयोग हुने पर्यावरणीय सेवा (इकोसिस्टम सर्भिस)को वैज्ञानिक शुल्क निर्धारणगरी लागु गरिनेछ । |
| १.२ | महानगर क्षेत्रमा हुने भौतिक पूर्वाधार निर्माणलाई हरित र वातावरणमैत्री बनाउँदै लैजाने । | १.२.१ | महानगरभित्र निर्माण गरीने सबै भौतिक पूर्वाधार वातावरणमैत्री र वातावरणीय दृष्टिकोणले सौन्दर्यमूलक बनाउनेछ । |
| | | १.२.२ | महानगरपालिकाले नर्सरी सञ्चालन गरी बिरुवा उत्पादन तथा वृक्षारोपण कार्यक्रमहरू सञ्चालन गन गरिनेछ । |
| ***उद्देश्य २ : महानगरपालिकाको जलवायु परिवर्तन अनुकूलन तथा समायोजन योजना तयार गरी लागु गर्ने*** | | | |
| २.१ | महानगरपालिकाको जलवायु न्युनीकरण तथा अनुकूलन योजना तयार गरी लागु गर्ने । | २.१.१ | जलवायु परिवर्तनको जोखिममा रहेका जनताको क्षमता अभिवृद्धि गरिनेछ । |
| | | २.१.२ | जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ । |
| २.२ | संघ, प्रदेश, गैसस, स्थानीय नागरिकहरूसँग सहकार्य गरी सिमसार क्षेत्रको एकीकृत व्यवस्थापन योजना निर्माण गरी लागु गर्ने । | २.२.१ | सबै तालहरूको एकीकृत व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । |
| | | २.२.२ | सबै तालहरूको जलाधार संरक्षण गरेर तालको पानीलाई स्वच्छ राखिनेछ । |

### *७.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)*

त्रिवर्षीय योजनाको वातावरण संरक्षण र जलवायू परिर्वतन अनुकूल क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी वातावरण संरक्षण तथा जलवायु अनुकूलनका क्षेत्रमा योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**तालिका ५५ : वातावरण र जलवायु परिवर्तन अनुकूलनमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम र आयोजना**

| क्र सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १. | महानगरको प्राकृतिक स्रोत तथा साधनहरूको विद्युतीय प्रोफाइल तयारी (सार्वजनिक जमिन सहित) | प्रोफाइल | १ | ५०० | ५०० | ० | १००० | १००० | — |
| २. | एकीकृत सिमसार व्यवस्थापन रणनीतिक योजना तथा सूचना पुस्तक तयारी | पुस्तक | | ५०० | ५०० | ० | १००० | १००० | — |
| ३. | विश्व सिमसार तथा वातावरण दिवस आयोजना | कार्यक्रम | ५ | ५०० | ५०० | ५०० | १५०० | ३०० | — |
| ४. | फेवा, रूपा, बेगनास | ड्याम | ८ | १००० | २०० | १००० | ४०० | ५००० | छनोट |

| क्र सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| | तालका ८ ओटा शाखा खोलाहरूमा सिल्टेसन ड्याम निर्माण | | | ०० | ००० | ०० | ००० | ० | भएका वडाहरू |
| | **जम्मा** | | | १०१५०० | २०१५०० | १००५०० | ४०३५०० | | |

### ७.३.७ अपेक्षित उपलब्धि

१. महानगरपालिकाको वन, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन नीति तयार भई लागू भएको हुनेछ ।

२. महानगरपालिकाको जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण र विपद् जोखिम न्यूनीकरण योजना तयार भई लागू भएको हुनेछ ।

३. सिमसार तथा तालहरूको दिगो तथा वैज्ञानिक रूपमा व्यवस्थापन भएको हुनेछ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि तथा सिकाइ

पोखरा महानगरपालिकामा प्राकृतिक प्रकोप र विपद्को सन्दर्भमा भूकम्प, बाढी, पहिरो तथा जमिन भासिने (सिंकहोल) जस्ता जोखिम छन् । महानगर सक्रिय भूकम्प जोखिम क्षेत्रमा मात्रै पर्दैन, यहाँ दुई ओटा भूकम्पीय दरार रेखा (फल्ट लाइन) पनि रहेका छन् । बाढीको जोखिम सेती नदी, काली खोला, मर्दी खोलामा बढी रहेको राष्ट्रिय भूउपयोग परियोजना (एनएलयूपी)को अध्ययनले देखाएको छ । साबिकको लेखनाथ क्षेत्रमा अर्पु खोला, ताल खोला र खुँदी खोलाका कारण बाढी जोखिम क्षेत्र रहेका छन् ।

एनएलयुपीको अध्ययनअनुसार साबिक पोखरा उपमहानगरपालिका क्षेत्रमा ६२ प्रतिशत भू-भाग २० डिग्रीभन्दा कम भिरालो भएतापनि २५ प्रतिशत भू-भाग भने उच्च पहिरो जोखिम क्षेत्रमा रहेका छ । त्यसैगरी, साबिक लेखनाथ नगरपालिकामा भने बढी भू-भाग २५ देखि ३५ डिग्री भिरालोपन भएको क्षेत्र छ । बेगनासताल र रूपातालको उत्तरी क्षेत्रमा बढी पहिरो जाने गरेको पाइएको छ । सिंकहोलको जोखिम भने महानगरपालिकाका अधिकांश क्षेत्रमा छरिएर रहेको पाइएको छ ।

संघमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कानुनी र नीतिगत संरचनाको निर्माण भएलगत्तै पोखरा महानगरपालिकाले पनि स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐनलाई कार्यान्वयन गरेको छ । सो ऐनअनुसार नगर प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ पोखरा महानगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन महाशाखा समेत रहेको छ ।

विपद्पछिको आकस्मिक प्रतिकार्य र सचेतनाका सन्दर्भमा महानगरले विभिन्न प्रयास गर्दै आएको छ । हाल विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिडका समयमा लकडाउनबाट सिर्जीत असामान्य र कठिन परिस्थितिमा पोखरा महानगरपालिकाभित्र दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्दै आएका मजदुर

तथा अति विपन्न नागरिकका लागि राहत उपलब्ध गराउने कार्य भई रहेको छ । त्यसैगरी, नियिमित प्रकृतिका प्रकोपबाट प्रभावितका लागि राहत पुनःस्थापनामा सहयोग गर्न महानगरमा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ ।

### ७.४.२ सम्भावना र अवसर

पोखरा महानगर क्षेत्र गण्डकी प्रदेशको स्थायी राजधानी र नेपालकै प्रमुख पर्यटकीय गन्तव्य हो । यहाँ हिमाल आरोहण, प्याराग्लाइडिङ, तालमा डुङ्गा सयर, उपत्यका वरिपरिका खुला डाडाँ र थुम्कामा आवागमन लगायत विभिन्न साहसिक पर्यटकीय गतिविधिहरू हुने गरेका छन् । यहाँका ताल तलाउमा डुंगा सयर र पानी सम्बद्ध खेल पनि संचालन भैरहेका छन् । यस प्रकृतिका साहसिक गतिविधिहरूमा पनि जोखिम निहित रहेकाले संघ तथा प्रदेश सरकार, सुरक्षा निकाय (नेपाली सेना सहित), रेडक्रस र निजी व्यावसायिक संघसंस्थाहरूको सहकार्यमा विपद् न्यूनीकरण र प्रतिकार्यसँग सम्बन्धित संस्थागत संयन्त्र, पूर्वाधार र भौतिक सामग्री छन् । यस्ता कार्यमा अनुभवी जनशक्तिको पहुँच पर्याप्त छ ।

विद्यमान संयन्त्र वा अनुभवलाई समुचित उपयोग गर्दै महानगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सबै सरोकारवाला र सरकारी निकायसँगको सहकार्यमा कार्यान्वयन गर्न सक्ने सम्भावना छ । अन्य सरकारी निकाय र निजी क्षेत्रसँग उद्धार तथा राहतमा उपयोग हुने पूर्वाधार र सामग्रीहरू रहेको अवस्थामा महानगरस्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी जिल्लास्तरीय आपत्कालीन केन्द्रसँगको समन्वयमा वडा र समुदायको क्षमता विकासमा काम गर्ने अवसर छ । प्रमुख केही सम्भावना र अवसरहरू देहाय बमोजिम रहेका छन् ।

१. भइरहेको विपद् व्यवस्थापन कोषलाई थप समृद्ध र पारदर्शी बनाउने ।
२. विपद् न्यूनीकरण र व्यवस्थापनका लागि संघीय र प्रदेश कानुनसँग तादाम्यता हुनेगरी कानुनी व्यवस्था गरेर महानगरलाई चुस्त दुरुस्त बनाउने ।
३. वडा तथा समुदाय स्तरमा विपद् व्यवस्थापन समिति गठन गरी क्षमता विकास गर्ने ।
४. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्ने ।
५. स्थानीय विपद् व्यवस्थापन केन्द्र निर्माण गरी आवश्यक जनशक्ति, पूर्वाधार र सामग्री व्यवस्था गर्ने ।

### ७.४.३ समस्या तथा चुनौती

पोखरा महानगर  नेपालको सबैभन्दा पुरानोमध्येको एक एवं ठूलो महानगरपालिका भएतापनि संस्थागत तथा स्रोतको कमीका कारण विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउन सकिएको छैन । महानगरपालिका तहमा आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा भएका छैनन् । जोखिम सूचना संकलन तथा सञ्चार प्रणालीको कमी तथा सहरी योजना र उत्थानशीलता रणनीतिहरूमा विपद् जोखिम सूचनाको एकीकरण नहुनु र विपद् जोखिम व्यवस्थापनमा संस्थागत तयारीको कमी हुनु प्रमुख समस्या हुन ।

पोखरामा अन्य सरकारी निकायको बलियो उपस्थितिका कारण विपद् व्यवस्थापन सहज भएको देखिएता पनि महानगरपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको क्षमता यस क्षेत्रमा न्यून

छ। पोखरा महानगरपालिका आकस्मिक प्रतिकार्यका सन्दर्भमा भविष्यमा कुनै ठूलो विपद् आइलागेमा सोको सामना गर्न न्यून तयारी देखिन्छ। केही समस्या र चुनौतीहरू देहाय बमोजिम छन्।

१. पूर्व मनसुन र मनसुनको समयमा मनसुनी बर्षाले बाढी, पहिरो, र डुबान बढीरेको,
२. बढ्दो मानवीय अतिक्रमणले नदी,ताल र भूगर्भको प्राकृतिक स्वरुप खल्वलिने
३. डोजरको जथाभावी प्रयोगले भूक्षय भई तालतलैया, खेतीवारी, जलविद्युत्का बाँध पुरिने तथा भौतिक पूर्वाधारमा क्षति पुगेको।
४. महानगर स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना नभएको
५. विपद् व्यवस्थापनका क्षेत्रमा साझा धारणा बन्न नसकिएको।

### ७.४.४ लक्ष्य र उद्देश्य

महानगरलाई प्राकृतिक तथा गैरप्राकृतिक विपद एवम् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा सक्षम बनाई विपद् उत्थानशील समाज र स्थानीय दीगो अर्थतन्त्र निर्माणमा योगदान गर्ने यस योजनाको लक्ष्य रहनेछ यसका लागि देहायका उद्देश्यहरू निर्धारण गरिएको छ।

१. विपद जोखिम न्यूनीकरणका लागि सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्ने।
२. महानगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा एवं कार्यान्वयन गर्ने।

### ७.४.५ रणनीति र कार्यनीति

*तालिका ५६ : विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीति*

| | रणनीति | | कार्यनीति |
|---|---|---|---|
| ***उद्देश्य १ :*** विपद जोखिम न्यूनीकरणका लागि सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व-चेतावनी प्रणाली सुदृढ गर्ने। | | | |
| १.१ | विपद् रोकथाम, पूर्वतयारी र द्रुत प्रतिकार्यमार्फत् क्षति न्यूनीकरण गर्ने। | १.१.१ | क्षति न्यूनीकरणका लागि योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ। |
| | | १.१.२ | विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनमा संघ तथा प्रदेश सरकार र निजी क्षेत्रसँग सहकार्य गरिनेछ। |
| ***उद्देश्य २ :*** *महानगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा एंव कार्यान्वयन गर्ने।* | | | |
| २.१ | स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सबलीकरण गर्ने | २.१.१ | विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ। |
| | | २.१.२ | जोखिम संवेदनशील भू-उपयोग योजनाअनुसार भूमिको क्षमताको आधारमा भूउपयोग गर्न प्रोत्साहन गरिनेछ। |

### ७.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)

त्रिवर्षीय योजना अवधिमा विपद व्यवस्थापनका क्षेत्रमा अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ५७ : विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्र.सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | प्रतिएकाई लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| १ | महानगरको जोखिम नक्सांकन गरी संकटासन्न समुदाय र घरधुरी पहिचान गर्ने। | वडा प्रोफाइल | ३३ | ११०० | २२०० | ३३०० | ६६०० | २०० | सबै वडा |
| २ | खोज तथा उद्धारमा दक्ष जनशक्ति र स्वयंसेवक सूचीकरण र परिचालन। | समूह/व्यक्ति | ३३/१००० | ५०० | ५०० | ५०० | १५०० | — | सबै वडा |
| ३ | स्थानीय विपद् तथा जलवायु परिवर्तन उत्थानशील योजना तयारी कार्यान्वयन। | योजना | १ | ३०० | ३०० | ३०० | ९०० | ९०० | — |
| | **जम्मा** | | | १९०० | ३००० | ४१०० | ९००० | | |

### ७.४.७ अपेक्षित उपलब्धि

१. विपद् व्यवस्थापनसम्बन्धी कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन भएको हुनेछ।

२. जलाधारको व्यवस्थापनबाट जल उत्पन्न प्रकोप तथा जोखिम न्यूनीकरण भएको हुनेछ।

३. विपद् जोखिमको पूर्वानुमान सूचना, खोज तथा उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ।

४. प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुने प्रकोपको क्षति घटेको हुनेछ।

# परिच्छेद : आठ
# सुशासन तथा संस्थागत विकास

## ८.१ पृष्ठभूमि तथा सिकाइ

नेपालको संविधान बमोजिम प्रत्यक्ष अधिकार सहितको संघीयताको मोडेलमा स्थानीय सरकारहरू स्थापना भई विकास कार्य तथा सेवा प्रवाहमा क्रियाशील छन् । स्थानीय सरकार जनताको घरदैलोका सरकार हुन् । तसर्थ आम नागरिक विशेषगरी विपन्न तथा पछाडि परेका वर्ग एवम् समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन् । संवैधानिक व्यवस्था, कानुनी शासन र जनअपेक्षाअनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रतिफलमुखी बनाउने अहम् दायित्व स्थानीय सरकारहरू सामु रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनापश्चात् स्थानीय सरकारलाई संवैधानिक अधिकार प्राप्त भएको छ । अधिकार र साधन स्रोतमा वृद्धिसँगै स्थानीय सरकारसँग जनअपेक्षा र जिम्मेवारीमा निरन्तर बढोत्तरी हुँदै गएको छ । महानगरपालिकाको स्थापनापश्चात् महानगरपालिकाले अवलम्बन गरेको आर्थिक नीति तथा राजस्व व्यवस्थापन प्रणालीले समग्र महानगरबासीको जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । यर्सथ महानगरपालिकाको आर्थिक नीति तथा राजस्व व्यवस्थपान प्रणालीबारे सम्पूर्ण महानगरबासीहरूलाई जानकारी गराउनुपर्छ । नयाँ व्यवस्थाअनुसारका सेवा सुविधा र जानकारीहरू वडास्तरवाट नागरिकहरूलाई सहज तवरवाट समयमै उपलब्ध गराउनु आवश्यक छ । नीति निर्माण तथा कार्यान्वयनको प्रक्रियामा व्यापक जनसहभागिता गराउन सकिए महानगरपालिकाको भौतिक पूर्वाधार विकास र सेवा प्रवाहको प्रक्रिया सहज र सरल हुन्छ ।

लोकतन्त्र तथा सुशासन प्रवर्द्धन गर्न भई रहेका ऐन नियम, नीति, रणनीतिहरूको व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ सबै प्रकारका दण्डहीनताको अन्त्य जरुरी छ । दैनिक जीवनमा प्रभाव पार्ने हरेक सेवा र विकास निर्माणमा प्रदायकहरू जिम्मेवारी र जवाफदेहीपूर्ण हुन आवश्यक छ । सुशासनका विभिन्न क्षेत्रहरूबारे जानकारी गराउन व्यापक रूपमा जनचेतना जगाउन र जनतालाई सुसूचित गर्न र विकासका अन्र्तसम्बन्धीत क्षेत्रलाई सम्बोधन गरिनेछ ।

असीमित जनआकांक्षाको सम्बोधन परम्परागत शैली पुरान सोच र झन्झटिलो तरिकाबाट सम्भव छैन । बदलिँदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता एंव वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ । अबका दिनमा स्थानीय सरकारहरूले संगठन तथा क्षमता विकास कर्मचारी व्यवस्थापन र अन्तर सरकार सहकार्य समुदाय, सहकारी, निजी तथा गैरसरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । महानगरपालिकाको विकास प्रशासन सेवा,सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानुन, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालनको योजनाबद्ध प्रयास जरुरी छ ।

## ८.२ सम्भावना र अवसर

संविधानको अनुसूची ८ र ९ को अधिकार सूचीअन्तर्गत महानगरपालिका सुशासन ऐन, शिक्षा ऐन, पूर्वाधार विकास व्यवस्थापन ऐन, सहकारी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, फोहोरमैला व्यवस्थापन ऐन, कर तथा गैरकर राजस्वसम्बन्धी ऐनलगायत एक सय भन्दा बढी नीति,ऐन,कार्यविधि, निर्देशिका तर्जुमा भई स्थानीय राजपत्रमा प्रकाशन एंव कार्यान्वयनमा रहेका छन् ।

संविधान तथा प्रचलित कानुनअनुसार नगरसभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापनलगायत अन्य विषयगत समिति गठन भई क्रियाशील छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेबसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

महानगरपालिकाभित्र सुशासन प्रवर्द्धन गर्न विभिन्न उपक्षेत्रहरूमा रहेका सबल पक्षको लागि आवश्यक पर्ने कानुनी संरचनाहरूको निर्माण गर्ने धेरै अवसरहरू छन् । महानगरपालिकाभित्रका भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण तथा विकास गरेर सबै भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण तथा संवर्द्धनले महानगरपालिकाभित्रको सामाजिक सद्भाव तथा सौहार्दता कायम राख्न सकिन्छ । महानगरपालिकाभित्र सबै सेवाग्राहीहरूलाई सुशासनका लागि आवश्यक ज्ञान र चेतनाको अभिवृद्धि गर्ने र सेवा प्रदायकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाएर एक सुसूचित समाजको निर्माण गरी लोकतन्त्र तथा सुशासन अभिवृद्धि गर्ने आधारशिला तयार गर्ने अवसर छ ।

हाल महानगरपालिकाको मुख्य कार्यालय पुराना भवनहरूमा सञ्चालनमा छ, जुन जीर्ण तथा भूकम्पीय दृष्टिकोणले असुरक्षित देखिन्छ । यी भवनहरूमा कार्यकक्षको अभाव छ भने कार्यालयका शाखाहरूको विन्यास व्यवस्थित छैन । महानगरपालिका ३३ वडा कार्यालयहरूमध्ये जम्मा २८ वडा कार्यालय आफ्नै भवनमा र बाँकी वडाहरु भाडाका घरमा सञ्चालन गरी सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भइरहेको छ । एकीकृत सेवासहितको नगर कार्यपालिका, ३३ ओटै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय, साविकका स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य केन्द्र मार्फत सेवा प्रवाहको प्रयास भइरहेको छ । महानगरपालिकाले सूचना प्रविधि शाखा स्थापना गरी कार्यसम्पादन गरिरहेको छ । नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ । महानगरपालिकाको क्षमता विकास गरी सेवा प्रवाह थप व्यवस्थित गर्ने उद्देश्यले संस्थागत क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

महानगरपालिकाका जनप्रतिनिधिहरूको निर्वाचन २०७४ साल वैशाख ३१ गते सम्पन्न भई प्रमुख, उपप्रमुख, ३३ जना वडाध्यक्षहरू, ८ जना नगरकार्यपालिका सदस्यहरू तथा १२७ जना वडा सदस्यहरू विभिन्न पदीय मर्यादाका जनप्रतिनिधिहरू नगर विकास तथा सेवा प्रवाहमा आबद्ध छन् । महानगरपालिकाको कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरी सोबमोजिमको महाशाखा तथा शाखाहरूको

व्यवस्था, विद्यमान कर्मचारीहरूको मिलान तथा थप कर्मचारी प्राप्ति गर्ने प्रक्रिया कार्यान्वयनमा छ । संघीय संरचनाअनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल महानगरपालिकामा विषय क्षेत्रगतसमेत ११७६ जना कर्मचारी कार्यरत छन् ।

पोखरामा भएको विगतको विकास निर्माणको प्रवृत्ति र भविष्यको सम्भावना विश्लेषण गरी आगामी विकास प्रयासलाई दिशानिर्देश गर्न र आगामी दिनमा महानगरको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउने मुख्य ध्येयका साथ महानगरले 'पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७-८२)' तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

स्थानीय तहको राजस्व अधिकार, सम्भाव्यता विश्लेषण र राजस्व परिचालनको विद्यमान अवस्था अध्ययन गरी राजस्व सुधार कार्यक्रम तर्जुमा र त्यसका आधारमा राजस्व प्रक्षेपणसहित राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । राजस्व सुधार कार्ययोजना तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ । स्पष्ट मापदण्ड निर्माण गरेर कर छुट दिने, उत्कृष्ट करदाताहरूलाई पुरस्कृत गर्ने र हरेक घरधुरीसँग महानगरपालिका जोडिने प्रक्रियाले महानगरपालिका लागि कर वृद्धि गर्ने अवसरहरू छन् । कर तथा राजस्व शिक्षामार्फत् धेरै नागरिकहरूलाई करको महत्व र राजस्वका दायराहरूबारे जानकारी गराउन सकिन्छ ।

मेलमिलाप पद्धतिको थप प्रभावकारिताका लागि नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको मर्म तथा कानुनी व्यवस्थालाई आत्मसात् गर्दै महानगरपालिकाले न्यायिक समिति गठन गरी स्थानीय स्तरको न्याय सम्पादन गरिरहेको छ । विगत तीन आर्थिक वर्षको तथ्यांकअनुसार हालसम्म न्यायिक समितिमा जम्मा १४१ वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा ४० मुद्दाहरू फछ्र्यौट भएका छन्, महानगरपालिकामा हालसम्म मेलमिलापकर्ता सूचीकृत संख्या जम्मा ५०८ रहेको छ । मेलमिलाप पद्धतिको प्रयोग गरी न्यायिक समितिबाट हुने विवाद समाधानका विवरण व्यवस्थित रूपमा रहेको पाइन्छ । न्यायिक समिति प्रतिको विश्वास र स्वीकार्यतामा अभिवद्धि, न्यायिक समितिको भूमिका र यसप्रतिको अपेक्षामा वृद्धि, न्याय सम्पादनलाई प्रभावकारी बनाउन कानुनमा सामयिक सुधार, सरोकारवालाहरूको समन्वय, सद्भाव र सहयोग, नागरिक समाजको न्यायिक समितिप्रतिको सहयोग र अपेक्षामा बढोत्तरी, नागरिक सशक्तीकरण र अधिकारमा आधारित न्यायिक प्रणाली विकास हुँदै जानु न्यायिक समितिका सकारात्मक पक्षहरू हुन् ।

संविधानको अधिकारसहितको संघीय शासन व्यवस्थामा आधारित स्थानीय सरकारबाट नागरिकहरूमा शासन प्रक्रियामा नागरिकको पहुँच वृद्धि भएको छ । महानगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरूको विकास तथा अनुसरण हुँदै गएको छ । महानगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ । महानगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः

बढ्दै गएको छ । साथै महागरपालिकामा विकास साझेदार, अन्तर्राष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा निजी क्षेत्रको लगानीको आकर्षण केन्द्रका रूपमा समेत थप स्थापित हुन सक्ने अवस्था छ ।

## ८.३ समस्या तथा चुनौती

नेपालको संविधानले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानुन, योजना तथा बजेट बनाउने, स्रोत परिचालन गर्ने र विकास कार्य सञ्चालन र सेवा प्रवाह गर्ने सवैधानिक र कानूनी अधिकार स्थानिय तहलाई प्रदान गरेको छ । यद्यपि पोखरा महानगरपालिकाको योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापनालगायत समस्या तथा चुनौती विद्यमान छन् ।

पोखरा महानगरपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन गर्न बाँकी नै छ । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेषगरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, कार्यान्वयन गर्ने र परिपालना हुन सकिरहेको छैन । विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक एवं रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर छ ।

योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने पर्याप्त स्थान छन् । योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड पूरा गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी छ । संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ । महानगरपालिकाको सेवा व्यवस्थापन प्रक्रियामा कार्यसम्पादन आधारित, दण्ड र पुरस्कार तथा वृत्ति विकासको व्यवस्था लागु हुन सकेको छैन । संघीय तहअन्तर्गत खटिने कर्मचारीहरूको छोटो समयमा हुने फेरबदल र संघीय निजामती र स्थानीय सेवाप्रतिको जवाफदेहितामा दोहोरोपनाले , स्रोत परिचालन, नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन लगायत समग्र कार्य सम्पादनमा ढिलाइ र कठिनाइ भएको देखिन्छ । नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र दरबन्दीअनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूका पदपूर्ति एवं मिलान नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ । कार्यपालिका कार्यालय पुरानो भवन तथा कार्यपालिका कार्यालयमा सम्पूर्ण विषयगत शाखाहरू सञ्चालनका लागि भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाइ छ ।

नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना, नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरू पर्यटन विकास, बस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषिसम्बन्धी गुरुयोजना आदिको तर्जुमा गर्न बाँकी नै छ । योजना तथा कार्यक्रमको प्राथमिकताका आधार र प्रक्रिया निर्धारणका लागि मध्यकालीन खर्च संरचना तयार नहुँदा परम्परागत हिसाबले आयोजना तथा कार्यक्रम

छनोट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरूप आयोजना तथा कार्यक्रमलाई गुणस्तर कायम गरी ठोस उपलब्धि उन्मुख बनाउन चुनौती देखिएको छ ।

महानगरपालिकाको राजस्व संकलन तर्फ सूचना प्रविधिमैत्री राजस्व व्यवस्थापन, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावना भन्दा न्युन राजस्व मात्र संकलन भइरहेको छ ।

महानगरपालिकाको विकासमा संघीय र प्रदेश सरकारको अनुदानको हिस्सा उच्च छ । आत्मनिर्भर महानगरपालिका बनाउन कर क्षमता अनुसार राजश्व असूली,वक्यौता संकलन र सम्भाव्य आयका क्षेत्र पहिचान गरि स्रोत मजवुत बनाउने कार्य चुनौतीपूण देखिएका छन् ।

मेलमिलाप पद्धतिको थप प्रभावकारिताका लागि स्थानीय न्यायिक समितिले मेलमिलाप प्रक्रिया, मेलमिलापकर्ताहरूको भमिूका, मेलमिलापकर्ताको आचारसंहिता कार्यान्वयनको अनुगमन एव मेलमिलापकर्ताहरूको क्षमता विकासलगायतका कार्यक्रमहरू पर्याप्त हुन सकेका छैनन । सरोकारवाला र सेवाग्राहीको बढ्दो अपेक्षाको सम्बोधन गर्न नसकिनु, सरोकारवालाहरूसँगको अपेक्षित समन्वय, सहयोग र स्वामित्व अभाव, योजनाअनुरूपको बजेट प्राप्त हुन नसक्नु, मानव संसाधनको क्षमता अभिवृद्धि जोड नदिइनु, सञ्चार क्षेत्रसँगको कमजोर सम्बन्ध, पीडितमैत्री न्यायिक प्रणालीको संस्थागत व्यवस्था र प्रभावकारी कार्यान्वयन इजलासको संरचनाको अभाव जस्ता पक्षहरू न्यायिक समितिका वर्तमान समस्या तथा चुनौतीहरू हुन् ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन ।

उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकाससम्बन्धी अध्ययन, डिजाइन इस्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यावसायिक कार्यहरूमा निजी, गैसस र विकास साझेदारलगायत सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन ।

## ८.४ सोच, लक्ष्य र उद्देश्य

पोखरा महानगरपालिकाको स्थानीय सुशासन तथा संस्थागत विकास क्षेत्रको सोच, लक्ष्य तथा उद्देश्यलाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ८.४.१

पोखरा महानगरपालिकाले

- “सबल, सक्षम, पारदर्शी र जवाफदेही महानगर”बनाउने गरी सुशासन र सस्थंागत विकासको दीर्घकालीन सोच लिएको छ । यसका लागि जवाफदेहिता, पारदर्शिता, सदाचार, गुणस्तरीय सेवा प्रवाहमार्फत

सुशासनको सुनिश्चितता गरी आत्मसम्मानसहित सबै प्रक्रियामा नागरिकको सक्रिय सहभागिता सुनिश्चितता गर्ने लक्ष्य लिइएको छ। यी सोच र लक्ष्य प्राप्ति गर्न देहायका उद्देश्य तय गरिएको छ।

१. सहरी शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउने।

२. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्ने।

३. व्यवस्थित र सुदृढ न्यायिक समितिसहितको सरलीकृत र स्तरीय न्यायिक सम्पादनमा नागरिक पहुँच अभिवृद्धि गर्ने।

४. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउने।

५. सहरी योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउने।

## ८.५ विषयगत रणनीति तथा कार्यनीति

सुशासन र संस्थागत विकास क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न देहाय बमोजिम कार्यनीति अवलम्बन गरिनेछ।

*तालिका ५८ : सुशासन र संस्थागत विकास क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सहरी शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु** | |
| १. सहरी शासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियमपालनामा अभिवृद्धि गरिनेछ।<br>१.२ नगर सरकारको जवाफदेहिता अभिवृद्धिसम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ।<br>१.३ गुनासो तथा क्षतिपूर्तिसमेतको प्रावधान भएको नागरिक बडापत्रसहितको सेवा प्रवाह पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ।<br>१.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षणसम्बन्धी कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्थामार्फत् सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्यसम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ।<br>१.५ नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्यसम्पादनलाई जनउत्तरदायी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषणमार्फत् कार्य प्रणालीलाई पारदर्शी बनाइनेछ। |
| २. नगरपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने | २.१ नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनबारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तर्क्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ।<br>२.२ वडा तथा नगरस्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (Standard and Norms) को विकास गरी कार्यान्वयन गरिनेछ।<br>२.३ नगरपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ।<br>२.४ प्रविधिको उच्चतम प्रयोग गरी एकद्वार प्रणालीमार्फत् सेवाग्राहीहरूलाई सरल र सहज सेवा प्रदन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ : स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्ने** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने | १.१ नगर तथा वडा कार्यालयहरूमा एकीकृत सेवा प्रवाहसहितको सुविधासम्पन्न भवन निर्माण गरी कार्यालयको भौतिक क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.२ एकीकृत सेवा सञ्चालनका लागि सूचना प्रविधिसहित भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरूको व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्दका रूपमा थप सुदृढ गरिनेछ ।<br>१.३ विकास निर्माण, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाइ क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा सञ्चालन गरिनेछ ।<br>१.४ सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बालवालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकमैत्री र महिलामैत्री रूपमा निर्माण गरिनेछ । |
| २. नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने | २.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदनअनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ ।<br>२.२ कार्यालयमा एकीकृत सेवा प्रवाहका लागि लेआउटसहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतीक्षालयसहित कार्यकक्षको व्यवस्था गरिनेछ ।<br>२.३ नगरपालिकामा कार्यरत कर्मचारीहरूमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ ।<br>२.४ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ । |
| ३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने | ३.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्यसम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>३.२ नियमित कार्यक्रममा समावेश गरी स्वीकृत कार्यविधिबारे जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिमुखीकरण गरिनेछ ।<br>३.३ एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहीन, विस्थापित तथा विपन्नहरूको संस्था तथा सञ्जाल निर्माण, क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ ।<br>३.४ नगरपालिकामा कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ३ : व्यवस्थित र सुदृढ न्यायिक समितिसहितको सरलीकृत र स्तरीय न्यायिक सम्पादनमा नागरिक पहुँचमा अभिवृद्धि गर्ने** | |
| १. न्यायमा नागरिक पहुँचको अभिवृद्धिसहित सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने | १.१ विवादको शीघ्र फछ्र्यौट गरी व्यवस्थापन पद्धतिमा सुधार गरी न्यायिक काम कारबाही तथा विवादको निर्णयमा गुणस्तर अभिवृद्धि गरिनेछ ।<br>१.२ विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोगलाई प्रभावकारी बनाउनुका साथै निर्णय कार्यान्वयनका लागि कार्यापालिकालाई प्रभावकारी बनाइनेछ ।<br>१.३ न्यायिक समितिबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाइनेछ ।<br>१.४ महिला कानुनी परामर्श तथा सहायता कक्ष स्थापना गरी प्रभावकारी बनाइनेछ ।<br>१.५ वडा तहमै निःशुल्क न्यायिक प्रक्रिया अवलम्बन गरी विवाद समधान गरिनेछ । |
| २. न्यायिक समितिको व्यवस्थापन र सदृढीकरणसहित न्यायिक सुशासनको प्रवर्द्धन गर्ने | २.१ मानव संसाधन विकास तथा भौतिक र सेवा पूर्वाधारमा सुधार र न्याय सम्पादनमा सूचना प्रविधिको प्रयोगसहित न्यायिक समितिको सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.२ न्यायिक प्रक्रिया सरलीकृत गर्न मेलमिलाप निर्देशिका तथा अन्य |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यविधि एवं कानूनको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्थापन गरिनेछ ।<br>२.३ न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवद्धि गरिनेछ । |
| ३. न्यायिक समितिप्रतिको विश्वासमा अभिवृद्धि गर्ने | ३.१ न्यायिक समितिको काम कारबाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि गरी न्यायिक समितिका सरोकारवालाहरूसँगको सम्बन्ध र सहयोगलाई सुदृढ तुल्याइनेछ ।<br>३.२ न्यायिक सूचना, सञ्चार र शिक्षा पद्धतिमा सधुार गरिनेछ ।<br>३.३ मेलमिलापबाट विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिको कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ४ : आन्तरिक र वाह्य स्रोत परिचालनमा वृद्धि गर्नु तथा राजस्व प्रणाली सुदृढ बनाउने** | |
| १. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाई व्यवस्थित गर्दै आन्तरिक राजस्व वृद्धि गर्ने | १.१ आन्तरिक राजस्व व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.२ नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशीलतालाई थप प्रभावकारी बनाइनेछ ।<br>१.३ कोभिडलगायतका महामारीले अर्थतन्त्रलाई पारेको असर र यसका कारण करदातामा परेको प्रभावलाई मध्यनजर गरी प्रभावित कर तथा शुल्कको रकममा छुट, सहुलियतको व्यवस्था गरिनेछ ।<br>१.४ राजस्व प्रशासनबारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।<br>१.५ राजस्व सुधार कार्ययोजनालाई नियमित रुपमा अद्यावधिक गरी कार्यान्वयन गरिनेछ र सोहीबमोजिम राजस्व प्रशासनलाई सुदृढीकरण गरिनेछ ।<br>१.६ करदाता शिक्षामार्फत् आम नागरिकलाई कर तिर्न प्रोत्साहित गर्ने र प्रविधिको प्रयोगमार्फत् कर तिर्न सहज बनाइनेछ । |
| २. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग साझेदारी विकास गर्ने | २.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालन गरिनेछ ।<br>२.२ स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित बैठक, छलफल र सञ्चार गरिनेछ । |
| **उद्देश्य ५ : सहरी योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु,** | |
| १. योजना व्यवस्थापन प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने | १.१ सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन खर्चको मापदण्ड तयार गरी लागू गरिनेछ ।<br>१.२ आवधिक योजना र वार्षिक कार्यक्रमबीच समानजस्यता कार्य गरी कार्यक्रम सुनिश्चितताका लागि मध्यमकालीन खर्च संरचना तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।<br>१.३ आयोजना बैंकसम्बन्धी कार्यविधि तयार गरी आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाका आधारमा नगरपालिकाको आयोजनावैंक तयार गरिनेछ ।<br>१.४ पूर्वाधार विकासगर्दा अपांग तथा बालमैत्री अवधारणा लागु गरिनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने | २.१ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>२.२ आवधिक योजना र मध्यकालीन खर्च संरचनाअनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>२.३ इकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी वार्षिक एकीकृत कार्यान्वयन योजना तयार गरी त्यसअनुसार वार्षिक कार्यक्रम कार्यान्वयन, |

| रणनीति | कार्यनीति |
|---|---|
| | अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिनेछ ।<br>२.४ नीति, योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन कार्यविधि निर्माण गर्ने र सोअनुसार योजना तयार गरी नियमित, वार्षिक, मध्यावधि र आवधिक रूपमा प्रक्रिया तथा नतिजा अनुगमन एवम् चौमासिक र वार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्यांकन गरिनेछ । |
| ३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने | ३.१ गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित बैठक तथा अन्तर्क्रिया गरिनेछ ।<br>३.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग समन्वय बैठक तथा साझेदारीका क्षेत्रबारे अन्तर्क्रिया गरिनेछ ।<br>३.३ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई थप प्रभावकारी र क्रियाशील बनाइनेछ ।<br>३.४ सेवानिवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरूको अनुभव, ज्ञान, सीप र दक्षतालाई नगर विकासको प्रक्रियामा परिचालन गरिनेछ । |

## ८.६ प्रमुख कार्यक्रम तथा आयोजना

त्रिवर्षीय योजनाको सुशासन र संस्थागत क्षमता विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ५९ : संस्थागत विकास तथा सुशासन विकास क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| क्षेत्रगत प्रतिफलअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | प्रतिएकाई लागत | प्रमुख जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| **उद्देश्य १ : सहरी शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउने** | | | | | | | | |
| १.१ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण तथा प्रकाशन | विषय | ७० | ५०० | ५०० | ५०० | १,५०० | | महानगरपालिका, विकास साझेदार |
| १.२ सुशासन तथा स्थानीय सरकार जवाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५०० | १,००० | १,००० | २,५०० | | महानगरपालिका |
| १.३ नागरिक सन्तुष्टि सर्वेक्षण तथा नागरिक बहस कार्यक्रम | पटक | ५ | २०० | ४०० | ४०० | १,००० | | महानगरपालिका |
| १.४ विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | १,२०० | १,२०० | १,२०० | ३,६०० | | महानगरपालिका, विकास साझेदार |
| १.५ स्थानीय नीति, योजना, सेवा प्रवाह र कार्यक्रमसम्बन्धी अध्ययन र सर्वेक्षण कार्यक्रम | पटक | ५ | ७५० | ७५० | ७५० | २,२५० | | महानगरपालिका |
| १.६ नगरपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र | संख्या | ३४ | ५०० | २,९०० | - | ३,४०० | | महानगरपालिका |
| १.७ नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास | पटक | १० | ५०० | १,००० | १,००० | २,५०० | | महानगरपालिका, विकास साझेदार |
| १.८ भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि, प्रचार प्रसार तथा समन्वय कार्यक्रम | पटक | ५ | ५०० | १,००० | १,००० | २,५०० | | महानगरपालिका, संघीय सरकार |
| **उद्देश्य १ को जम्मा** | | | **४,६५०** | **८,७५०** | **५,८५०** | **१९,२५०** | | |

| क्षेत्रगत प्रतिफलअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | प्रतिएकाई लागत | प्रमुख जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| **उद्देश्य २ : स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्ने** | | | | | | | | |
| २.१ कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | संख्या | ३४ | २०,००० | ७५,००० | ७५,००० | १७०,००० | | महानगरपालिका, संघीय सरकार, प्रदेश सरकार |
| २.२ स्थानीय सरकारको कार्यसम्पादन तथा संस्थागत स्वमूल्यांकन (LISA) कार्यक्रम | पटक | ३ | ३०० | ३०० | ३०० | ९०० | | महानगरपालिका |
| २.३ जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २० | १,००० | २,५०० | २,५०० | ६,००० | | महानगरपालिका, संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार |
| २.४ ध्यान केन्द्र स्थापना | संख्या | १ | ५०० | १,००० | ५०० | २,००० | | महानगरपालिका |
| २.५ अन्तर स्थानीय तह समन्वय अनुभव आदानप्रदान कार्यक्रम | पटक | ५ | १०० | २०० | २०० | ५०० | | महानगरपालिका |
| २.६ कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ३ | ५०० | ५०० | ५०० | १,५०० | | महानगरपालिका |
| २.७ सेवाग्राही प्रतीक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम (कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरूसमेत) | इकाई | ३४ | ४,००० | १५,००० | १५,००० | ३४,००० | | महानगरपालिका, विकास साझेदार |
| २.८ टोल विकास संस्था गठन तथा थप प्रभावकारी परिचालन कार्यक्रम | संख्या | १०० | ४०० | ८०० | ८०० | २,००० | | महानगरपालिका |
| २.९ लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | १०० | ८०० | १,६०० | १,६०० | ४,००० | | महानगरपालिका |
| २.१० गैसस समन्वय, साझेदारी प्रवर्द्धन तथा सामाजिक परिचालन कार्यक्रम | पटक | ३ | ७५० | ७५० | ७५० | २,२५० | | महानगरपालिका |
| **उद्देश्य २ को जम्मा** | | | **२८,३५०** | **९७,६५०** | **९७,१५०** | **२२३,१५०** | | |
| | | | | | | | | |

| क्षेत्रगत प्रतिफलअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | प्रतिएकाई लागत | प्रमुख जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| **उद्देश्य ३: व्यवस्थित र सुदृढ न्यायिक समिति सहितको सरलीकृत र स्तरीय न्यायिक सम्पादनमा नागरिक पहुँचमा अभिवृद्धि गर्ने** | | | | | | | | |
| ३.१ कानुनी साक्षरता, विवाद मध्यस्थता र मेलमिलाप कार्यक्रम | पटक | ४५ | ३०० | ५०० | ५०० | १,३०० | | महानगरपालिका |
| ३.२ न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ३ | ५०० | ५०० | ५०० | १,५०० | | महानगरपालिका |
| ३.३ न्यायिक समिति इजलास व्यवस्थापन तथा सबलीकरण | पटक | ३ | २०० | ५० | ५० | ३०० | | महानगरपालिका |
| ३.४ न्यायिक समिति भौतिक सुविधा सुदृढीकरण | पटक | ३ | ५०० | २,५०० | १,५०० | ४,५०० | | महानगरपालिका |
| ३.५ न्यायिक समितिसम्बन्धी नेतृत्व विकास तथा क्षमता विकास कार्यक्रम | पटक | ५ | ३०० | ७५० | ७५० | १,८०० | | महानगरपालिका, संघीय सरकार, विकास साझेदार |
| **उद्देश्य ३ को जम्मा** | | | **१,८००** | **४,३००** | **३,३००** | **९,४००** | | |
| **उद्देश्य ४: आन्तरिक र बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु तथा राजस्व प्रणाली सुदृढ बनाउने** | | | | | | | | |
| ४.१ राजस्वको शीर्षकगत संभाव्यता विश्लेषण र प्रक्षेपण (राजस्व सुधार कार्ययोजना अद्यावधिक) | पटक | ३ | १,००० | १,००० | १,००० | ३,००० | | महानगरपालिका, विकास साझेदार |
| ४.२ राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन (सफ्टवेयर प्रणाली) | पटक | ३ | १,००० | २,५०० | १,५०० | ५,००० | | महानगरपालिका, विकास साझेदार |
| ४.३ राजस्व परामर्श समिति तथा शाखा सुदृढीकरण कार्यक्रम | पटक | ३ | ५०० | ७५० | १,००० | २,२५० | | महानगरपालिका |
| ४.४ करदाता शिक्षा कार्यक्रम | पटक | ९९ | ७५० | १,६५० | १,६५० | ४,०५० | | महानगरपालिका |
| ४.५ करदाता प्रोत्साहन कार्यक्रम | पटक | ३ | ५०० | ५०० | ५०० | १,५०० | | महानगरपालिका |
| ४.६ राजस्व परिचालन र अनुगमन कार्यक्रम | पटक | ६ | २०० | ५०० | ५०० | १,२०० | | महानगरपालिका |
| ४.७ आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण कार्यक्रम | पटक | ३ | ५०० | २०० | २०० | ९०० | | महानगरपालिका |
| ४.८ सम्पत्ति अभिलेखीकरण तथा अद्यावधिक कार्यक्रम | पटक | ३ | १५० | ३०० | ५० | ५०० | | महानगरपालिका |

| क्षेत्रगत प्रतिफलअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | प्रतिएकाई लागत | प्रमुख जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा | | |
| ४.९ अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसंवाद कार्यक्रम | पटक | ५ | ५० | १०० | १०० | २५० | | महानगरपालिका |
| **उद्देश्य ४ को जम्मा** | | | **४,६५०** | **७,५००** | **६,५००** | **१८,६५०** | | |
| **उद्देश्य ५ : सहरी योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउने** | | | | | | | | |
| ५.१ सूचना प्रविधिमा आधारित वस्तुस्थिति विवरण ( नगर प्रोफाइल) तयारी तथा अद्यावधिक | पटक | १ | १,००० | ५,००० | ५०० | ६,५०० | | महानगरपालिका, प्रदेश सरकार, विकास साझेदार |
| ५.२ मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मध्यावधि समीक्षा र अद्यावधिक | पटक | ३ | १,००० | ७५० | २५० | २,००० | | महानगरपालिका |
| ५.३ स्थानीय आयोजना बैंक स्थापना र सूची अद्यावधीकरण | पटक | ३ | ५०० | २५० | २५० | १,००० | | महानगरपालिका |
| ५.४ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन) | विषय | ५ | २,००० | २,००० | २,००० | ६,००० | | महानगरपालिका |
| ५.५ योजना तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्यांकन र सिकाइ प्रणाली सञ्चालन | पटक | ३ | ३०० | ३०० | ३०० | ९०० | | महानगरपालिका |
| ५.६ तेस्रो पक्षबाट प्राविधिक परीक्षण तथा आयोजनाको मूल्यांकन | आयोजना | ५ | ३०० | ५०० | ५०० | १,३०० | | महानगरपालिका |
| ५.७ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | १० | ५०० | १,००० | १,००० | २,५०० | | महानगरपालिका |
| ५.८ वार्षिक बजेट तथा कार्यक्रमको लैंगिक तथा जलवायु परीक्षण | पटक | ३ | ५०० | ५०० | ५०० | १,५०० | | महानगरपालिका |
| **उद्देश्य ५ को जम्मा** | | | **६,१००** | **१०,३००** | **५,३००** | **२१,७००** | | |
| **संस्थागत विकास तथा सुशासन कुल जम्मा** | | | **४५,५५०** | **१२८,५००** | **११८,१००** | **२९२,१५०** | | |

## ८.७ अपेक्षित उपलब्धि

१. संविधानको एकल तथा साझा अधिकार सूचीका विषयमा स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन, प्रसारण एवं कार्यान्वयन भएको हुनेछ ।

२. निर्वाचित पदाधिकारीका लागि सदाचार नीति तर्जुमा गरी सुशासन समितिमार्फत् सार्वजनिक निर्णय र कार्यसम्पादन र विकास उपलब्धिको निगरानीमा अभिवृद्धि भएको हुनेछ ।

३. विश्वविद्यालय तथा कलेजसँग समन्वय र सहकार्यमार्फत विकास नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको उपलब्धिबारे अध्ययन तथा सर्वेक्षण भएको हुनेछ ।

४. संगठन व्यवस्थापन सर्वेक्षणअनुसार कार्यालयको संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र त्यसअनुसार कर्मचारीको पदपूर्ति, संगठन सुदृढीकरण र क्षमता विकासका कार्यहरू सञ्चालन हुनेछन् ।

५. योजना तथा बजेट तर्जुमा, खरिद व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, विषय क्षेत्रगत नीति, कानुन र सेवा प्रवाह सम्बन्धमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजका व्यक्तिहरूको क्षमता विकास भएको हुनेछ ।

६. समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैरसरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा वृद्धि हुनेछ ।

७. समग्र आय बजेटमा आन्तरिक आयको योगदान ३० प्रतिशतभन्दा अधिक पुगेको हुनेछ ।

८. महानगरपालिकाको कूल स्रोतमा समुदाय, निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संस्था र गैससको योगदान १० प्रतिशतभन्दा बढी पुगेको हुनेछ ।

९. स्थानीय आवश्यकता, माग र प्राथमिकता एवम् चालु आयोजना सञ्चालनको अवस्था अध्ययनका आधारमा महानगरपालिकामा मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंक स्थापना भई आयोजना कार्यान्वयन उपलब्धिमूलक, लागत प्रभावकारी, गुणस्तरीय र निर्धारित समयभित्र सम्पन हुनेछन् ।

१०. दीर्घकालीन तथा आवधिक योजनाको आधारमा पर्यटन, उद्यम, कृषि तथा पूर्वाधार विकासलगायत महानगरपालिकाको समष्टिगत विकासका अग्रणी विषय क्षेत्रहरूको रणनीतिक तथा गुरुयोजना तर्जुमा भई सोअनुसार वार्षिक कार्यक्रम तर्जुमा भई नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीअनुसार योजनाको प्रगति तथा उपलब्धिको मापन प्रणाली संस्थागत हुनेछ ।

# परिच्छेद : नौ
# कार्यान्वयन व्यवस्था

## ९.१ संस्थागत व्यवस्था तथा मानव संसाधनः योजना

महानगरपालिकाको संगठन संरचना नगर सभाले अधिकार प्रत्यायोजन गरेबमोजिम नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी सोहीअनुसार महानगरको कार्यसम्पादन तथा सेवा प्रवाह भैरहेको छ । संघीय ऐनबमोजिम कर्मचारी समायोजन भएपछि महानगरकार्यपालिका कार्यालय र वडा कार्यालय बाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन हुने विकास कार्यलाई सहज, प्रभावकारी र नतिजामुखी बनाउन अभ्यासरत रहीआएको छ ।

हाल स्वीकृत भई कार्यान्वयनमा रहको संगठन संरचनाअनुसार यस महानगरपालिकामा जम्मा ८ महाशाखा, ३४ शाखा, ६ एकाई, १ सूचना केन्द्र तथा ३३ वडा कार्यालय छन् । यस संगठन संरचनामा नीति, योजना निर्माण तथा कार्यसम्पादनमा सहयोगी र जिम्मेवार रहने गरी नगरसभा तथा कार्यपालिकाद्वारा गठित समितिहरू एवं सहरी योजना आयोगसमेत छन् । नगर कार्यपालिकाको ४०औं बैठकले गरेको निर्णयअनुसार कुल ७५४ कर्मचारी दरबन्दी प्रस्ताव गरिएको भए तापनि हाल यस महानगरपालिकामा कुल ५८९ जना (समायोजनबाट प्राप्त, साबिक नगरपालिका तथा जिविसका स्थायी तथा करारसमेत) कर्मचारी कार्यरत छन् ।

नगरपालिकाको प्रथम त्रिवर्षीय योजनाको लक्ष्य, उद्देश्य हासिल गर्न, प्रस्तावित रणनीति, कार्यनीति र कार्यक्रम सञ्चालन गर्न उपयुक्त संस्थागत व्यवस्था र मानव संसाधन हुनुर्पदछ । तसर्थ महानगरपालिकाले आवश्यक संस्थागत संरचनाको पुनरावलोकन गरी सोही बमोजिम कर्मचारी व्यवस्था पदपूर्ति तथा मिलान गर्नुपर्छ ।

## ९.२ विषयक्षेत्रअनुसार अनुमानित बजेट


त्रिवर्षीय विकास योजनाको नतिजा प्राप्त गर्न प्रस्तावित आयोजना तथा कार्यक्रमलगायत अत्यावश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिम आवश्यक स्रोतको अनुमान गरिएको छ । यसअनुसार यस योजना अवधिका लागि कुल २७ अरब ३० करोड ३९ लाख ५० हजार रुपैयाँ स्रोत आवश्यक पर्ने अनुमान छ । योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६० : विषय क्षेत्रगत स्रोत अनुमान**

| सि.नं. | विषय क्षेत्र/उपक्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **४४९२८५०** | **१६.४५** |
| १.१ | पर्यटन विकास | ४८७६५० | १.७९ |
| १.२ | उद्योग, व्यवसाय तथा व्यापार | २४७२६०० | ९.०६ |
| १.३ | बैंक तथा वित्तीय सेवा | ६६५०० | ०.२४ |
| १.४ | कृषि तथा खाद्य सुरक्षा | १११४५०० | ४.०८ |
| १.५ | सिँचाइ विकास | १०७५०० | ०.३९ |
| १.६ | पशुपन्छी विकास | २२९००० | ०.८४ |

| सि.नं. | विषय क्षेत्र/उपक्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १.७ | श्रम तथा रोजगारी | १५१०० | ०.०६ |
| **२** | **सामाजिक विकास** | **२७३०२००** | **१०.००** |
| २.१ | शिक्षा, विज्ञान तथा प्रविधि | ६८१०० | ०.२५ |
| २.२ | स्वास्थ्य तथा पोषण | १३५०००० | ४.९४ |
| २.३ | खानेपानी तथा सरसफाइ | ९७१००० | ३.५६ |
| २.४ | सामाजिक समावेशीकरण तथा संरक्षण | २०६६०० | ०.७६ |
| २.५ | युवा तथा खेलकुद | १०१००० | ०.३७ |
| २.६ | कला, भाषा तथा संस्कृति | ३३५०० | ०.१२ |
| **३** | **पूर्वाधार विकास** | **१८९१२०००** | **६९.२६** |
| ३.१ | बस्ती विकास, आवास, भवन तथा सार्वजनिक निर्माण | १५१००० | ०.५५ |
| ३.२ | सडक, पुल तथा यातायात | १७२५९५०० | ६३.२१ |
| ३.३ | जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ३३८००० | १.२४ |
| ३.४ | सूचना तथा सञ्चार प्रविधि | ८२५०० | ०.३० |
| ३.५ | फोहोरमैला व्यवस्थापन | १०८१००० | ३.९६ |
| **४** | **वन तथा वातावरण** | **६०६३००** | **२.२२** |
| ४.१ | वन, जैविक विविधता र हरियाली | १८५६०० | ०.६८ |
| ४.२ | भू संरक्षण तथा जलाधार व्यवस्थापन | ८२०० | ०.०३ |
| ४.३ | वातावरण तथा जलवायु परिवर्तन अनुकूलन | ४०३५०० | १.४८ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन | ९००० | ०.०३ |
| **५** | **संस्थागत विकास तथा सुशासन** | **५६२६००** | **२.०६** |
| ५.१ | नीति, कानुन तथा सेवा प्रवाह | १९२५० | ०.०७ |
| ५.२ | संगठन तथा क्षमता विकास | २२३१५० | ०.८२ |
| ५.३ | न्याय सम्पादन | ९४०० | ०.०३ |
| ५.४ | स्रोत परिचालन | १८६५० | ०.०७ |
| ५.५ | विकास व्यवस्थापन | २९२१५० | १.०७ |
|  | **कुल जम्मा** | **२७३०३९५०** | **१००.००** |

विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायको वृत्तचित्रमा प्रस्तुत गरिएको छ।




## ९.३ स्रोत अनुमान तथा प्रक्षेपण

यो प्रथम विकास योजना महानगरपालिकाको नेतृत्व तथा महानगर विकासका सरोकारवालाहरूको सार्थक सहयोग र प्रयत्नबाट कार्यान्वयन हुनेछ । योजनाको अपेक्षित नतिजा हासिल गर्न तर्जुमा गरिएको कार्यान्वयन/लगानी योजनामा महानगरपालिकाले आन्तरिक र बाह्य स्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाबाट लगानी हुन सक्ने स्रोतहरूको प्रक्षेपण गरिएको छ। यस योजना अवधिमा आन्तरिक, बाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा कुल १८ अरब १० करोड ७६ लाख ५३ हजार स्रोत उपलब्ध हुन सक्ने अनुमान छ। स्रोतअनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६१ : प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट (रु. हजारमा)**

| क्रसं | शीर्षक | यथार्थ आय | | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | आव २०७५/७६ | आव २०७६/७७ | आव २०७७/७८ | आव २०७९/८० | आव २०७९/८० | आव २०८०/८१ |
| १ | **आन्तरिक स्रोत** | १,०३०,२६५ | ८१५,२४४ | १,८०८,१११ | १,५८१,६८९ | १,८५८,८८२ | २,०५०,९३१ |
| २ | **राजस्व बाँडफाट** | ५६४,२३३ | ६८९,६९८ | ६९७,१०१ | ९०२,९३४ | ९७४,७०६ | १,०५२,७२८ |
| | संघीय सरकार | २८४,६१८ | २६२,४९६ | ३०६,४०० | ३०८,५५८ | ३२३,९८६ | ३४०,१८५ |
| | प्रदेश सरकार | २७९,६१५ | ४२७,२०२ | ३९०,७०१ | ५९४,३७६ | ६५०,७२० | ७१२,५४३ |
| ३ | **रोयल्टी बाँडफाँट (संघीय सरकार)** | | | | ३,५९७ | ३,७७७ | ३,९६५ |
| ४ | **अनुदान** | २,८६९,६०१ | २,०६७,०३७ | २,९५३,१२७ | २,९७३,६५४ | ३,२७२,३३७ | ३,४२८,४५४ |
| | **संघीय सरकार** | २,५८७,००५ | २,०००,९८२ | २,६३७,१६१ | २,५६१,६०० | २,८३९,६८० | २,९७४,१६४ |
| | समानीकरण अनुदान | ६१४,४०० | ६००,२०० | ५७७,३०० | ६२९,१०० | ६६०,५५५ | ६९३,५८३ |
| | ससर्त अनुदान | १,३०६,७५५ | १,३०७,५८२ | १,९०९,८६१ | १,८९६,४०० | १,९९१,२२० | २,०९०,७८१ |
| | विशेष अनुदान | | ४५,२०० | ९०,००० | ३६,१०० | ३७,९०५ | ३९,८०० |
| | समपूरक अनुदान | ११४,५९९ | ४८,००० | ६०,००० | | १५०,००० | १५०,००० |
| | अन्य अनुदान | ५५१,२५१ | | | | | |
| | **प्रदेश सरकार** | ३६,२७५ | ३६,५०९ | १०५,९६६ | १७२,०५४ | १८०,६५७ | १८९,६९० |
| | समानीकरण अनुदान | २०,५७३ | २१,४४४ | २०,९६६ | ८२,८०४ | ८६,९४४ | ९१,२९१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ससर्त अनुदान | १५,७०२ | १०,००० | २५,००० | २६,२५० | २७,५६३ | २८,९४१ |
| | समपूरक अनुदान | | ५,०६५ | ६०,००० | ६३,००० | ६६,१५० | ६९,४५८ |
| | **अन्य आन्तरिक अनुदान** | **२४६,३२२** | **२९,५४५** | **२१०,०००** | **२४०,०००** | **२५२,०००** | **२६४,६००** |
| | **जम्मा आय** | **४,४६४,१००** | **३,५७१,९७९** | **५,४५८,३३९** | **५,४६१,८७३** | **६,१०९,७०१** | **६,५३६,०७८** |

*स्रोत : राजस्व सुधार कार्ययोजना, पोखरा महानगरपालिका, २०७८*

## ९.४ स्रोत परिचालन रणनीति

यस योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम सञ्चालन गरी अपेक्षित नतिजा हासिल गर्न योजना अवधिको ३ वर्षमा विभिन्न स्रोतहरूबाट कुल १८ अर्ब १० करोड ७६ लाख ५३ हजार स्रोत उपलब्ध हुने प्रक्षेपण गरिएको छ । यस योजना प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न २७ अर्ब ३० करोड ३९ लाख ५० हजार रुपैयाँ स्रोत आवश्यक हुने अनुमान गरिएको छ । योजनाको प्रस्तावित लक्ष्य तथा उद्देश्य हासिल गर्न ९ अर्ब १९ करोड ६२ लाख ९७ हजार स्रोत अपुग हुने देखिन्छ । यससम्बन्धी विवरण देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ६२ : अनुमानित बजेट तथा उपलब्ध बजेट प्रक्षेपण**

| आवधिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा उपलब्ध बजेट अनुमान | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| आवश्यक स्रोत अनुमान (३ आर्थिक वर्षका लागि) | २७,३०३,९५० | १०० |
| उपलब्ध हुन सक्ने स्रोतको प्रक्षेपण (३ आर्थिक वर्षमा) | १८,१०७,६५३ | ६६ |
| नपुग स्रोत | ९,१९६,२९७ | ३४ |

यस योजना कार्यान्वयनका लागि आवश्यक तथा नपुग स्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ ।


- **आन्तरिक स्रोत प्रभावकारी परिचालनमा थप जोड दिने** : (सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर, विज्ञापन कर, फोहोरमैला व्यवस्थापन शुल्क, पर्यटन शुल्क, पार्किङ शुल्क, स्वामित्वमा भएका सम्पत्तिहरूको परिचालन जस्ता महत्वपूर्ण तथा सम्भाव्य स्रोतहरूको दायर बढाई संकलन प्रणालीलाई प्रभावकारी बनाउने ।)
- **संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने** :वृहत् आयोजना सञ्चालनका लागि नेपाल सरकार र विकास साझेदारसँग अनुरोध तथा पैरवी गर्ने ।
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक तथा विशेष अनुदानको वृद्धिका लागि आवश्यक पहल गर्ने ।
- गैसस तथा विकास साझेदारसँग थप साझेदारी र सहकार्य गर्ने ।
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा वृद्धि गर्ने ।
- नीति क्षेत्रको लगानी र साझेदारी अभिवृद्धि गर्ने ।
- उत्पादनमूलक तथा आयमूलक आयोजनाका लागि आन्तरिक ऋण परिचालन गर्ने ।
- अन्तर स्थानीय सरकार संयुक्त लगानीका आयोजना छनोट गरी स्रोत परिचालन गर्ने ।

- समुदाय तथा निजी क्षेत्रसँग लागत साझेदारी (६०: ४०) मा कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने ।

## ९.५ योजना कार्यान्वयन

त्रिवर्षीय योजनाको कार्यान्वयन वार्षिक बजेट तथा कार्यक्रममार्फत् गरिनेछ । यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवम् कार्यक्रमलाई आधार लिइनेछ । आवधिक विकास योजनामा आधारित भई तीन वर्षको खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गरिनेछ । मध्यकालीन खर्च संरचनाबमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक बजेट तयार गरी योजनाको कार्यान्वयन गरिनेछ ।

यसैगरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना र योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिइने छ । योजनाको स्वीकृतिपछि कार्यपालिकाबाट सबै विषयगत समिति एवम् शाखा, सबै वडा कार्यालय तथा सम्बद्ध सरोकारवालालाई वार्षिक बजेट तथा कार्यक्रममार्फत् योजनाको कार्यान्वयनका लागि लिखित रूपमा जानकारी प्रदान गरिनेछ । आयोजना बैंक, मध्यमकालीन खर्च योजना र सोबमोजिम वार्षिक योजना तर्जुमा गरी आवधिक योजना कार्यान्वयन गरिनेछ । स्थानीय सरकारले तर्जुमा गर्नुपर्ने आवधिक, विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना र वार्षिक बजेट तथा कार्यक्रम (योजना) बीचको अन्तरसम्बन्ध देहायअनुसार रहनेछ ।



## ९.६ अनुगमन तथा मूल्यांकन

योजनाबद्ध विकास प्रणालीको थालनीसँगै विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्यांकन पद्धतिको विकास भएको हो । योजनाको प्रभावकारी र सार्थक कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका हुन्छ । मुलुक संघीय संरचनामा रूपान्तरण भइसकेको सन्दर्भमा अनुगमन तथा मूल्यांकनमा स्थानीय सरकारको भूमिकालाई स्पष्ट बनाउन तथा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नसमेत अनुगमन तथा मूल्यांकन प्रणालीले थप प्रभावकारी र सशक्त भूमिका खेलेको हुन्छ ।

नीति/योजना/कार्यक्रमको कार्यान्वयन स्थिति मापन गर्न तथ्य र सूचनाहरूको नियमित संकलन तथा विश्लेषण एवम् वास्तविक र आशातीत परिमाणबीचको तुलना गर्ने प्रक्रिया नै अनुगमन हो । नीति योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन अन्तर्गत पर्दछ । त्यसैगरी प्राप्त उपलब्धिलाई अपेक्षित नतिजासँग तुलना गरी सोको सान्दर्भिकता, दक्षता, प्रभावकारिता, प्रभाव र दिगोपनाको लेखाजोखा गर्ने कार्य नतिजामूलक मूल्यांकनमा गरिन्छ ।

त्रिवर्षीय विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन, अनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी योजनाले उल्लिखित गरेका प्रभाव, असर, लक्ष्य, प्रतिफल तथा नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्ने हुन्छ । योजना कार्यन्वयनको दौरानमा आइपर्ने समस्याहरूको समाधान तथा गरिएका लगानी तथा स्रोतसाधनको प्रभाव आशातित ढंगबाट भए नभएको जानकारी प्राप्त गर्न अनुगमन तथा मूल्यांकनको आवश्यकता पर्छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ । तथापि यस कार्यमा सुपरिवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नुपर्ने हुन्छ । आवधिक नगर विकास योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन ढाँचा देहायअनुसार छ ।

**तालिका ६३ : आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन ढाँचा**

| नतिजा शृंखला | नतिजा मापन गर्ने सूचकहरू | | | उपलब्धि वर्षमा | | | अनुगमनका साधन तथा मापन विधि | अनुगमनको समय | अनुगमनको जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | आधाररेखा | लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | | | |
| प्रभाव | | | | | | | | | |
| असर | | | | | | | | | |
| प्रतिफल | | | | | | | | | |
| कार्यक्रम र आयोजना | | | | | | | | | |

### *९.६.२ अनुगमन तथा मूल्यांकनको जिम्मेवारी*

आवधिक नगर विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि उल्लिखित प्रभाव, असर, प्रतिफल तथा नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन रहनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको

मापन गर्ने सम्पूर्ण जिम्मेवारी नगर कार्यपालिको हुनेछ। यस कार्यमा अनुगमन समिति तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ। आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकनको जिम्मेवारी देहायअनुसार रहनेछ।

- नगर कार्यपालिका
- सुपरिवेक्षण तथा अनुगमन समिति र विषयगत समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा, उपशाखा, इकाई, परियोजना, संघ/संस्था
- नागरिक समाज संस्था तथा तेस्रो पक्ष

### *९.६.३ अनुगमन तथा मूल्यांकन प्रक्रिया*

आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकनका साधन तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचाअनुसार वार्षिक समीक्षा
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्यांकन)

आवधिक तथा वार्षिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकनको प्रक्रिया देहायअनुसार रहनेछ। यसबमोजिम नातिजमूलक अनुगमन तथा मूल्यांकन योजना तयार गरी आवधिक नगर विकास योजनासमेत वार्षिक योजनाको अनुगमन तथा मूल्यांकनको व्यवस्था नगर कार्यपालिकाको रहनेछ।

**तालिका ६४ : आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| के गर्ने ? | कसले गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? | पुस्ट्याइँका आधारहरू |
|---|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन तथा मूल्यांकन | - सुपरिवेक्षण तथा अनुगमन समिति<br>- वडा समिति<br>- विषयगत शाखा तथा इकाई<br>- सरकारी तथा गैसस परियोजना | - पटके<br>- मासिक<br>- चौमासिक<br>- वार्षिक | - स्थलगत अनुगमन गर्ने<br>- चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- विषयगत समिति र कार्यपालिका बैठकमा समीक्षा गर्ने | - मासिक प्रगति प्रतिवेदन<br>- चौमासिक प्रगति प्रतिवेदन<br>- गुणस्तर अनुगमन प्रतिवेदन<br>- तस्बिरहरू<br>- बैठक माइन्युट |
| प्रतिफल अनुगमन तथा मूल्यांकन | - नगर कार्यपालिका<br>- सुपरिवेक्षण तथा अनुगमन समिति | - चौमासिक<br>- अर्धवार्षिक<br>- वार्षिक | - स्थलगत अनुगमन गर्ने<br>- वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- विषयगत समिति र | - चौमासिक प्रगति प्रतिवेदन<br>- वार्षिक समीक्षा प्रतिवेदन<br>- वस्तुस्थिति विवरण<br>- तस्बिरहरू |

| के गर्ने ? | कसले गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? | पुस्ट्याइँका आधारहरू |
|---|---|---|---|---|
| | | | कार्यपालिका बैठकमा समीक्षा गर्ने<br>- सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | |
| असर तह अनुगमन तथा मूल्यांकन | - नगर कार्यपालिका<br>- सुपरिवेक्षण तथा अनुगमन समिति<br>- तेस्रो पक्ष | - वार्षिक<br>- मध्यावधि<br>- अन्तिम वर्ष | - सहभागितामूलक छलफल तथा गोष्ठी गर्ने<br>- नतिजामूलक अनुगमन खाकाअनुसार नतिजा मापन गर्ने<br>- नमुना सर्वेक्षण गर्ने<br>- कार्यपालिका बैठकमा समीक्षा गर्ने<br>- आयोजना कार्यक्रमको कार्यसम्पादन प्रतिवेदन तथा विश्लेषण गर्ने<br>- आयोजना तथा कार्यसम्पादन स्थिति र खर्च विविरण अध्ययन गर्ने | - मध्यावधि समीक्षा प्रतिवेदन<br>- असर अनुगमन प्रतिवेदन<br>- वार्षिक समीक्षा प्रतिवेदन<br>- अध्ययन र सर्वेक्षण प्रतिवेदन<br>- वस्तुस्थिति विवरण |
| प्रभाव तह अनुगमन तथा मूल्यांकन | - नगर कार्यपालिका<br>- सुपरिवेक्षण तथा अनुगमन समिति<br>- तेस्रो पक्ष<br>- सरोकारवाला | - योजना अवधि समाप्तिको २ वर्षपछि<br>- मध्यावधि अन्तिम वर्ष | - नतिजामूलक अनुगमन खाकाअनुसार नतिजा मापन गर्ने<br>- सहभागितामूलक छलफल गर्ने<br>- अध्ययन तथा सर्वेक्षण गर्ने<br>- कार्यपालिका तथा सभाको बैठकमा समीक्षा गर्ने | - प्रभाव मूल्यांकन प्रतिवेदन<br>- प्रभाव अनुगमन प्रतिवेदन<br>- अध्ययन र सर्वेक्षण प्रतिवेदन<br>- मध्यावधि समीक्षा<br>- वस्तुस्थिति विवरण<br>- आयोजना र कार्यक्रम प्रभाव मूल्यांकन प्रतिवेदन |

# अनुसूचीहरु

## अनुसूची १ : क्षेत्रगत स्थिति विश्लेषण विवरण

### आर्थिक नीति तथा राजस्व व्यवस्थापन

| उपक्षेत्रहरू | सिकाइहरू | सबल पक्षहरू | अवसरहरू | सम्भावनाहरू |
|---|---|---|---|---|
| १. आर्थिक नीति | १. कर शिक्षा सचेतनाको वृद्धि गर्नुपर्ने<br>२. दोहरो कर प्रणाली हटाउन पहल गर्नुपर्ने<br>३. सार्वजनिक निजी साझेदारी लागु गर्नुपर्ने<br>४. वडा कार्यालयहरूबाट सेवासुविधा प्रदान गर्नुपर्ने | १. आर्थिक ऐन नियमहरूको व्यवस्था<br>२.सम्पति कर मूल्यअनुसार तिर्नुपर्ने प्रावधान<br>३. कर छुटको व्यवस्था | १. करको दायरा फराकिलो<br>२. कर तिर्ने वातावरण निर्माण भएको<br>३. करलाई डिजिटल प्रणालीमा स्तरोन्नति गर्न सकिने | १. नीति बनाएर करको दायरा फराकिलो बनाउने<br>२. कर चुहावट रोक्न संयन्त्र निर्माण गर्ने<br>३. करदाता शिक्षा लागु गर्नुपर्ने<br>४. करदाताको डिजिटल प्रोफाइल तयार गर्ने |
| २. राजस्व संकलन तथा सदुपयोग | १. वडा कार्यालयबाट समेत राजस्व बुझाउने प्रावधान लागु हुनुपर्ने<br>२. प्रशासनिक खर्च घटाउनुपर्ने | १. लक्ष्यअनुसारको राजस्व संकलन हुनु<br>२. कर तिरेको प्रमाणका आधारमा सेवा सुविधा पाइने<br>३. संकलित राजस्व स्थानीय निकायले स्वतन्त्र रूपमा प्रयोग गर्न पाउने | १.कर छुटको व्यवस्था<br>२. असल करदातालाई पुरस्कारको व्यवस्था<br>३. करदातालाई अन्य सेवामा सहुलियत | १. निश्चित मापदण्ड बनाएर कर छुटको नीति ल्याउने<br>२. मापदण्ड बनाएर पुरस्कृत गर्ने<br>३. दोहोरो कर हटाउन बहस तथा पैरवी गर्ने |
| ३. संघीय बजेट | १. ससर्त अनुदान खर्च हुन नसकेमा फिर्ता जाने प्रावधान भएकोले समयमा नै काम गर्नुपर्ने<br>२. स्थानीय तह एवम् निकायसँग समन्वय गर्नुपर्ने<br>३. रकम निकासा सहज बनाउनुपर्ने | १. महानगरपालिकाको कुल बजेटको ५० प्रतिशतभन्दा बढी बजेट संघबाट प्राप्त हुने अवस्था | १. प्रशस्त योजनाहरू छनोट हुने | १. योजना छनोट र कार्यान्वयन नीति बनाएर लागु गर्ने र समयमै काम सम्पन्न गर्ने गरी मात्र योजना स्वीकृत गर्ने |
| ४. प्रदेश बजेट | नियमित समन्वय हुनुपर्ने | केही मात्रामा भए पनि योजनाहरू छनोट हुनु | समन्वय गरी बजेट बढाउन पहल गर्नुपर्ने | नियमित अन्तर्क्रिया तथा समन्वय गर्नुपर्ने |
| ५. बजेट तर्जुमा प्रक्रिया | १. बजेट तर्जुमा सहज र सहभागितामूलक हुनुपर्ने | बस्तीस्तरबाट योजना छनोट हुनुपर्ने | टोल विकास समितिको गठन भएको र हरेका | निश्चित मापदण्ड बनाएर समयमै बजेट तर्जुमा शुरु गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रक्रियामा सहभागिता हुने | |
| ६. निकासी तथा खर्च फछ्र्योट | १. आर्थिक वर्षको अन्तिम समयमा काम फछ्र्योट गर्ने र भुक्तानी माग गर्ने प्रक्रियाको अन्त्य गर्नुपर्ने<br>२. आर्थिक सदाचारिता कायम गर्नुपर्ने | १. कार्य सम्पन्न भएको विवरणअनुसार भुक्तानी समयमा हुनुपर्ने<br>२. महानगरपालिका जनप्रतिनिधिहरू र कर्मचारीहरूमा सदाचारिताको भाव हुनुपर्ने | १. वडा कार्यालय तथा टोल विकास संस्थाहरूसँगको समन्वय<br>२. कर्मचारी र जनप्रतिनिधिबीच समन्वय बढाउनुपर्ने | १. निश्चित मापदण्ड बनाएर मात्रै बजेट निकासा तथा फछ्र्योट गर्नुपर्ने<br>२. निश्चित समयको अन्तरालमा कर्मचारी र जनप्रतिनिधिको बैठक आयोजना गर्ने |

## आर्थिक क्षेत्र

| उपक्षेत्रहरू | सिकाइहरू | सबल पक्षहरू | अवसरहरू | सम्भावनाहरू |
|---|---|---|---|---|
| १. कृषि विकास | १. गुणस्तरीय मल गुणात्मक र संख्यात्मक मात्रामा उपलब्ध हुनुपर्ने<br>२. घुलनशील मलको नियमित आपूर्ति हुनुपर्ने<br>३. नियमित सिँचाइको व्यवस्था हुनुपर्ने<br>४. प्राविधिक विज्ञको उपलब्धता हुनुपर्ने<br>५. भू-उपयोग नीति हुनुपर्ने<br>६. आधुनिक खेती प्रणाली हुनुपर्ने<br>७. उद्यमशीलताको विकास हुनुपर्ने<br>८. गुणस्तर जाँच गर्ने सयन्त्र बनाउनुपर्ने<br>९.पेटेन्ट राइट दर्ता गरिनुपर्ने<br>११. प्राकृतिक प्रकोपको क्षतिपूर्ति व्यवस्थापन र राहतसम्बन्धी कार्यविधि तथा नीति हुनुपर्ने<br>१२. जलवायु परिवर्तन अनुकूलन प्रविधि हुनुपर्ने | १. भूमिगत सिँचाई, उपभोक्ता समिति, सेती नदीबाट नहर प्रणाली<br>२. खेतीयोग्य जमिन हुनु<br>३. बाली बिमा कार्यक्रम<br>४. कृषि सडक, सञ्जालको उपलब्धता<br>५. कृषि एप्सको व्यवस्था<br>६. सहुलियत कृषि ऋणको उपलब्धता<br>७. कृषि अनुदानको प्रावधान<br>८. विषयगत जनशक्तिको उपलब्धता<br>९. व्यवसायी कृषिको मापदण्ड तयार<br>१०. व्यवसाय अगुवा कृषक<br>११. स्थानीय स्तरमा बीउको आपूर्ति<br>१२. लेखनाथ तथा अन्य वडाहरूमा कृषि बजारको व्यवस्था | १. उत्पादन लागत घटाउने उत्पादकत्व बढाउने<br>२. आधुनिक प्रणाली अपनाएर खाद्यान्न, फलफूल र दलन उत्पादकत्व बढाउने ।<br>३. बहुबाली खेती प्रणाली अपनाउन सकिने ।<br>४. कोल्ड स्टोर बनाउन सकिने<br>५. बीउ उत्पादन तथा बीउ बैंक<br>६. लिजहोल्ड खेती, कन्ट्याक्ट फार्मिङ नीति बनाई व्यवसायीकरण गर्न सकिने<br>७. पब्लिक लिमिटेड कम्पनीमार्फत् व्यावसायिक खेती प्रणालीको विकास गर्न सकिने ।<br>८. पब्लिक लिमिटेड कम्पनीमार्फत् कृषि बजारको | १. कृषकको व्यावसायिक उत्पादन योजना<br>२. बाली पात्रोअनुसार उत्पादन<br>३. बहुउद्देश्यीय नर्सरीको स्थापना<br>४. कृषक पाठशालाको स्थापना<br>५. नयाँ बाली परीक्षण प्रदर्शन स्थलहरूको स्थापना<br>६. पकेट क्षेत्रको स्थापना<br>७. कोल्ड स्टोरको स्थापना<br>८. माटो परीक्षण केन्द्रको स्थापना<br>९. सामूहिक खेती प्रणालीको विकास |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था गर्ने । | |
| २. पशुपन्छी विकास | १. चरिचरन क्षेत्रको व्यवस्था गर्नुपर्ने<br>२. पशुपन्छी विज्ञको उपलब्धता हुनुपर्ने<br>३. नस्ल सुधार तथा उन्नत जातको पशु पन्छीहरूको उपलब्धता हुनुपर्ने<br>४. ह्याचरीको व्यवस्था हुनुपर्ने<br>५. फ्रेस हाउसको व्यवस्था हुनुपर्ने<br>६. छाडा चौपाया नियन्त्रण हुनुपर्ने<br>७. घाँसका बिरुवाहरूको उपलब्धता | १. पशुपंक्षी आयात रोकथाममा नीति तयार<br>२. पशुपन्छी बिमा ऐन<br>३. पशु ऋण<br>४.सहुलियत ऋण | १. ह्याचरी स्थापना<br>२. दाना उद्योग,<br>३. खसी, माछा, राँगा, लोकल कुखुरापालन, गरी मासुमा आत्मनिर्भर हुँदै निर्यात गर्ने<br>४. स्वस्थ मासुको आपूर्ति गर्न सकिने | १. उन्नत जातका बाखा, गाईभैंसी, बंगुरपालन<br>२. लोकल तथा उन्नत जातका कुखुरापालन<br>३. घाँस खेतीको सम्भावना<br>४. सेवा केन्द्रको स्थापना<br>५. नस्ल सुधार केन्द्रको स्थापना<br>६. वधशाला स्थापना<br>७. कृषक तालिम केन्द्रको स्थापना<br>८. पशु स्वास्थ्य केन्द्रको स्थपना<br>. |
| ३. खाद्य सुरक्षा तथा पोषण | १. क्यालोरी र पोषणका आधारमा खाना छनोट गरिनुपर्ने<br>२. पोषणयुक्त चामल हुने धानको उत्पादन<br>३. खाद्य सुरक्षा तथा पोषणसम्बन्धी नीति बनाउनुपर्ने | १. पर्याप्त उत्पादन<br>२. पोषण खाने कुरामा सचेत<br>३. खाद्य भण्डारण गर्ने परम्परागत ज्ञान<br>४. ताजा बाली उत्पादन गर्ने परम्परा | १. खाद्य भण्डारण<br>२. रैथाने जातको उत्पादन तथा व्यवसायीकरण<br>३. पोषण सचेतना कार्यक्रमहरू<br>४. खाद्य उत्पादन तथा संरक्षण प्रविधि विकास | १. करेसाबारी तथा कौसी खेती कार्यक्रम<br>२. पोषण सूची तयार गरी उत्पदन गर्न अभिप्रेरित गर्ने<br>३. पोषण संरक्षण सचेतना कार्यक्रम<br>४. विद्यालयहरूमा पोषण प्रदर्शन कार्यक्रम |
| ४. सिँचाइ | १. नहरमा नियमित पानी उपलब्ध हुनुपर्ने<br>२. पानीको उचित र नियन्त्रित रूपमा प्रयोग गर्नुपर्ने<br>३. सिँचाई प्रविधिको विकास गर्नुपर्ने<br>४. नहरको नियमित मर्मतसम्भार गर्नुपर्ने | १. सेती नदी तथा तालहरू हुनु<br>२. भूमिगत सिँचाई<br>३.सानातिना खोलानाला | १. थोपा सिँचाई गर्ने<br>२. पानी सञ्चित<br>३. लिफ्टिङ सिँचाई गर्ने<br>४. पानी संकलन गरी प्रयोग तथा पुनर्भरण गर्ने | १. भइरहेका सिँचाइलाई व्यवस्थित गर्नुपर्ने<br>२. साना तथा मझौला सिँचाइको व्यवस्था गर्नुपर्ने<br>३. पानीको संरक्षण गर्ने |
| ६. भूमिव्यवस्था | १. वैज्ञानिक भूमि व्यवस्थापन हुनुपर्ने<br>२. भूमि उपयोग नीति तथा योजना हुनुपर्ने<br>२. भूमि सुरक्षित नभएको<br>३. अव्यवस्थित बसोबास<br>४. भूमि खण्डीकरण रोकिनुपर्ने | १. जग्गाधनीको पुर्जा<br>२. सीमा नक्सांक चार किल्ला<br>३. स्पष्ट मापदण्ड हुनुपर्ने | १. भूमि व्यवस्थापन नीति निर्माण गर्नुपर्ने<br>२. अनियन्त्रित बसोबास व्यवस्थापन गर्नुपर्ने<br>३. अतिक्रमण हटाउने<br>४. सार्वजानिक जमिनको सुरक्षा | १. भू-उपयोग ऐन तथा योजना निर्माण गर्ने<br>२. जमिनको वर्गीकरण गरी उत्पादकत्व बढाउनुपर्ने<br>३. सार्वजनिक जमिनको लागत तयार गरी अभिलेखीकरण<br>४. सार्वजनिक जमिनको संरक्षण |

| | | | | |
|---|---|---|---|---|
| ७. जलस्रोत | १. जलस्रोत व्यवस्थापन नीति हुनुपर्ने<br>२. पानी संकलन तथा सदुपयोगको कमी<br>३. पानी संरक्षणको संरक्षण तथा संवर्द्धनमा विशेष ध्यान दिनुपर्ने<br>४. जालाधार क्षेत्रको पहिरो नियन्त्रणमा ध्यान दिनुपर्ने | १. जलस्रोत पर्याप्त मात्रामा रहेको<br>२. खोला, ताल, तलैया नाला, नदी, भूमिगत जलस्रोत पर्याप्त भएको<br>३. जलाधार क्षेत्रमा वनजंगल भएको<br>४. जलाधार संरक्षणका लागि नागरिक सहभागिता भएको ( सामुदायिक वन) | १. जलस्रोतको सदुपयोग गरी जलमा आधारित व्यवसाय प्रवर्द्धन<br>२. सेती नदी, काहुखोला तथा अन्य नदीहरू र तालहरूबाट सिँचाइ गर्न सकिने<br>३. भूमिगत जलस्रोतको सम्भावना ४. लिफ्ट सिँचाइको अवसर | १. जल उपयोग जनचेतना<br>२. पानीका मुहानहरूको संरक्षण गर्ने<br>२. पानी उद्योग सञ्चालन<br>४. पानी शुद्धीकरण<br>५. जलाधार क्षेत्रको वन व्यवस्थापन |
| ८. वन तथा वनस्पति सम्पदा | १. वन अतिक्रमण रोक्नुपर्ने<br>२. नागरिक सचेतनामा वृद्धि गर्नुपर्ने<br>३. वन नीति निर्माण गर्नुपर्ने<br>४. बाटो किनारा, पार्क तथा निजी जमिनका रुखहरूको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने<br>५. सडक किनार तथा नदी किनारहरूमा वृक्षरोपण गर्नुपर्ने<br>६. मानववन्य जन्तु द्वन्द्वको अन्त्य गर्नुपर्ने<br>७. वनको सीमा अतिक्रमण हुनु पर्ने<br>८. सुनाखरीलगायत अमूल्य प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने<br>९. वन संरक्षण तथा व्यवस्थापनमा महानगरपालिकाको भूमिका सुनिश्चित हुनुपर्ने | १. रामसार क्षेत्र, जल तथा वनमा जैविक विविधता<br>२. सामुदायिक वन, धार्मिक वनको उपलब्धता<br>३. निजी वनको उपलब्धता<br>४. महानगरपालिकाको ४५ प्रतिशतभन्दा बढी क्षेत्रफल वनजंगलले ढाकेको<br>५. महानगरपालिकाभित्र वन विज्ञान अध्ययन संस्थान हुनु | १. रेड प्लसका लागि पहल गर्ने<br>२. जडीबुटी व्यवसाय सञ्चालन<br>३. एग्रोफोरेस्टी बनाउन सकिने<br>४. वैज्ञानिक वन व्यवस्थापन<br>५. इको पर्यटन प्रवर्द्धन<br>६. हरित सडक हरित सहर अवधारणा<br>७. वनमा आधारित उद्योग स्थापना तथा सञ्चालन<br>८. सामुदायिक वनहरूको व्यवसायीकरण | १. जडीबुटी रोपण<br>२. वृक्षरोपण<br>३. नर्सरी स्थापना<br>४. वन डढेलोविरुद्ध जनचेतना<br>५. सामुदायिक वनको सबलीकरण<br>६. निजी तथा पारिवारीक वन विकास<br>७. कृषि वन प्रविधि विकास<br>८. मानव वन्यजन्तु द्वन्द्व निवारण संयन्त्र विकास<br>९. वन क्षेत्रको सीमा निर्धारण गरी संरक्षण |
| ९. खनिज सम्पदा | १. खनिजको अवस्था खोजबिन हुनुपर्ने<br>२. महानगरपालिकामा रहेका खनिजजन्य पदार्थहरूको प्रोफाइल तयार गर्न सकिने | १. नदी तथा तालजन्य खनिज पदार्थको उपलब्धता<br>२. ढुंगाको विशेष उपलब्धता | १. खानीबारे अध्ययनअनुसन्धान गर्नुपर्ने<br>२. नदीजन्य खानी पदार्थको व्यवस्थापन<br>३. पोखराको ढुंगाको विशेष पहिचान स्थापना गरी व्यवसायीकरण | १. सबै प्रकारका खनिजजन्य वस्तुहरूको अध्ययन गरी प्रोफाइल तयार गर्ने<br>२. उपलब्ध खनिज पदार्थहरूको व्यवस्थापनका लागि नीति निर्माण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| १०.उद्योग | १. पर्याप्त ऊर्जाको व्यवस्था गर्नुपर्ने<br>२. पूँजीको तथा प्रविधिको पर्याप्तता हुनुपर्ने<br>३. स्थानीय तहमा पर्याप्त कच्चापदार्थको उपलब्धता<br>४. महानगरपालिका, सहकारीहरू र महानगरवासीको लगानीमा आर्थिक विकासका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने<br>५. वातावरण तथा संस्कृतिमैत्री उद्योगहरूको स्थापना तथा विकास गर्नुपर्ने<br>६. उद्योगहरूको प्रदुषण नियमित रूपमा मापन गर्नुपर्ने | १. पोखरा र लेखनाथमा संगठित रूपमा उद्योग वाणिज्य संघ हुनु<br>२. ग्रामीण भेगमा कच्चापदार्थ उपलब्ध हुनु<br>३. सहकारीहरूमा पर्याप्त नगद मौज्दात हुनु<br>४. बजार तथा यतायातको सहज पहुँच हुनु<br>५. जनशक्ति उपलब्ध हुनु<br>६. प्रविधिमा पहुँच हुनु | १. लघु, साना, मझौला तथा ठूला उद्योगहरू सञ्चालन गर्न सकिने<br>२. महानगरपालिका र सबै वडाहरूमा उद्योग सञ्चालन गर्न सकिने | १. वडाको विशेषताअनुसार प्रत्येक वडामा उद्योगहरू सञ्चालन गर्न सकिने<br>२. सहकारीको निष्क्रिय पूँजीलाई उद्योगमार्फत् सक्रिय बनाउन सकिने<br>३. महानगरपालिका, महानगरबासी र सहकारीको सहभागितामा पब्लिक लिमिटेड कम्पनीको स्थापना गरी सबै वडाहरूमा उद्योग सञ्चालन गर्ने |
| ११. वाणिज्य | १. उद्यमशीलता तथा व्यावसायिक ज्ञानको जानकारी हुनुपर्ने<br>२. ग्राहकको चाहनाअनुसारको उत्पादन हुनुपर्ने<br>३. बजारमा गुणस्तरीय सामानको उपलब्धता गराउन नियमित अनुगमन हुनुपर्ने<br>४. मूल्यसूची अनिवार्य लागु गरिनुपर्ने<br>५. अस्पताल, औषधि पसल, नर्सिङ होमहरूमा मूल्यसूची अनिवार्य रूपमा लागु गरिनुपर्ने<br>६. व्यवसायसम्बन्धी निर्देशिका जारी गरिनुपर्ने<br>७. कर प्रणाली सहज र पारदर्शी हुनुपर्ने | १. सानो पुँजीमा पनि व्यवसाय गर्न सकिएको<br>२. धेरै व्यक्तीले यो व्यवसाय गर्न सक्ने<br>३. रोजगारी सिर्जना भएका हुने | १. बस्ती विस्तारसँगै ससना व्यवसाय सञ्चालन गर्न सकिने | १. वाणिज्य नीति निर्माण गरी लागु गर्ने |
| १२. आपूर्ति | १. गुणस्तरिय स्रोतसाधन प्याकेजिङ र लेबलिङको व्यवस्था हुनुपर्ने<br>२. महानगरभित्र उत्पादित वस्तुहरूको महानगरले ब्रान्ड प्रमाणित गर्नुपर्ने ।<br>२. समुदायमा आधारित आपूर्ति संयन्त्र | आपूर्तिका लागि साधनहरूको पर्याप्तता | १. सहज तरिकाबाट आपूर्ति गर्न मिल्ने<br>२. पब्लिक लिमिटेड कम्पनीहरूमार्फत् भण्डारणको व्यवस्था गर्नुपर्ने | १. वडा स्तरमा भण्डारहरूको व्यवस्था गर्ने<br>२. पब्लिक लिमिटेड कम्पनीहरू तथा सहकारीहरूमार्फत् नागरिकहरूको व्यवस्थापनमा सुलभ पसलहरूको व्यवस्थापन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | हुनुपर्ने | | | |
| | | सहज तरिकाबाट आपूर्ति | | |
| १३. पर्यटन | १. प्रचारप्रसार गर्ने<br>२. सडक सञ्जाल र पदयात्राको वृद्धि<br>३. पर्यटन नीति बनाउनुपर्ने<br>४. व्यावसायिक क्षमता हुनुपर्ने<br>५. दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने<br>६. पर्यटन चेतना र व्यावसायिक कौशलता हुनुपर्ने<br>७. सरसफाइ तथा पर्यटन पूर्वाधार<br>८. महानगरपालिकामा पर्यटन महाशाखा र पर्यटन परिषदको गठन गर्नुपर्ने | १. ९ ओटा ताल<br>२. हरियाली वातावरण, सुन्दर जंगल<br>३. सेती नदी तथा काहुँ खोला तथा स्वच्छ पानीका स्रोतहरू<br>४. विविध संस्कृति<br>५. स्वादिष्ट खाना परिकारहरू<br>६. मनोरम हिमाली दृश्य र फेवा, बेगनास र रूपातालमा छाया<br>७. अन्तर्राष्ट्रिय विमानस्थल<br>८. पोखरा-दिल्ली यातायात सञ्चालन<br>९. विभिन्न सहरहरूसँग भगिनी सम्बन्धहरू<br>१०. पर्याप्त स्तरीय होटल तथा रेस्टुरेन्टहरू<br>११. दक्ष जनशक्तिको उपलब्धता<br>१२. प्याराग्लाइडिङ्ग<br>१३. साइकल रुट<br>१४. संगठित पर्यटन व्यवसाय | १. पर्यटकीय उत्पादकहरूमा विविधता ल्याई पयर्टन बसाइ लम्ब्याउने<br>२. गुणस्तर र विश्वासिलो सेवा तथा वस्तुहरूको उपलब्ध गराई दैनिक खर्च रकम बढाउने<br>३. पर्यटन व्यवसायको दक्षतामा अभिवृद्धि<br>४. पर्यटन प्रवर्द्धन गर्न विभिन्न भाषाहरूमा प्रचार प्रसार<br>५. विभिन्न भाषाहरूमा गीत, संगीत तथा डकुमेन्ट्री तयार गर्ने<br>६. विद्युतीय सञ्जालहरूको प्रवर्द्धन<br>७. सबै तालहरूमा पैदल तथा साइकल चलाउन मिल्ने गरी सडक निर्माण गर्ने।<br>८.पर्यटक उत्पादनहरूको वृद्धि गर्ने<br>९. पर्या पर्यटनको विकास गर्ने | १. प्रचारप्रसार (वेबसाइट, युट्युब च्यानल, न्युज लेटर)<br>२. पर्यटन नीति निर्माण<br>३. महानगर स्तरीय पर्यटन परिषद् र महाशाखा गठन तथा विस्तार<br>४. पर्यटन गन्तव्य स्थलहरूको सूची निर्माण तथा प्रचारप्रसार<br>५. साइकल मार्ग, तालहरूमा पदमार्ग, साइकल स्ट्यान्ड, प्रतीक्षालय, शौचालय स्थापना<br>६. सूचना केन्द्रको स्थापना<br>७. एकीकृत प्रवेश शुल्कको व्यवस्था<br>८. पर्यटन चिकित्सक, सूचना केन्द्र, पर्यटन एम्बुलेन्सको व्यवस्था<br>९. वार्षिक रूपमा पर्यटन सम्मेलन आयोजना<br>१०. पर्यटन शैक्षिक प्रतिष्ठानको स्थापना<br>११. पर्यटन प्रवर्द्धन तालिम केन्द्रको स्थापना<br>१२. जिप सफारी मार्गको स्थापना<br>१३. विज्ञान पर्यटन प्रवर्द्धन<br>१४. सांस्कृतिक समूह निर्माण तथा प्रवर्द्धन<br>१५. मेयर साइकल प्रतिस्पर्धा |
| १४. वैदेशिक रोजगार | १. वैदेशिक रोजगारमा जानेको तथ्यांक हुनुपर्ने<br>२. वैदेशिक रोजगारबाट फर्केकासँग भएको सीपको तथ्याक राख्नुपर्ने | १. पूँजी, सीप र विप्रेषण भित्रिएको छ<br>२. वैदेशिक रोजगारबाट फर्किनेहरूमा श्रम र संस्कृतिप्रति | १. पूँजी र सीपको उत्पादनमूलक कार्यमा प्रयोग गर्न सकिने<br>२. वैदेशिक रोजगारबाट | १. वैदेशिक रोजगारीको तथ्यांक संकलन गरी लागत राख्नुपर्ने<br>२. वैदेशिक रोजगारमा गएका परिवारलाई आर्थिक सदुपयोगसम्बन्धी तालिम दिने |

| | | | | |
|---|---|---|---|---|
| | ३. वैदेशिक रोजगारबाट फर्केकाहरूका लागि स्थानीय तहमा रोजगारसम्बन्धी नीति बनाउनुपर्ने<br>४. वैदेशिक रोजगारीसम्बन्धी नीति निर्माण गर्नुपर्ने<br>५. युवा पलायन रोक्नुपर्ने | विशेष चासो र मोह बढेको<br>३. उत्पादनमूलक लगानीको सम्भावना बढेको | फर्केकाहरूका लागि स्थानीय तहमा रोजगारसम्बन्धी नीति बनाउन सकिने<br>३. वित्तीय संस्थाहरूसँग सहकार्य गरी पुँजीको व्यवस्था गर्न सकिने<br>४. पब्लिक लिमिटेड कम्पनीमार्फत् रोजगार उपलब्ध गराउने | ३. वैदेशिक रोजगारबाट फर्केकाहरूलाई सहजकर्ताका रूपमा विकास गर्ने ।<br>४. वैदेशिक रोजगारबाट फर्केकाहरूको संलग्नतामा उत्पादनमूलक कम्पनीको स्थापना गरी आयआर्जन तथा रोजगार सिर्जना गर्ने |
| १५. सहकारी तथा लघुवित्त | १. दोहोरो सदस्यता अन्त्य गर्नुपर्ने<br>२. ऋण असुली समस्या समाधान गर्नुपर्ने<br>३. दक्ष जनशक्तिको उपलब्धता हनुपर्ने<br>४. ब्याजदर सुलभ हुनुपर्ने<br>५. सहकारी शिक्षा चेतनाको अभिवृद्धि गर्नुपर्ने<br>६. अनुगमन तथा मूल्यांकन प्रभावकारी हुनुपर्ने<br>७. ऋणका लागि मात्रै सदस्यता बन्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने<br>८. सहकारीको गुणस्तरीय विकास गर्नुपर्ने<br>९. सहकारीको रकम उत्पादनमूलक क्रियाकलापहरूमा लगानी बढाउनुपर्ने | १. ३५७ सहकारीको सहभागितामा विशिष्टीकृत सहकारी निर्माणको प्रावधान<br>२. महानगरमा सहकारी समिति<br>३. पुँजीको संकलन<br>४. आर्थिक कारोबारमा सहजता<br>५. आपसी सद्भाव कायम गर्न सहयोग<br>६. विपन्न समुदायको पहुँच<br>७. सहकारीप्रति महिलाहरूको बढी आकर्षण | १. उत्पादनमूलक कार्यमा लगानी गर्ने<br>२. सुलभ ब्याजमा ऋणमा पहुँच तथा वृद्धि<br>३. सहकारीको लगानीमा उद्योग स्थापना<br>४. उत्पादन तथा बजारीकरणमा प्रत्यक्ष लगानी<br>५. समाजबाद उन्मुख अर्थतन्त्र निर्माण | १. सहकारीको संस्थागत विकास<br>२. सहकारी शिक्षा<br>३. प्रत्येक घरधुरीलाई सहकारीको सदस्यता<br>४. सहकारीको लगानीमा पब्लिक लिमिटेड कम्पनीको स्थापना<br>५. पब्लिक लिमिटेड कम्पनीहरूमार्फत् उद्योगहरूको स्थापना |

## सामाजिक क्षेत्र

| उपक्षेत्रहरू | सिकाइहरू | सबल पक्षहरू | अवसरहरू | सम्भावनाहरू |
|---|---|---|---|---|
| १. जनसंख्या तथा बसाइसराइ | बसाइँ सराइ गरेर आउने र जाने जनसंख्याको अभिलेख अद्यावधिक | २०६८ सालको जनगणनाको तथ्यांक, बाहिरबाट बसाइसराइ | दक्ष जनशक्ति पहिचान हुने, पूँजी विकास हुने | १. बसाइँ सराइ गरेर आउने र जाने जनसंख्याको अभिलेख राख्ने |

| | | | | |
|---|---|---|---|---|
| | गर्नुपर्ने | गरी आउने जनसंख्याको चाप बढी भएको | | २. मौसमी रूपमा बसाइसराइ गरेर आउने र जाने जनसंख्याको तथ्यांक आवधिक राख्नुपर्ने |
| २. शिक्षा | १. पेसागत दक्षतामा वृद्धि गरिनुपर्ने<br>२. समयसापेक्ष पाठ्यक्रममा सुधार हुनुपर्ने<br>३. माविमा पर्याप्त दरबन्दी हुनुपर्ने<br>४. विद्यालय नक्सांकन हुनुपर्ने<br>५. विद्यालय मर्ज हुनुपर्ने<br>६. परीक्षा प्रणाली र मूल्यांकन प्रणाली विश्वासिलो हुनुपर्ने<br>७. वडा शिक्षा समितिलाई सक्रिय बनाउनुपर्ने<br>८. स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने<br>९. शौचालयको व्यवस्था हुनुपर्ने<br>१०. स्वच्छ पिउने पानी हुनुपर्ने | १. धेरै शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधार भएको<br>२. पर्याप्त मात्रामा विद्यालयहरूको उपलब्धता<br>३. शिक्षकहरूको उपलब्धता<br>४. शिक्षामा बजेटको उपलब्धता | १. विद्यालयहरू मर्ज गरी जनशक्ति मिलान<br>२. विद्यालयहरूको आधुनिकीकरण गर्न डिजिटल प्रविधिमा स्तरोन्नतीकरण गर्नुपर्ने<br>३. विद्यालयहरूको वेबसाइट निर्माण गर्ने<br>४. विद्यालय परिसरमा सिकाइ बगैंचा निर्माण, वृक्षरोपण आदि गर्न सकिने<br>५.शैक्षिक गतिविधिहरूलाई व्यावहारिक बनाई शिक्षालाई गुणस्तरीय बनाउने<br>६. शिक्षक, विद्यालय व्यवस्थापन, विद्यार्थी तथा अभिभावकको क्षमता अभिवृद्धि गर्नुपर्ने | १. विद्यालयहरूको भौतिक पूर्वाधार स्तरोन्नति गर्नुपर्ने<br>२. शैक्षिक गुणस्तरको अभिवृद्धि गर्न क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने<br>३. शिक्षक, व्यवस्थापन समितिका पदाधिकारीहरू तथा अभिभावकहरूका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने<br>४. शौचालय, खेलकुद परिसर, बगैंचा, साइकल स्ट्यान्ड आदिको व्यवस्था गर्ने<br>५. पुस्तकालय तथा प्रयोगशाला स्तरोन्नति गर्ने<br>६. नियमित रूपमा शैक्षिक बुलेटिन प्रकाशन गर्ने<br>७. नियमित रूपमा विद्यालयको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने |
| ३. स्वास्थ्य तथा पोषण | १. विशेषज्ञ डाक्टरहरूको उपलब्धता हुनुपर्ने<br>२. सहरी स्वास्थ्य केन्द्रहरूमा दरबन्दीअनुसार जनशक्ति हुनुपर्ने<br>३. नागरिक र सहरी स्वास्थ्य केन्द्रका कर्मचारीहरूको सम्बन्ध समुधुर हुनुपर्ने<br>४. सबै सहरी स्वास्थ्य केन्द्रहरूमा नागरिकहरूको स्वास्थ्य प्रोफाइल तयार गरीनुपर्ने<br>५. मौसमी रोग तथा जोखिमबारे | १. सबै वडाहरूमा सहरी स्वास्थ्य केन्द्रहरूको व्यवस्था भएको<br>२. सबै वडाहरू सडक सञ्जालले जोडिएकाले आपत्कालीन सेवाको सम्भावना भएको<br>३. पर्यावरणीय दृष्टिकोणबाट स्वच्छ<br>४. स्वास्थ्यसम्बन्धी शिक्षालयहरूको उपलब्धता रहेको | १. सहरी स्वास्थ्य केन्द्रहरूको स्तरोन्नति<br>२. सहरी स्वास्थ्य केन्द्रमार्फत् गुणस्तरीय स्वास्थ्य सेवाको प्रदान<br>३. विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन<br>४. सबै वडाहरूमा सुत्केरी केन्द्रहरूको स्थापना<br>५. सेवाग्राहीहरूको स्वास्थ्य | १. हाल सञ्चालनमा रहेको सहरी स्वास्थ्य केन्द्रहरूको स्तरोन्नति<br>२. सहरी स्वास्थ्य केन्द्रहरूमा प्रविधिको प्रयोग<br>३. सेवाग्राहीहरूको डिजिटल प्रोफाइल तयार गर्ने<br>४. निःशुल्क वितरण गरिने औषधिहरूको सूची र मूल्यसूची सार्वजनिक गर्ने<br>५. सर्ने र नसर्ने रोगबारे जनचेतना अभिवृद्धि गरी कार्यक्रमहरू सञ्चालन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | नागरिकहरूलाई सचेतीकरण गर्ने संयन्त्र हुनुपर्ने<br>६. पोषण चेतना कार्यक्रम सञ्चालन हुनुपर्ने<br>७. स्वास्थ्य सेवालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गर्नुपर्ने<br>८. सबै वडाहरूमा सुरक्षित गर्भवती जाँच कक्ष र सुत्केरी केन्द्र हुनुपर्ने<br>९. विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने | | प्रोफाइल तयार गर्नुपर्ने<br>६.वडा स्वास्थ्य समितिको स्थापना र सबलीकरण | ६. महानगरस्तरीय तथा वडास्तरीय स्वास्थ्य समितिको गठन तथा सबलीकरण<br>७. स्वास्थ्य सञ्चारको प्रवर्द्धन गर्ने |
| ४. खानेपानी तथा सरसफाइ | १. खानेपानीको परीक्षण हुनुपर्ने<br>२. मुहानहरूमा सरसफाइ नियमित गर्नुपर्ने<br>३. सार्वजनिक स्थलहरूमा स्वच्छ पिउने पानीको व्यवस्था गर्नुपर्ने<br>४. सार्वजनिक ठाउँहरूमा शौचालयको व्यवस्था भएको हुनुपर्ने<br>५. फोहोरमैलाको वर्गीकरण गरी व्यवस्थापन गर्नुपर्ने<br>६. फोहोरमैलाको मूल्य तोक्नुपर्ने | १. एक घर एक धारा सम्पन्न हुने अवस्थामा रहेको<br>२. पानीका मुहानहरूको उपलब्धता भएको<br>३. फोहोर वर्गीकरण सुरु भएको<br>४. ल्यान्डफिल साइट भएको<br>५. फोहोर व्यवस्थापनमा जनचासो र नेतृत्व सचेत रहेको<br>६. फोहोरमैला व्यवस्थापन शाखा सशक्त रहेको | १. खानेपानीलाई स्वच्छ र पर्याप्त बनाउने<br>२. पानीका मुहानहरूको संरक्षण र सुरक्षा<br>३. समुदायको सहभागितामा फोहोरमैला व्यवस्थापन<br>४. ल्यान्डफिल साइटको व्यवस्थापन<br>५. फोहोरको रिसाइक्लिङ गर्ने | १. खानेपानी परीक्षणको व्यवस्था<br>२. एक घर एक धारा<br>३. शत प्रतिशत शौचालय<br>४. पानीका मुहान संरक्षण<br>५. सार्वजनिक शौचालय व्यवस्थापन |
| ५. युवा | १. वैदेशिक रोजारमा आकर्षित हुनु<br>२. रोजगारीका अवसरहरू सीमित हुनु<br>३. युवाहरूमा उद्यमशीलताको ज्ञान हुनु<br>४. सहयोगी र सहकार्यमूलक व्यावसायिक वातावरण हुनु<br>५. सीपमूलक तालिमका अवसरहरू हुनु | १. उल्लेख्य मात्रमा युवा जनशक्ति भएको<br>२. युवाहरूमा उद्यमतिर आकर्षित भएको<br>३. सूचना तथा प्रविधिको सहज पहुँच<br>४. सहकारीमा पर्याप्त कोष संकलन | १. युवा उद्यमशीलताको विकास गर्ने<br>२. सीपमूलक तालिमहरूको आयोजना गर्ने<br>३. सामूहिक उद्यम विकासका कार्यक्रमहरू गर्ने<br>४. नव प्रवर्तक कार्यक्रमहरू सञ्चालन गर्ने<br>५. नेतृत्व विकास कार्यक्रम गर्ने | १. सीपमूलक तालिम सञ्चालन गर्ने<br>२. युवा परिषद् गठन गर्ने<br>३. युवा उद्यम कार्यक्रम सञ्चालन गर्ने<br>४. युवा आविष्कार प्रतिस्पर्धा कार्यक्रम<br>५. वार्षिक खेलकुद कार्यक्रम सञ्चालन गर्ने<br>६. युवा नेतृत्व विकास प्रतिस्पर्धा कार्यक्रम |
| ६. महिला (एकल महिला) | १. आश्रयको व्यवस्था हुनुपर्ने<br>२. जीविकोपार्जनका अवसर वृद्धि | १. एकल महिला संगठित<br>२. सामाजिक सुरक्षा पाइरहेका | १. सामाजिक स्वीकारोक्ति<br>२. एकल महिलाहरूलाई | १. उत्पदन तथा आयआर्जन कार्यक्रमहरू<br>२. उद्यम विकासमा सहभागिता |

| | | | | |
|---|---|---|---|---|
| | गर्नुपर्ने<br>३. आर्थिक अवसरहरू सिर्जना गर्नुपर्ने<br>४. हिंसारहित अवस्थाको सिर्जना गर्नुपर्ने<br>५. एकल महिलाको तथ्यांक अभिलेखीकरण | ३. एकल महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन<br>४. एकल महिलाहरूको उद्यम विकासमा सहभागिता<br>५. उपमेयरसँग महिला कार्यक्रम सञ्चालन | संगठित गर्न सकिने<br>३. संगठित महिलाहरूलाई उद्यम विकासका अवसर<br>४. नेतृत्व विकास हुने | ३. एकल महिलाहरूलाई संगठित गरी उद्यम विकास तथा सामाजिक विकासमा सहभागिता गराउने<br>४. आयआर्जनका कार्यक्रमहरू सञ्चालन<br>५. सीप विकास कार्यक्रम |
| ७. बालबालिका तथा किशोर-किशोरी | १. पाठ्यक्रममा नैतिक शिक्षाको राख्नुपर्ने<br>२. पोषणयुक्त खानाको उपलब्धता हुनुपर्ने<br>३. मनोरञ्जन स्थलहरूको व्यवस्था हुनुपर्ने<br>४. बालश्रममुक्त महानगर बनाउनुपर्ने<br>५. बाल उद्यानहरू तथा पुस्तकालयहरू निर्माण गर्नुपर्ने<br>६. बाल अधिकार र सचेतना कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने | १. निःशुल्क शिक्षा<br>२. बाल क्लब गठन<br>३. किशोर-किशोरी शिक्षा<br>४. बाल सिकाइ केन्द्रहरू सञ्चालनमा रहेको | १. गरिबीको रेखामुनि रहेको बालबालिकाहरूका लागि पोषण तथा सुनौला हजार दिन कार्यक्रमहरू सञ्चालन गर्ने<br>२. बाल स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न सकिने<br>३. निःशुल्क शिक्षाको व्यवस्था गर्न सकिने<br>४. स्वास्थ्य प्रोफाइल तयारी<br>५. विद्यालय भर्ना दर बढ्न सक्ने | १. बाल क्लबहरूको स्थापना र सबलीकरण<br>२. बाल संरक्षण नीति तय गरी लागु गर्ने<br>३. बाल अधिकार सचेतना कार्यक्रमहरू<br>४. बाल संरक्षण सञ्जाल स्थापना<br>५. वार्षिक बाल प्रतिभा सम्मेलन<br>६. पोषण सहयोग कार्यक्रम<br>७. पोखरा ट्यालेन्ट सर्च कार्यक्रम |
| ८. ज्येष्ठ नागरिक | १. गुणस्तरीय रूपमा समय बिताउने स्थान हुनुपर्ने<br>२. अनुभव आदानप्रदान गर्ने साझा चौतारी हुनुपर्ने<br>३. नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य सूचनाको पहुँच हुनुपर्ने<br>४. गरिबीको रेखामुनि रहेका वृद्धहरूका लागि पोषण, कपडा, औषधिलगायतको सहयोग आवश्यक हुने<br>५. अनुभवहरूको सदुपयोग गर्नुपर्ने<br>६. यातायातको सुविधा हुनुपर्ने<br>७. मनोरञ्जनको व्यवस्था गर्नुपर्ने | १. वृद्धभत्ता को व्यवस्था<br>२. स्वास्थ्य बिमा | १. स्वास्थ्य बिमा सञ्चालन गर्न सकिने<br>२. सहरी स्वास्थ्य केन्द्रमार्फत् सेवा प्रवाह<br>३. वृद्धहरूको तथ्यांक संकलन गरी प्रोफाइल तयार गर्ने र एकीकृत सेवा प्रदान गर्ने<br>४. अनुभवहरू पुस्तान्तरण गर्ने | १. ज्येष्ठ नागरिक फोरम निर्माण गर्नुपर्ने<br>२. पुस्तान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने<br>३. ज्येष्ठ नागरिक सहभागिता कार्यक्रमहरू सञ्चालन गर्ने<br>४. ज्येष्ठ नागरिक योगदान कदर कार्यक्रमहरू सञ्चालन गर्ने<br>५. विभिन्न क्षेत्रमा विज्ञता भएका ज्येष्ठ नागरिकहरूलाई ब्रान्ड एम्बेसडरका रूपमा सहभागी गराउने |

| | | | | |
|---|---|---|---|---|
| ९. अपांगता भएका व्यक्तिहरू | १. वर्गीकरण समान तरिकाले गर्नुपर्ने<br>२. वर्गीकरणअनुसार विद्यालय शिक्षाको व्यवस्था हुनुपर्ने<br>३. अपांगहरूका परिवारका सदस्यहरूलाई सम्मान गर्नुपर्ने<br>४. अपागता संरक्षण, संवर्द्धन, सहभागिता तथा विकाससम्बन्धी नीतिहरू तर्जुमा गर्नुपर्ने<br>५. अपांगता आत्मसम्मान प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने | १. अपांग विद्यालय स्थापना<br>२. आरक्षणको व्यवस्था<br>३. सामाजिक सुरक्षा कार्यक्रमहरू<br>४. छात्रवृत्ति तथा | १. सबै क्षेत्रमा अपांगता भएका व्यक्तिहरूका लागि आरक्षणको व्यवस्था गर्ने<br>२. अपांगता भएका महिलाहरूका लागि विशेष कार्यक्रम गरी आत्मसम्मान अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने<br>३. वृद्ध अपांगहरूका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने<br>४. वृद्ध अपांगता भएका व्यक्तिको स्वास्थ्य सेवाका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने | १. अपांगता संरक्षण नीति निर्माण<br>२. अपांगता सञ्जालको स्थापना तथा सबलीकरण<br>३. अपांगतासम्बन्धी वार्षिक सम्मेलन<br>४. अपांगता भएका व्यक्तिका परिवारहरूका लागि आयआर्जन कार्यक्रमहरू सञ्चालन<br>४. अपांगता लक्षित उद्यम विकासका कार्यक्रमहरू<br>५. अपांगता संरक्षण कोष निर्माण<br>६. अपांगता भएका परिवारका सदस्यहरूका लागि अपांग अधिकार कार्यक्रमहरू सञ्चालन<br>७. अपांगतामैत्री पूर्वाधार निर्माण नीति तर्जुमा |
| १०. खेलकुद | १.वडा तहमा खेलमैदानको व्यवस्था गर्नुपर्ने<br>२. भएका खेल मैदानहरूको संरक्षण गर्नुपर्ने<br>३. खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्नुपर्ने<br>४. नियमित रूपमा खेलकुद प्रतिस्पर्धा गर्नुपर्ने<br>५. सबै विद्यालयहरूमा खेलकुद परिषद हुनुपर्ने<br>६. अपांगता भएका व्यक्तिहरू लक्षित खेलकुद प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गर्नुपर्ने | १. वडाहरूमा खेल मैदानहरू भएको<br>२. वडाहरूमा खेल मैदानहरू संरक्षण, मर्मतसम्भार गर्नुपर्ने<br>३. स्टेडियम भएको<br>४. नयाँ खेलकुद मैदान बन्दै गरेको | १. नियमित रूपमा नगरस्तरीय खेलकुद प्रतिस्पर्धाको आयोजना<br>२. नगरस्तरीय खेलकुद परिषद् गठन<br>३. महिला खेलकुद परिषद् निर्माण<br>४. राष्ट्रपति च्यालेन्ज सिल्डको प्रवर्द्धन<br>५. प्रत्येक वडा र विद्यालयमा खेलकुद परिषद्को स्थापना तथा विस्तार<br>६. अपांगता भएका व्यक्तिहरूका लागि खेलकुद आयोजना | १. वडास्तरीय खेलकुद परिषद्को निर्माण<br>२. वडास्तरीय कभर्ड हलको निर्माण<br>३. महानगरस्तरमा खेलकुद एकेडेमीको स्थापना<br>४. अपांगता भएका व्यक्तिहरूका लागि नियमित खेलकुद प्रशिक्षण तथा प्रतिस्पर्धा आयोजना<br>५. खेलकुद प्रशिक्षकहरूको व्यवस्था<br>६. सबै टोलहरूमा खुला व्यायामशालाहरूको स्थापना<br>७. युवा क्लबहरूको सबलीकरण |
| ११. सामाजिक | १. सामाजिक सुरक्षा नीति निर्माण | १. गैससहरूको सक्रियता | १. सामाजिक सुरक्षा सञ्जालको | १. सामाजिक सुरक्षा नीति, ऐन, कार्यविधि |

| | | | | |
|---|---|---|---|---|
| सुरक्षा तथा संरक्षण | भएको हुनुपर्ने<br>२. सामाजिक सुरक्षाको मापदण्ड तयार गरी लागु गर्नुपर्ने<br>३. सामाजिक सुरक्षाका लागि गैससहरूसँग सहकार्य गर्नुपर्ने<br>४. सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारिताको नियमित मूल्यांकन हुनुपर्ने | २. गैसस र महानगरबीच समन्वयात्मक कार्यक्रमहरू सञ्चालन<br>३. टोल विकास समिति, आमा समूह, सामुदायिक वन उपभोक्ता समूहहरूको उपस्थिति<br>४. अपाङ्गतासम्बन्धी समूहहरू<br>५. व्यावसायिक तथा सामाजिक संघसंस्थाहरू<br>६. सामाजिक सुधार ऐन | निर्माण<br>२. सामाजिक सुरक्षा नीति, ऐन तथा कार्यविधि निर्माण<br>३. वडास्तरमा सामाजिक सुरक्षा संयन्त्र निर्माण<br>४. सामाजिक सुरक्षा एप्स तयार गरी लागु गर्ने<br>५. सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने | निर्माण गरी लागु गर्ने<br>२. वडास्तरमा सामाजिक सुरक्षा समिति गठन गरी परिचालन गर्ने<br>३. नियमित रूपमा कार्यक्रमहरूको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने<br>४. सामाजिक दिवसहरूको आयोजना र प्रभाव मूल्यांकन |
| १२. भाषा, साहित्य, कला तथा संस्कृति | १. महानगरभित्र बोलिने सबै भाषाहरूको अभिलेखीकरण गर्नुपर्ने<br>२. बोलिने भाषाहरूको डिक्सनरी र व्याकरण तयार गर्नुपर्ने<br>३. भाषाको लिपि संरक्षण गर्नुपर्ने<br>४. साहित्य र सिर्जनाको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने<br>५. श्रष्टाहरूको सम्मान गर्नुपर्ने<br>६. भाषा तथा साहित्य सम्मेलनहरू गर्नुपर्ने<br>७. संस्कृति प्रवर्द्धन गर्ने संयन्त्रको विकास गर्नुपर्ने | १. महानगरस्तरीय प्रज्ञा प्रतिष्ठानको स्थापना भएको<br>२. साहित्यिक सम्मेलनहरू हुने गरेको<br>३. धेरै भाषाका सहित्यकारहरूको उपस्थिति रहेको<br>४. धेरै भाषा, कला र साहित्यको संगमस्थलका रूपमा रहेको | १. यहाँ बोलिने सबै भाषाहरूको अभिलेखीकरण गर्ने<br>२. सबै भाषाका साहित्यकारहरूको पहिचान गरी अभिलेखीकरण गर्ने<br>३. सबै भाषा र साहित्य विकास गर्न कार्यक्रमहरू सञ्चालन गर्ने<br>४. सबै भाषा र लिपिहरूको संरक्षण गर्ने<br>५. महानगरभित्रको संस्कृति र कलाको अभिलेखीकरण गर्ने | १. यहाँका सबै भाषाहरूको अभिलेखीकरण गर्ने<br>२. साहित्यकारहरूको अभिलेखीकरण गरी सञ्जाल निर्माण गर्ने<br>३. सबै भाषाहरूको शब्दकोष र व्याकरण निर्माण गर्ने<br>४. साहित्यकार सम्मान कार्यक्रम सञ्चालन गर्ने<br>५. वार्षिक रूपमा साहित्यिक, कला तथा सांस्कृतिक सम्मेलन गर्ने |
| १३. प्रथा र परमपरा ( छुवाछूत, बोक्सी, बालविवाह, महिनावारी) | १. कुन कुन प्रथा र परम्परा कुन समुदाय र वडामा अद्यावधिक छन पत्ता लगाउने<br>२. कुप्रथाहरूबारे जानकारीमूलक कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने<br>३. कुप्रथाविरुद्ध सकरात्मक कार्य गर्ने परिवारहरूको अभिलेखीकरण गरी सम्मान गर्नुपर्ने | १. सामाजिक विकास शाखाको व्यवस्था<br>२. गैससहरूको सक्रियता<br>३. टोल विकास, आमा समूह आदिमा ठूलो मात्रामा जनसमुदायको आबद्धता<br>४. राजनीतिक पार्टीहरूको प्रत्येक टोलहरूमा उपस्थिति | १. स्वयंसेवक दस्ता गठन तथा परिचालन<br>२. राजनीतिक पार्टीहरूका भ्रातृसंस्थाहरूको परिचालन<br>३. राजनीतिक अभियानहरूको सञ्चालन<br>४. सामाजिक अभियानहरूको सञ्चालन | १. कानुन निर्माण<br>२. कुप्रथाविरुद्धको आन्दोलनमा सक्रिय अभियन्ताहरूलाई पुरस्कृत गर्ने<br>३. स्वयंसेवक दस्ताहरूको निर्माण तथा परिचालन<br>४. जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन<br>५. कानुनको प्रभावकारी कार्यान्वयन<br>६. विद्यार्थीहरूलाई परिचालन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | ४. कुप्रथा उन्मुलन नीति, ऐन तथा नियमावली बनाएर कार्यान्वयन गर्नुपर्ने | | | ७. मापदण्ड निर्माण गरी कुप्रथामुक्त घर घोषणा गर्ने |

## पूर्वाधार क्षेत्र

| उपक्षेत्रहरू | सिकाइहरू | सबल पक्षहरू | अवसरहरू | सम्भावना |
|---|---|---|---|---|
| १. ऊर्जा | १. विद्युत् चोरी नियन्त्रण गरी व्यवस्थापन गरिनुपर्ने<br>२. दुर्घटनाबारे जानकारी गराउनुपर्ने<br>३. महानगरभित्र तारहरूलाई भूमिगत बनाइनुपर्ने<br>४. सडक बत्तीको व्यवस्था गर्नुपर्ने<br>५. सबै सार्वजनिक स्थलहरू, पार्कहरू र सुरक्षा संवेदनशील स्थलहरूमा रात्रीकालीन अवस्थामा विद्युत् आपूर्ति गर्नुपर्ने<br>६. सौर्य तथा वायु ऊर्जा प्रवर्द्धन गर्नुपर्ने | १. महानगरपालिकाभर विद्युत् आपूर्ति भएको<br>२. विद्युतीय तारहरूको व्यवस्थापन गर्न समुदाय तत्पर रहेको<br>३. महानगरपालिका र विद्युत् प्राधिकरणबीच सौहार्द समन्वय भएको<br>४. महानगरपालिकासँग स्रोत र साधन भएको | १. सौर्य ऊर्जाको विकासका आधारहरू तयार भएको<br>२. विद्युतीय ऊर्जाबारे सम्भावना अध्ययन गर्ने<br>३. वायु ऊर्जाको सम्भावना अध्ययन<br>४. महानगरपालिकाभित्र रहेका पार्क तथा सार्वजनिक स्थलहरूमा रात्रीकालीन अवस्थामा विद्युत् आपूर्ति | १. विद्युत् तारहरूको भूमिगत व्यवस्थापन<br>२. वैकल्पिक ऊर्जा विकासको अध्ययन गरी प्रतिवेदन तयार<br>३. सडक बत्तीहरूको व्यवस्थापन<br>४. सार्वजनिक स्थलहरू, पार्क तथा सुरक्षा संवेदनशील क्षेत्रहरूमा विद्युत् व्यवस्थापन<br>५. विद्युत् खपत तथा उपयोगबारे जनचेतना अभिवृद्धि |
| २.जलविद्युत् | १. महानगरभित्र रहेका नदी, खोला तथा तालहरूबाट विद्युत् उत्पादनको सम्भावना अध्ययन गरी अभिलेखीकरण गर्ने<br>२. नागरिकहरूको समेत लगानीमा जल नयाँ जलविद्युत् योजनाहरू निर्माण गर्ने<br>३. दैनिक उपयोग गर्ने जलविद्युत्को शुल्क न्युनतम हुनुपर्ने<br>४. जलविद्युत् आपूर्ति विश्वासिलो र भरपर्दो हुनुपर्ने | १. हाल महानगर क्षेत्रभित्र विद्युतीकरण भएको<br>२. नागरिकहरूमा जलविद्युत् उपयोगको आदत निर्माण भएको<br>३. जलविद्युत् निर्माणको संरचना तयार भएको | १. महानगरभित्र जलविद्युत् उत्पादनको सम्भावना भएको<br>२. जलविद्युत् उपयोग तथा खपतको दर बढाउन सकिने सम्भावना भएको<br>३. जलविद्युत् महसुल व्यवस्थापन गर्ने अवसरहरू | १. पोखरा पूर्वाधार निगममार्फत् जलविद्युत् उत्पादन |
| ३. वैकल्पिक तथा अन्य ऊर्जा | १. सम्भावित वैकल्पिक ऊर्जाहरूबारे अध्ययन गरी सूची तयार गर्नुपर्ने<br>२. वैकल्पिक ऊर्जाबारे व्यापक | १. वैकल्पिक ऊर्जाबारे जनमानसमा सकारात्मक धारणा<br>२. गोबर ग्यास, सोलार, वायु | १. वैकल्पिक ऊर्जाको विस्तार<br>२. हरित ऊर्जाको विस्तार | १. वैकल्पिक ऊर्जा विस्तार कार्यक्रम<br>२. हरित ऊर्जा प्रवर्द्धन नीति निर्माण गरी कार्यान्वयन |

| | | | | |
|---|---|---|---|---|
| | जनचेतना जगाउनुपर्ने<br>३. वैकल्पिक ऊर्जा उत्पादनमा अनुदान दिनुपर्ने<br>४. वैकल्पिक ऊर्जाबारे जानकारी दिन प्रदर्शन केन्द्रहरू स्थापना गर्नुपर्ने<br>५. वैकल्पिक ऊर्जा प्रवर्द्धन महाशाखाको स्थापना गर्नुपर्ने<br>६. फोहोरमैला प्रशोधन गरी वैकल्पिक ऊर्जा उत्पादन गर्नुपर्ने<br>७. वैकल्पिक ऊर्जा प्रवर्द्धनसम्बन्धी शैक्षिक संस्थाहरूसँग सहकार्य गर्नुपर्ने<br>८. विद्युतीय सवारीसाधन र साइकलको प्रयोगलाइ प्रवर्द्धन गर्नुपर्ने | ऊर्जा आदिबारे सकारात्मक धारणा<br>३. वैकल्पिक उर्जा प्रविधि विकास भएको<br>४. साइकलको प्रयोगको प्रचलन भएको | | ३. वैकल्पिक ऊर्जा प्रवर्द्धन शाखा स्थापना<br>४. वैकल्पिक ऊर्जा प्रदर्शन केन्द्रको स्थापना<br>५. वैकल्पिक ऊर्जा कोषको निर्माण<br>६. वैकल्पिक ऊर्जा खपत गर्ने औजारहरू सामग्रीहरू उत्पादन गर्ने उद्योगहरूका लागि विशेष अनुदानको कार्यविधि तयार गरी लागु गर्ने |
| ४. यातायात | १. जथाभावी चलेका यातायातलाई व्यवस्थित गर्नुपर्ने<br>२. सबै वडा कार्यालयहरूमा बसपार्क व्यवस्थित हुनुपर्ने<br>३. यात्रु प्रतीक्षालय र शौचालयको व्यवस्था हुनुपर्ने<br>४. बसको क्षमताअनुसार यात्रुको व्यवस्था गर्नुपर्ने<br>५. सिटी बसहरू अपांग, बालबालिका र ज्येष्ठ नागरिकमैत्री हुनुपर्ने<br>६. यातायातसम्बन्धी जानकारी दिने एप्स तयार गरी लागु गर्नुपर्ने<br>७. महानगरभित्रका यातायातहरू समयमै गन्तव्यमा पुग्ने सुनिश्चित हुनुपर्ने<br>८. नियमित रूपमा सार्वजनिक यातायातहरू सरसफाइ गनुपर्ने<br>९. महानगरपालिकाभित्र ग्रिन स्टिकर | १. यात्रु बस तथा ट्याक्सी सञ्चालनमा रहेका<br>२. सबै वडाहरूमा सार्वजनिक यातायातको पहुँच भएको<br>३. विद्युतीय यातायातको चाहना बढेको<br>४. केही वडाहरूमा बसपार्कका लागि स्थान सुनिश्चित भएको<br>५. यात्रु प्रतीक्षालयहरूको क्रमशः निर्माण हुँदै गएको | १. यातायातलाई विश्वासिलो र भरपर्दो बनाउने<br>२. महानगरको यातायात नीति तयार गरी लागु गर्ने<br>३. पोखरामा टर्निमल बसपार्क निर्माण गर्ने<br>४. प्रत्येक वडामा बसपार्क निर्माण गर्ने<br>५. प्रत्येक वडामा यात्रु प्रतीक्षालय र शौचालयहरू निर्माण गर्ने<br>६. सिटी यातायात एप्स तयार गर्ने<br>७. स्मार्ट कार्ड लागु गर्ने<br>८. महानगरपालिकाले सार्वजनिक यातायात सञ्चालन गर्ने<br>९. निजी क्षेत्रबाट सञ्चालित यातायातहरूको नियमित अनुगमन गरी गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने | १. महानगरमा यातायात व्यवस्थापन शाखाको स्थापना गर्ने<br>२. पोखरा पृथ्वीचोकमा अत्याधुनिक टर्मिनल बसपार्क निर्माण गर्ने<br>३. सबै वडाहरूमा एकएक सुविधासम्पन्न बसपार्क निर्माण गर्ने<br>४. सडक मार्गहरूमा यात्रु प्रतीक्षालय, शौचालय र खाने पानीको व्यवस्था गर्ने<br>५. महानगरपालिकाले पोखरा पूर्वाधार निगमको लगानीमा सार्वजनिक यातायात सञ्चालन गर्ने<br>६. निजी क्षेत्रबाट सञ्चालित यातायातहरूलाई नियमित अनुगमन गर्दै यात्रुका गुनासाहरू सम्बोधन गरी सार्वजनिक यातायातलाई विश्वसनीय र भरपर्दो बनाउने<br>७. निश्चित मापदण्डका आधारमा |

| | | | | |
|---|---|---|---|---|
| | अनिवार्य गर्नुपर्ने<br>१०. पार्किङलाई व्यवस्थित गर्नुपर्ने<br>११. महानगरद्वारा विद्युतीय यात्रु बस सञ्चालन गर्नुपर्ने ।<br>१२. महानगरले विद्युतीय यातायातलाई प्रोत्साहन गर्नुपर्ने | | १०. ट्याक्सीको भाडादर र सेवालाई विश्वासनीय र भरपर्दो बनाउनुपर्ने | यातायात भाडा निर्धारण गर्ने<br>८. वर्कसप तथा ग्यारेजहरूलाई मापदण्ड बनाएर नियमन तथा व्यवस्थापन गर्ने<br>९. सहरका पायक पर्ने स्थानहरूमा विद्युतीय चार्जिङ स्टेसन राख्ने |
| ६. सडक | १. भइरहेका कालोपत्रे सडकको संरक्षण तथा मर्मत गर्नुपर्ने<br>२. प्रत्येक वडामा खाल्डाखुल्डीहरू पुर्नुपर्ने<br>३. ग्राभेल सडकहरूलाई कालोपत्र गर्नुपर्ने<br>४. सडक किनारमा वृक्षरोपण गर्नुपर्ने<br>५. ट्राफिक संकेत राख्नुपर्ने<br>६. पुल-कल्भर्ट निर्माण गर्नुपर्ने<br>७. साइकल मार्ग र पदमार्ग विकास गर्नुपर्ने | १. करिब २००० किमि सडकको उपलब्धता<br>२. सडक निर्माण सबै वडा र महानगरपालिकाको प्रमुख प्राथमिकता हुनु<br>३. साइकल मार्ग प्रस्तावित हुनु<br>४. सडक स्तरोन्नतिका कार्यक्रमहरू हुनु<br>५. पुल निर्माणले प्राथमिकता पाउनु | १. सडकलाई कालोपत्र गर्ने<br>२. नयाँ सडकको निर्माण तथा विस्तार<br>३. सडकको स्तरोन्नति<br>४. सडकमा साइकल र पैदल लेनको व्यवस्था गर्न सकिने<br>५. सडक किनारामा वृक्षरोपण<br>६. सडक किनारामा नाला तथा ढल निर्माण<br>७. सडक संकेतको व्यवस्था | १. सडक पिच गर्ने<br>२. ग्राभेल गर्ने<br>३. साइकल तथा पैदल लेन विस्तार गर्ने<br>४. वृक्षरोपण गर्ने<br>५. ट्राफिक संकेतको व्यवस्था गर्ने<br>६. ढल निर्माण तथा मर्मतसम्भार<br>७. सडक किनाराका वृक्षहरूको व्यवस्थापन |
| ७. सञ्चार तथा सूचना प्रविधि पूर्वाधार | १. महानगरपालिकाको डिजिटल प्रोफाइल तयार गर्नुपर्ने<br>२. सबै वडाहरू सूचना सञ्जालले जोडिएको हुनुपर्ने<br>३. अनलाइन सेवा सञ्चालन भएको हुनुपर्ने<br>४. सबै सरकारी निकायहरूको वेबसाइट भएको हुनुपर्ने<br>५. महानगर, वडा र सबै सरकारी कार्यालयका वेबसाइटहरू नियमित रूपमा अपडेट गरिएको हुनुपर्ने<br>६. विद्युतीय परिचयपत्र लागु गर्नुपर्ने<br>७. विद्यालयहरू र सामुदायिक सिकाइ | १. सबै ठाउँमा इन्टरनेटको पहुँच भएको<br>२. सञ्चारको सुविधा भएको<br>३. इन्टनरनेट साक्षर जनसंख्या भएको | १. अनलाइन सेवा प्रदान गर्न सकिने<br>२. एप्सहरूको निर्माण<br>३. सबै विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरू र सरकारी कार्यालयहरूको वेबसाइट निर्माण गरी सूचना प्रवाह गर्ने<br>४. राजस्व र करलाई अनलाइन गर्ने<br>५. महानगरको सूचना प्रणालीलाई विस्तार गर्ने | १. महानगरले सेवाग्राहीहरूलाई अनलाइन सेवा प्रदान गर्ने प्रणालीको विकास गर्ने<br>२. यातायात, कृषि, स्वास्थ्य, शिक्षा, फोहोर मैला व्यवस्थापनसम्बन्धी एप्स निर्माण गर्ने<br>३. सबै सरकारी कार्यालयहरूमा विद्युतीय हाजिरी अनिवार्य गर्ने<br>४. महानगरको आफ्नै सर्भर राखी वडा कार्यालयहरूसँग सञ्जाल स्थापना गर्ने<br>५. सबै विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरूको वेबसाइट तयार |

| | | | | |
|---|---|---|---|---|
| | केन्द्रहरूमा इन्टरनेटको सहज पहुँच भएको हुनुपर्ने | | | गर्ने<br>६. महानगरपालिकाको डिजिटल प्रोफाइल तयार गर्ने<br>७. महानगरपालिकाभित्र भएका सार्वजनिक सम्पत्तिहरूको डिजिटल अभिलेख तयार गर्ने |

## लोकतन्त्र तथा सुशासन

| उपक्षेत्रहरू | सिकाइहरू | सबल पक्षहरू | अवसरहरू | सम्भावना |
|---|---|---|---|---|
| राष्ट्रिय एकता | १. राष्ट्रिय एकतासम्बन्धी योजना र कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने<br>२. महानगरपालिकाभित्र रहेका सबै भाषाहरू, भेषभूषा, कला, साहित्यको पहिचान गरी संरक्षण, संवर्द्धन र विकास गर्ने नीति तयार गर्नुपर्ने<br>३. सहिद पार्कको विकास तथा विस्तार गर्नुपर्ने | १. राष्ट्रिय एकताप्रति सजग, धार्मिक, जातीय र क्षेत्रीय समन्वय<br>२. सहिदपार्क निर्माण तथा विकास<br>३. विविध भेषभूषा, कला, साहित्य र भाषाको संगमस्थल | १. भाषाहरूको संरक्षण तथा संवर्द्धन<br>२. कला, साहित्य, वेशभूषाको संरक्षण तथा प्रवर्द्धन | १. अल्पसंख्यकहरूको भाषाको शब्दकोश तथा व्याकरण तयार गर्ने<br>२. सबै कला, साहित्य, वेशभूषाहरूको अभिलेखीकरण गरी संरक्षण गर्ने<br>३. नियमित रूपमा राष्ट्रिय एकता प्रवर्द्धन गर्ने कार्यक्रमहरू आयोजना गर्ने |
| सुरक्षा | १. सरक्षा निकायहरूद्वारा राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गर्नुपर्ने<br>२. सुरक्षा निकाय जनमुखी हुनुपर्ने<br>३. नगर प्रहरी प्रभावकारी हुनुपर्ने | १. सुरक्षाका ३ वटै निकाय उपलब्ध हुनु | सुरक्षा निकायहरूबीच समन्वय गरी प्रभावकारी सुरक्षा प्रदान गर्न सकिने | १. सुरक्षा दस्ता निर्माण<br>२. नागरिक र प्रहरी साझेदारी<br>३. सुरक्षा सचेतना |
| शान्ति तथा सुव्यवस्था | १.चुस्त प्रशासन हुनुपर्ने<br>२. गुनासो सुन्ने व्यवस्था हुनुपर्ने<br>३. दण्डहीनताको अन्त्य हुनुपर्ने | १. सामाजिक सद्भाव कायम हुनुपर्ने | १. सीसी क्यामेराको जडान गरी सेवाग्राहीमैत्री नीति बनाई कार्यान्वयन गर्ने | १. सचेतना कार्यक्रमहरू गर्ने<br>२. गुनासोको प्रभावकारी व्यवस्थापन गर्न सूचकांक निर्धारण गर्ने |
| नेतृत्व निर्माण र विकास | १. सर्वसाधारण जनताले नेतृत्व विकासको अवसर पाउनुपर्ने<br>२. स्थानीय स्तरका नेतृत्वको क्षमता वृद्धि गरिनुपर्ने | १. नेतृत्व विकास तालिम<br>२. अवलोकन भ्रमण<br>३. जिम्मेवारी बाँडफाँट | १. युवा पुस्ताको नेतृत्वप्रतिको रुची<br>२. युवा पुस्तालाई प्रशिक्षित गरी भविष्यको नेतृत्व तयार गर्ने | १. क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन<br>२. समुदायमा आधारित समूहका प्रतिनिधिहरूको क्षमता अभिवृद्धि |
| निर्वाचन प्रणालीमा सुधार | १. मतदाता शिक्षा सञ्चालन गरिनुपर्ने<br>२. विद्युतीय मतदानबारे जानकारी | १. मतदाता नामवलीको नियमित आवधिक गर्नुपर्ने | १. मतदानका लागि आवश्यक पर्ने आधुनिक प्रविधि अपनाउन सकिने | १. मतदाता शिक्षा कक्षाहरू सञ्चालन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | गराउनुपर्ने | | | २. मेसिनसहितका मतदान यन्त्रहरूको उपयोग गर्न सिकाउने |
| मानवअधिकार | १. मानवअधिकार शिक्षाको बारेमा सिकाउनुपर्ने<br>२. गैसस तथा संघसंस्थाहरूसँग सहकार्य गर्नुपर्ने | १. मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्ने सरकारी र गैससहरू क्रियाशील हुनु | १. नगरदेखि वडास्तरसम्म मानवअधिकार संरक्षण समितिहरू गठन गर्ने<br>२. नागरिकको अधिकारको सुनिश्चित गर्ने | १. मानवअधिकार समितिहरू गठन तथा परिचालन गर्ने<br>२. मानवअधिकार शिक्षा सञ्चालन |
| न्याय प्रणाली | १. न्यायिक सचेतना अभिवृद्धि गर्नुपर्ने<br>२. न्यायिक साक्षरता अभिवृद्धि गर्नुपर्ने | १.वडामा मेलमिलाप समिति हुनु<br>२. न्यायिक समिति हुनु<br>३. अदालत तथा सरकारी वकिल हुनुपर्ने<br>४. न्याय समितिको उपस्थिति | १. वडास्तरीय न्यायिक समितिको क्षमता अभिवृद्धि<br>२. न्यायिक समितिले न्याय सम्पादन गर्ने गरेको | १. मेलमिलाप समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने<br>२. मेलमिलाप समितिबाट सेवा लिन अभिप्रेरित गर्ने |
| संघीय शासन प्रणाली | संघीय शासनबारे जनतालाई सुसूचित गर्नुपर्ने | संघ, प्रदेश र स्थानीय तहबीच भएका अधिकारहरूबारे स्पष्टता | साझा कार्यक्रममा समन्वय तथा सहकार्य | १. संघीय शासन प्रणालीलाई सशक्त बनाउन तीनै तहको अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने |
| स्थानीय तहको सन्तुलित विकास | १. समयमै योजना तर्जुमा गर्नुपर्ने<br>२. नगरपालिकाभरका भूगोलमा समान रूपमा विकास हुनुपर्ने | १. वडा वडामा कार्यालय स्थापना भएर सेवा प्रवाह हुनु<br>२. टोल विकास समितिमार्फत् कार्यक्रम सञ्चालन हुनु | १. स्थानीय विकासमार्फत् जनतामा सेवा प्रवाह<br>२. स्थानीय विकासमा बजेट उपलब्धता | १. स्थानीय विकासको योजना तर्जुमा गरी दिगो विकासका कार्यहरू सञ्चालन गर्नु<br>२. सन्तुलित विकास नीति निर्माण गरी कार्यान्वयन गर्ने |
| शासकीय सुधार | कानुनहरूको कार्यान्वयन गर्नुपर्ने | १.जननिर्वाचित प्रतिनिधिहरू हुनु<br>२. वडा समिति गठन हुनु र निरन्तर सेवा प्रवाह हुने | १. प्रविधिको प्रयोग गरी सेवा प्रवाह गर्न सकिने<br>२. नागरिक बडापत्र तथा सूचना पार्टीको व्यवस्था हुनु | १. नगरपालिका अभिलेखहरू विद्युतीय रूपमा राख्ने<br>२. नागरपालिका सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्ने |
| प्रशासकीय सुधार | १. जनशक्तिको दक्षता अभिवृद्धि गर्नुपर्ने<br>२. प्रविधिको विकास<br>३. कर्मचारीहरूलाई प्रोत्साहित गर्नुपर्ने | १. ऐन, कानुनअनुसार प्रशासन सञ्चालन भइरहेको | १. सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग | १. क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन<br>२. कर्मचारीको भूमिकाको मूल्यांकन गर्ने |
| वित्तीय सुशासन | १. वित्तीय साक्षरता हुनुपर्ने<br>२. करदाता शिक्षा दिनुपर्ने<br>३. बेरुजु फछ्र्योट हुनुपर्ने | लेखापरीक्षण, म.ले.प. राजस्व विभाग गठन स्थानीय तहको बजेट तर्जुमा | वित्तीय सुशासनमार्फत् आर्थिक, भौतिक, पुँजी निर्माणको विकास गर्न सकिने | १. नियमित रूपमा वित्तीय प्रतिवेदन प्रस्तुत गर्ने |

| | | | | |
|---|---|---|---|---|
| भ्रष्टाचार निवारण | १. अख्तियार दुरुपयोग आयोगको सक्रियता बढाउनुपर्ने<br>२. अनुगमनलाई नियमित गर्नुपर्ने | अख्तियार, आ.ले.प, म.ले.प.को व्यवस्था | १. ई-बैंकिङ, अनलाइन वित्तीय सेवा सञ्चालन गर्न सकिने | १. भष्टाचारविरुद्ध जनचेतना अभियान सञ्चालन गर्ने<br>२. सदाचार नीति निर्माण गरी कार्यान्वयन |
| मानव बेचबिखन तथा ओसारपसार | १. प्रभावकारी संयन्त्र स्थापना गर्नुपर्ने<br>२. चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने<br>३. दण्डहीनताको अन्त्य गर्नुपर्ने | १. माइती नेपालसँग सहकार्य गरी सीमा डेस्क सञ्चालन<br>२. पुनःस्थापना कार्यक्रम सञ्चालन<br>३. महिला बालबालिका शाखा गठन | १. ट्र्याकिङ प्रविधिको प्रयोग<br>२. दण्डहीनताको अन्त्य | १. सचेतना कार्यक्रमहरू<br>२. सीमा क्षेत्रमा हेल्प डेस्क स्थापना |

## अन्तर्सम्बद्ध विषय

| उपक्षेत्रहरू | सिकाइहरू | सबल पक्षहरू | अवसरहरू | सम्भावनाहरू |
|---|---|---|---|---|
| १. तथ्यांक प्रणाली | १. नगरपालिकाका सबै विषयका तथ्यांक बैंकको स्थापना गर्नुपर्ने | नगरपालिका प्रोफाइल निर्माण अन्तिम चरणमा | नयाँ योजना तर्जुमा र विकास सहजता | १. तथ्यांक विभागको स्थापना<br>२. नियमित तथ्यांक संकलन तथा अपडेट |
| २. गरिबी निवारण | १. विषयगत खण्डीकृत तथ्यांक प्रकाशन गरिनुपर्ने<br>(कृषि, पशुसेवा, सेवा प्रवाह, सहकारी आदि<br>२. दिगो उद्यमशीलताको विकास गरिनुपर्ने<br>३. स्थानीय स्रोत साधनमा आधारित व्यवसायको प्रवर्द्धन | महानगरको अनौपचारिक क्षेत्र (घर निर्माण, सिकर्मी, सिलाइ, इलेक्ट्रोनिक, ड्राइभिङ, साना व्यवसाय आदि) मा रोजगारी वृद्धि<br>२. व्यापार व्यवसायमा वृद्धि | १. उत्पादनमूलक क्षेत्र रहेको<br>२. आर्थिक विकासका स्रोतहरू भएको | १. उद्यमशीलताको विकास<br>२. आयआर्जन क्षेत्रहरूको विस्तार गर्ने<br>३. सम्भावित उद्यमशीलताको सूची तयार गर्ने<br>४. सीप तथा दक्षता अभिवृद्धि गर्ने |
| ३. श्रम तथा रोजगारी | १. विपन्नता स्तरीकरण गर्नुपर्ने<br>२. मौसमी रूपमा मात्र काम गर्न खोज्ने र स्थानीय क्षेत्रमा काम नगरी दैनिक ज्यालादारी कार्यमा भारत र खाडी देश जान रोक्नुपर्ने | १. सहकारी, बैंक, लघुवित्त संस्था, साना तथा मझौता उद्योग भएको<br>२. नदीजन्य पदार्थ संकलनमा सहभागिता<br>३. पूर्वाधार निर्माणमा रोजगारी सिर्जना | १. प्रधानमन्त्री स्वरोजार कार्यक्रम लागु भएको<br>२. नयाँ प्रविधि र सीपको आधुनिकीकरण भइरहेको | १. श्रम तथा रोजगार सूचना केन्द्रको स्थापना<br>२. श्रम तथा रोजगार आचारसंहिता निर्माण र कार्यान्वयन<br>३. सम्भावित रोजगारदाताको क्षमता अभिवृद्धि |

| | | | | |
|---|---|---|---|---|
| ४. मानव संसाधन विकास | १. रोजगारी सिर्जना नीति निर्माण गर्नुपर्ने<br>२. शिक्षित जनशक्तिमा विषयगत विज्ञता अझ बढाउनु पर्ने<br>३. मानव संसाधन विकासको स्पष्ट नीति तर्जुमा गर्नुपर्ने | १. मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन संस्थाहरू रहेको<br>२. प्रदेशमा विश्वविद्यालयहरु रहेको<br>३. उच्च शिक्षालयहरू रहेका | १. शैक्षिक संस्थाहरूलाई प्राविधिक शिक्षालयको हब बनाउन सकिने | १. सीप विकास केन्द्रको स्थापना<br>२. विश्व प्रतिस्पर्धी जनशक्ति निर्माण गर्न कार्यक्रम सञ्चालन गर्ने |
| ५.अनुसन्धान तथा विकास | १. अनुसन्धान मोडेल र नीति निर्माण गरिनुपर्ने<br>२. संस्थागत सहकार्य बढाउनुपर्ने | १. पोखरा विश्वविद्यालय भएको<br>२. गण्डकी विश्वविद्यालय भएको<br>३. वनविज्ञान अध्ययन संस्थान,<br>४. इन्जिनियरिङ अध्ययन संस्थान<br>५. चिकित्साशास्त्र अध्ययन संस्थान | १.विश्वविद्यालयहरु सगँको सहकार्यमा अनुसन्धान गर्न सकिने<br>२.स्थानीय शिक्षालयहरूबाट हुने गरेको खोज अनुसन्धानको विषयलाई प्रसार र लागु गर्न सकिने | १. महानगर पालिकामा अनुसन्धान शाखाको स्थापना गर्ने<br>२. विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरूसँग मिलेर काम गर्ने<br>३. वार्षिक रूपमा अध्ययनलाई बढाउदै लैजाने |
| ६. उद्यमशीलता विकास | १. समुदायमा उद्यमशीलता ज्ञान, सीप र व्यावसायिक योजना प्रवर्द्धन गर्नुपर्ने<br>२. उद्यमशीलतामा मूल्य श्रृंखलाको सबलीकरण गरिनुपर्ने | स्थानीय स्रोत र सीपमा आधारित सामान्य तथा साना उद्यमहरू रहेको | १. 'समृद्ध नेपाल सुखी नेपाली' अभियानअन्तर्गत उद्योगका लागि संघीय र प्रदेश सरकारेको बजेट प्राथमिकतामा परेको<br>२. नगर क्षेत्रमा प्राविधिक शिक्षालय रहेको सीटीईभीटीलगायत संस्थाहरूले छोटो अवधि तालिम बढाउँदै गएको | १. उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने<br>२. कार्यविधि बनाएर उद्यमशीलता विकासका लागि ऋण तथा अनुदान दिने |
| ७. समानता | १. उद्यम विकास कोष स्थापना गर्नुपर्ने<br>२. नीतिगत र सैद्धान्तिक भएको रूपमा समानता लाई व्यवहारमा उतार्नुपर्ने | १. विभिन्न जातजाति भेषभूषा मिलेर बसोवास गरेका<br>२. कुनै पनि जाताजाति भेषभूषा, धर्म, वर्ण, लिंगलाई नीतिगत रूपमा समानता | १. हरेक निर्णायक तहमा सबै वर्गको प्रतिनिधित्व रहेको | १. आत्मसम्मान प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्ने<br>२. विद्यालय तथा वडास्तरमा सहभोज कार्यक्रम सञ्चालन गर्ने<br>३. कानुनी सचेतना अभियान |
| ८. समावेशीकरण | १. नीति कार्यक्रमले जनताले अनुभूति गर्न पाउने गरी योजना तर्जुमा गर्नुपर्ने<br>२. सामाजिक समावेशीकरण नीति तर्जुमा गर्नुपर्ने | आरक्षणका माध्यमबाट सीमान्तकृत वर्गलाई मूल धारमा समेट्ने कार्य भएको | नीतिले हरेक तहमा महिला र लक्षित समुदायलाई आरक्षण गरेको | १. विकास प्रक्रियाका सबै चरणहरूमा समावेशी सहभागिता सुनिश्चितता गर्ने<br>२. समावेशी नीति बनाई लागु गर्ने |
| ९. सामाजिक | १.वास्तविक लक्षित वर्ग पहिचान गरेर | १. टोल विकासका संस्थाहरू गठन | १. गठित संस्थाहरूको जनशक्ति | १. सामाजिक सुधार ऐनबारे |

| | | | | |
|---|---|---|---|---|
| सुधार | कार्यक्रम गर्नुपर्ने<br>२. टोल विकास संस्थाहरू सक्रिय रूपमा परिचालन गर्नुपर्ने | भएका<br>२. सामुदायिक संस्थाहरू गठन र स्वस्फूर्त कार्य गर्दै आएका | परिचालन गर्न सकिने<br>२. गठित संस्थाहरूको छरिएर रहेको पुँजी उपयोग गर्न सकिने | जनचेतना जगाउने<br>२. सामाजिक सुधार नीति बनाएर लागु गर्ने |
| १०. सामाजिक सांस्कृतिक विविधता | १. समूह व्यवस्थापन र संस्कृति दर्तासम्बन्धी नीति बनाउनुपर्ने<br>२. नयाँ युवा पिँढीलाई आफ्नो संस्कृति अपनाउन उत्प्रेरित गर्नुपर्ने | १.विविधि संस्कृतियुक्त समाजको बसोबास र संस्कृति रहेको ( गुरुङ्ग,माझी,खसआर्य) | संस्कृतिबाट पर्यटन प्रवर्द्धन गर्न सकिने | १. सामाजिक सांस्कृतिक विविधता प्रवर्द्धन गर्नुपर्ने<br>२. बहुआयामिक सांस्कृतिक संग्रहालयको निर्माण गर्ने |
| ११. विपद् व्यवस्थापन | १. संस्कृति जगेर्नामा सरोकारवालाको भूमिका वृद्धि गर्नुपर्ने<br>२. पूर्वसूचना प्रणालीलाई व्यवस्थित गर्नुपर्ने<br>३. विपद् व्यवस्थापनलाई विकासका रूपमा साझा बुझाइ हुनुपर्ने<br>४. समुदाय स्तरमा रहेका विपद् व्यवस्थापन टिम, रेडक्रस र महानगरको विपद् व्यवस्थापन टिमबीच समन्वय हुनुपर्ने | १. संरचनागत विकास<br>२. पूर्वतयारी र क्षमता विकास<br>३. विपद् व्यस्थापन कोषको स्थापना<br>४.स्थानीय स्तरमा पनि नीतिगत व्यवस्था | १.विपद् व्यवस्थापनमा संघीय, प्रदेश र स्थानीय तहमा समयानुकूल ऐन र संरचना बनाउन सकिने | १. वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने<br>२. विपद् जोखिम न्यूनीकरण पूर्वतयारी योजना निर्माण गर्ने<br>३. विपद् व्यवस्थापन केन्द्र निर्माण<br>४. उद्धार टोली निर्माण गर्ने |
| १२. वातावरण | १. नदी किनार, बाटो किनारमा वृक्षरोपण गर्नुपर्ने<br>२. प्लास्टिकजन्य फोहोर व्यवस्थापन गर्नुपर्ने<br>३. फोहोर जम्मा गर्ने स्थान व्यवस्थापन गर्नुपर्ने | १. ४ सयभन्दा बढी सामुदायिक वन र कुल भूगोलको ४३ प्रतिशत वन क्षेत्र रहेको<br>२. १० वटा ताल र सिमसार क्षेत्रहरू रहेको<br>३. वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण मूल प्रवाहीकरण प्रारम्भ भएको | १. समयसापेक्ष वातावरण संरक्षण ऐन मस्यौदा भइरहेको<br>२. वातावरण विज्ञानसम्बन्धी उच्च शिक्षाको अध्ययन<br>३. गैसस क्षेत्रमा वातावरण संरक्षण कार्यक्रम बढोत्तरी हुँदै गएको | १. वातावरण नीति निर्माण गरी लागु गर्ने<br>२. वातावरणीय जनचेतना अभिवृद्धि गर्ने<br>३. वातावरण संरक्षण समूह गठन गर्ने |
| १३. जलवायु परिवर्तन | १. अव्यवस्थित सहरीकरण र जमिन प्लटिङ रोक्नुपर्ने<br>२. आम समुदायमा जलवायु परिवर्तनसम्बन्धी ज्ञान तथा सीप बढाई जनचेतना फैलाउनुपर्ने | १. जलवायु परिवर्तनका क्षेत्रमा नेपाल सरकारको नीति रहेको<br>२. नगर स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको | १.जलवायु परिवर्तन क्षेत्रमा नेपाल सरकार र वैदेशिक सहयोग बढ्दै गएको ।<br>२. नवीन प्रविधिको विकास र प्रवर्द्धन भएको | १. स्थानीय जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन योजना बनाई लागु गर्ने<br>२. जनचेतना अभिवृद्धि गर्ने<br>३. जलवायु परिवर्तन सूचना केन्द्र स्थापना गर्ने |

| | | | | |
|---|---|---|---|---|
| १४. सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरू | १.जलवायु परिवर्तनसम्बन्धी नीति र योजनालाई मूल प्रवाहीकरण गर्नुपर्ने<br>२. गैससहरूको संस्थागत विकासमा जोड दिनुपर्ने | १.गैसस, सामुदायिक परिचालक र विकास साझेदार कार्यरत<br>२. सामुदायिक विकास र सामाजिक रूपान्तरणका क्षेत्रमा गैससहरू कार्यरत | १. संघीय सरकार तीन तहका सरकार योजना नीति कार्यक्रममा विकास साझेदार हुन सक्ने<br>२. गैससहरूले नागरिक समाजको भूमिका बढाउन सघाउ पुऱ्याउने | १. समन्वय संयन्त्र बनाउने<br>२. नियमित रूपमा अनुभव आदानप्रदान तथा बैठक बस्ने<br>३. गैरसरकारी संस्थाहरूको भूमिकाको अनुगमन नीति तयार गर्ने |
| १५.समुदायमा आधारित समूहहरू | १. सामुदायिक संस्थाहरू  आन्तरिक स्रोत वृद्धि गर्नुपर्ने | समुदायमा प्रशस्त समुदायिक संस्थाहरू रहेको | समुदायमा आधारित समूहहरूको जनशक्ति, सीप र संस्कृति परिचालन सम्भावना | १. समूहमा आधारित संस्थाहरूलाई नियमित र दीगो परीचालन गर्नुपर्ने र संस्थागत विकास गर्नुपर्ने |
| १६.वातावरणमैत्री विकास अभ्यास | १. विकास निर्माण कार्यलाई वातावरण संरक्षणसँग जोडी अगाडी बढाउनुपर्ने | वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण मूल प्रवाहीकरण प्रारम्भ भएको | वातावरणमैत्री अभ्यास गर्ने संघसंस्था, निकाय संख्या बढ्दै गएको | १. विकास प्रक्रियामा आईईई तथा ईआइए गर्ने |
| १७. पारिस्थितिकीय प्रणाली तथा जैविक सम्पदा | १. विकास निर्माणमा वातावरणमैत्री विकास अभ्यासको मूल प्रवाहीकरणमा ल्याउनुपर्ने<br>२. परिस्थितिकीय प्रणाली भत्किने गरी उत्खनन र फँडानी | १. संरक्षित वन, सामुदायिक वन रहेको<br>२. पर्याप्त सिमसार क्षेत्र रहेको | दिगो विकास लक्ष्यले पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतालाई प्राथमिकतामा राखेको<br>२. सामुदायिक वन र निकुञ्जमा अध्ययन अनुसन्धानको सम्भावना | १. महानगरपालिकाको पारिस्थितिकीय प्रणालीको प्रोफाइल तयार गर्नुपर्ने |
| १८. जलाधार संरक्षण क्रियाकलापहरू | १.प्राकृतिक ताल र मुहानको संरक्षण उल्लेख्य रूपमा हुन नसकेको | १. पहाडी क्षेत्रमा पानी मुहान र तालतलैया संरक्षण भइरहेको<br>२. माछापालन व्यवसायमार्फत समुदायमा ताल निर्माण बढ्दै गएको | संरक्षण गर्न सके पानीको स्रोत कायम रहने र पर्यटन प्रवर्द्धन गर्न सकिने | १. जलाधार क्षेत्रहरू पहिचान गरी संरक्षण गर्ने<br>२. जलाधार संरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गर्ने |